फ्रिडम फोरम अनुसन्धान एवं वकालतकर्ता प्राज्ञिक समुदायको साझा पहल हो । लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित रहने उद्देश्यले २०६२ सालमा यसको स्थापना भएको हो ।

मानव स्वतन्त्रताको उच्चतम् मूल्यप्रति प्रतिबद्ध पत्रकार, कानुन व्यवसायी, मानव अधिकारकर्मी, प्राध्यापक-शिक्षक, समाजशास्त्री, अर्थशास्त्री, राजनीतिशास्त्री तथा विकास कार्यकर्ताहरूको साझा मञ्चका रूपमा यो फोरम स्थापना गरिएको हो ।

समुन्नत लोकतान्त्रिक समाज यसको लक्ष्य हो । मुलुकका विभिन्न क्षेत्रमा छरिएर रहेका स्वतन्त्रताका पुजारीहरू यसका सदस्य हुन सक्छन् । नागरिक समाज, आमसञ्चार, पेसागत क्षेत्र र तल्लो तहका सामुदायिक संगठनहरूसँग सहकार्य गरेर अगाडि बढ्ने हाम्रो नीति रहेको छ ।

सम्पूर्ण स्वतन्त्रता मानव सभ्यताको अनन्त चाहना हो । स्वतन्त्रताभन्दा मूल्यवान अरू केही छैन भन्ने फ्रिडम फोरम ठान्दछ ।

**FREEDOM FORUM**
• Democracy • Media Freedom • Human Rights • Development
Thapathali, Kathmandu, Tel: 4102030, E-mail:freedomforum@enet.com.np

अदालती पत्रकारिता

# अदालती पत्रकारिता



अदालती पत्रकारिता

# अदालती पत्रकारिता


लेखन–सम्पादन

तारानाथ दाहाल/धर्मेन्द्र झा

लेखन सहयोग

*श्रीकृष्ण भट्टराई*
*प्रदीप घिमिरे,*
*डा. रामकृष्ण तिमल्सेना*
*शेरबहादुर केसी*
*रामकृष्ण निराला*
*जीवनहरि अधिकारी*
*कृष्णमुरारी भण्डारी*
*सन्तोष सिग्देल*



FREEDOM FORUM

● Democracy ● Media Freedom ● Human Rights ● Development

कार्यालय : प्रसुतिगृह रोड, थापाथली, काठमाडौं, घर नं. २२ आदर्शमार्ग
पो.ब.नं. २४२९२, फ्याक्स : ०९७७–०१–४१०२०२२, फोनः ४१०२०३०

ईमेलः info@freedomforum.org.np, freedomforum@enet.com.np
Web: freedomforum.org.np, nepalpressfreedom.org

सर्वाधिकार © फ्रिडम फोरम (स्वतन्त्रता मञ्च) मा सुरक्षित।

प्रकाशक : फ्रिडम फोरम

प्रकाशन मिति : २०६५, भदौ

प्रति : १०००

लेआउट : श्याम महर्जन 'कोर्पा'

मुद्रण : नेपाल प्रिण्टिङ सर्पोट, अनामनगर, काठमाडौं
फोन ४२६५८२१

ISBN : 978-99946-922-6-2

# भूमिका

नेपाली पत्रकारितामा अदालती/कानुनी समाचारको विषय एउटा विशिष्ठ रिपोर्टिङ विधाका रुपमा स्थापित हुँदैछ। समाजका तमाम विषयहरूको राज्यद्वारा निर्मित संविधान र ऐननियमको दायरामा रही निर्धारित कानुनी निरुपणद्वारा न्याय व्यवस्थालाई सुनिश्चित गर्ने पद्धति नै अदालती प्रक्रिया हो। यो प्रक्रियाले नै कानुनी शासनको प्रत्याभूति गर्ने र आमजनतामा राज्यप्रतिको भरोसा बढाउने गर्दछ। त्यसैले यो सबैको सरोकारको क्षेत्र हो। झन् मिडियाले छोड्नै नहुने क्षेत्र हो। पत्रकारिताको अभ्यासमा यस क्षेत्रलाई प्राथमिकताभित्र पार्न नसके पत्रकारिताले आम जनसरोकारको आफ्नो विश्वसनीयता बढाउन सक्दैन। प्रेसको प्रमुख काम नै जनताको प्रत्यक्ष सरोकारका विषयमा 'वाचडग'को भूमिका निर्वाह गर्नु हो।

लोकतन्त्र विधिको शासन हो। विधिको व्यवस्था र त्यसको प्रभावकारी कार्यान्वयन लोकतन्त्रको एउटा प्रमुख पक्ष हो भने विधिको प्रयोग न्यायपूर्ण भएको छ-छैन भनेर जाँच्ने र निरुपण गर्ने स्वतन्त्र न्यायालयको प्रत्याभूति अर्को महत्वपूर्ण पक्ष हो। समग्रमा जनताप्रति उत्तरदायी हुनुपर्ने राज्य संयन्त्रको परीक्षण गर्ने दायित्व भएको स्वतन्त्र प्रेस जगतको महत्व लोकतन्त्रमा झन् अहम् हुन्छ। फलतः कानुन र न्यायालय प्रेस जगतले अति ध्यान दिनुपर्ने क्षेत्र हुनुपर्छ।

अदालती काम-कारबाही खुला हुनुपर्ने स्वतन्त्र न्यायालयको सिद्धान्त हो। तथापि आम मानिसलाई त्यो खुलापनको अनुभूति गराउने माध्यम भनेको प्रेस जगत नै हो। प्रेस जगतले अदालती काम कारबाहीबारे पर्याप्त सूचना जनतासम्म प्रवाह गर्न सकेमा नै अदालतप्रति जनआस्था र विश्वास पनि अभिवृद्धि हुनसक्दछ।

लोकतन्त्रलाई गतिशील र जीवन्त बनाउन यसका हरेक आयामहरूमा जनताको पहुँच सुनिश्चित हुनुपर्छ। जनताको प्रत्यक्ष पहुँचको प्रत्याभूति गर्ने हक सूचनाको स्वतन्त्रताले मात्रै प्रचलन हुनसक्दछ। यसैगरी सक्षम र दक्ष

सञ्चारकर्मीको अभावमा सो उद्देश्य हासिल हुन सम्भव हुँदैन । त्यसैले अदालती समाचार संकलन र सम्प्रेषणसम्बन्धी विषयमा सञ्चारकर्मीहरूलाई आधारभूत प्रशिक्षण प्रदान गर्ने अग्रसरता फ्रिडम फोरमले लिँदै आएको छ । यसै परिप्रेक्षमा सञ्चारकर्मीहरूलाई अझ बढी ज्ञान र सीपको आवश्यकता महसुस गरी यो स्रोत पुस्तक तयार पारिएको छ ।

यो पुस्तक कानुनी र न्यायिक क्षेत्रमा रुचि राख्ने प्रत्येक सञ्चारकर्मी र सम्पादक मित्रहरूका लागि उपयोगी हुने विश्वास राखेको छु । साथै आमसञ्चार माध्यमका विद्यार्थीहरूका लागि पनि पठनीय हुने आशा एवं विश्वास राखेको छु । पत्रकारहरूको पेसागत अधिकारको सुरक्षाका लागि फ्रिडम फोरमले सञ्चालन गरिरहेको कानुनी सहायता परियोजनाअन्तर्गत यो स्रोत पुस्तक प्रकाशन गरिएको हो । यसका लागि डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग (डानिडा) को मानव अधिकार तथा असल शासन सल्लाह इकाई (Danida HUGOU) को सहयोग प्राप्त छ । नेपाली सञ्चारकर्मीहरूको क्षमता विकासमा उल्लेखनीय मद्दत पुग्ने यस कार्यका लागि प्राप्त यो सहयोगप्रति डानिडा ह्युगोप्रति हार्दिक आभार र धन्यवाद प्रकट गर्दछु ।

पुस्तकलाई यस रूपमा ल्याइ पुऱ्याउन लेखन र सम्पादन कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सहकर्मी मित्र धर्मेन्द्र झाप्रति विशेष आभार प्रकट गर्दछु । यसैगरी सामग्री लेखनमा योगदान दिनुहुने मित्रहरू श्रीकृष्ण भट्टराई र प्रदीप घिमिरे तथा यस पुस्तकमा आफ्ना महत्वपूर्ण लेखहरू उपलब्ध गराइदिनु हुने डा. रामकृष्ण तिमल्सेना, अधिवक्ता शेरबहादुर केसी, अधिवक्ता रामकृष्ण निराला, जीवनहरि अधिकारी पत्रकार कृष्णमुरारी भण्डारी र सन्तोष सिग्देलमा विशेष धन्यवाद ज्ञापन गर्दछु । यसैगरी स्रोत सामग्री संकलनमा सहयोग पुऱ्याउनु हुने अधिवक्ता सुवास शर्मा र सम्पादनमा सहयोग पुऱ्याउने हुने टुबल सापकोटालाई पनि धन्यवाद दिन चाहन्छु । अन्तमा कानुनी सहायता परियोजनाका कार्यक्रम संयोजक कृष्ण पोखरेलसहित संलग्न सबै सहकर्मीहरूमा पनि धन्यवाद ज्ञापन गर्दछु ।

**तारानाथ दाहाल**
अध्यक्ष
फ्रिडम फोरम

# विषय सूची


| क्रम सं. | विषय | पेज नं. |
|---|---|---|
| | **खण्ड क** | |
| १. | समाचार | ३–८ |
| २. | अदालती समाचार संकलन | ९–१६ |
| ३. | अदालती समाचार संकलनका समस्याहरू | १७–२२ |
| ४. | अदालती समाचारमा स्रोत र अनुसन्धान | २३–३३ |
| ५. | अदालती समाचार र अन्तर्वार्ता | ३४–४४ |
| ६. | न्यायिक र अर्धन्यायिक निकाय | ४५–७४ |
| ७. | अदालतको कार्यक्षेत्र | ७५–८६ |
| ८. | नागरिक अधिकारको संरक्षणमा अदालतको अधिकार र दायित्व | ८५–८८ |
| ९. | अदालतको अपहेलना | ८९–९३ |
| १०. | गालीबेइज्जती | ९४–१०० |
| ११. | अदालत र प्रेस स्वतन्त्रता | १०१–१०९ |
| १२. | प्रेस र कानुन | ११०–११३ |
| १३. | सूचनाको हक | ११४–१२८ |
| | **खण्ड ख** | |
| १४. | अदालती कारबाही : सूचनाको हक र गोपनीयताको हक | १३१–१३८ |
| १५. | सार्वजनिक सरोकारका दृष्टिकोणले अदालत | १३९–१४१ |
| १६. | अदालती पत्रकारिताको परिप्रेक्ष्यमा गालीबेइज्जती | १४२–१४५ |

१७. शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनका सैद्धान्तिक पक्षहरू १४६–१५३

१८. सार्वजनिक सरोकार र नागरिक अधिकार संरक्षणका दृष्टिकोणबाट न्यायिक तथा अर्धन्यायिक १५४–१६०

१९. अभिव्यक्ति स्वतन्त्रता अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड १६१–१७६

२०. अदालती पत्रकारिताका विशेषता १७७–१८६

## खण्ड ग

२१. पत्रकार आचारसंहिता १८९–१९२

२२. नेपालमा पत्रकार आचारसंहिता १९३–१९६

२३. पत्रकार आचारसंहिता, २०६० १९७–२०६

२४. कानुन व्यवसायीको आचारसंहिता, २०१५ २०७–२१२

२५. न्यायिक अनुशासन र जनआस्था २१३–२१५

२६. न्यायाधीशको आचारसंहिता, २०५५ २१६–२१८

## खण्ड घ

२७. कानुनी शब्दावली २२१–२३५





# समाचार

सामान्य शब्दमा भन्नुपर्दा नयाँ घटना समाचार हुन् । कुनै नयाँ कुराबारे जानकारी प्राप्त गर्नु नै समाचार प्राप्त गर्नु हो । आजको सन्दर्भमा समाचारको अर्थलाई व्यापक दृष्टिमा हेरिनुपर्छ । समाचारको परिभाषा बदलिँदो छ । दिन प्रतिदिन यसको क्षेत्र फराकिलो हुँदै गएको छ । वास्तवमा समाजमा भएको घटनाका बारेमा जनतालाई उपलब्ध गराइएको अद्यावधिक सूचना नै समाचार हुन् । समाचार कुनै पनि घटनाबारेको संक्षिप्त तथा तथ्यगत विवरण वा प्रतिवेदन हो । घटना आफैं भने समाचार होइन ।

अर्कोतर्फ आमजनताको रुचि भएको अत्याधुनिक विचार, घटना वा समस्याको विवरणलाई पनि समाचार मानिएको छ । आजको विश्वमा समाचारलाई जनताको अस्तित्वसँग पनि जोडेर हेर्ने गरिएको छ । विद्वानहरूले समाचार भनेको जनता हो भनेर पनि यसलाई अर्थ्याएका छन् । कुनै पनि घटना जो मानिसको चासो र सरोकारसँग सम्बन्धीत हुन्छ, त्यो समाचार हो । कसैले कुनै कुरा लुकाउन खोज्छ भने त्यो समाचार हो र बाँकी सबै विज्ञापन हुन् भनेर पनि समाचारलाई अर्थ्याइने गरिन्छ । वास्तवमा जुन कुरा सहजै उपलब्ध हुन्छ वा देखिने अवस्थामा हुन्छ, त्यसप्रतिको जनताको अभिरुचि कम हुन्छ । तर, कुनै लुकेको कुरा बाहिर आयो भने त्यसप्रति जनताको चासो बढ्छ ।

अदालत अथवा कानुनी क्षेत्रमा हुने हरेक प्रकारका त्यस्ता गतिविधि जुन जनचासोका विषय हुन्छन् तिनलाई अदालती समाचारका रूपमा लिन सकिन्छ ।

## समाचारको परिभाषा

वर्तमान विश्वमा सम्भवतः सबैभन्दा चर्चित र लोकप्रिय शब्दहरूमध्येको एउटा शब्द हो *समाचार*। मानवीय सभ्यताको प्रारम्भदेखि नै यो शब्द कुनै न कुनै रूपमा मानव समाजमा स्थापित र प्रचलित छ। समाचारको सोझो सम्बन्ध मानवीय जिज्ञासा, अभिरुचि र उत्सुकतासँग छ। यति हुँदाहुँदै पनि अहिलेसम्म समाचारको सर्वस्वीकृत परिभाषा यही नै हो भनेर कसैले भन्न सकेका छैनन्। विभिन्न विद्वानहरूले समाचारको परिभाषा आ-आफ्नो ढंगले दिने प्रयास गरेका छन् तर, कुनै पनि परिभाषामा एकमत भने छैन। पत्रकारिताका विद्वानबाट दिइएका समाचारका केही परिभाषा यहाँ उल्लेख गरिएका छन्।

विद्वान् टर्नर कलिजका अनुसार हिजोसम्म नजानेको कुरा नै समाचार हो। अर्का विद्वान् जे.मुरे भन्छन्–'सामयिक अभिरुचिका विषयको जानकारी नै समाचार हो। त्यस्तै ह्यारोल्ड इ.भान्सले, समाचार भनेको जनता हो भनेका छन् भने प्रसिद्ध समाचार संस्था रोयटरले आफ्ना लागि गरेको समाचारको परिभाषामा सरकारको उत्थान र पतन, लडाइँहरू, शान्तिपूर्ण अन्तर्राष्ट्रिय सम्बन्धका कथाहरू, प्रसिद्ध मानिसहरूको काम, हिँडडुलका प्रसंग र भावनाहरू, मानवनिर्मित उपद्रव समाचार भनेका यी र यस्तै अन्य कुराहरू हुन्, भनेर उल्लेख गरेको छ।

यसैगरी अर्का विद्वान विलियम राण्डोल्फले समाचारको चाखलाग्दो परिभाषा दिँदै भनेका छन्– 'कतै कसैले सूचना लुकाउन खोज्यो भने त्योचाहिँ समाचार हो र बाँकी सबै विज्ञापन हो।'

यस्तै नेपाली विद्वान् रामराज पौड्यालले २०२७ मा लेखेको पत्रकारिता हाते किताबमा भनेका छन्–'कहीँ भूइँचालो गयो, आगलागी भयो, पहिरो गयो, बाढी आयो, महामारी चम्कियो, मानिस सोत्राम्मे भए, बस्तुभाउ रोगाए, जंगलमा डँढेलो लाग्यो, बाघले दुःख दियो, भालुले चिथोर्‍यो, बम पड्कियो अथवा कसैले कसैलाई गोली हान्यो, सबै समाचार हो। सार्वजनिक हितका निम्ति कसैले जग्गा घर अथवा रुपैयाँ दान दियो अथवा कसैले त्यसरी दान दिएको वस्तु पचायो, सबैको समाचार बन्न सक्छ।'

माथिका परिभाषाहरूले बृहत्त् अर्थमा समाचारको अर्थलाई समेटेका





छन्। उपर्युक्त आधारमा भन्नुपर्दा समाचार समाजमा भएका घटनाहरूसँग सम्बन्धीत हुन्छन्। तर, ती घटना आममानिसका लागि रुचिकर, जानकारीमूलक र नयाँ हुनुपर्छ, जो जान्न समाजका बहुसंख्यक सदस्य उत्सुक हुन्छन्।

समाचारको परिभाषाबाट आजित कतिपय विद्वान्ले अहिले आएर 'समाचार त्यो हो जुन सम्पादकले छाप्छ वा प्रसारण गर्छ' पनि भन्न थालेका छन्।

## समाचारका प्रकार

समाचार लेख्ने तरिकाको आधारमा यसलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ। यो विभाजनले समाचारको बारेमा बुझ्न सघाउँछ। यस्तै खालको समाचार लेखिन्छ वा लेख्नुपर्छ भन्ने पनि छैन। समाचार लेखन एउटा कला हो। मालीले बगैंचा सिँगारे जस्तै गरी कुशल समाचारदाताले एउटा समाचारलाई सिंगार्न सक्छ। रोचक बनाउन सक्छ। विषय सामान्य भएपनि पढूँ–पढूँ लाग्ने बनाउन सक्छ। प्रकृतिअनुसार समाचारलाई यसरी दुई भागमा विभाजन गर्न सकिन्छ।

(१) **घटनाप्रधान समाचार** (Hard News) : भरखरै भएको कुनै घटना, गतिविधि जो जनचासोको विषय बन्न सक्छ र जसलाई पछिका लागि भनेर थाँति राख्न सकिँदैन अर्थात आजको आजै प्रकाशित वा प्रसारित गर्नुपर्ने हुन्छ त्यस्ता समाचारलाई ज्वचम ल्भधक भनिन्छ। अर्को शब्दमा चाँडै बासी हुने समाचार यो वर्गमा पर्छ। प्रायः सभा, सम्मेलन, गोष्ठी अपराध, आगलागी, दुर्घटना, जुलुस, आन्दोलनजस्ता विषयमा लेखिने समाचारलाई यस श्रेणीमा राख्न सकिन्छ।

यस्तो समाचर लेख्दा छ क अर्थात 5w +1h को उत्तर प्राप्त हुने अपेक्षा गरिन्छ। के, कहाँ, कहिले, किन, कसले र कसरीको उत्तर दिने प्रयास यस्तो समाचारमा गरिन्छ। यस्ता समाचार समस्यामा भन्दा सूचनामा बढी केन्द्रित हुन्छ।

(२) **विषयप्रधान समाचार** (Soft News) : घटनाप्रधान समाचारको लगभग उल्टो खालको यस प्रकारको समाचारलाई नरम समाचार पनि भनिन्छ।

अर्को शब्दमा बासी नहुने समाचारलाई यस श्रेणीमा राख्न सकिन्छ । मानवीय अभिरुचिका विषयमा यस्तो समाचार लेख्ने चलन छ ।  यसमा घटनासँगै कुनै निश्चित विषयलाई प्रधान विषयवस्तु बनाइन्छ । यस्तो समाचारमा अनुगमनको खास महत्व हुन्छ । कुनै सडक दुर्घटनाबारेको पहिलो समाचार 'हार्ड न्यूज' हो भने दुर्घटनाले पारेको प्रभावका बारेमा अनुगमन गरी तयार पारिएको समाचार 'सफ्ट न्यूज' हो ।

## समाचारका तत्वहरू

एउटा समाचार पूरा हुन उपभोक्ताको मनमा उठ्न सक्ने सबै प्रश्नहरूको उत्तर त्यसमा समावेश भएको हुनुपर्दछ । कुनै पनि घटना होस् वा विषय पाठक, स्रोता वा दर्शकले सबैभन्दा पहिले के भएको रहेछ ? कहाँ भएको रहेछ ? कहिले भएछ ? को-को वा कसलाई के भएछ ? भन्ने प्रश्नहरूको उत्तर खोज्दछ । बिस्तारै उसले किन भएछ, कसरी भएछ ? के परिणाम भएछ ? भन्ने कुराको पनि खोजी गर्छ ।

यसरी पाठक, स्रोता वा दर्शकले कुनै पनि समाचारमा बुझ्न चाहेको कुरालाई जनाउने वा समाचारका उपभोक्ताका जिज्ञासालाई शान्त पार्ने कुरा नै समाचारका तत्वहरू हुन् । समाचारका तत्वहरूलाई सूत्रबद्ध गर्दा 'छ क' अर्थात् 5W+1H भन्ने गरिन्छ । यसको अर्थ हुन्छ :–

- What र के भयो ? घटनाको विषय के हो ?
- Where र कहाँ भएको हो ? त्यो घटना वा विषय कहाँको हो ?
- When र कहिले भएको हो ? घटना कहिलेको  हो ?
- Who र को-को वा कसलाई भएको हो ? उक्त घटनामा कसलाई के भयो अथवा त्यसमा को-को संलग्न छन् ?
- Why र घटना किन भयो ?
- How र घटना कसरी भएको हो ? भन्ने बुझिन्छ ।

यसबाहेक वर्तमानमा पत्रकारिताका विद्वानहरूले 2c अर्थात Cause (कारण) र Consequence (परिणाम) लाई पनि समाचारको तत्व





मानेका छन् । यसअनुसार कुनै घटना हुनुको कारण र त्यसको परिणामको खोजी गरिन्छ ।

## समाचारको मूल्य

सबै समाचारको महत्व एकै किसिमको हुँदैन । पत्रिकाको स्वभाव, वितरण क्षेत्र, उपभोक्ताको स्वभावअनुसार समाचारका महत्व पनि भिन्न हुन्छन् । समाचारको महत्व हेरी पहिलो पेज वा भित्रि पेज कहाँ राख्ने र समाचारलाई कति सानो वा ठूलो आकारको बनाउने भन्ने निधो गर्न त्यसको महत्व हेर्नु आवश्यक हुन्छ । त्यही भएर समाचारदाता हुन वा सम्पादक सबैले समाचारको महत्व थाहा पाईराख्नु जरुरी हुन्छ । समाचारको महत्वलाई निम्न कुराहरूले प्रभाव पार्दछ ।

- **नवीनता** (Newely) : समाचार बन्नका लागि घटना, समस्या, धारणा, विचार वा सन्दर्भ नयाँ हुनुपर्छ । एकपटक समाचार बनिसकेको विषय छ भने त्यसलाई पुनः त्यही रुपमा समाचार बनाउनु हुँदैन । त्यही विषय समाचार बन्नका लागि केही फरक कोण अवश्य चाहिन्छ । नयाँ कोण केही पनि छैन भने त्यस्तो समाचारको मूल्य हुँदैन । लक्षित वर्ग वा उपभोक्ताले थाहा पाइसकेको विषयवस्तुलाई पुनः समाचार बनाउन अघिल्लो अवस्थामा केही परिवर्तन भएकै हुनुपर्छ ।
- **समाचार सान्निध्यता** (Proximity) : उपभोक्ताले सुनेको वा चिनेको व्यक्ति, स्थान, समस्या अथवा सन्दर्भमा आधारित समाचारप्रति उसको निकटता वा सान्निध्यता हुन्छ । समाचारको विषय वा कोण उपभोक्ताका लागि परिचित हुनुपर्छ । भौगोलिक वा भावनात्मक रुपमा निकट नरहेको घटना नयाँ भए पनि लक्षित वर्गका लागि त्यसमा समाचार मूल्य हुँदैन । उदाहरणका लागि नेपालका उपभोक्तालाई अमेरिकी अदालतले सोही देशका सन्दर्भमा गरेको फैसला चासोको विषय हुँदैन तर नेपालका सन्दर्भमा अमेरिकी अदालतले कुनै फैसला गऱ्यो भने त्यो चासोको विषय हुनसक्छ । अमेरिकी अदालतले इराकमा मारिएका नेपालीका परिवारलाई क्षतिपूर्ति

दिन गरेको फैसला नेपालीका लागि महत्वपूर्ण हुन्छ ।

- **महत्वपूर्ण व्यक्ति, स्थान आदि** (Prominance) : समाज अथवा देशका लागि कुनै महत्वपूर्ण व्यक्ति वा स्थान पनि समाचारको विषयवस्तु हुन सक्छ र त्यसले उपभोक्तालाई आकर्षित गर्दछ । जस्तै नेपालको कुनै व्यक्तिले अन्तराष्ट्रिय पुरस्कार पायो भने अथवा अन्तराष्ट्रिय स्तरको कुनै ओहोदामा पुग्यो भने त्यसले समाचारका रुपमा महत्व पाउन सक्छ । यसैगरी नेपालको कुनै ठाउँ विश्वका कुनै सूचीमा समावेश भयो भने त्यो पनि महत्वको विषय बन्न सक्छ । उदाहरणका लागि अधिवक्ता तथा महिला अधिकारकर्मी सपना मल्ल प्रधानले ग्रुबर अन्तर्राष्ट्रिय महिला पुरस्कार पाउनु नेपालका लागि महत्वपूर्ण विषय हो ।
- **द्वन्द्व** (Conflict) : द्वन्द्वको अवस्था आफैमा समाचारको विषयवस्तु हो, त्यसमा पनि द्वन्द्वका क्रममा भएका ताजा घटनाले उपभोक्ताको ध्यान खिच्नसक्छ । द्वन्द्वबाट लक्षित वर्ग नै प्रभावित भएको अवस्था छ भने त्यो समाचारको महत्व अझ बढी हुनसक्छ । जस्तै : द्वन्द्वका क्रममा दुई पक्षबीच भिडन्त हुँदा ठूलो संख्यामा मान्छे मारिए भने त्यो आफैमा समाचार हो, यसमा पनि द्वन्द्वका कारण कुनै गाउँका बासिन्दा विस्थापित भए वा प्रभावित भए भने त्यसले पनि समाचारका रुपमा महत्व पाउँछ ।
- **मानवीय अभिरुचि** (Human Interest) : कतिपय समाचार यस्ता हुन्छन् जसले उपभोक्तालाई बढी आकर्षित गर्छन् । मानवीय रुचिका यस्ता समाचारलाई पाठकले खोजीखोजी पढ्छन् । समाचार बन्नका लागि पाठकको रुचिलाई ध्यान दिन आवश्यक हुन्छ । उदाहरणका लागि कानुनका बारेमा वकालत गर्ने कानुन व्यवसायीले फर्म नै दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु समाचारका उपभोक्तालाई चासोको विषय हुनसक्छ ।





# अदालती समाचार संकलन

**(क) अदालत भनेको के हो ?**

अदालतलाई पक्षहरू बीचमा परेको विवादलाई कानुनीरूपमा समाधान गर्ने वैधानिक निकायको रूपमा लिइन्छ । यो राज्यको न्याय प्रशासनसँग सम्बन्धीत स्वतन्त्र निकाय हो । कुनै-कुनै देशमा यसलाई राज्यको न्याय विभाग पनि भन्ने गरिन्छ । लिखित संविधान भएका मुलुकमा अदालतलाई कार्यपालिका र व्यवस्थापिकाको नियन्त्रण बाहिर रहने गरी स्वतन्त्र न्यायपालिका अन्तर्गत राखिन्छ । मुलुकको संविधान, कानुन, नजिर, प्रथा, परम्परा, तथ्य, प्रमाण आदिको निष्पक्ष मूल्याङ्कन गरेर न्यायिक मनसमेत प्रयोग गरी अदालतबाट न्याय सम्पादन गरिने भएकाले अदालतलाई न्याय सम्पादनको प्रभावकारी निकायको रूपमा लिइन्छ । केही कानुनी परिभाषाहरूले अदालतलाई आधिकारिक व्याख्या गर्ने प्रयास गरेका छन् । मुलुकी ऐन, भाग (ज्ञ) प्रारम्भिक कथनको ३ नं. को खण्ड (ग) मा "अड्डा" भन्नाले अदालत समेत सम्झनुपर्छ भनी र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २(ख) मा "अदालत" भन्नाले न्यायाधीशको इजलासलाई र कुनै मुद्दाका सम्बन्धमा न्यायिक काम गर्न प्रचलित नेपाल कानुनअन्तर्गत अधिकारप्राप्त अधिकारी समेतलाई जनाउँछ भनी परिभाषित गरिएको छ । नेपाल कोर्ट फी ऐन, २०१७ को दफा २ (च) मा "अदालत" भन्नाले अदालतको काम गर्न अधिकार पाएको अड्डा वा व्यक्तिको इजलासलाई समेत जनाउँछ भनिएको छ । संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा २ (ग) मा "अदालत" भन्नाले मुद्दा हेर्ने अधिकारी वा कार्यालयलाई समेत जनाउँछ भनी परिभाषा गरिएको छ । प्रमाण ऐन, २०३१ दफा (२) (क) अनुसार अदालत

भन्नाले मुद्दा हेर्ने अन्य अधिकारी समेतलाई जनाउँछ भनिएको छ । माथिका परिभाषाहरूको आधारमा अदालत भन्नाले निम्न कुरा बुझ्न सकिन्छ :

(अ) न्यायाधीशको इजलास वा

(आ) कुनै मुद्दाका सम्बन्धमा न्यायिक काम गर्न प्रचलित कानुनअन्तर्गत अधिकार प्राप्त अधिकारी वा

(इ) मुद्दा हेर्ने न्यायाधीशबाहेकको अन्य अधिकारीसमेत

## (ख) अदालती समाचार संकलन

अदालत विवादको कानुनी समाधान गर्ने निकाय भएको र यसका हरेक काम कारबाही पक्षहरू, कानुन व्यवसायी वा अन्य सरोकारवालाहरूको उपस्थितिमा खुला इजलासमा हुने भएकाले अदालतमा विचाराधीन वा टुंगो लागिसकेको मुद्दाको अभिलेखबाट पनि न्यायिक सूचना संकलन गर्न सकिन्छ । न्यायिक सूचना संकलन वा प्रमाणको कागजको रीतपूर्वकको नक्कल प्राप्त गर्नको लागि निश्चित कानुनी कार्यविधि र प्रक्रिया निर्धारण गरिएको हुन्छ ।

अदालती समाचार संकलन गर्दा इजलासबाट दिनदिनै सम्पन्न हुने अदालती कारबाहीलाई अध्ययन गरी समाचारको विषय बन्न सक्ने उपयुक्त सामग्री संकलन गरी श्रव्य-दृष्य वा अखवारहरूमा समाचार संम्प्रेण गर्न सकिन्छ । यसको लागि संवाददाताहरू सम्बन्धीत इजलास उपस्थित भई खुला इजलासबाट हुने अदालती कारबाहीको स्वयं अवलोकनद्वारा, पक्ष वा कानुन व्यवसायीहरूले उपलब्ध गराएको सूचनाको आधारमा वा कर्मचारी वा स्वयम् इजलासबाट सम्प्रेषित सूचनाको आधारमा पनि संवाददाताहरूले समाचार संकलन गर्ने गर्दछन् । अदालतमा अभिलेखको रूपमा रहेका मिसिलबाट पनि रीतपूर्वकको नक्कल प्राप्त गरेर अदालती समाचार संकलन गर्ने गरिन्छ । अदालती कारबाही खुला इजलासमा हुने भए पनि विद्युतीय सञ्चार साधन प्रयोग गरी रेकर्डिङ गर्ने वा छायाङ्कन गर्ने कार्य गर्न बन्देज लगाइन्छ । अत्यन्त मर्यादित र अनुशासित रूपमा इजलासमा उपस्थित भई समाचार संकलन गर्न संवाददातालाई अनुमति दिने प्रचलन हाल अदालतहरूमा कायम छ ।





## (ग) अदालती समाचारका दुर्वल र सबल पक्ष

नेपाली मिडियाको विभाजन गर्ने हो भने छापा, र श्रव्य र श्रव्य-दृष्यबाहेक अनलाइन मिडियासमेत गरी चार प्रकारका मिडियाहरूको प्रचलन रहेको पाइन्छ । यी सबै प्रकारका मिडियाहरूले हाल आएर अदालतसँग सम्बन्धीत समाचार पनि सम्प्रेषण गर्ने गरेको पाइन्छ । पहिले रासस र सरकारी समाचार माध्यमका आधिकारिक प्रतिनिधिलाई मात्र अदालती समाचार टिपाउने वा उपलब्ध गराउने प्रचलन थियो भने हाल आएर सरकारी स्वामित्वमा भएका सञ्चार संस्थानका साथसाथै निजी स्वामित्वका सञ्चारमाध्यमले समेत आ-आफ्नै संवाददातामार्फत सहज र समान रूपमा अदालती समाचार संकलन गर्ने गरेको पाइन्छ । यसले गर्दा अदालती समाचार संकलन थप सहयोग पुगेको पाइन्छ । धेरै संवाददाताहरू एउटै थलोमा समाचार संकलन गर्न आउँदा एक किसिमको प्रतिस्पर्धाको अवस्था सिर्जना हुनगई यदाकदा एउटै समाचारको तथ्य पनि फरक-फरक ढंगले आउने गरेको पनि पाइन्छ ।

## १. अदालती समाचारका दुर्वल पक्ष

अदालती समाचार संकलनमा खटिने संवाददाताहरूमा अदालती कार्यविधि र प्रक्रियाको बारेमा पूर्ण ज्ञान नहुँदा समाचार संकलनमा बाधा आउने वा सही समाचार प्राप्त हुन नसक्ने समस्या आइपर्छ । चाहे संवाददातामा कानुनी शिक्षाको कमीको कारण अदालती समाचार गलत ढंगले सम्प्रेषण हुन गएको होस् चाहे समाचार स्रोतको पूर्वाग्रही संकलनको कारण गलत सम्प्रेषण हुन गएको होस् यी दुवै अवस्थामा उपभोक्ताहरूमा सही समाचार सम्प्रेषण नहुन सक्दछ । यसको प्रत्यक्ष असर अदालत, पाठक, श्रोता र मिडिया संस्था सबैमा पर्न जान्छ । निम्न पक्षहरूलाई अदालती समाचारका दुर्वल पक्षको रूपमा लिन सकिन्छ :

- गलत समाचार सम्प्रेषणबाट समाचार सम्प्रेषक मिडियाको साख घट्न गई उपभोक्ताहरूको समाचारप्रतिको विश्वसनीयतामा कमी आउन सक्छ ।
- गलत र भ्रमात्मक समाचार सम्प्रेषणले अदालतप्रतिको सर्वसाधारणको विश्वासमा कमी आई सिङ्गो न्यायपालिका, न्याय पद्धति, संविधान,

इजलास, कर्मचारी वा समस्त न्यायकर्मीहरूको प्रतिष्ठामा आँच आउन सक्छ ।

- पीडित पक्षमा झन् नकारात्मक असर परी उसको सामाजिक प्रतिष्ठामा गिरावट आउन सक्ने देखिन्छ ।
- गलत समाचार सम्प्रेषणद्वारा उपभोक्ताको सही सूचना प्राप्त गर्ने अधिकारमा आघात पुग्न जान्छ ।
- पीडित पक्ष, कानुन व्यवसायी, न्यायकर्मी, सरोकारवाला एवम्, स्वयम् संवाददाताकै इज्जत, प्रतिष्ठा र विश्वसनीयतामा ह्रास आउन सक्ने ।

## २. अदालती समाचारका सबल पक्ष

अदालती समाचार सही रूपमा सम्प्रेषण हुन गयो भने यसको माध्यमद्वारा कानुनी राज्य (Rule of Law), कानुनबमोजिमको कार्यविधि (Due Process of Law), कानुन र न्यायका मान्य सिद्धान्तहरू आदिको बारेमा उपभोक्ताहरूमा कानुनी जागरण उत्पन्न भई शान्ति र व्यवस्था कायम राख्नमा ठूलो सहयोग पुग्न जाने देखिन्छ । निम्न पक्षहरूलाई यसका सबल पक्षको रूपमा लिइन्छ :

- मिडियाप्रति जनताको विश्वास बढ्न जाने,
- न्यायप्रणालीमा सुधार गर्न सक्ने,
- सकारात्मक दबाबको सिर्जना हुन सक्ने,
- अदालतप्रति जनआस्था बढ्न जाने,
- पीडित पक्षप्रति सहानुभूति बढ्न गई गुमेको सामाजिक प्रतिष्ठा र हैसियत पुनः प्रतिस्थापित गराउन मद्दत मिल्ने,
- कुनै पनि घटना वा मुद्दाको बारेमा सत्य, तथ्य बाहिर आउनाले भविष्यमा यस्तो कार्य नदोहोरिन प्रेरित गर्ने,
- अदालतका उपभोक्ता, न्यायकर्मी, कानुन व्यवसायी, सरोकारवाला लगायत सबैको सामाजिक प्रतिष्ठा बढ्न जाने,
- राज्यको शान्ति र व्यवस्थाको अवस्थाबारे सकारात्मक सन्देश प्रवाहित हुन गई मुलुकको अन्तर्राष्ट्रिय छवि बढ्न जाने,





- अदालत पनि समाचार संकलनको सही श्रोत रहेछ भन्ने सन्देश प्रवाहित हुने ।

## (घ) अदालती समाचारका सन्दर्भमा सन्तुलित समाचारको आवश्यकता र महत्व

समाचार भन्ने वित्तिकै सम+आचार शब्दको समासजन्य शब्दावली भएकाले सन्तुलित हुनुपर्ने अर्थ स्वयम् शब्दमै निहित भएको पाइन्छ । विसम हुने बित्तिकै त्यसले समाचारको स्थान गुमाउन पुग्छ । तसर्थ सन्तुलित समाचार मात्र सही अर्थमा समाचार हो । सन्तुलित हुने भएको कारण नै प्रेसलाई राज्यको चौथो अंगको रूपमा लिइन्छ । उपभोक्ताहरूले एउटै थलोमा विभिन्न सूचनाहरू प्राप्त गर्ने माध्यम नै समाचार हो, त्यसको लागि उनीहरूले निश्चित मूल्य चुकाउनुपर्ने भएकाले समाचार सही, स्प्रष्ट र सन्तुलित हुनुपर्ने देखिन्छ । समाचार समाजको दर्पण हो जसले त्यही समाजभित्र घटेका घटनाहरू र राम्रा-नराम्रा दुवै पक्षहरू जनमानसमा उजागर गरिदिन्छ । त्यसबाट समाज सुधार हुनमा ठूलो मद्दत पुग्ने भई राष्ट्रलाई उन्नति र प्रगतिको मार्गमा डोऱ्याउने माध्यम पनि समाचार बन्न सक्ने देखिन्छ ।

सन्तुलित समाचारको आवश्यकता आज समयको माग भएको छ । विश्वका विभिन्न कुनामा घटेका समाचार विश्वको अर्को कुनामा रहने उपभोक्तासमक्ष तत्कालै सम्प्रेषण हुने भएकाले सारा विश्वमै आज यसको आवश्यकता महसुस गरिएको छ । निम्न पक्षहरूका यसको आवश्यकता हुनजाने देखिन्छ :

### ❑ उपभोक्ताको अधिकारको सम्मानको लागि

सही सूचना प्राप्त गर्ने उपभोक्ताको अधिकारमा आज कसैले पनि हस्तक्षेप गर्न नपाउने अवधारणाको विकास भएको छ । विश्वग्रामको रूपमा अत्यन्त व्यवस्थित सञ्जालको रूपमा विकसित भएको पृथ्वीभित्र बसोबास गर्ने सबै पाठक विश्व नागरिक (Global Citizen) को रूपमा चिनिने भएकाले उनीहरूको सही सूचना पाउने अधिकार सम्बन्धीत राष्ट्रिय क्षेत्राधिकारभन्दा व्यापक भएको पाइन्छ ।

❑ **राज्यको दायित्व निर्वाहका लागि**

एउटा लोक कल्याणकारी राज्यको पहिलो उद्देश्य उसका जनताको अधिकारको सम्मान गर्नसक्नु नै हुन्छ। राज्यद्वारा वा राज्यद्वारा अनुमतिप्राप्त संस्थाहरूले जनमानसमा सही सूचना प्रवाह गर्न मद्दत पुऱ्याउनाले सिङ्गो राज्य नै यसबाट लाभान्वित हुन जाने भई सम्पूर्ण राज्यको लागि नै सन्तुलित समाचार सम्प्रेषण आवश्यक हुन्छ।

❑ **अन्तर्राष्ट्रिय साख अभिवृद्धिका लागि**

जहाँको मिडिया सन्तुलित र सशक्त हुन्छ। त्यहाँको शासनपद्धति पारदर्शी, जिम्मेवार र नागरिकप्रति उत्तरदायी रहन्छ। यी तत्वहरू निहित भएको सरकारको छवि अन्तर्राष्ट्रिय स्तरमा बढ्न जाने तथा राज्यभित्रै पनि त्यस्तो सरकारको लोकप्रियतामा बढोत्तरी हुनजाने देखिन्छ। तसर्थ सन्तुलित समाचारको आवश्यकता सरकार स्वयंलाई पनि हुन्छ।

❑ **समाचार संस्थाको लोकप्रियता र विश्वसनीयताका लागि**

सही र सन्तुलित समाचार सम्प्रेषण गर्ने समाचार प्रदायक संस्थाका साख बढ्न गई पाठहरूमाझ लोकप्रियता बढ्न जाने भएकोले संस्थाको उत्तरोतर प्रगति र नाफा आर्जन गराउनमा पनि यसले मद्दत गर्छ।

सन्तुलित समाचारको आवश्यकता किन रहन्छ र कस-कसलाई रहन्छ भन्ने बारेमा जानकारी प्राप्त भइसकेपछि यसको महत्व बारेमा पनि चर्चा गर्नु सान्दर्भिक हुन जान्छ। कुनै पनि महत्वको पछाडि त्यसको आवश्यकताको ठूलो हात हुन्छ। आवश्यकता नभएको बस्तुको महत्वबारे चासो नहुनु पनि स्वाभाविकै हो। जब आवश्यकता महसुस  हुन्छ। त्यसको उचित पूर्तिबाट सन्तुष्टि प्राप्त भई महत्व पनि बढ्न जान्छ। यसलाई पनि निम्न बुँदाहरूमा अध्ययन गर्न सकिन्छ :

❑ **उपभोक्ताहरूमा महत्व**

जसरी समाचार सम्प्रेषण दर्शक, श्रोता, पाठकको अधिकारको सम्मान हो त्यसैगरी उपभोक्तामा त्यसको महत्वबोध पनि भएको हुन्छ। सही, निष्पक्ष र सन्तुलित समाचारबाट उपभोक्ताहरू सुसूचित हुने र आफ्ना अधिकारप्रति





सचेत रहन मद्दत पुग्ने भएकोले यसको ठूलो महत्व रहन्छ।

❑ **सरकारका लागि**

आफूद्वारा सम्पादित राम्रा कामको समाचार नागरिकसँग पुऱ्याउने दायित्व सरकारको रहन्छ। आफ्नो उक्त दायित्व निर्वाहमा सन्तुलित समाचार सहायकसिद्ध हुने भई  सरकारकै लोकप्रियता वृद्धिको लागि पनि यसको स्थान हुन्छ।

❑ **अन्तर्राष्ट्रिय जगतमा महत्व**

एउटा मुलुकमा भएका महत्वपूर्ण घटनाहरू विश्वका अन्य देशका उपभोक्ता समक्ष सम्प्रेषण हुँदा त्यसबाट समाचार उत्पादन हुने मुलुकप्रति समाचार सम्प्रेषण भएको उपभोक्ताको बुझाइमा सकारात्मक सन्देश प्रवाह हुनजान्छ। यसबाट त्यस देशप्रति अन्तर्राष्ट्रिय इज्जत र प्रतिष्ठा बढ्न गई अन्तर्राष्ट्रिय जगतमै सही सन्देश प्रवाहित हुन जान्छ। यसले देशको आर्थिक विकासमा पनि मद्दत पुऱ्याउँछ।

## (ङ) अदालती समाचार लेखनको आवश्यकता र महत्त्व

अदालती समाचार लेखन किन पनि आवश्यक छ भने अदालती समाचार भनेका कानुन र यसको व्याख्यासम्बन्धी समाचार मात्रै नभएर यो त समाजमा राजनीतिक, आर्थिक र सामाजिक समस्या कानुनी माध्यमबाट प्रकट भएको मात्रै हो। त्यस्तै राज्यमा विपन्न अङ्गबीचको द्वन्द्वमा निर्णय गर्ने निकाय पनि हो। त्यसबाहेक सामान्यतया अदालतमा द्वन्द्वरत पक्ष पुग्ने हुनाले द्वन्द्व समाजमा धेरैले चाख मानेर पढ्ने विषय पनि हो।

अदालत पनि समाचार संकलनको स्रोत हुनसक्ने तथा सन्तुलित समाचारको आवश्यकता र महत्व विभिन्न क्षेत्रमा भएजस्तै अदालती समाचार कसरी लेख्ने तथा यसको आवश्यकता र महत्व कस्तो छ भन्ने बारेमा पनि बुझ्नु आवश्यक हुन्छ।

मिडियाको दायित्व समाजमा सकारात्मक सन्देश प्रवाह गर्नु पनि हो। उपभोक्ताले मूल्य चुकाएर प्राप्त गरेको समाचारले गलत सूचना सम्प्रेषण हुन गयो भने उपभोक्ताहरूमाथि शोषणको पराकाष्ठा त्योभन्दा अरू हुनसक्दैन।

सही र सन्तुलित समाचार लेखन अन्य क्षेत्रमा भएजस्तै अदालती समाचार लेखनमा पनि हुन्छ । समाचार प्राप्त हुने स्थानको जानकारी, समाचार हुनसक्ने विषयवस्तुको पहिचानपश्चात समाचार स्रोतबारे यकिन भएपछि मात्र समाचार संकलनको चरण प्रारम्भ हुन्छ ।

समाचार संकलनले मात्र समाचार चक्र (News Cycle) पूरा नहुने भएकाले यसको लेखनकला नै महत्वपूर्ण पक्ष हो । यसको लागि लेखकमा विषयवस्तुको ज्ञान, लेखनकला, सम्बन्धीत ऐन, नियम वा कानुनी पक्षबारे जानकारी हुनु पनि त्यतिकै आवश्यक हुन्छ । कुन समाचार लेख्दा अदालतको अवहेलना वा मानहानीजन्य अवस्था सिर्जना हुन्छ ? कुन वा कस्तो समाचारबाट व्यक्तिको गालीबेइज्जती हुन जान्छ भन्ने जस्ता पक्षहरूको उचित जानकारी राखेर मात्र समाचार लेखन सुरु गर्नुपर्छ । समाचार स्वयंमा घटना वा तथ्य मात्र हो, त्योभन्दा बढी केही पनि होइन् । तर त्यही तथ्य वा घटनाको प्रस्तुतिकला नै समाचार लेखन हो । समाचार लेखनमा कलाकारिताका गुणहरू पनि जरुरी हुन्छन् । जसको माध्यमबाट उपभोगमा सन्तुष्टि मिलोस् । एउटै घटनाको पनि प्रस्तुति गर्ने तरिका फरक-फरक हुन सक्छ ।

अदालती समाचार लेखन गर्दा घटना जुनसुकै स्थानमा भए पनि समाचारको स्रोत वा विषयवस्तु अदालत वा यसका सरोकारवालाहरूसँग जोडिएको हुन्छ । अदालतमा विचाराधीन रहेको मुद्दा फैसला भई अन्तिम किनारा लागिसकेको मिसिलबाट पनि समाचार प्राप्त गर्न सकिने भएकाले यसबाट अदालत, उपभोक्ता, समाचार सम्प्रेषक संस्थालगायतमा असर पर्न जान्छ । अदालत आफैं समाचार उत्पादन वा सम्प्रेषण गर्ने निकाय नभएकाले कुनै न कुनै माध्यमबाट यसले आफूमा संकलित हुन आएका समाचार अन्य निकायसमक्ष पुऱ्याउँछ । ती निकायहरू भनेका संवाददाताहरू नै हुन् । उनीहरूले सही सन्देश प्रवाह हुने किसिमले समाचार लेख्न सके भने अदालतले दिन खोजेको सन्देश जस्ताको तस्तै प्रसारित हुन जान्छ ।





# अदालती समाचार संकलनका समस्याहरू

अदालती समाचार संकलन एउटा चुनौतीपूर्ण कार्य पनि हो । अदालत समाचार संकलन गर्ने स्थान भए पनि सही, तथ्यपूर्ण र सनसनीपूर्ण समाचार संकलन गर्ने कुसल संवाददाताको आवश्यकता पर्दछ । अध्ययन, प्रशिक्षण, मिलनसारिता र विश्वासनीयता विना कुनैपनि पत्रकारले समाचार स्रोतसम्म पहुँच पाउन मुस्किल पर्छ ।

नेपालमा आधुनिक अदालती संरचना सुरु भएको पचास वर्ष पूरा भइसके तापनि अदालती विषयवस्तुलाई लिएर समाचार सम्प्रेषण हुन थालेको धेरै समय भएको छैन । २०४६ सालको आन्दोलनपश्चात निर्णय भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले कायम गरेको अदालतको तहगत संरचनापश्चात पत्रकारिता क्षेत्रमा अदालती विषयवस्तुले समाचारको स्थान पाउन थालेको देखिन्छ । खासगरी संवैधानिक र राजनीतिक विषयवस्तु समावेश भएका विवादमा अदालतमा हुने बहस, पैरवी, रिट, लिखित जवाफ, बहसनोट तथा फैसलाहरूका आधारमा समाचार संकलन र सम्प्रेषण गर्ने प्रचलन सुरु भयो । अदालती समाचार संकलन गर्न छुट्टै संवाददाताहरू खटाउने प्रचलन त हालसम्म केही दैनिक पत्रिकाहरूले र प्रमुख टेलिभिजन च्यानलहरूले मात्र सुरु गरेका छन् । समाचार संकलन गर्ने तरिका वा पद्धतिबारे पर्याप्त प्रशिक्षण वा ज्ञानबिना अदालतहरूमा उपलब्ध भएसम्म सबै समाचार संस्थाका संवाददाताहरू एकत्रित भई हुल वा झुण्डमा यत्रतत्र प्रवेश गर्ने र पत्रकारहरू प्रवेश गरेको देखेपछि सम्बन्धीत अधिकारीहरूले गोप्य सूचना वा फायलहरू भएका कागजात लुकाउने एवं चुपचाप कूटनीति अपनाउने प्रचलन हाल अदालतहरूमा पाइन्छ । संवाददाताहरूसँग असहज वातावरणको अनुभव

गर्ने र उनीहरूका चालचलनप्रति हम्मेसी भरोसा गर्ने वा विश्वास दिलाउने वातावरणको अभावमा यसले सहजरूपमा काम गर्न सकेको छैन ।

अदालतमा कुन र कस्तो ठाउँमा समाचार संकलन गर्न सकिन्छ ? सम्बन्धीत अधिकारी वा कर्मचारीहरूसँग कस्तो व्यवहार गर्ने र कस्तो सम्बन्ध कायम राख्ने भन्ने ज्ञानको अभावले पनि उपयुक्त सहयोग प्राप्त नभई समाचार संकलनमा हचुवापना र त्रुटि फेला पर्छ । हालसम्म अदालती समाचार संकलन र सम्प्रेषण गरिने कार्यको अवलोकनको आधारमा यस कार्यमा देखिने प्रमुख समस्या निम्न पाउन सकिन्छ :

**(क) समाचार संकलनसम्बन्धी कानुनको अभाव**

अदालतमा उपलब्ध सूचना वा समाचारहरू सम्प्रेषणा गर्ने गराउने स्पष्ट कानुनी व्यवस्थाको सर्वथा अभाव पाइन्छ । के कस्ता र कुन घटना समाचारको विषय हुन् र के कस्ता विषय नितान्त गोप्य रहनुपर्ने प्रकृतिका हुन् भन्ने कुरा कानुनमा स्पष्ट व्यवस्था नगरिएकोले यसमा ठूलो अन्योल छ । अदालतले आफ्नो फाइदाको लागि स्वयं सम्प्रेषण गर्ने सूचनामा मात्र सीमित नरही अन्य सनसनीपूर्ण विषयवस्तुको खोजी गरी समाचारको रूपमा सम्प्रेषण गर्ने संवाददाताहरूको चाहना र सामान्यभन्दा सामान्य र सार्वजनिक गर्नुपर्ने प्रकृतिका कुरा पनि गोप्य राख्ने पदाधिकारीहरूको व्यवहार दुवैलाई नियमित गर्ने कानुनको निर्माण भई लागू हुन नसकेकाले समाचार संकलनमा ठूलो समस्या ल्याएको महसुस गर्न सकिन्छ ।

**(ख) संवाददाताहरूको समाचारस्थलसम्म सहज पहाच नहुनु**

प्रतिद्वन्द्वात्मक कानुनी कार्यविधि अपनाउने हाम्रो अदालती कार्यविधिमा अदालती कारबाही मुद्दाका पक्ष, कानुन व्यवसायी, साक्षी, सरोकारवाला व्यक्तिलगायतको उपस्थितिमा खुला इजलासमा सम्पादन गरिने प्रचलन भए पनि कतिपय अवस्थामा विद्युतीय सामग्रीहरूको प्रवेशमा बन्देज लगाइने भएकाले पनि इजलासको कारबाहीको रेकर्डिङ, फोटोग्राफी र छायांकनमा अवरोध आउँदा जीवन्त समाचार सम्प्रेषण हुन नसकेको पाइन्छ । मुद्दाका मिसिलहरू पनि सहज रूपमा संवाददाताहरूको पहुँचमा नरहनु पनि अर्को व्यवधानको विषय हुने गरेको छ । समाचार सम्प्रेषणमा कर्मचारीको उदासीनताको कारण पनि सही समाचार बाहिर





आउन समस्या पर्ने भई संवाददाताहरूको पहुंच त्यस्ता समाचारसम्म सहज नहुने गरेको छ । अदालत प्रवेशपश्चात परिचयपत्र वा पासको व्यवस्था गरी आवश्यकता र उपादेयताका आधारमा समाचार स्थलसम्म पहुँच दिलाउने स्पष्ट व्यवस्था नभएकाले पनि समाचार संकलनमा असहज हुने गरेको पाइन्छ ।

**(ग) विद्यमान कानुनी बन्देज**

अदालतमा काम गर्ने जनशक्ति मुख्यतः दुई किसिमको हुन्छ ।

(अ) निजामती कर्मचारी

(आ) गैरनिजामती न्यायाधीशहरू

यीमध्ये पहिलो तप्काका निजामती कर्मचारीहरू निजामती सेवा ऐन र नियमले व्यवस्थित गरेका आचरणका नियमभित्र आबद्ध रहनुपर्ने पद तथा गोपनीयताको शपथ खाएर सेवामा प्रवेश गरेका कारण त्यस्ता कानुनमा नगर्नु भनेका कुराहरू उल्लंघन गर्नु दण्डयोग्य कार्य हुने भएकाले पनि समाचारको स्रोतबन्न चाहदैनन् । आफूले काम गर्दा थाहा हुन आएको गोप्यतासम्बन्धी विषय बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रकाश गर्न बन्देज लगाइएको कारण उनीहरू कानुनी झन्झन्टमा पर्न नचाहने हुन्छन् । यसबाहेक अदालतसम्बन्धी छुट्टै नियमावली र कानुनी व्यवस्थाले पनि यसमा थप बन्देज लगाई उनीहरूलाई कडा अनुशासनको दायराभित्र राखेकाले समाचार संकलनमा कानुनी कठिनाइ आउने गरेको छ ।

दोस्रो तहका गैरनिजामती न्यायाधीशहरूलाई निजामती ऐन र नियमको परिधिभित्र रहनुपर्ने बाध्यता नभए पनि अदालतसँग सम्बन्धीत अन्य कानुनी व्यवस्थाहरू र न्यायाधीश आचारसंहिताभित्र आबद्ध रहनुपर्ने भएकोले उनीहरू पनि समाचार स्रोत बन्न नचाहने वा कानुनी रूपमा अधिकारप्राप्त व्यक्ति नहुने अर्को समस्या भएकोले यी दुवै पदाधिकारीहरू समाचार संकलनमा पहुँच बाहिर रहन्छन् ।

**(घ) समाचार स्रोत पहिचानको अभाव**

अदालत समाचार स्रोत भए पनि कुन विषयवस्तु समाचार बन्न लायक छ र त्यससम्मको पहुँच कसरी पुर्‍याउने तथा कसको नियन्त्रणमा त्यस्तो समाचार छ भन्ने सूचनाको अभाव पनि यसको अर्को समस्या हो । कुनै

इजलासमा सुनुवाइ भइरहेको मुद्दा वा रिटमा, फाँटवालासँग रहेको चालु मिसिलमा, अभिलेखमा रहेका पुराना छिनुवा मिसिलमा, प्रशासनसँग सम्बन्धीत टिप्पणी फायल वा रेकर्डमा कहाँ त्यस्तो समाचार पाइन्छ त्यसको ज्ञान र प्राप्त गर्ने तरिका वा उपायको अभावमा पनि समाचार स्रोतको सही स्रोत पत्ता लगाउन नसकिने हुन्छ ।

**(ङ) सूचना सम्प्रेषण गर्ने आधिकारिक व्यक्ति नतोकिनु**

अदालतमा समाचार संकलन गर्दा आइपर्ने अर्को समस्या अदालतको तर्फबाट आधिकारिक रूपमा सूचना सम्प्रेषण गर्ने निकाय वा पदाधिकारी नतोकिनु पनि हो । केही वर्षयता आएर अदालतमा प्रवक्ता तोक्ने प्रचलन सुरु भए पनि प्रवक्तासम्म सूचना आइपुग्न नै नपाउने वा आए पनि ढिलो गरी प्राप्त हुने कारण अदालतको आन्तरिक सूचना सम्प्रेषण पनि भरपर्दो र चुस्त हुन सकेको पाइँदैन । अदालतका सबै सूचना प्रवक्तामार्फत मौखिक र लिखित रूपमा सम्प्रेषण गर्ने गराउने कार्य हुन सकेमा दुवै पक्षलाई यसबाट फाइदा पुग्न जान्छ ।

## समाधानका उपायहरू

अदालती समाचार संकलनका दिशामा विद्यमान समस्याहरूको प्रस्तुति पछि तिनका समाधानका उपायहरू खोज्नु पनि जरुरी हुन्छ । कुनै पनि समस्याको जड हुन्छ र त्यसको पत्ता लगाउनु नै समाधान पत्ता लगाउने उपाय पनि हो । समस्या उत्पन्न हुने कारण निदान गर्न सकियो भने त्यसको समाधान गर्न पनि सजिलो हुने भएकाले हामीले माथिका समस्याहरू केलाई तिनको समाधानको उपाय खोज्नुपर्ने हुन्छ ।

**(क) सूचना सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था हुनुपर्ने**

अहिलेसम्मको हाम्रो राज्य संयन्त्र चाहे त्यो कार्यकारिणी, व्यवस्थापिका वा न्यायपालिका नै किन नहोस् त्यसको पहिलो धर्म भनेको समाचार वा सूचना लुकाइनु वा गोप्य राख्नु नै रही आएको छ । कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिको जीवनको सुरुआत नै पद तथा गोपनीयताको शपथबाट सुरु हुन्छ । सेवा प्रवेश गर्दा उसले अरूथोक केही जानेको हुँदैन, सिवाय लुकाउन । सूचना जति पारदर्शी भयो वा जति पहुँचयोग्य भयो त्यति नै सार्वजनिक पदाधिकारीहरूमा जवाफदेहीताको मात्रा बढ्न जाने हुनाले यसले असल शासनको मार्ग प्रशस्त गर्दछ । अहिलेसम्म निर्मित कानुनी व्यवस्थामा सूचना गोप्य राख्नुपर्ने वा प्रकाशन वा प्रसारण गराउन नपाइने, गरेमा सजाय भोग्नुपर्ने व्यवस्था कारण पनि सूचना गर्भमै रहने गरेको पाइन्छ ।





समाचार बन्नुपर्ने प्रकृतिका कैयौं सूचनाहरू पनि त्यत्तिकै थन्कने र त्यो सार्वजनिक गर्ने / गराउनेतर्फ कसैले पनि आफ्नो जिम्मेवारी नस्वीकार्ने वर्तमान प्रचलनको कारण कानुनी रूपमै सूचना सार्वजनिक गर्ने जिम्मेवारी नतोकिँदासम्म यसको समाधान हुँदैन । सूचना सार्वजनिक गर्ने कानुनको निर्माण र सोको सही कार्यान्वयनमा हुनुपर्ने देखिन्छ । सूचना लुकाउने जिम्मेवार पदाधिकारीलाई सजायको भागी बनाउने कानुन निर्माण नभएसम्म कानुनी रूपमा सूचना प्राप्त गर्न कठिनाइ हुन्छ ।

**(ख) समाचारस्थलसम्म संवाददाताहरूको पहाच सहज गरिनुपर्ने**

केही अति संवेदनशील मुद्दाको सुनुवाइबाहेक अन्य मुद्दाको सुनुवाइ हुने स्थानसम्म संवाददाताहरूलाई सहजरूपमा समाचार संकलन गर्न अनुमति दिइनुपर्छ । विद्युतीय समाचार संकलन वा रेकर्डिङ छायांकन गर्ने प्रविधि प्रयोग गर्न पनि क्रमशः खुला गर्दै लान सकेमा त्यसबाट समाचार सम्प्रेषणमा जीवन्तता छाउँछ । पत्रकारहरूलाई प्रेस पास उपलब्ध गराई समाचार रहेको स्थान वा स्रोतसम्म सहज प्रवेश र समाचार संकलन गर्ने गराउनेतर्फ सोचिनुपर्ने आजको आवश्यकता हो ।

**(ग) कानुनी बन्देज हटाउनुपर्ने**

निजामती सेवा ऐन, नियम, अदालतसँग सम्बन्धीत कानुनी व्यवस्थाहरू र आचारसंहिताहरूबाट गोप्यतासम्बन्धी विद्यमान व्यवस्थाको दायरा फराकिलो पारिनुपर्ने हुन्छ । यसको सट्टा सुशासनको अवधारणा अन्तर्गत सूचना र काम कारबाहीमा पारदर्शिता अप्नाई सही सूचना सम्प्रेषणबाट आइपर्ने जिम्मेवारी बहन गर्न तयार रहने जिम्मेवार पदाधिकारीको अवधारणा ल्याउनु पर्दछ । आफूले सम्पादन गरेको वा आफ्नो जिम्मेवारीअन्तर्गतको सूचना सम्प्रेषणको विवेक प्रयोग सम्बन्धीत जिम्मेवारवाला पदाधिकारी भै रहनुपर्ने कानुनी व्यवस्था हुनसकेमा समाचार संकलनमा सहजता हुन्छ ।

**(घ) समाचार स्रोतको सही पहिचान**

समाचारको सही स्रोत के हुन सक्छन् भन्नेबारे ज्ञान संवाददाता र पदाधिकारी दुवैमा हुनुपर्छ । कुनै अमुक सूचना कसको जिम्मा रहेको छ र कुन उपायद्वारा सो सूचना संकलन गर्ने भन्ने स्पष्ट व्यवस्था अदालतमा हुनुपर्छ ।

कुनै अमुक मुद्दाको मिसिल कुन जिम्मेवारी र दर्जाको कर्मचारीसँग रहेको हुन्छ र कसरी त्यो संकलन गर्न सकिन्छ भन्ने जानकारी अदालतबाटै निर्धारण गरी सम्प्रेषण गर्न सकिएमा लाभदायक हुन्छ । यसबाट समाचार संकलनमा गलत हथकण्डा अप्नाउनु नपर्ने भई सहज रूपमा समाचार संकलन गर्न सकिन्छ ।

**(ङ) प्रवक्ता/सूचना केन्द्रको व्यवस्था**

अदालतमा संकलन हुने सूचना संवाददाताहरूसम्म पुऱ्याउन सबैभन्दा पहिला सूचना एकत्रित गरी एउटा सूचना केन्द्रको रूपमा व्यवस्थित गर्नुपर्ने देखिन्छ । सूचना व्यवस्थापन पद्धति (Information Management System) को उपयुक्त परिचालनद्वारा सूचना संग्रह गरी त्यसबाट आवश्यकतानुसार संकलन गर्ने पहुँच स्थापित गर्न सकिन्छ । अदालतमा प्रवक्ता तोकी सबैखाले सूचनाहरू प्रवक्तामार्फत सम्प्रेषण गर्न सकिन्छ । यो नै सूचना संकलनको सही र आधिकारिक उपाय हो ।

(**च**) नेपालमा अदालतको अवहेलनाबारे पनि स्पष्ट व्यवस्था छैन । न्यायाधीशको स्वविवेकमा निर्भर रहने अवस्था छ । त्यसैले अवहेलनासम्बन्धी स्पष्ट व्यवस्था हुनु आवश्यक छ । यसको अभावमा निर्भीकतापूर्वक अदालती रिपोर्टिङ गर्ने प्रवृत्ति विकास हुन सक्दैन ।

अदालती समाचार संकलनको दिशामा विद्यमान समस्या र तिनका समाधानका प्रस्तुत उपायहरू सही रूपमा अवलम्बन हुन सकेमा समाचार संकलनमा सहजता आउँछ । सहज रूपमा समाचार संकलनको पहुँचले अदालती समाचारहरूमा सत्यता र तिख्खार आउने भई समाचारप्रति सर्वसाधारणको विश्वासनीयतामा बढोत्तरी हुन्छ । अदालतसम्बन्धी समाचारमा श्रोता, पाठक वा दर्शकहरूको विश्वासनीयता बढ्न जानु भनेको न्यायपालिका र समस्त न्याय प्रणालीमाथिकै विश्वास बढ्नु हो ।





# अदालती समाचारमा स्रोत र अनुसन्धान

## समाचारको स्रोत

हामीले सामान्य अर्थमा बुझ्न खोज्दा समाचार जहाँ पाइन्छन् वा पाउन सकिन्छ अथवा समाचारका लागि चाहिने आवश्यक जानकारी जहाँबाट र ज–जसबाट पाउन सकिन्छ ती सबै समाचारका स्रोत हुन् । त्यस्तै समाचारमा प्रयोग गरिने जानकारीहरू सत्य, तथ्य र यथार्थ परीक्षण गर्नुपर्ने वा गर्न सकिने व्यक्ति वा कागजात आदि सबै समाचारका स्रोत हुन् । स्रोतको सामान्य अर्थ हुन्छ, प्राप्त हुने स्थान । जुन कुरा जहाँ पाइन्छ, त्यो त्यस वस्तुको स्रोत हो ।

अदालतको फैसलासम्बन्धी कुनै समाचार हामीले लेख्नु पऱ्यो भने त्योसँग प्रत्यक्ष सरोकार राख्ने त्यस समाचारका लागि स्रोत हुन सक्छन् । अदालत, न्यायाधीश, वकिल, तालुकदार फाँटवाला, प्रत्यक्ष प्रभावित वा पीडित, तिनका परिवार वा आफन्त, प्रत्यक्षदर्शीहरू, अदालतका कर्मचारी, प्रहरी, प्रशासन सबैसँग सम्पर्क गर्नुपर्ने हुन्छ । ती सबै उक्त समाचारका स्रोत हुन् ।

समाचारमा स्रोतको अत्यन्त बढी महत्व हुन्छ । स्रोत भएन भने समाचार तयार हुनै सक्दैन । समाचारमा स्रोतको अभावको अनुमानसम्म पनि गर्न सकिँदैन । स्रोतहरूका आधारमा मात्र समाचारलाई पूर्ण, प्रभावकारी र विश्वसनीय बनाउन सकिन्छ । समाचारका उपभोक्ताले खोजेकै ढंगमा स्रोतको उपस्थिति भेटेनन् भने त्यस्तो समाचारलाई रुचाउँदैनन् । स्रोतले समाचारलाई सन्तुलित र विश्वसनीय बनाउन मद्दत गर्छ । आवश्यक स्रोतहरूको प्रयोगबिना लेखिएको समाचारलाई उपभोक्ताले मनगढन्ते, कपोलकल्पित, भ्रामक आदिको संज्ञा दिन्छन् । स्रोतविनाको समाचार एकपक्षीय तथा पूर्वाग्रही हुने सम्भावना रहन्छ ।

## स्रोतका प्रकार

पत्रकारिताका विद्वानहरूले समाचारका लागि प्रयोग हुने स्रोतलाई विभिन्न प्रकारमा विभाजित गरेका छन् । यस क्रममा स्रोतको प्रकृति, प्रवृत्ति, औपचारिकता आदिलाई आधार मानिएको छ । सामान्यतया स्रोतलाई भौतिक र मानवीय गरी दुई प्रकारमा विभाजित गरेर अध्ययन गर्न सकिन्छ ।

(**क**) **भौतिक स्रोत** : पूर्वप्रकाशित सामग्रीहरू, ऐतिहासिक दस्तावेज, प्रतिवेदन, नियम कानुनका किताबहरू, विज्ञप्ति आदि भौतिक स्रोतमा पर्दछन । यस्ता स्रोतहरूको प्रयोगले समाचारलाई गहिराइमा पुऱ्याउन सहयोग गर्दछ । समाचार संकलन गर्दा संवाददाता विषयको गहिराइमा पुग्न सके कि सकेनन् भन्ने कुरामा जहिले पनि द्विविधा हुन्छ । आफूले लेख्न थालेको विषयमा योभन्दा राम्ररी कसैले लेखेको छ कि भन्ने आशंका पनि त्यत्तिकै रहन्छ । नयाँ कुरा दिन सकिँदैन कि भन्ने डरले जहिले पनि सताउँछ । यी सबै समस्याको समाधान उचित स्रोतको खाजी र त्यसको प्रयोग गरेर गर्न सकिन्छ ।

(**ख**) **मानवीय स्रोत** : समाचार संकलन गर्दा भौतिक स्रोतबाट प्राप्त कतिपय जानकारी मानिसको मुखबाट प्रमाणित गर्न सक्नुपर्छ, समाचार तयार पार्दा मानिसका रूपमा प्रयोग गरिने यस्तै स्रोत मानवीय स्रोत हो । यस्तो लेखेको छ भन्नुभन्दा फलानाले यस्तो भन्छ भन्ने कुरा पाठकले सजिलै पत्याउन सक्छ । समाचारको तथ्य पत्ता लगाउन मानवीय स्रोतको प्रयोग निकै सहयोगी हुन्छ । विभिन्न कोणले उनीहरूसंग कुरा गरेर पत्रकारले आफूलाई चाहिने जानकारी संकलन गर्न सक्नुपर्छ । कुनै पनि घटनाका बारेमा देखेर जान्नेहरूको बोली महत्वपूर्ण हुन्छ ।

यस अतिरिक्त समाचारलाई प्रभावकारी, यथार्थ र सन्तुलित बनाउन विद्वानहरूले स्रोतलाई अन्य तरिकाले पनि वर्गीकरण गरेका छन् । यसै क्रममा केही विद्वानले स्रोतका सन्दर्भमा 3P को सूत्र प्रयोग गरेका छन् ।

यसको अर्थ हुन्छ, Paper (कागज), People (जनता अर्थात मानव) र Place (स्थान) । समाचार संकलन गर्दा हामीले कागजी अर्थात दस्ताबेजहरू, पुस्तक, लिखत, अभिलेख, चिठीपत्र, कानुनी विवरण आदिको पनि खोजी गर्नुपर्ने





हुन्छ । अदालतमा एक महिनामा कति मुद्दा दायर भए, कतिमा फैसला भयो, बाँकी मुद्दा किन के कति कारणले फैसला हुन सकेनन् भन्ने कुरा न्यायाधीश, कर्मचारी, वकिल आदिको भनाइका आधारमा मात्र पत्याउन सकिँदैन । यसका लागि मुद्दा दर्ता अभिलेख हेर्नु पनि आवश्यक छ । यसबारे यसअघि कागजी स्रोतलाई भौतिक स्रोतअन्तर्गत राखेर चर्चा गरिसकिएको छ । यस्तै अर्को स्रोत हो मानवीय स्रोत । यसबारेमा पनि यसअघि नै चर्चा गरिसकिएको छ । समाचार लेख्दा सम्बद्ध सबै सरोकारवाला व्यक्ति अर्थात देखी जान्ने, सुनी जान्ने र बुझी जान्ने सबैसँग सम्पर्क गर्नुपर्ने हुन्छ । यसैगरी स्थान स्वयंले पनि स्रोतको भूमिका निर्वाह गरिरहेको हुन्छ । कुनै घटनाको तपाईं समाचार संकलन गर्ने तयारी गर्दै हुनुहुन्छ भने एकपटक घटनास्थलको भ्रमण गर्न नबिर्सनुहोस् । घटनास्थलको अध्ययनबाट त्यहाँको प्रकृति, जानकारीहरू प्राप्त गर्न सक्नुहुन्छ । हुन सक्छ, घटनास्थलको अध्ययन नगर्दा र मानवीय र कागजी स्रोतमा मात्र भरपर्दा तपाईंले प्राप्त गर्ने सूचना र जानकारीहरू अधुरो र अपुरो हुनसक्छ ।

## अदालती समाचार र अनुसन्धान

पत्रकारिताको सबैभन्दा महत्वपूर्ण कुरा नै समाचार संकलन र यसको प्रस्तुति हो । समाचार संकलकले जहिले पनि उसले खोजेको समाचार कुन लक्षित समूहका लागि हो र त्यसले त्यो समाचारलाई कसरी ग्रहण गर्ला भन्ने कुराको हेक्का राख्नु जरुरी हुन्छ । सामग्री संकलनका लागि विषयवस्तुको नजिक पुग्नु आवश्यक छ । यसका लागि अनुसन्धान आवश्यक हुन्छ । अनुसन्धानबिना समाचार संकलनको कार्यलाई पूर्णता दिन सकिँदैन । अदालती समाचारका सन्दर्भमा पनि अनुसन्धानको महत्वपूर्ण भूमिका हुन्छ ।

पत्रकारको आँखाले देखेको कुनै घटनाको वास्तविकता अर्को पनि हुनसक्छ । घटनाको सत्यता थाहा पाउन सो घटनाका जानकारहरूलाई भेट्नुपर्छ । कुनै कुराको ऐतिहासिक, सामाजिक, सांस्कृतिक र आर्थिक पृष्ठभूमि बुझ्न आवश्यक कागजपत्र जम्मा गर्नुका साथै उपर्युक्त व्यक्तिसँग भेट्नुपर्छ । यस अर्थमा समाचार संकलक प्रखर र सूक्ष्म दृष्टि भएको हुनुपर्छ । समाचार संकलनमा जानुभन्दा पहिला आफूले लेख्न खोजेको विषयमा जानकारी राख्नु जरुरी हुन्छ । समाचारका

लागि आवश्यक कतिपय स्रोतहरू हाम्रो अगाडि सजिलै उपलब्ध हुन सक्छन् तिनको उपयोगका सम्बन्धमा गम्भीरतापूर्वक विचार पुऱ्याउनुपर्छ । त्यही विषयमा कसैले यसअघि लेखेको पनि हुनसक्छ, त्यसको पनि अध्ययन गर्नुपर्छ । समाचारपत्रहरूमा छापिएका कतिपय कुराहरू समेत प्रेस क्लिपिङका रूपमा संकलन गरेर राख्न सकिन्छ । यस्ता लेख रचनाहरूले सन्दर्भसामग्रीको रूपमा सहयोग गर्न सक्छन् ।

## समाचार संकलनको पूर्वतयारी

अदालती समाचार संकलनमा जानुभन्दा पहिला समाचार संकलकले राम्रो तयारी गर्नुपर्छ । यसका लागि कार्ययोजना बनाउनु उचित हुन्छ । यसमा समाचार संकलनको प्रारम्भदेखि अन्त्यसम्म र प्रशोधन तथा प्रस्तुतिसम्मको कुरालाई महत्व दिनु जरुरी छ । समाचार संकलन गर्न जानुअघि कहाँ-कहाँ जानुपर्ने, को-कोसँग भेट्नुपर्ने, समाचार तयार पार्न कति समय लाग्न सक्छ भन्नेसम्मका कुराहरूको योजना बनाउनु आवश्यक हुन्छ । आफूलाई चाहिएको विषयका बारेमा टिपोट तयार गर्नुपर्छ । समाचारका लागि भेटेका कतिपय मानिसले निरास बनाउन पनि सक्छन् । समाचारलाई प्रभावित पार्ने प्रयत्न पनि हुन सक्छ । यस्ता कुरामा जहिले पनि होसियार रहनुपर्छ । यसका लागि समाचार संकलनका लागि जानुभन्दा पहिला पूर्णरूपमा आफूलाई तयार गर्नुपर्छ र निम्न कुराहरूको ख्याल राख्नुपर्छ ।

(क) आफूलाई के-के विषयमा जानकारी चाहिन्छ त्यसको सूची बनाउनुहोस्

(ख) कस्तो खालको समाचार संकलनमा जाँदै हुनहुन्छ प्रष्ट हुनुहोस् र त्यसैअनुरूपको तयारी गर्नुहोस् ।

(ग) समाचार संकलनका लागि आवश्यक औजार ठीक राख्नुहोस् । क्यामरा, कापी, कलम, क्यासेट, ब्याट्री र रेकर्डर समाचार संकलनका औजार हुन् ।

(घ) अन्तर्वार्ता लिनु परे त्यसका लागि तयारी गर्नुहोस् ।

(ङ) समाचार संकलन गर्दा प्रकाशित वा प्रशारित हुन्छ नै भनेर स्रोतलाई





आश्वासन नदिनु राम्रो हुन्छ ।

(च) स्रोतलाई आफ्नो परिचय र कुरा गर्नुको उद्देश्य बताउन पछाडि पर्नुहुँदैन ।

(छ) जति मेहेनत गर्नु परे पनि त्यसका लागि तयार रहनुपर्छ । हरेस खानु हुँदैन ।

(ज) आफूलाई आवश्यक सामानहरू झोलामा राख्नु राम्रो हुन्छ ।

(झ) तपाईंले चाहेको विषयको समाचारका लागि को-कोसँग भेट्नुपर्ला, सम्भावित व्यक्तिहरूको सूची बनाउनुहोस ।

(ञ) तपाईं कुन-कुन ठाउँ जानुपर्ने हुनसक्छ, सूची बनाउनुहोस् र त्यहाँ जानुपूर्व त्यस ठाउँको भूगोल, वातावरण, सामाजिक-सांस्कृतिक अवस्था, त्यहाँको भाषा र मानिसहरूको व्यवहारबारे पूर्व जानकारी प्राप्त गर्नुहोस् ।

## समाचारका लागि अनुसन्धान

सामान्य अर्थमा अनुसन्धान भनेको, कुनै पनि विषय-वस्तुको वास्तविकता वा सत्य-तथ्य पत्ता लगाउन गरिने शोध प्रक्रिया हो । यसलाई अध्ययन, खोजी, अन्वेषण आदिका माध्यमबाट निष्कर्षमा पुग्ने प्रक्रियाका रूपमा पनि बुझ्न सकिन्छ ।

समाचार संकलन, लेखन, प्रकाशन वा प्रशारणका क्षेत्रमा अनुसन्धानको विशिष्ट महत्व छ । समाचारका लागि गरिने अनुसन्धान अन्य प्रकारका अनुसन्धानसंग प्रायः मिल्ने भए पनि समय र सार्वजनिकीकरणका दृष्टिले भने भिन्न हुन्छ । समाचारका लागि गरिने अनुसन्धानमा प्रायः छोटो समय उपलब्ध हुन्छ र उत्कृष्ट सार्वजनिकीकरणका लागि प्रतिस्पर्धा तीव्र हुन्छ । कुनै समाचारका लागि अनुसन्धानमा भएको ढिलाईका कारण, तपाइँले आफ्नो समाचार बिलम्ब गरी प्रकाशमा ल्याउनुभयो भने, हुनसक्छ तपाइँभन्दा पहिले नै कुनै अर्को पत्रकारले त्यही विषयमा अनुसन्धान सकेर यथार्थ सार्वजनिक गरिसकेको होस् । यस्तो अवस्थामा तपाइँको समाचार र त्यसका लागि तपाईंले गरेको प्रयास दुवै महत्वहीन हुनसक्छ । यस यथार्थप्रति पत्रकारले सधैं हेक्का राख्नु आवश्यक छ ।

सामान्य अर्थमा बुझ्ने हो भने, अनुसन्धान भनेको सतहबाट तहसम्म पुग्ने प्रक्रिया हो । नेपालीको अनुसन्धान शब्द अंग्रेजी Research शब्दको अनुवाद हो । अंग्रेजीमा Re को अर्थ हुन्छ पुनः र Search को अर्थ हुन्छ- खोज्नु । अर्थात Research को अर्थ पुनः खोज्नु भन्ने लाग्दछ ।

माथि नै उल्लेख गरिसकिएको छ, समाचारको एउटा अर्थ लुकेका कुरा वा लुकाउन खोजिएको कुरा हो । यस अर्थमा भन्ने हो भने अनुसन्धान नगरिकन लुकेका कुरा खोज्न सकिँदैन । यसबाट समाचारका दृष्टिले अनुसन्धानको कति महत्व रहेछ भन्ने कुरा बुझ्न सकिन्छ ।

अनुसन्धानबिना समाचार संकलनको कार्यलाई पूर्णता दिन सकिँदैन । कुनै पनि महत्वपूर्ण कुरा थाहा पाउन सम्पन्न गरिने जटिल प्रक्रियाका रूपमा अनुसन्धानलाई लिइन्छ । पत्रकारिता गर्नेहरूका लागि अनुसन्धान एउटा नियमित प्रक्रिया हो । अनुसन्धानबिना समाचार तयार हुन सक्दैन । लुकेर रहेका कतिपय घटनाको वास्तविकता अनुसन्धानपछि मात्र पत्ता लाग्नसक्छ । अरू अनुसन्धान र पत्रकारले गर्ने अनुसन्धानको प्रकृतिमा सामान्य अन्तर हुन्छ । अन्य अनुसन्धानका कतिपय प्रतिवेदनहरू सार्वजनिकसमेत हुँदैनन् तर, पत्रकारले गर्ने अनुसन्धान समाचारका रूपमा सार्वजनिक हुन्छन् । समाचारका लागि अनुसन्धान प्रक्रियालाई सामान्य मानिन्छ । समाचारका लागि प्रत्येक दिन अनुसन्धान भएका हुन्छन् । पत्रकारिताका दृष्टिले अनुसन्धानको प्रक्रियाबारे तल वर्णन गरिएको छ ।

(क) तपाईंले लेख्न खोजेको विषयमा अरूले लेखेको हुन सक्छ । लेखेको छ भने सन्दर्भ सामग्री बन्ने सम्भावना छ कि छैन, निर्णय गर्नुहोस ।

(ख) छानेको विषयमा जानकारी दिनसक्ने व्यक्तिहरू छान्नुहोस् । उनीहरूलाई भेटेर के-के कुरा गर्न सकिन्छ, प्रष्ट हुनुहोस् ।

(ग) समाचार संकलन गर्दा फेला परेका सामग्रीलाई छान्न र त्यसलाई प्रयोग गर्न सिक्नुहोस् । समाचार संकलन गर्ने बेलामा चाहिने र नचाहिने सामग्री छान्न सके राम्रो हुन्छ ।

(घ) संकलित सामग्रीमध्ये केही पुगेन कि हेर्नुहोस् ।

(ङ) निष्पक्ष भएर समाचार संकलनमा लाग्नुहोस् । घटनाको असर यही हो भन्ने सोचाई बनाउनु हुँदैन । खोज्दै जाँदा पृथक परिणाम पनि





पाउन सकिन्छ ।

(च) समाचार संकलन गर्दा तपाईंले छानेकोभन्दा राम्रो विषय भेटिए विषय परिवर्तन गर्न पनि तयार हुनुहोस् । समाचार संकलनका क्रममा मूलतः निम्न विषयमा अनुसन्धानलाई सीमित गरी अगाडि बढ्न सकिन्छ ।

(अ) जानकारीका लागि

(आ) स्रोतका लागि

(इ) स्थानका लागि

(ई) प्राविधिक पक्षको विश्लेषणका लागि र

(उ) समाचारले पार्ने सम्भावित प्रभावका लागि ।

## अदालती समाचारमा कोण

अदालती समाचारलाई एउटा मात्रै विशिष्ट (Specifiec) र ठोस (Concrete) विषयमा केन्द्रित गरेर राख्नु नै कोण (Angle) को प्रयोग गर्नु हो । धेरै शाखाप्रशाखा भएको विषयको कुनै एक प्रशाखामा केन्द्रित भई समाचार तयार पार्नु कोणको प्रयोग गर्नु हो । अत्यन्त धारिलो (Sharp) कोणमा आधारित समाचारलाई नै राम्रो अदालती समाचार मानिन्छ । पत्रकारितामा कोणलाई यसरी परिभाषित गरिन्छ :

सामान्य तरिकाले यसलाई अर्थ्याउने हो भने, कुनै निश्चित घटना/समस्या वा विषयवस्तुको निश्चित पक्षमाथि निश्चित तरिकाले केन्द्रित हुनु नै कोणको प्रयोग गर्नु हो भनेर बुझ्न सकिन्छ । अर्थात, कुनै वस्तुको निश्चित भागमाथि निश्चित दिशाबाट गरिने दृष्टिपात नै कोण हो ।

कोण नभएको समाचार उत्कर्षबिनाको चुट्किला जस्तो मानिन्छ । समस्या, घटना वा सन्दर्भको निश्चित पाटामाथि केन्द्रित नभई त्यसको स्थलरूपमा आधारित समाचारबाट लक्षितवर्गले ठोस जानकारी पाउन सक्दैन । त्यस पाटाको सिंगो संरचना स्पष्ट देखाउनु नै कोण हो । स्थलरूपको समाचारकथामा न त त्यसको समग्र संरचना स्पष्ट हुन्छ न त्यसका सबै भागहरू स्पष्ट गोचर हुन

सक्छन् । राम्रो कोणको चयन गर्नु र सिंगो समाचारकथालाई त्यही कोणमा सीमित राख्नु निश्चय पनि सजिलो काम होइन । काम जति अप्ठ्यारो भए पनि समाचारलाई एकलकोण (Single dominating angle) मा आधारित गर्नु अत्यन्त आवश्यक हुन्छ ।

'के लेख्ने' भन्ने प्रश्नसँगै कोणको खोजी हुन्छ । दक्ष पत्रकारले यो प्रश्नको उत्तर गहिराइसम्म पुगेर खोज्छ भने अप्रशिक्षित र अकुशल पत्रकारले सतहमै बसेर स्थल विषयवस्तुलाई यस्तो प्रश्नको उत्तर ठान्छ । उदाहरणका लागि : आफू बसेको कोठाभित्र समाचार खोज्दा अकुशल पत्रकारले सिंगो कोठालाई नै समाचारको कोण बनाउँछ । उसले कोठाको आकार, भित्ताको रङ, झ्याल-ढोका, फर्निचर, ओछ्यानदेखि कार्पेट र अरू सबै वस्तुलाई समाचार कथामा अटाउन खोज्छ तर दक्ष पत्रकारले कोठाभित्रको कुनै एक वस्तुमाथि दृष्टिपात गर्छ र त्यस वस्तुका विभिन्न भागहरूको अध्ययन-अवलोकन गर्दछ । उसले कोठा होइन, त्यस वस्तुलाई पनि सिंगो रूपमा समाचारको कोण बनाउँदैन । उसले वस्तुको कुनै विशिष्ट भागलाई मात्र कोणका रूपमा छान्दछ । रिर्पोर्टिङका लागि पत्रकारले चयन गर्ने विषय नै कोण हो । महत्वपूर्ण देखिने वा वास्तवमै महत्वपूर्ण दर्जनौं जानकारीहरूलाई थन्क्याएर उसले कुनै एउटा खास कोणको छनोट गर्नुपर्ने हुन्छ ।

कोण छान्दा चयनको अत्यन्त धेरै महत्व हुन्छ । पत्रकारले उसले खोजेको सयौं जानकारीमध्ये केहीलाई मात्रै समाचारकथामा समेट्न सक्छ, एउटै समाचारकथामा बाँकी जानकारीको उपयोग गर्न सक्दैन । आफूसँग भएका सबै जानकारी

महत्वपूर्ण देखिनु, ती जानकारीको लोभलाग्नु पत्रकारका लागि स्वाभाविक हो तर पनि उसले न त आफूसँग भएका सबै जानकारी एउटा समाचारकथामा प्रयोग गर्न सक्छ, न उसले आफूले गरेका सबै अवलोकनको चित्रण गर्न सक्छ । उसले आफूसँग भएका जानकारीमध्ये केहीलाई फ्याँक्नुपर्छ र केहीलाई प्रयोग गर्नुपर्छ । कोणमा आधारित समाचार लेख्ने अभ्यासले उसमा चयन गर्नसक्ने क्षमता र सीपको विकास हुन्छ ।





## कोण कस्ता हुनुपर्छ ?

***(क) धारिलोपनः–*** अदालती समाचारको कोण सकेसम्म धारिलो हुनुपर्छ । विषयवस्तुको सतही वा स्थलरूपमा केन्द्रित कोणले लक्षितवर्गलाई निश्चित र ठोसभन्दा छरपष्ट र हलुका जानकारी दिन्छ भने विषयवस्तुको कुनै एक विशिष्ट भागमा केन्द्रित कोणले त्यस भागको ठोस र संकेन्द्रित जानकारी दिन्छ । माथिको (कोठाका) उदाहरणमा अकुशल पत्रकारको कोण सिंगो कोठा हो । त्यस कोणका सबै पक्षहरूमाथि लेख्ने हो भने औसत आकारको समाचारले ठोस र निश्चित जानकारी दिन सक्दैन तर कुशल पत्रकारले कोणका रूपमा त्यस कोठाको कुनै एक वस्तुको कुनै एक विशिष्ट भाग छानेको छ । उसले औसत आकारको समाचारमा त्यो विशिष्ट भागलाई स्पष्ट रूपमा चित्रण गर्नसक्छ ।

***(ख) लक्षितवर्गसाग सम्बन्धः–*** पत्रकारले छानेको कोण लक्षितवर्गसँग निकट हुनुपर्छ । लक्षितवर्गलाई सरोकार नभएको वा भएर पनि उसले नचाहेको विषय जतिसुकै महत्वपूर्ण भए पनि प्रभावकारी हुँदैन । कोठाको उदाहरणमा अकुशल पत्रकारले छानेको कोण त्यस कोठामा वा नजिकैको कोठामा बस्नेका लागि सरोकारको विषय त हो तर उसले त्यो सिङ्गो कोठाको समाचार चाहँदैन । उदाहरणमा कुशल पत्रकारले छानेको कोण त्यस कोठामा बस्नेका लागि पनि लुकेको जानकारी हुनसक्छ ।

***(ग) समाचारमूल्यः–*** कोण छान्दा त्यसको समाचार मूल्यलाई बिर्सनु हुँदैन । समाचार मूल्य नभएको कोणबाट समाचार बन्न सक्दैन, त्यसैले पत्रकारहरूले आफूले छानेको कोणमा समाचार मूल्य कति छ भन्ने यकिन नगरेर अगाडि बढ्नु हुँदैन । समाचार मूल्य नभएको कोणमा समाचार लेख्नु समय र ऊर्जाको व्यर्थ खर्च गर्नु हो ।

## समाचारमा कोणको महत्व

'कोण नभएको समाचार उत्कर्ष नभएको चुट्किला जस्तै हो,' भन्ने कथनले समाचारमा कोणको महत्व स्पष्ट पार्छ । चुट्किलामा हास्य र मिठास हुनुपर्छ र त्यो कुरा उत्कर्षमै पाइन्छ । उत्कर्ष नै नभए हास्य र मिठास पाइने

कुरै भएन । लक्षितवर्गले समाचारमा ठोस र पूर्ण जानकारी चाहन्छ । निश्चित कोणमा केन्द्रित नभई कोणहरूको महासागरयुक्त समाचारकथाले ठोस र पूर्ण जानकारी दिन सक्दैन् ।

**समाचारमा एकलकोणको महत्वलाई बुँदागत रूपमा यसरी प्रष्ट पार्न सकिन्छ**

(१) एकलकोणमा आधारित समाचारले लक्षितवर्गलाई स्पष्ट र ठोस जानकारी उपलब्ध गराउँछ । निश्चित विषयवस्तुको निश्चित पक्षमाथि केन्द्रित समाचारमा त्यस पक्षसँग सम्बन्धीत जानकारीहरू समेट्न सम्भव हुनाले त्यस्तो समाचार पूर्ण पनि हुन्छ ।

(२) एकलकोणमा आधारित समाचार सूचनाको बवन्डर (information cyclone) बाट मुक्त हुने हुँदा त्यो छोटो हुन्छ । छोटो समाचारले धेरै ठाउँ र समयको खपत नगर्ने हुँदा छापामा स्थान र प्रसारणमा समयको अभावका कारण उत्पन्न हुने समस्याको सामना त्यस्तो समाचारले गर्नुपर्दैन ।

(३) एउटै विषयवस्तुका धेरै हाँगाहरूलाई क्रमशः कोणका रूपमा समाचार बनाउन सकिन्छ । यसरी सिंगो विषयवस्तुलाई एकै पटक समाचार बनाउनुभन्दा हाँगाहरूमा केन्द्रित रहँदा पत्रकारले समाचारको अभावको समस्या भोल्नुपर्दैन । पालै-पालो उसले समाचारमूल्य युक्त हाँगालाई कोण बनाउन सक्छ, यसरी विषयवस्तुसम्बन्धी उसको ज्ञानमा समेत वृद्धि हुन्छ ।

(४) एकलकोणमा आधारित समाचार घटना वा समस्याको विशिष्ट पक्षमाथि केन्द्रित रहने हुँदा त्यस्तो समाचारको अनुसन्धान गरी प्रकाशन वा प्रसारण गर्न कम समय खर्च हुन्छ ।

(५) विभिन्न अनुसन्धानहरूले लक्षितवर्गले छोटो र पूर्ण समाचार मन पराउने तथ्य प्रकाशनमा ल्याएका छन् । एकलकोणमा आधारित समाचार पूर्ण र छोटो हुने हुँदा त्यस्तो समाचार लक्षितवर्गले मन पराउँछ ।





## कोणको चयन प्रक्रिया

अनुसन्धानप्रक्रियामा कोणको चयन कहाँनिर गर्ने भन्ने कुरामा एकमत छैन । खुलावस्था (open mode) बाट बन्दावस्था (close mode) मा पुग्नु नै कोणमा पुग्नु हो भन्ने मान्यता छ । केही अभ्यार्थी र विशेषज्ञहरू समाचारको विषय (story idea) नै कोण हो भन्छन्, तर हामी यहाँ समाचारको विषयको पहिचानपछि मात्रै कोणको चयनमा जोड दिन्छौं ।

पत्रकारले वास्तविकताको सतही अध्ययन र अवलोकन गरेर प्राप्त गरेको अवस्था बन्दावस्था हो । त्यो अवस्थालाई कोण बनाउने हो भने बन्दावस्थामा रहेका त्रुटि, अर्थात् कमी कमजोरीहरू कोणमा पनि पर्न जान्छन् । त्यसैले प्रारम्भिक अनुसन्धानको छोटो प्रक्रियाबाट त्यसमा सुधार गरी समाचारको विषयमा पुग्नुपर्छ । समाचारको विषय पनि पूर्णरूपमा ठोस र एकलकोणीय नहुन सक्छ । त्यसमा रहेका अनमेल (कोणसँग) तत्वहरूलाई झिकेर मात्रै वास्तविक कोणलाई एकल र ठोस बनाउन सकिने हुनाले कोणको चयन समाचारको विषयको पहिचानपछि नै उपयुक्त हुन्छ । यसरी प्रारम्भिक अनुसन्धानबाट प्राप्त समाचारको विषयलाई परिमार्जित गरेर अगाडि बढेमा अनुसन्धानको लामो प्रक्रियाको क्रममा कोणमा रहेका त्रुटिका कारण उत्पन्न हुने समस्याहरूबाट बच्न सकिन्छ ।

समाचारको विषयलाई नै कोण मानेर अनुसन्धान प्रक्रिया सुरु गर्ने हो भने बीचमा गएर कोण नै बदल्नु पर्ने अवस्था पनि आउन सक्छ । त्यसैले बन्दावस्थामा प्राप्त समाचार संकेतको सत्यापनका लागि प्रारम्भिक अनुसन्धान गरी समाचारको विषय प्राप्त गरेपछि मात्रै त्यसमा रहेका झिना-मसिना कोण र अमूर्तपन हटाएर समाचार मूल्य भएको धारिलो र लक्षितवर्गसँग प्रत्यक्ष सम्बन्ध राख्ने कोण पाउन सकिन्छ ।

# अदालती समाचार र अन्तर्वार्ता

सामान्यतया अन्तर्वार्ता भनेको भित्रि कुरा थाहा पाउन अरूसँग गरिने कुराकानी हो । अदालती समाचारमा पनि कुराकानीको अत्यन्तै महत्व हुन्छ । सत्य पत्ता लगाउन थुप्रै खालका व्यक्तिहरूसित कुराकानी गर्नुपर्ने हुन्छ । सही जानकारी लिन सही व्यक्तिसँग कुराकानी गर्नु आवश्यक हुन्छ । अन्तर्वार्ता साथीहरूसँग आपसमा गरिने गफ जस्तो हुनुहुँदैन । पत्रकारिताका दृष्टिले भन्नुपर्दा व्यावसायिक उद्देश्य पूर्तिका लागि गरिने कुराकानी नै अन्तर्वार्ता हो । समाचारमा आवश्यक जानकारी समेट्न वा समाचारलाई आवश्यक पर्ने कुरा थाहा पाउन पत्रकारले विभिन्न व्यक्तिसंग गर्ने कुराकानीलाई समाचार अन्तर्वार्ता भनिन्छ । पत्रकारितामा अन्तर्वार्ताका विभिन्न प्रकारका चर्चा गर्ने गरिए पनि समाचार अन्तर्वार्ताको भने विशेष महत्व छ ।

## अन्तर्वार्ताको उद्देश्य

अन्तर्वार्ता लिनुका विभिन्न उद्देश्य हुन्छन् । हामी यहाँ पत्रकारिताका दृष्टिले अन्तर्वार्ताको कुरा गर्दैछौं । एउटा पत्रकारले जानकारी लिन, विचार जान्न र व्यक्तित्व बुझ्न अन्तर्वार्ता लिने गर्दछ । सम्बद्ध विषयमा जानकारी राख्नका लागि समेत अन्तर्वार्ता लिने चलन छ । समाचारमा अनुसन्धानका बेलादेखि नै अन्तर्वार्ताको क्रम थालिन्छ । यस अर्थमा समाचार संकलकले स्रोतहरूसंग नियमित रूपमा अन्तर्वार्ता लिइराख्नु पर्छ । समाचारका लागि अन्तर्वार्ता लिनुको कारण निम्नअनुसार छन् ।

*१ सत्य थाहा पाउन :* कुनै पनि कुरा सुनेको आधारमा मात्र समाचार







बनाउन हुँदैन । समाचारमा जहिले पनि सत्य कुरा समावेश गर्नुपर्छ । लिखित रूपमा उपलब्ध नहुने कुनै पनि जानकारी थाहा पाउन अन्तर्वार्ता लिनु आवश्यक हुन्छ । कुनै पनि कुराको बारेमा सत्य थाहा पाउन अन्तर्वार्ता लिँदा निम्न कुरामा ख्याल गर्नुपर्छ ।

(क) कुनै घटनाको बारेमा आमजनताले के भन्छन् ? उनीहरूको भनाइ थाहा पाउन अन्तर्वार्ता लिनु आवश्यक छ ।

(ख) घटनाको विषयमा देख्ने मानिसहरूको छनोट गर्नुहोस् । यस्ता मानिसले घटनाको बारेमा जानकारी दिन सक्छन् ।

(ग) कुनै पनि घटनामा पीडित पक्षलाई भेट्न छाड्नु हुँदैन । अरूले सामान्य जानकारी दिए पनि पीडित पक्षले आफ्नो पीडा खुलेर बताउन सक्छन् । कहिलेकाहीँ पीडित पक्षले भनेका कतिपय कुरा अतिरञ्जित हुने सम्भावना समेत हुन्छ । यस्तो अवस्थामा घटनापछि उद्धार कार्यमा संलग्न व्यक्तिसँग कुरा गर्नुपर्छ । यसरी गरिएको कुराले सत्यको नजिक पुग्न सहयोग गर्छ ।

(घ) घटनाका बारेमा जानकारी दिने कुनै आधिकारिक निकाय छ कि भन्ने कुरा खोज्नु जरुरी छ । पत्ता लगाइ सकेपछि सम्बद्ध ठाउँमा गएर कुराकानी गर्नुपर्छ ।

२. **विचार जान्न :** कुनै पनि विषयमा कसको विचार के छ भन्ने कुरा जान्नका लागि समेत अन्तर्वार्ता निकै सहयोगी हुन्छ । कुनै सार्वजनिक घटनाका बारेमा प्रतिक्रिया थाहा पाउन यस्तो अन्तर्वार्ताले निकै सहयोग गर्छ । जनप्रतिनिधि, सार्वजनिक महत्वका व्यक्ति, घटनासँग सम्बन्धीत निकाय वा पदाधिकारीहरू, पाठक, जनता आदिसँग सम्बद्ध विषयमा विचार जान्नका लागि अन्तर्वार्ता लिने चलन छ ।

३. **व्यक्तित्व परिचय :** कुनै पनि व्यक्तिको परिचयका लागि समेत अन्तर्वार्ता लिइन्छ । यस्तो खालको अन्तर्वार्ता पूर्ण रूपमा व्यक्तिको वरिपरि केन्द्रित हुन्छ । यस्तो खालको अन्तर्वार्ता लिँदा कुनै पनि व्यक्तिको बाल्यकालदेखिका घटनाहरू क्रमशः सोध्दै जानु राम्रो हुन्छ । यस्तो खालको अन्तर्वार्तामा सकेसम्म अन्तर्वार्ता दिने व्यक्तिको जीवनबाट आमजनताले के प्रेरणा पाउन सक्छन् भन्ने कुरामा ख्याल राख्नुपर्छ ।

## अन्तर्वार्ताका प्रकार

माथि वणित उद्देश्यका आधारमा अन्तर्वार्तालाई निम्न तीन प्रकारमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

**(क) समाचार अन्तर्वार्ता** : समाचारलाई पूर्णता दिन कसैसँग पनि गरिने कुराकानी समाचार अन्तर्वार्ता हो ।

**(ख) विचार अन्तर्वार्ता** : कुनै व्यक्तिसँग कुनै खास विषयमा विचार जान्न गरिने अन्तर्वार्ता विचार अन्तर्वार्ता हो ।

**(ग) व्यक्तित्व अन्तर्वार्ता** : कुनै व्यक्तिसँग उसको परिचय र व्यक्तित्वबारे जान्न गरिएको कुराकानी व्यक्तित्व अन्तर्वार्ता हो ।

## अन्तर्वार्ताका क्रममा ध्यान पुऱ्याउनुपर्ने कुराहरू

समाचार संकलक अर्थात अन्तर्वार्ताकारले अन्तर्वार्ताका क्रममा निकै ख्याल राख्नुपर्छ । अन्तर्वार्ता लिँदा थाहा पाउनुपर्ने केही कुराबारे तल चर्चा गरिएको छ ।

(क) अन्तर्वार्ता लिन जाँदा जहिले पनि होसियार रहनुका साथै विचार पुऱ्याउनुपर्ने हुन्छ । हामीले एकपटक मात्रै अन्तर्वार्ता लिने होइन, पटक-पटक लिनुपर्छ । कुरा सुरु गर्दा अन्तर्वार्ता दिने व्यक्तिको मन जित्ने प्रयास गर्नु राम्रो हुन्छ । चिनजान गर्दा नम्रताका साथ अभिवादन गर्नु सम्बन्ध राम्रो बनाउने पहिलो तरिका हो । त्यसपछि परिवार, खेतीपाती, पेसा आदिका बारेमा कुरा गर्नुहोस् । त्यसपछि मात्रै आफूले सोध्न चाहेको कुरा अगाडि बढाउनु राम्रो हुन्छ ।

(ख) को-कोसँग कुरा गर्ने हो व्यक्ति छनोट गर्नुहोस् । उनीहरूले परिचय बताउन चाहेनन् भने कर नगर्नु नै राम्रो हुन्छ । नाम बताउन चाहेनन् भने थर वा गाउँको नाम लेख्दा कुनै आपत्ति हुन्छ कि हुँदैन भन्ने कुरामा प्रष्ट हुनुहोस् ।

(ग) अन्तर्वार्ता लिँदा तपाईंलाई मात्रै सजिलो हुने ठाउँ कहिल्यै नछान्नुहोस् । जोसँग अन्तर्वार्ता लिने हो उसँग पनि सल्लाह लिनुहोस् र सहमतिको आधारमा स्थानको चयन गर्नुहोस् ।





(घ) उनीहरूको कथा मजाले उनीहरूलाईं नै भन्न दिनुहोस् । बीचमा प्रश्न सोधेर ध्यान अन्यत्र मोड्नु राम्रो हुँदैन । प्रशस्त समय खर्चेर भए पनि उनीहरूको कुरा गम्भीरतापूर्वक सुन्नुपर्छ । असान्दर्भिक कुरा भयो भने चाहिँ नम्रतापूर्वक सम्झाउनु राम्रो हुन्छ ।

(ङ) के-के सोध्ने भन्ने प्रश्नको सूची पहिले नै तयार पार्नुहोस् । अन्तर्वार्ता लिन सजिलोका लागि ती प्रश्नले मार्गदर्शकको भूमिका निर्वाह गर्न सक्छन । प्रश्न सोधेपछि उनीहरूले के जवाफ दिन्छन भन्ने कुरा ध्यान दिएर सुन्नुपर्छ । यसरी सुन्नाले त्यसपछि के प्रश्न सोध्ने भन्ने कुरा निर्णय गर्न सजिलो हुन्छ । अन्तर्वार्ता लिँदा सोधिने प्रश्नका बारेमा जहिले पनि लचिलो हुनुपर्छ । सोधेको प्रश्नको उत्तर कसैले दिन नचाहेमा जबर्जस्ती गर्नु राम्रो हुँदैन ।

(च) प्रश्न सोध्दा अर्ती दिने काम गर्नु हुँदैन । ठाडो भाकामा पनि प्रश्न राख्नु राम्रो होइन । सकेसम्म नरम भएर प्रस्तुत हुनु राम्रो हुन्छ । निर्देशन दिन थालेमा उनीहरूले तपाईंलाई आफूभन्दा भिन्न सोच्न सक्छन् । यसो भएमा सोचे जस्तो उत्तर नआउन सक्छ वा उत्तरकर्ताले बीचैमा बोल्न छाड्न पनि सक्छन् ।

(छ) अन्तर्वार्ता लिने बेला वा लेख्ने बेलामा कहिल्यै पूर्वाग्रह राख्नु हुँदैन, सधैं सकारात्मक सोच लिएर मात्र अन्तर्वार्ताका लागि जानुहोस् । समस्याको नजिक पुग्न सकारात्मक सोचको विकास गर्नु आवश्यक छ ।

(झ) तपाईंले कुरा गर्ने समाचारको स्रोत आफूले बाँचेको जीवन र समाजको विषेशज्ञ हो । डाक्टर, इन्जिनियर वा प्राध्यापक मात्रै विषेशज्ञ हुन्छन् भन्ने छैन । अन्तर्वार्तामा यही नै उत्तर आउला भन्ने अनुमान लगाउनु हुँदैन । हाम्रो अनुमान मिल्छ भन्ने पनि छैन ।

(ञ) कुरा सकिने बेलामा त्यो विषयमा बुझेका अरू मानिस छन कि भन्ने प्रश्न राख्न भुल्नु हुँदैन । समाचारको स्रोत पत्ता लगाउने यो एउटा तरिका हो ।

(ट) 'अफ द रेकर्ड' को अर्थ अन्तर्वार्ता दिनेले भनेको कुरा प्रकाशित गर्ने अनुमति छैन भन्ने हो । सुरुमै अन्तर्वार्ता दिनेलाई 'अफ द रेकर्ड'बारे भनिराख्नु पर्छ । अफ द रेकर्डमा भनिएका कुराहरू प्रकाशित गर्न नपाइने

भए पनि जानकारीका लागि निकै सहयोगी हुन्छ ।

(ठ) जुन विषयमा र जुन व्यक्तिसँग तपाईं कुरा गर्न जाँदै हुनुहुन्छ, त्यसबारेमा सामान्य जानकारी पहिले नै प्राप्त गर्नुहोस् । कुराकानीका क्रममा यस्तो जानकारीले तपाईंलाई सघाउँछ ।

(ड) अन्तर्वार्ताका क्रममा तपाईंले प्रयोग गर्ने उपकरणहरू ठीक छन् कि छैनन्, पहिले नै जाँच गर्नुहोस् ।

## अन्तर्वार्ता सञ्चालन

वास्तवमा अन्तर्वार्ता लिनु एउटा कला हो । समाचार संकलनका क्रममा अन्तर्वार्ता लिनेसँग जति बढी दक्षता हुन्छ,उसले त्यति नै बढी जानकारी प्राप्त गर्न सक्छ । यस दृष्टिले अन्तर्वार्ता सञ्चालन प्रक्रिया असाध्यै महत्वपूर्ण हुन्छ । यसले पत्रकारको दक्षता पनि देखाउँछ । अन्तर्वार्ता सञ्चालन गर्दा सामान्यतया निम्न कुराहरूलाई ध्यान दिनुपर्छ ।

(क) अन्तर्वार्ता लिन जाँदा सामान्य पहिरनमा जानुपर्छ । भड्किलो वा संस्कृति नसुहाउँदा पहिरनमा जाँदा अन्तर्वार्ता दिने मानिसले राम्ररी खुलेर कुरा नगर्न सक्छन् ।

(ख) अन्तर्वार्ता लिने व्यक्तिसँग भेट हुनासाथ अभिवादन गर्नुहोस । आफ्नो परिचय दिन भुल्नु हुँदैन । पहिलो भेटमा प्रभाव पार्न सकिएन भने अन्तर्वार्ता दिने मानिसले खुलेर कुरा नगर्न सक्छ । उसलाई प्रभावित पार्ने खालको नम्र व्यवहार गर्नु आवश्यक छ ।

(ग) अन्तर्वार्ता लिनुको उद्देश्य बताउन भुल्नु हुँदैन । अन्तर्वार्ता लिनुभन्दा पहिला अन्तर्वार्ता लिने व्यक्तिसँग अनौपचारिक कुरा गर्नुहोस् । यस्तो अनौपचारिक कुराले सौहार्दपूर्ण सम्बन्ध विकसित गर्न सहयोग गर्छ ।

(घ) जोसँग कुराकानी गर्ने हो उसलाई अन्तर्वार्ताका लागि लाग्ने समय बताउनुपर्छ । अनौपचारिक कुरापछि अन्तर्वार्ता थाल्ने सहमती माग्नु राम्रो हुन्छ । कुन ठाउँमा बसेर कुरा गर्ने भन्ने कुरा समेत अन्तर्वार्ता दिनेलाई निर्णय गर्ने अधिकार हुन्छ भन्ने कुरा भुल्नु हुँदैन ।





(ङ) प्रश्न सकेसम्म खुला खालको हुनु आवश्यक हुन्छ । हो वा होईन जस्तो शब्दमा गएर टुंगिने प्रश्न सोध्नु हुँदैन । यस्तो प्रश्नले अगाडि जाने बाटो बन्द गर्छ ।

(च) कहिलेकाहीँ अन्तर्वार्ता दिने व्यक्तिले गरेका राम्रो नराम्रो कामको बारेमा प्रश्न गरेर पनि थुप्रै कुरा निकाल्न सकिन्छ । राम्रो कामको तारिफ गर्दा धेरै व्यक्ति खुलेर कुरा गर्न चाहने खालका हुन्छन । नराम्रो कामको कुरा गर्दा रिसाएर नबोल्ने बानी पनि कतिको हुनसक्छ । प्रश्न गर्दा अन्तर्वार्ता दिनेको बानी भने थाहा पाउनु अनिवार्य छ ।

(छ) अन्तर्वार्ता दिनेले बोल्न चाहेन भने विभिन्न अनुगमन प्रश्न सोधेर कुरा लिन सकिन्छ । कुनै प्रश्नको जवाफ दिन नचाहने उत्तरदातालाई बढी कर गर्नु हुँदैन । कुनै व्यक्तिलाई जबरजस्ती प्रश्न सोध्ने काम प्रहरी र वकिलको हो । अभियुक्तसँग बयान लिन गरिने जस्ता प्रश्न सोध्नुभन्दा अन्तर्वार्ता नलिनु नै बेस हुन्छ । उत्तरदाता रिसाउने वा चिढाउने खालका प्रश्न सोध्नु हुँदैन ।

(ज) अन्तर्वार्ता दिनेको कुरा ध्यान दिएर सुन्नुहोस । अन्यत्रतिर ध्यान दिएको थाहा पाएमा अन्तर्वार्ता दिने व्यक्तिले आफ्नो कुरा नसुनेको बुझ्न सक्छ र उ बीचैमा रोकिन सक्छ । बीचमा अनुगमन प्रश्न गर्नका लागि समेत अन्तर्वार्ता दिनेको कुरा राम्ररी सुन्नु आवश्यक छ । राम्ररी सुनेन भने प्रश्न दोहोरिने सम्भावना हुन्छ । प्रश्न दोहोर्‍याएर सोध्नु राम्रो हुँदैन ।

(झ) अन्तर्वार्ता लिँदा पाठकको रुचिलाई ख्याल गर्नुपर्छ । व्यक्तिगत स्वार्थको प्रश्न समावेश गर्नु राम्रो होइन ।

(ञ) एकपटकमा एउटा मात्र प्रश्न सोध्नुहोस । एकैपटक एकभन्दा बढी प्रश्न सोध्दा उत्तरदाताले सबै प्रश्नको उत्तर नदिन सक्छ । उसले आफूलाई सजिलो हुने वा पछिल्लो प्रश्नको उत्तर मात्र दिन सक्छ । यस्तै पुछ्रे कुरा वा आफ्नो भनाइ मिसाएर प्रश्न नसोध्नुहोस् ।

(ट) अन्तवार्ता कस्तो ठाउँमा लिइएको छ भन्ने कुरा ख्याल गर्नु राम्रो हुन्छ । लेखाइलाई रमाइलो बनाउन अन्तर्वार्ता लिनेले लगाएको लुगा, उसको व्यवहार, हाउभाउ, बोलिचाली आदिको ख्याल गर्नुपर्छ । यस्ता अनौपचारिक कुराले समाचारलाई जीवन्त बनाउँछ ।

(ठ) अन्तर्वार्ता सकिने बेलामा कुनै प्रश्न बाँकी भए सोध्नुस् । अन्तर्वार्ता सक्नुअघि तपाईंको केही कुरा भन्न बाँकी छ कि भन्ने प्रश्न गर्न सकिन्छ । अन्तर्वार्ता सकेपछि धन्यवाद दिनुहोस् । केहि परेमा फेरि आउने वाचा गर्नुहोस् ।

(ड) अन्तर्वार्ता सकिएपछि अन्तर्वार्ता दिनको नाम, ठेगाना, उमेर सही छ कि छैन भन्ने कुरा प्रष्ट हुनुपर्छ । थाहा भएन भने सोधन पछाडि हट्नु हुँदैन ।

## प्रश्नका प्रकार

अन्तर्वार्तामा प्रश्नको निकै महत्व हुन्छ । राम्रो प्रश्न गर्न सके मात्र सामुन्नेका व्यक्तिसँग राम्रो उत्तरको अपेक्षा गर्न सकिन्छ । पत्रकारले स्रोतसँग विभिन्न प्रकारले विभिन्न प्रश्नहरू सोध्दछ र स्रोतले पनि आफ्नै ढंगले उत्तर दिने प्रयत्न गर्दछ । अतः पत्रकारले प्रश्नबारे पहिले नै बुझिराख्नु आवश्यक हुन्छ । जहाँसम्म समाचारको पूर्णताका लागि अन्तवार्ताका क्रममा गरिने प्रश्नको सन्दर्भ छ, तिनलाई निम्नानुसार अध्ययन् गर्न सकिन्छ ।

**(क) प्रारम्भिक** (warm-up) **प्रश्नः–** औपचारिक रूपमा अन्तर्वार्ता प्रारम्भ गर्नुअघि पत्रकारले वातावरणलाई सहज बनाउन गर्ने प्रश्नहरू प्रारम्भिक प्रश्न हुन् । प्रश्नकर्ता र उत्तरदाताबीच सहज परिस्थिति बनाउन र विषयवस्तुमा प्रवेश गर्न भूमिका निर्माण गर्नु यस्ता प्रश्नको उद्देश्य हो । जस्तै, *तपाईं अहिले के गर्दै हुनुहुन्छ ? दिन कसरी बितिरहेका छन् ?* आदि प्रश्नहरू ।

**(ख) तटस्थ** (Neutral) **प्रश्न :–** यस्ता प्रश्न सकारात्मक वा नकारात्मक हुँदैनन् । यिनले तटस्थता पहिल्याउँछन् । यस्तो प्रश्नले उत्तरदातालाई सहज ढंगले आफ्नो भनाइ राख्न सघाउँछ । जस्तै कुनै एकजना अवकाश प्राप्त निजामती कर्मचारीलाई यसरी प्रश्न सोध्न सकिन्छ, *तपाईं अहिलेको निजामती प्रशासनको मूल्याङ्कन कसरी गर्नुहुन्छ ?* यस्तो प्रश्नमा उत्तरदाताले खुलेर आफ्नो भनाइ राख्न सक्छ ।

**(ग) निर्देशनात्मक** (Leading) **प्रश्नः–** कुनै खास उत्तर प्राप्त गर्ने मनसायद्वारा निर्देशित भई पत्रकारले गर्ने प्रश्नलाई निर्देशनात्मक प्रश्न भनिन्छ । यसमा पत्रकारले एउटै उद्देश्यमा केन्द्रित भई स्रोतलाई पुलिसले झै केरकार गर्छ र दवाव सिर्जना गरी उसलाई बाध्य बनाएर उत्तर प्राप्त गर्ने प्रयास गर्छ ।







अदालतमा वकिलले साक्षी बकाउने क्रममा यस्तै प्रश्न गर्ने गर्दछ । अन्तर्वार्तामा यस्ता प्रश्नलाई राम्रो मानिदैन । राहदानी वितरणमा अनियमितताको आरोप लागिरहेको कुनै जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीसँग त्यसबारे यसरी प्रश्न गर्दा-*तपाईको कार्यालयमा राहदानीमा निकै अनियमितताको चर्चा भइरहेको छ, के त्यसका लागि सम्बद्ध फाँटवाला कर्मचारी त जिम्मेवार छैनन् ?* यो प्रश्नको उत्तर दिने क्रममा प्रमुख जिल्ला अधिकारी एकछिन अलमलिन र असमञ्जसमा पर्न सक्छन् । यस्तोमा प्रश्नकर्ताले चाहेअनुसार उत्तरदाताले *हुन सक्छन्* भन्ने जवाफ दिन सक्छन ।

**(घ) दोहोरो** (Double barraled) **प्रश्नः–** एउटै प्रश्नसँग अर्को प्रश्न पनि जोडिएर आउने प्रश्न दोहोरो प्रश्न हो । सामान्यतया हेर्दा एउटै प्रश्नजस्तो देखिने यस्ता प्रश्नमा एकभन्दा बढी प्रश्न हुन्छन् । एउटा व्यापारीलाई उनको नाफाको व्यापारलाई लक्षित गरी कुनै पत्रकारले सोध्दा*यसपटक तपाईंको कम्पनीले राम्रो नाफा गरेको छ रे ? कसरी नाफा गर्न सक्नुभयो ? आगामी दिनमा नाफा कमाउने अन्य के योजना छन् ?* यो प्रश्नमा यसपटक कसरी नाफा गर्नु भयो र भविष्यका योजनाहरू के छन् भन्ने दुईवटा प्रश्न छन् । उत्तरकर्ताले यस्तो प्रश्नको उत्तर सहज रूपमा दिदैन । यस्तो प्रश्न गर्दा कि त उसले पहिलो प्रश्नको मात्र उत्तर दिन्छ कि त सजिलोचाहिँ प्रश्नको उत्तर दिन्छ । प्रश्नकर्ताले आफ्ना सबै प्रश्नको उत्तर प्राप्त गर्ने संभावना निकै कम हुन्छ । अन्तरवार्तामा यस्ता प्रश्नलाई राम्रो मानिदैन ।

**(ङ) खुला** (Open-ended) **प्रश्नः–** अन्तर्वार्तामा यो प्रश्नलाई सबैभन्दा राम्रो प्रश्न मानिन्छ । यसमा उत्तरकर्ताले खुलेर आफ्ना कुरा भन्न सक्छ । यसको उत्तर प्रायः लामो आउने संभावना हुन्छ । यस्तो प्रश्न गर्दा प्रश्नकर्ताले उत्तरदाताको उत्तरबाटै अनुगमन प्रश्नहरू गर्ने अवसर पाउन सक्छ । जस्तै *कुनै मन्त्रीलाई तपाईंको विचारमा भ्रष्टाचार रोक्ने उपाय के के हुन सक्लान ?* भनेर सोध्दा, यसको उत्तर लामो आउने संभावना हुन्छ ।

**(च) बन्द** (Close-ended) **प्रश्नः–** खुला प्रश्नको ठीक विपरीतको प्रश्न हो- बन्द प्रश्न । यसको उत्तर प्रायः 'हो वा होइन', 'हुन्छ वा हुँदैन', 'छ वा छैन'

भन्नेमा सीमित हुन्छ । यस्ता प्रश्नलाई अन्तर्वार्तामा राम्रो मानिदैन ।

(छ) **रित्ता** (Empty) **प्रश्नः–** यस्ता प्रश्नले अन्तर्वार्ताको मूल उद्देश्यलाई सघाउँदैनन् । अर्थात यस्ता प्रश्नको उत्तरले लक्षित वर्ग (पाठक, स्रोता, दर्शक) का लागि खासै महत्व राख्दैनन् । जस्तै एसएलसीको परिणाम नराम्रो आएको विद्यालयको प्रधानाध्यापक निश्चित पनि विद्यालयको प्रदर्शनबाट खुसी हुँदैन । तर कुनै पत्रकारले *'यस परिणाम पछि तपाई कस्तो अनुभव गरिरहनु भएको छ ?'* भनेर सोध्दा भने यसको उतर अपेक्षित ढंगले *'दुःखी छु'* भनेर आउँछ । यस्ता प्रश्नलाई अन्तर्वार्तामा राम्रो मानिदैन ।

(ज) **पुच्छे** (Statement add) **प्रश्नः–** यस्तो प्रश्नमा प्रश्नकर्ताले प्रश्नसँग आफ्नो धारणा पनि जोड्दछ । जस्तै भ्रष्टाचारको सन्दर्भमा पत्रकारले सम्बद्ध स्रोतलाई, *तपाईंको समयमा त निकै भ्रष्टाचार भयो भन्छन् नि ? म भने यस कुरामा विश्वास गर्दिन'* भनेर सोध्दा उत्तरकर्ताले यस प्रश्नको उत्तर सहज रूपमा *'त्यहि त हेनुस् न, अनाहकमा मानिस चरित्रहत्या गर्न खाज्दछन्* भनेर दिनसक्छ । यस्तो प्रश्नमा उत्तरकर्ताले आफ्नो बचावट गर्न सक्ने संभावना बढी हुन्छ । यस्ता प्रश्नलाई पनि राम्रो मानिदैन ।

(झ) **घोचाहा** (Trigger) **प्रश्नः–** अन्तर्वार्तामा यस्ता प्रश्नलाई पनि राम्रो मानिदैन । कसैलाई घोचपेच गर्ने चिढाउने खालका प्रश्नहरूलाई यस श्रेणीमा राख्न सकिन्छ । व्यक्तिगत आस्था, विश्वास र निजी सम्बन्धलाई लक्षित गरेर गरिने प्रश्न सुन्दा जोसुकै पनि रिसाउनु स्वाभाविक हो । अतः यस्तो प्रश्न गर्दा उत्तरदाताले रिसाएर उत्तर नदिने वा दिए पनि रिसाएर दिने सभावना हुन्छ । यस्तो प्रश्नबाट प्रश्नकर्ताले जोगिनुपर्छ ।

(ञ) **काल्पनिक** (Hypothetical) **प्रश्नः–** यथार्थभन्दा पनि कल्पनाका आधारमा सोधिने प्रश्नहरू काल्पनिक प्रश्न हुन् । यस्ता प्रश्नको उत्तर नै हुँदैन वा उत्तरदाताले केही उत्तर दिइहाले पनि समाचारका दृष्टिले त्यस्ता उतरको कुनै अर्थ हुँदैन । जस्तैः *तपाईं प्रधानन्यायाधीश भएको भए के हुन्थ्यो* भन्ने प्रश्न यथार्थमा अडिएर नभई कल्पनामा आधारित भई सोधिएको प्रश्न हो । समाचार उपभोक्ताका लागि यस्ता प्रश्न र उत्तरले कुनै महत्व राख्दैनन् ।





(ट) **अनुगमन** (Follow-up) **प्रश्न** :– अन्तर्वार्ताका क्रममा मुख्य प्रश्नसँग सम्बन्धीत विषयमा थप जानकारी पाउने वा उत्तरलाई अझ स्पष्ट पार्ने उद्देश्यले सोधिने प्रश्नहरू अनुगमन प्रश्न हुन । अनुगमन् प्रश्नलाई पूरक प्रश्न पनि भन्ने गरिन्छ ।

## सात महापाप (Seven death Sins)

पत्रकारितामा अन्तर्वार्ताको कुरा गर्दा केही कुरा नगर्नु भनेर बर्जित छन् । तात्पर्य हो, पत्रकारले केही कुराप्रति सचेत भई अन्तर्वार्ताका क्रममा त्यस्ता कुरा गर्नु हुँदैन । यसरी पत्रकारका लागि सातवटा कुरा बर्जित छन् र यिनै सातवटा कुरालाई सात महापाप भन्ने गरिन्छ । ती सात महापाप हुन्-

(क) **प्रश्न नै नसोध्नु** :– जे सोध्छु भनेर गएको हो, त्यो कुरा नसोधेर अन्य कुरा गरेर फर्केर आउनु पहिलो महापाप हो । जुन उद्देश्यले अन्तर्वार्ता लिन गएको हो, त्यो उद्देश्य पूरा गरेर नै फर्कनुपर्छ ।

(ख) **एकै साथ दुईवटा प्रश्न गर्नु** :– यो दोस्रो महापाप हो । एकपटकमा एउटा मात्र प्रश्न सोध्नुपर्छ । तर पत्रकारले प्रश्न सोध्ने क्रममा एकैपटक एकभन्दा बढी प्रश्न सोधेमा त्यसले उत्तरदातालाई फाइदा पुग्छ । यस्तो प्रश्न सोधिएमा उत्तरदाताले कि त पहिलो प्रश्नको कि त सजिलो प्रश्नको मात्र उत्तर दिन्छ । दुवै अवस्था प्रश्नकर्ता अर्थात पत्रकारका लागि हानिकारक हो । यस्तो अवस्थामा पत्रकारको उद्देश्य पूरा हुन कठिन हुन्छ ।

(ग) **प्रश्नपछि वाक्य जोड्नु** :– प्रश्नपछि वाक्य जोड्नु भनेको दुईवटा प्रश्न सोध्नु जस्तै हो । यस्ता वाक्य प्रायः पत्रकारका निजी धारणसँग सम्भावित हुन्छन् । यस्तो अवस्थामा उत्तरदाताले प्रश्नलाई छोडेर पछिल्लो वाक्य अर्थात प्रश्नकर्ताको धारणालाई महत्व दिन्छ र त्यसैमाथि टिप्पणी गर्न थाल्छ । फलतः पत्रकारको उद्देश्य पूरा हुँदैन ।

(घ) **अतिशयोक्तिको प्रयोग** :– अन्तर्वार्ताका क्रममा अतिशयोक्तिको प्रयोग अर्को महापाप हो । अन्तर्वार्ताका क्रममा पत्रकारले अतिशयोक्तिपूर्ण ढंगले अर्थात बढाइ चढाइ गरेर प्रश्न गर्नु हुँदैन । यस्तो गरे उत्तरदातामा नकारात्मक

प्रभाव पर्नसक्छ ।

(ङ) **घोचाहा प्रश्न** :– स्रोतको आत्मसम्मानमा चोट पुऱ्याउने वा उसलाई नकारात्मक अनुभूति हुने खालका प्रश्न सोध्नु हुँदैन । यस्तो प्रश्नले उत्तरकर्तालाई आक्रोशित वा उत्तेजित बनाउन सक्ने कुरालाई प्रश्नकर्ताले बिर्सनु हुँदैन ।

(च) **निर्देशित प्रश्न सोध्नु** :– अन्तर्वार्ताका क्रममा यस्ता प्रश्नलाई पनि बर्जित मानिएको छ । यस्ता प्रश्नले उत्तरदातामाथि दबाब सिर्जना गर्छ । प्रश्नकर्ताले स्रोतलाई बाध्य बनाएर आफूले चाहे जस्तो उत्तर प्राप्त गर्न यस्ता प्रश्न सोध्दछन्, जो राम्रो होइन ।

(छ) **बन्द प्रश्न गर्नु** :– अन्तिम महापाप हो- बन्द प्रश्न गर्नु । हो वा होइन, छ वा छैन, हुन्छ वा हुँदैन आदि एक शब्दमा उत्तर आउने यस्ता प्रश्नबाट अपेक्षित ढंगले उचित र विस्तृत उत्तर प्राप्त गर्न सकिँदैन ।





# न्यायिक र अर्धन्यायिक निकाय

## अदालतको तहगत संरचना

तहलाई Ranking, Grading, Social Order, Class System वा Pecking Order आदि समानार्थी शब्दहरूद्वारा परिभाषित गरिन्छ । कृत्रिम रूपमा कुनै निकाय वा व्यक्तिहरू संगठित हुनु वा हैसियत, दर्जा, अवस्थिति पद वा अधिकारका आधारमा विभाजित हुनु नै तह हो । यसलाई निम्न रूपमा लिइन्छ :

(क) यो पछि निर्माण गरिएको वा लागू गरिएको सिद्धान्त हो ।

(ख) कुनै व्यक्ति वा निकाय संगठित हुनु वा विभाजित हुनु हो ।

(ग) अधिकार, हैसियत, दर्जा वा अवस्थितिका आधारमा तह निर्धारण गरिन्छ ।

अदालतको तहगत संरचनाभित्र यिनै तत्वहरू सन्निहित रहन्छन् अर्थात अदालतको तहपछि संरचित हो । यसको विभाजन हैसियत वा अधिकारका आधारमा गरिएको छ । 'कमन ल प्रणाली' अपनाउने देशहरूमा एकतह पुनरावेदनलाई अकाट्य कानुनी अधिकारका रूपमा लिइन्छ । अदालतको तह यसैको प्रत्याभूतिका लागि हो । कानुनबमोजिको कारबाही अवलम्बन गर्न पनि यस्तो संरचना निर्माण भएको पाइन्छ ।

सकेसम्म अदालतको तहमा एकरूपता ल्याउने प्रयास कानुन प्रणालीमा गरिए पनि कतै-कतै एउटै देशमा पनि तहगत संरचनामा एकरूपता नभएको

पाइन्छ जस्तैः संयुक्त राज्य अमेरिका। प्रायः सबै देशमा कमभन्दा कम सुरु कारबाहीका अदालतहरू, पुनरावेदन अदालतहरू र सर्वोच्च अदालत गरी अदालतको तह कायम गरिने प्रचलन छ। उदाहरणको लागि संयुक्त राज्य अमेरिकाको संघीय अदालतका तहहरूमा विभिन्न विषयका सुरु कारबाहीका अदालतहरू, कर अदालत, जिल्ला अदालत, प्रादेशिक अदालत आदि पुनरावेदन अदालतहरू र सर्वोच्च अदालतहरू पर्छन्। भारतमा, अमेरिकामा जस्तो दोहोरो तहगत व्यवस्था छैन त्यहाँ एउटै एकीकृत पद्धति छ।

भारतमा सबैभन्दा माथिल्लो तहमा सर्वोच्च अदालत छ भने त्यसभन्दा तल्लो तहमा प्रत्येक राज्य र 'युनियन टेरिटोरी' मा उच्च अदालतहरू छन्। प्रत्येक उच्च अदालतको मातहत तल्ला अदालतहरू छन्। राज्य-राज्यमा केही सामान्य फरक किसिमका भए पनि मूलभूत तह तीन वटा नै छन्।

यसको ठीकविपरीत अमेरिकाका अदालतहरू कठिन संरचनाअन्तर्गत पर्छन्। प्रत्येक राज्यमा आफ्नै पद्दति छ र कुनै दुई राज्यका अदालतका पद्धति समान छैन। संघीय अदालत र राज्यका अदालतहरू समान रूपमा रहेका छन्। संघीय अदालतहरू तीन तहमा पाइन्छन् भने क्तबतभ ऋयगचत हरूबाट गन्ती गर्दा चारतहको संरचना पाइन्छ।

अमेरिकामा ९४ वटा Federal District Courts छन्। पुनरावेदन तहमा १३ वटा संघीय पुनरावेदन अदालतहरू छन्। राज्यस्तरमा भने एकरूपता पाइँदैन।

## (क) नेपालमा अदालतको तह

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०१(१) ले तीन तहका अदालतको व्यवस्था गरेको छ। यो सामान्य तहगत संरचना हो। यसमा संविधानसभासम्बन्धी अदालत सैनिक र विशेष अदालत तथा न्यायाधिकरणहरू समावेश गरिएको छैन।

नेपालको तहगत संरचनालाई काल विभाजन गरेर हेर्दा दुई भागमा हेर्न सकिन्छ :

(क) संवैधानिक व्यवस्था अघि





(ख) संवैधानिक व्यवस्था पछि

### (१) संवैधानिक व्यवस्था अघि

१९६३ सालअघि कोटिलिङ, इटाचपली, देवानी, फौजदारी जागिरदार, विर्तावार, अमाली, कोतवाली, ठाना, माल, बजारअड्डा, गुठी अड्डा पञ्चायत आदि नाम गरेको सुरु तहका अदालतहरू थिए। अपिल अड्डा, गौंडा, गोश्वारा, भारदारी, रिफागत, मामिला निक्सारी र प्रधान न्यायालय पुनरावेदन तहका अदालत थिए। बीचका अवधिमा तत्कालीन शासकका सामान्य आदेशबाट तहगत संरचना फेरबदल हुने प्रयोग धेरै चलेपछि १९९१ कात्तिक २९ मा एक सनद् जारी भई Appeal First, Appeal Second / Bharadari गरी तीन तह खडा भए। वि.सं. २००२ मा भारदारी अदालत खारेज भई त्यसपछि निम्न तीन तह कायम रह्यो :

१. प्रधान न्यायालय (The Supreme Court)

२. अपिल अड्डा (Appellate Courts)

३. अमिनी अदालत (Trial Courts)

### (२) संवैधानिक व्यवस्थापछि

नेपाल सरकार वैधानिक कानुन, २००४ जारी भएपछि भाग ५ धारा ५३ मा प्रधान न्यायालय, धारा ५१ मा विशेष अदालत र धारा ४८ मा सुरु अदालत व्यवस्था गरिएको थियो। सार्वजनिक अदालतहरूलाई सुरु अदालत र अपिल गरी दुई तहमा विभाजन गरिएको थियो। अन्तरिम शासन विधान, २००७ मा धारा ३२ मा प्रधान न्यायालय मात्र व्यवस्था गरी अन्य तह उल्लेख नभएको पाइन्छ। नेपाल अधिराज्यको संविधान, २०१५ मा पनि धारा ५७ मा सर्वोच्च अदालत मात्र उल्लेख गरी अन्य व्यवस्था नभएको पाइन्छ। न्याय प्रशासन ऐन, २०१६ ले सर्वोच्च अदालत उच्च अदालत, जिल्ला अदालत, इलाका अदालत गरी चार तह कायम राखेको थियो। न्याय प्रशासन (विविध व्यवस्था) ऐन, २०१८ आएपछि सर्वोच्च अदालत, अञ्चल अदालत र जिल्ला अदालत कायम राखी नेपालको संविधान, २०१९ को धारा ६८ मा सर्वोच्च अदालत मात्र उल्लेख

गरिएको थियो । न्याय प्रशासन सुधार ऐन, २०३१ ले सर्वोच्च अदालत, क्षेत्रीय अदालत, अञ्चल अदालत र जिल्ला अदालत गरी चार तहको अदालती व्यवस्था गरेको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८५(१) मा तीन तहको अदालती संरचना उल्लेख गरिएको थियो । यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०१ मा सर्वोच्च, पुनरावेदन र जिल्ला अदालत गरी तीन तहका अदालती संरचनाको परिकल्पना गरेको छ ।

### (ख) तहगत व्यवस्थाको आवश्यकता

नेपालको कानुनी इतिहास अध्ययन गर्ने हो भने विभिन्न समयमा अदालतको तहमा २ देखि ४ वटासम्म तह कायम भएको पाइन्छ । एउटै संरचनाले नभ्याएर उतार चढाव ल्याउनुको पछाडि न्याय प्रशासनप्रति त्यसबेलाको सरकारको प्रतिबद्धताले ठूलो भूमिका खेलेको हुन्छ । निम्न कारणले यसको व्यवस्था गरिन्छ :

(क) कानुनी राज्यको अवधारणाअन्तर्गत
(ख) पूर्ण न्याय दिनको लागि
(ग) कारबाही र गल्तीको आधारमा फैसला सुधार गर्न,
(घ) दक्षता विकास गर्नः तल्ला अदालत सामान्य र माथिल्ला दक्ष मानिन्छन् ।
(ङ) कानुन र व्यवस्था कायम राख्न ।
(च) न्यायमा सर्वसाधारणको पहुँच बढाउन
(छ) नियन्त्रण र सन्तुलनको लागि
(ज) संविधानको व्याख्याको लागि
(झ) संविधानको सुरक्षा वा संरक्षणको लागि
(ञ) अन्य ।

## अधिकार क्षेत्र (Jurisdiction)

अधिकारक्षेत्रलाई Access to the Court पनि भनिन्छ । यसलाई





गभर्नरको क्षेत्राधिकारको शक्तिअन्तर्गत Control Administration, Command, Leadership, Power, Dominion, Sovereignty, Rule, Mastery, Sway, Influence पनि भनिएको पाइन्छ । सामान्य अर्थमा अदालतमा रहने, कानुनी प्रयोग गर्न पाउने अधिकारको हदलाई अधिकार क्षेत्र भनिन्छ । कानुनी भाषामा क्षेत्राधिकारले तथ्य खोजी गर्ने कानुनको प्रयोग गर्ने, निर्णय गर्ने र फैसला घोषणा गर्ने कुरा जनाउँछ । क्षेत्राधिकारले निम्न कुरा गर्छ :-

(क) तथ्य खोजी गर्ने
(ख) कानुनको प्रयोग गर्ने
(ग) निर्णय बनाउने
(घ) फैसला घोषणा गर्ने

### (१) क्षेत्राधिकारको वर्गीकरण

अधिकारक्षेत्रलाई निम्न तरिकाले विभाजन गर्न सकिन्छः

(क) साधारण (Ordinary)
(ख) असाधारण (Extra-Ordinary)
(ग) स्थानीय वा प्रादेशिक (Local or Territorial)
(घ) आर्थिक बिगोको आधारमा (Pecuniary)
(ङ) विषयगत (Subject Oriented)
(च) मौलिक वा पुनरावेदकीय (Original or Appellate)

### (२) अधिकारक्षेत्रका केही सिद्धान्तहरू

अधिकार क्षेत्रसम्बन्धी दर्शन निश्चित सिद्धान्तमा अडेको पाइन्छ, जसअनुसारः

(क) शक्ति वाह्यको सिद्धान्तः अधिकारक्षेत्र बाहिर गई निर्णय गरेमा
(ख) प्राङन्यायको सिद्धान्त,
(ग) निर्णय कार्यान्वयनको सिद्धान्त आफूले गरेको निर्णय कार्यान्वयन

गर्न सक्ने शक्ति अधिकारक्षेत्र ग्रहण गर्ने अदालत, कार्यालय वा अधिकारीमा हुन्छ ।

(घ) अधिकारक्षेत्र शून्यको स्थितिमा नरहने

(ङ) राज्यको भौगोलिक सीमाभित्र रहन्छ ।

(च) अधिकारसँगै उपचार पनि रहन्छ ।

(छ) स्थायित्वको सिद्धान्त

पक्षहरूको सहमतिले अधिकारक्षेत्र प्रदान गर्न, झिक्न, थपघट गर्न सकिँदैन यो कानुनी विषयभित्र पर्छ । नेपालको कानुनमा अधिकारक्षेत्रलाई विशेष महत्व दिइएको पाइन्छ ।

अ.वं २९ मा देवानी र फौजदारी मुद्दाको सुरु अधिकारक्षेत्र जिल्ला अदालतमा दिई स्थानीय वा प्रादेशिक अधिकार क्षेत्रलाई आत्मसात गरिएको छ । यसबाहेक विशेष कानुनमा फरक ढंगले अधिकारक्षेत्र वर्गीकरण गरिएको छ । अ.वं ३५ मा गैरअड्डाले कानुनबमोजिम हेर्न हुने मुद्दा बाहेक अरू मुद्दा हेर्न हुँदैन, हेरेको, छिनेको भए पनि बदर हुने भन्ने व्यवस्था छ । अ.वं १७, ११०, २०८ तथा रिटको माध्यमबाट क्षेत्राधिकारको त्रुटि सुधार्न सकिन्छ ।

**(३) सुरु अधिकारक्षेत्र**

यसलाई Original Jurisdiction पनि भनिन्छ :

१. जिल्ला अदालतले आफ्नो इलाका भित्रका सम्पूर्ण मुद्दाको सुरु, कारबाही र किनारा गर्छ । कानुनमा व्यवस्था भए बाहेक (वन मुद्दा, विशेष अदालत आदि अड्डा वा अधिकारी) अन्य मुद्दाको सुरु क्षेत्राधिकार जिल्ला अदालतले ग्रहण गर्छ ।

२. पुनरावेदन अदालतले निम्न मुद्दा हेर्छ :

(क) रिटसम्बन्धी

(ख) सामान्य मुद्दा

(ग) अदालतको मानहानि

(घ) कानुनमा पुनरावेदन अदालतबाट सुरु कारबाही र किनारा गर्ने व्यवस्था





भएको मुद्दा ।

(ङ) मुद्दाको कारबाही असाधारण रूपमा लम्बिन गई पक्षहरूले धेरै हैरानी व्यहोर्नु परेको वा कुनै गम्भीर र जटिल कानुनी प्रश्न समावेश भएको कारणले मुद्दाको सुरु कारबाही र किनारा पुनरावेदन अदालतबाट हुन उपयुक्त ठहऱ्याई सर्वोच्च अदालतले आदेश दिएको मुद्दा ।

(च) बन्दीप्रत्यक्षीकरण, परमादेश वा निषेधाज्ञासम्बन्धी

(छ) आफ्ना र आफ्नो मातहतको अवहेलनासम्बन्धी

**३. सर्वोच्च अदालत**

(क) कानुनमा व्यवस्था भएबमोजिम सुरु मुद्दा हेर्ने अधिकार

(ख) असाधारण

(ग) साधारण

(घ)) सर्वोच्च र मातहतका अदालतको अवहेलना

(ङ) मातहतको अदालतमा दायर रहेको मुद्दा झिकाई किनारा गर्ने ।

मातहतको कुनै अदालत, निकाय वा अधिकारीसमक्ष विचाराधीन रहेको कुनै मुद्दामा संविधान वा अन्य कुनै कानुनको व्याख्यासम्बन्धी जटिल प्रश्न समावेश भएको र सो प्रश्नको निर्णय सार्वजनिक महत्व वा सरोकारको विषय भएकाले त्यसको निर्णय सर्वोच्च अदालतबाट हुनु उपयुक्त छ भन्ने सम्बन्धीत अदालत, निकाय वा अधिकारीको प्रतिवेदन वा मुद्दाका कुनै पक्षको निवेदनबाट देखिन आएमा सअले मिसिल झिकाई सो मुद्दाको किनारा गर्ने वा त्यस्तो प्रश्नको मात्र निर्णय गरी अरूमा कानुनबमोजिम मुद्दा किनारा गर्न सम्बन्धीत अधिकारीको फिर्ता पठाउन सक्नेछ ।

**(४) पुनरावेदकीय अधिकारक्षेत्र**

जिल्ला अदालतलाई साधारणतया पुनरावेदकीय अधिकार क्षेत्र नभए तापनि स्थानीय निकायउपर पुनरावेदकीय अधिकार पनि भएको पाइन्छ ।

## पुनरावेदन अदालत

(क) पुनरावेदन सुन्ने

(ख) साधक जाँच्ने

पुनरावेदन अदालतलाई आफ्नो मातहतको जिल्ला अदालत र प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र रहेका अन्य कुनै निकाय वा अधिकारीले मुद्दा मामिलामा गरेको सुरु फैसला वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने र कानुनबमोजिम साधक जाँच्ने अधिकार हुनेछ ।

## सर्वोच्च अदालत

सर्वोच्च अदालतलाई कानुनमा व्यवस्था भएबमोजिम पुनरावेदकीय अधिकारक्षेत्र हुनेछ ।

(१) पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर देहायका मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछः

(क) पुनरावेदन अदालतले सुरु कारबाही र किनारा गरेको मुद्दा

(ख) दसवर्ष वा सोभन्दा बढी कैदको सजायको भएको मुद्दा र

(ग) सुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय र सो निर्णयउपर पुनरावेदन सुनी पुनरावेदन अदालतले गरेको निर्णयमा तात्विक भिन्नता भएको मुद्दा

(२) सर्वोच्च अदालतमा साधक जाहेर भएको मुद्दामा पनि पुनरावेदन लाग्न सक्दछ ।

## अर्धन्यायिक निकाय

शक्ति पृथकीकरणको सिद्धान्तअनुरूप राज्यका तीन अंगहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले स्वतन्त्र रूपमा एकअर्काको हस्तक्षेपबिना आ(





आफ्नो कार्य सम्पादन गर्न पाउनुपर्छ भन्ने विश्वास गरिन्छ। सत्रौं शदीमा मन्टेस्क्युले यो सिद्धान्तको प्रतिपादन गर्नुपूर्व राज्यका सबै कार्यकारी अधिकारहरू कुनै शक्तिशाली शासक एक्लैले या चर्चहरूले नै सम्पादन गर्ने गर्दथे। कानुन बनाउने, लागू गर्ने र कानुनको व्याख्या गर्ने दायित्व छुट्टाछुट्टै अंगमा हुन नसकेमा त्यहाँ अराजकता उत्पन्न हुन्छ भन्ने विश्वासको उपजको रूपमा कतिपय सरकारले राज्यका तीन अंगबीच शक्ति पृथकीकरणको प्रयास पनि नगरेका पनि होइनन् । यति हुँदाहुँदै पनि सम्पूर्ण प्रशासनिक प्रकृतिका कार्य कार्यपालिका एक्लैले, सम्पूर्ण विधायिकी कार्यहरू, व्यवस्थापिका एक्लैले र सम्पूर्ण न्यायसम्बन्धी कार्यहरू न्यायपालिका एक्लैले सम्पादन गर्न असम्भव र अव्यावहारिक देखिन गयो । जसको फलस्वरूप प्रायोजित विधायन, नजिर र अर्धन्यायिक निकायजस्ता अवधारणाहरू देखा पर्न थाले । राज्यको कार्यकारी र न्यायिक अंग दुवैको क्षेत्राधिकारअन्तर्गतको कार्य सम्पादन गर्न अर्धन्यायिक निकायको जन्म हुन पुग्यो ।

शाब्दिक रूपमा नै दुई शब्दहरूको मेलबाट अर्धन्यायिक शब्दको उत्पति भएको पाइन्छ। पूरा न्यायिक नभई आधा न्यायिक कार्य नै अर्धन्यायिक हो, जसको अन्तिम न्याय गर्ने जिम्मा अदालतमा रहन्छ। पुनरावेदनको माध्यमद्वारा अदालतले अर्धन्यायिक निकायका कार्यको परीक्षण गर्दछ। अर्धन्यायिक निर्णय कहिल्यै पनि पुनरावेदन नलाग्ने गरी अदालती क्षेत्राधिकार ग्रहण नगरी अन्तिम हुँदैनन् । न्याय सम्पादन गर्ने कार्य अदालतको भए पनि कुनै खासखास परिस्थितिमा राज्यका प्रशासनिक निकायले पनि न्यायिक प्रकृतिको कार्य गर्ने अभिभारा कानुनद्वारा पाएका हुन्छन् त्यसलाई नै अर्धन्यायिक कार्य भनिन्छ। न्यायिक निकायको अख्तियार प्रयोग गरी प्रशासनिक निकायले न्यायिक निर्णय गर्दा त्यसले कतिपय अवस्थामा न्यायिक हैसियत प्राप्त गर्ने गर्छ ।

## अर्धन्यायिक निकायको उत्पत्ति र विकास

शक्ति पृथकीकरणको मान्यता अनुरूप राज्यका शक्तिको तीनवटा छुट्टाछुट्टै अंगमा विभाजन भएपछि देखापरेको कार्यसम्पादनको कठिनाइको कारण अर्धन्यायिक कार्यको परिकल्पना गरिएको हो। बेलायतलाई यसको जननीको रूपमा पाइन्छ। सन् १९११ को राष्ट्रिय बीमा ऐनद्वारा गठित अधिकरणलाई अर्धन्यायिक निकायको कानुनी प्रार्दुभावको रूपमा लिन सकिन्छ। राज्यको

विस्तारित भूमिका अनुसार सबै किसिमका विवाद सामान्य अदालत र कार्यविधि अपनाई गर्न गाह्रो हुने भएकोले कानुनमा नै यसको सुरुआत गरिएको पाइन्छ । सन् १९३२ को Committee on Ministers Powers ले प्रदान गरेको अधिकार क्षतिपूर्तिसम्बन्धी विवाद समाधानको लागि १०४७ मा राष्ट्रि बीमा न्यायाधिकरणलाई अधिकार प्रदान गरिएको पाइन्छ । भारतमा आयकर ऐन, १९६१ अन्तर्गत गठित पुनरावेदन समिति, औद्योगिक विवाद ऐन, १०४७ अन्तर्गत गठित सवारी दुर्घटना दाबी अधिकरणजस्ता प्रशासकीय अधिकारीहरूलाई अर्धन्यायिक अधिकार प्रदान गरिएको पाइन्छ ।

नेपालमा परम्परागत रूपमा हिन्दू न्याय प्रणालीद्वारा निर्देशित कानुन प्रणालीमा राजा महाराजाहरूद्वारा राज्यका तीनवटै अधिकार प्रयोग गर्ने गरेको केन्द्रीय राज्यसंरचना पाइन्छ भने ग्रामीण स्तरमा लिच्छविकालमा विभिन्न अधिकरणहरू तथा पाञ्चालीको अवधारणाले कार्य गरेको पाइन्छ । मल्लकालमा पनि स(साना प्रकृतिका विवादको निरोपण स्थानीयस्तरमै पञ्च भलादमीहरूद्वारा गरिने प्रचलनले मान्यता पाएको थियो । शाहकाल र राणाकालमा पनि विभिन्न गौंडा, गोश्वरा, अमिनीलगायतलाई प्रशासनिक र न्यायिक दुवै अधिकार प्राप्त थियो । २००७ सालमा प्रजातन्त्रिक अभ्यासको दियो बल्न थालेपछि राज्यको भूमिकामा सुधार भई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको छुट्टाछुट्टै अवधारणाले मान्यता पाउन थाल्यो । वि.सं २०१० सालमा पहिलो पटक काठमाडौं उपत्यका कमिश्नर मजिष्ट्रेट सबाल, र मधेस गोश्वरा ऐन, २०१२ जारी भई कम सजाय र बिगो हुने मुद्दाको छिनोफानो गर्न कमिश्नर, मजिष्ट्रेट र बडाहाकिमहरूलाई अधिकार प्रत्यायोजन गरियो । यो नै कानुनी रूपमा पहिलो व्यवस्था थियो जसले अर्धन्यायिक निकायको रूपमा आफ्नो अस्तित्व सुरु गरेको थियो ।

## अर्धन्यायिक निकायको आवश्यकता र कार्य

अर्धन्यायिक निकायको आवश्यकता किन पर्न गयो ? र यसले के काम गर्दछ ? भन्ने प्रश्नहरू नै यसको औचित्यको लागि अहम् सवालका रूपमा खडा भएका छन् ।

आजको २१ औं शताब्दीको हर राज्यले आफूलाई लोककल्याणकारी राज्यको





रूपमा स्थापित गर्ने प्रयास गरेका हुन्छन् । जसको लागि जनतालाई छिटोछरितो र सर्वसुलभ न्याय उपलब्ध गराउनु नै राज्यको पहिलो कर्तव्य हुन्छ । आदेश र कानुनको परिपालना जहाँ हुन्छ त्यहाको शान्ति खल्वलिन पाउँदैन । आजको युग प्रशासनिक युग पनि भएकाले राज्यले आफ्नो सार्वजनिक प्रशासनमार्फत छिटोछरितो सेवा जनातालाई उपलब्ध गराउने उद्देश्य राखेको हुन्छ । राज्यका तल्लाभन्दा तल्ला तहमा पनि प्रशासनिक इकाईको उपस्थिति रहेको हुन्छ । यी सबै निकायको उद्देश्य जनतालाई छिटोछरितो र सर्वसुलभ न्याय उपलब्ध गराउनु नै हो । परम्परागत रूपमा स्थापित अदालतबाट न्याय सम्पादन गर्दा देखिएको कार्यविधिको जटिलता, लामो र झन्झटिलो कानुनी प्रक्रिया, खर्चिलो कानुनी सेवा, निर्णय कार्यान्वयनको समस्या, स्पष्ट एवं संक्षिप्त कार्यविधिको अभाव जस्ता समस्याहरूले अर्धन्यायिक निकायको आवश्यकता औंल्याएको पाइन्छ । साना र कम बिगो भएका तथा विशेष ज्ञान, सीप र विशेषज्ञता आवश्यक पर्ने व्यापारिक र प्राविधिक विषय समावेश भएका जटिल विषयको न्याय सम्पादन सामान्य अदालत, कार्यविधि र न्यायाधीशहरूबाट सही र छिटोरूपमा सम्पादन हुन नसक्ने भएकाले विशेष कार्यविधि, प्राविधिक ज्ञान भएका निर्णयकर्ताबाट छिटोछरितो रूपमा सम्पादन हुन गएमा प्रभावकारी न्याय सम्पादन हुने भएकोले अर्धन्यायिक निकायको आवश्यकता भएको हो । यसबाट अदालतको कार्यबोझ घट्ने, समय वर्वाद नहुने, कार्यविधिको लामो प्रकृया पार गर्नु नपर्ने, कोर्टफी राख्नु नपर्ने, सामान्य कार्यविधिअन्तर्गत छिटो छरितो रूपमा प्राविधिक दक्षहरूबाट निर्णय गरिने र कार्यान्वयन तत्काल हुने भएकाले यसको आवश्यकता महसुस गरी कानुनमा नै केही विशेष प्रकृतिका विवादको कार्यस्थलमा नै प्रशासनिक अधिकारीबाट निर्णय हुन सक्ने व्यवस्था गरिन थालियो । प्रशासकीय न्याय वा अर्धन्यायिक न्याय सम्पादनमा महाद्विपीय कानुन प्रणाली अपनाउने राष्ट्रको आफ्नै विशिष्टता छ । फ्रान्समा अलगै प्रशासकीय कानुन (Droit Administratif) को र अलग्गै अदालत (Council D'etat) को व्यवस्था छ । यसैको देखासिकीबाट आज विश्वमा प्रशासकीय न्यायाधिकरणहरू (Administrative Tribunals) को प्रभाव फैलँदो छ ।

## अर्धन्यायिक निकायले न्यायिक निर्णय गर्दा अपनाउनुपर्ने कार्यविधि

अर्धन्यायिक निकाय संगठनात्मक रूपमा प्रशासकीय निकायको संगठनिक

संरचना र अधिकारक्षेत्र भएको भए पनि न्यायिक रूपमा अदालती प्रकृतिको कार्य भएको हुन्छ । अदालतले अपनाउने सम्पूर्ण कानुनी कार्यविधिको पालना औपचारिक रूपमा गर्नु नपरे पनि न्यूनतम कानुनी सिद्धान्त र कार्यविधिको पालना भने अर्धन्यायिक निकायले गर्नुपर्ने हुन्छ । ती निम्नानुसार छन्:

(क) प्राकृतिक न्यायको सिद्धान्तः यसमा आफ्नो मुद्दामा आफैं न्यायाधीश हुन नहुने र प्रतिवादको मौका दिइनुपर्ने जस्ता कुराहरू पर्छन् ।

(ख) निर्णय तर्कसंगत हुनुपर्ने : न्यायिक मनको प्रयोग गरी विवेकपूर्ण र तर्कसंगत रूपमा निर्णय गर्नुपर्ने ।

(ग) अधिकार प्राप्त अधिकारीले निर्णय गर्नुपर्नेः अधिकार नभएको वा प्रत्यायोजित अधिकार प्रयोग गरी अर्काको तर्फबाट निर्णय दिइनु अनाधिकृत र अमान्य हुने ।

## नेपालमा अर्धन्यायिक निकाय

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ११ न्यायपालिका शीर्षकअन्तर्गत धारा १०० मा न्यायसम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने उपशीर्षकमा उपधारा (१) अन्तर्गत नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गरिनेछ भन्ने व्यवस्था गरी धारा १०१ मा अदालतहरू उपशीर्षकअन्तर्गत नेपालमा सर्वोच्च, पुनरावेदन र जिल्ला अदालतहरू रहने र उपधारा (२) मा उपधारा (१) मा लेखिएदेखि बाहेक खास किसिम र प्रकृतिका मुद्दाको कारबाही र किनारा गर्न कानुनद्वारा अन्य अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने छ । तर कुनै खास मुद्दाका लागि अदालत, न्यायिक निकाय वा न्यायाधिकरण गठन गरिने छैन भन्ने व्यवस्था गरी अर्धन्यायिक निकायलाई संवैधानिक प्रत्याभूति दिइएको छ । धारा ११६ मा अझ थप व्यवस्था गरी अदालतलाई सहयोग गर्नुपर्ने शीर्षकमा गरिएको व्यवस्थाले अर्ध न्यायिक निकायको न्यायिक निर्णयले पनि सो प्रावधान अन्तर्गत वैधानिक शक्ति प्राप्त गर्न देखिन्छ । निवर्तमान नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९६ मा यस्तो व्यवस्था गरिएको थियो भने धारा ८५ (२) मा अर्धन्यायिक





निकायलाई सैद्धान्तिक स्वीकृति प्रदान गरेको थियो । स्थानीय स्वायत्त शासन ऐनमा नगरपालिका, गाविस र जिविसलाई स(साना प्रकृतिका न्यायिक विवाद छिन्न दिइएको अधिकार, स्थानीय प्रशासन ऐन अन्तर्गत प्रमुख जिल्ला अधिकारी, वन ऐन अन्तर्गत वन अधिकृत, भूमिसम्बन्धी ऐनअन्तर्गत भूमिसुधार अधिकारी, मालपोत अधिकृत, भन्सार अधिकृत, नापी अधिकृत, अन्तशुल्क अधिकृत लगायतका प्रशासनिक अधिकारीहरूमा कानुनले दिएको न्यायिक निर्णय गर्ने क्षेत्राधिकारलाई हामी अर्धन्यायिक निकायको कार्यको रूपमा हेर्दछौं जसको अन्तिम सुनुवाइ पुनरावेदन सुन्ने अधिकार अदालतमा सुरक्षित छ ।

यी प्रशासनिक अधिकारी कार्यालय बाहेक कतिपय अर्धन्यायिक कार्य सम्पादन गर्न न्यायिक प्रकृतिका (तर अदालत होइनन्) विशेषज्ञ सदस्ययी रहेका न्यायाधिकरणहरू गठन गर्ने प्रचलन पनि धेरै देशहरूमा छ । भारतमा प्रशासकीय न्यायाधिकरण ऐन, १९८५ ले तीन किसिमका अधिरणहरूको व्यवस्था गरेको पाइन्छ :

(क) Central Administrative Tribunal (CAT)

(ख) State Administrative Tribunal (SAT)

(ग) Joint Administrative Tribunal (JAT)

यिनीहरू अदालतकै प्रकृतिका हुने र संक्षिप्त वा विशेष कार्यविधि अपनाउने एवं न्यायिक अधिकारी (न्यायाधीश) समेतको उपस्थितिसमेत हुने गर्छ । नेपालको परिप्रेक्ष्यमा पनि विशेष अदालत ऐनअन्तर्गत स्थापित विशेष अदालतमा सबै सदस्य न्यायाधीशबाट चयन गरिने तथा विशेष प्रकृतिका (नेपाल सरकारले बेलाबेलामा तोकिदिएका) मुद्दाहरू मात्र हेर्ने, सो हेर्दा विशेष कार्यविधि अपनाउने भएकाले विशेष अदालतलाई अन्य न्यायाधिकरणभन्दा माथिल्लो श्रेणीमा राखेर हेर्ने गरिन्छ । विशेष अदालत बाहेक राजस्व न्यायाधिकरण, जसमा पुनरावेदन अदालतका एकजना न्यायाधीश अध्यक्ष रहने र राजस्व र लेखा सदस्य गरी तीन सदस्यीय गठन प्रणाली रहेको छ, पनि अर्को उहाहरण हो । बैंक तथा वित्तीय संस्थासम्बन्धी उजुरी सुन्न ऋण असुली पुनरावेदन न्यायाधीकरण (एक सदस्यीय) र ऋण असुली न्यायाधिकरण (तीन सदस्यीय) गठन भई हाल कार्यरत छन् । यसको अलवा प्रशासकीय अदालत, श्रम अदालतजस्ता अर्धन्यायिक निकायको अस्तित्व पनि थप सान्दर्भिक देखिन्छ । बेला-बेलामा अस्तित्वमा आउने भ्रष्टाचार नियन्त्रण शाही आयोग, जसको स्वरूप न्यायाधिकरण वा अर्धन्यायिक निकाय दुवैसँग मिल्दैनथ्यो

पनि हाम्रो न्यायिक इतिहासमा नमिठो याद दिलाउन सस्मरणमा आउने गर्दछ। बीमा समिति, कर फछ्र्यौट आयोग, बेलाबेलामा विभिन्न नाममा गठन हुने न्यायिक आयोगहरू, कम्पनी बोर्डजस्ता निकायहरू पनि यस्तै प्रकृतिका मिल्दाजुल्दा संगठनहरू हुन् । तर यिनीहरूको कार्य तथ्य पत्ता लगाई कारबाहीको सिफारिस गर्ने भएकाले अर्धन्यायिकभन्दा फरक मानिन्छन् ।

## अर्धन्यायिक निकाय र प्रेस

अर्धन्यायिक निकाय पनि अदालतकै शक्ति ग्रहण गरेको प्रशासनिक प्रकृतिको निकाय भएको कारण अदालती रिपोर्टिङका सन्दर्भमा यसको रिपोर्टिङ वा समाचार संकलन छुटाइयो भने पूर्ण रूपमा कार्य भएको मान्न सकिँदैन । अदालतमा जस्तै प्रवक्ताको रूपमा निश्चत पदाधिकारी नतोकिए पनि अर्धन्यायिक निकायमा काम गर्ने प्रमुख प्रशासनिक पदाधिकारी मार्फत पनि न्यायिक सूचना संकलन गर्न सकिन्छ । कतिपय अवस्थामा श्रेस्तेदार, तहसिलदार वा प्रशासकीय अधिकृतहरूले यसमा सहयोग पुऱ्याउने गर्दछन् । तर यस्ता अर्धन्यायिक निकायमा पदाधिकारीहरू कुन बेलासम्म प्रशासक हुने र कति बेला न्यायाधीश हुने भन्ने नछुट्टिने हुँदा प्रेसले स्वाभाविक असजिलो बेहोर्नुपर्ने गरेको छ । यस्ता निकायमा रिपोर्टिङ गर्नु अगाडि यिनीहरूको कार्यशैली, क्षेत्राधिकार, तत्सम्बन्धी कानुनी व्यवस्था, सांगठनिक संरचना, कार्यविधिलगायतका पक्षमा गहिरो ज्ञान राख्नु जरुरी हुन्छ । अन्यथा मुद्दा र रिटको फरक थाहा नभए जस्तो गलत रिपोर्टिङ हुन गएमा समाचारप्रति विश्वासनीयतामा कमी आउँछ । अदालत जस्तै न्यायिक निर्णय गर्ने भूमिका यिनले निर्वाह गर्ने भएकाले यसले गरेको निर्णय र सोको कार्यान्वयनमा पनि प्रेसले ठूलो प्रचार प्रसारजन्य समाचार वा त्यसमा देखिएका कमीकमजोरी औंल्याई सुधारमा सहयोग पुऱ्याउन सक्छ । अन्य विकसित मुलुकमा जस्तै नेपाली प्रेसको जिम्मेवार भूमिका पनि यसमा अपेक्षित गर्न सकिन्छ ।

## रिटको अवधारणा (Concept of Writs)

जर्मन कानुनको विकाससँगै रिटको उत्पत्ति र विकास भए पनि यसलाई बेलायती मौलिक अवधारणा मानिन्छ । ऐतिहासिक विकासक्रम हेर्ने हो भने





ई.सं. १०६६ देखि ११४४ को बीचमा रिटको अवधारणागत विकास भएको मानिन्छ । रिटले त्यसताका शाही इच्छा के रहेछ भन्ने संकेत गर्दथ्यो । तेह्रौं शताब्दीदेखि मात्र यसको व्यापक प्रचलन हुन थालेको हो । त्यस बखत राजाज्ञाबाट कुनै सम्पत्ति वा जमिन वा शाही पदाधिकारीहरूलाई नियुक्ति दिइँदा राजाद्वारा जारी गरिने आज्ञालाई रिट भन्ने गरिन्थ्यो । शासकीय वा राजकीय प्रयोजनमा रहेको रिटको प्रयोगलाई विस्तारै न्यायिक प्रयोजनका लागि जारी गर्न थालियो । पछि विश्वमा Common Law को प्रभाव फैलँदै जाँदा यसले विश्वव्यापी रूप ग्रहण गऱ्यो । राजाको व्यक्तिगत इच्छाको सट्टा अदालतबाट रिट जारी गरिने

प्रचलन शक्ति पृथकीकरणको सैद्धान्तिक प्रयोगपछि अथवा सत्रौं शताब्दीपछि सुरु भयो । बेलायतमा सुरुमा थुप्रै रिट थिए । तर पछि पाँच प्रकारका रिटहरू मात्र प्रचलनमा रहन थाले । सन् १९३८ मा न्याय प्रशासन (विविध व्यवस्था) ऐन लागू हुनुपूर्व यी रिटहरूलाई अदालतको विशिष्ट आदेशको रूपमा लिइन्थ्यो । हाल यस्ता रिटहरू बेलायती High Court of Justice को Queen's Bench Division ले जारी गर्ने क्षेत्राधिकार तोकिएको छ ।

नेपालमा प्रधान न्यायालय ऐन, २००८ लागू भएपछि दफा ३० मा प्रधान न्यायालयलाई नेपालभर बन्दीप्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, उत्प्रेषण जस्ता पूर्जिसमेत जारी गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था भयो, यो नै रिटको पहिलो कानुनी मान्यता थियो । सर्वोच्च अदालत स्थापना भएपछि २०१३ सालमा सर्वोच्च अदालत ऐनको दफा ११ मा सर्वोच्च अदालतलाई रिट जारी गर्ने असाधारण अधिकारक्षेत्र प्राप्त भयो । नेपालको संविधान २०१९ आएपछि धारा ७१ मा यो संविधानको व्यवस्थाको अधिकारमा रही भाग ३ द्वारा प्रदत्त हकका प्रचलनका लागि वा अन्य उपचारको व्यवस्था नगरिएको भए तत्काल प्रचलित अन्य कानुनद्वारा प्रदत्त हकको प्रचलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, उत्प्रेषणलगायत जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गर्ने अधिकार सर्वोच्च अदालतलाई हुनेछ भनिएको थियो ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) मा यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएको भएपनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनको लागि वा सार्वजनिक हक

वा सरोकारको विवादको समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरोपणको लागि आवश्यक वा उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवादको टुङ्गो लगाउने असाधारण अधिकारक्षेत्र सर्वोच्च अदालतलाई हुनेछ। सो प्रयोजनको लागि पूर्णरूपमा नगरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ। तर अधिकारक्षेत्रको अभाव भएकोमा वा व्यवस्थापिका/संसद्ले चलाएको विशेषाधिकारको कारबाही र तत्सम्बन्धमा तोकेको सजायमा यस उपधाराअन्तर्गत सर्वोच्च अदालतले हस्तक्षेप गर्नेछैन।

यसरी नेपालको अन्तरिम संविधानको व्यवस्थापूर्व नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) मा यसै किसिमको व्यवस्थालाई निरन्तरता दिइएको थियो।

### (क) रिट जारी हुने अवस्था

निम्न अवस्थामा सर्वोच्च अदालतले रिट निवेदन सुनुवाइ गर्न सक्नेछ :

(क) संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि
(ख) अर्को उपचारको व्यवस्था नभएको अवस्थामा
(ग) वैकल्पिक उपचारको व्यवस्था भए पनि सो अपर्याप्त वा प्रभावहीन भएको,
(घ) अन्य कुनै कानुनी हकको प्रचलनको लागि
(ङ) सार्वजनिक हक वा सरोकारको कुनै विवाद समावेश भएको,
(च) कुनै संवैधानिक वा कानुनी प्रश्नको निरूपणको लागि,

यदि माथिका अवस्था विद्यमान भएमा सर्वोच्च अदालतले आवश्यक वा उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवादको टुङ्गो लगाउने असाधारण अधिकारक्षेत्रको प्रयोग गर्छ।

### (ख) रिटका प्रकारहरू

सर्वोच्च अदालतले पाँच प्रकारका रिट जारी गर्नसक्ने अधिकार पाएको







छ। सो पाँच प्रकारका रिट निम्नानुसार छन्:

### (अ) बन्दीप्रत्यक्षीकरण (Habeas Corpus)

बन्दीलाई अदालत वा न्यायाधीशको समक्ष हाजिर गर भन्ने यसको शाब्दिक अर्थ हुन्छ। यो बन्दी स्वयम् वा उसको तर्फबाट कुनै अन्य व्यक्तिको निवेदनमा अदालतद्वारा गिरफ्तारीको वैधता र कारणको जाँच गरिने विशेषाधिकार सम्पन्न रिट हो। यस रिटबाट गिरफ्तार गरिएको व्यक्तिलाई अदालतका समक्ष उपस्थित गराई निजलाई किन गिरफ्तार गरिएको हो? जानकारी पाउन सक्दछ र गैरकानुनी देखेमा तुरुन्त मुक्त गर्न वा निजमाथि तुरुन्त कानुनअन्तर्गत मुद्दा चलाउन आदेश दिन सक्दछ। कुनै व्यक्तिको स्वतन्त्रतामा गैरकानुनी बन्देजहरू लगाइएको अवस्थामा यो रिट जारी हुन्छ। बन्दीप्रत्यक्षीकरणको रिट दिँदा कुनै प्रकारको दस्तुर लाग्दैन।

### (आ) परमादेश (Mandamus)

परम आदेश अर्थात परमादेश यो राजाको आदेशको अर्थ दिने रिट हो। उच्चस्तरीय अदालतबाट कुनै व्यक्ति, कर्पोरेसन वा मातहत वा तल्लो अड्डा वा अदालतको नाउमा जारी गरिन्छ। परमादेश प्रशासकीय वा न्यायिक अधिकारी वा निकायको विरुद्ध जारी हुन्छ। मौलिक अधिकारको संरक्षण गर्न, संवैधानिक परिस्थितिलाई स्थिर राख्न, सार्वजनिक कर्तव्य पालन गराउन, प्राकृतिक न्यायको सिद्धान्त र प्रतिकूल कानुनी त्रुटिबाट हुन गएको निर्णय/कारबाही बदर गर्ने नै परमादेशको उद्देश्य रहेको हुन्छ। सामान्यतया क्षेत्राधिकारको अभावमा वा क्षेत्राधिकारभन्दा बढी अधिकारको प्रयोग गरी वा निर्धारित कार्यविधिको पालना नगरेमा सो रिट जारी गरिन्छ। यसले भइसकेको निर्णय खारेज गर्दैन।

### (इ) उत्प्रेषण (Certiorary)

यसको उद्देश्य कुनै प्रशासनिक, अर्धन्यायिक वा तल्ला तहका न्यायिक निकायले आफ्नो कार्यसम्पादन गर्ने सिलसिलामा कुनै गैरकानुनी निर्णय गरेमा

त्यसलाई वदर गर्ने हो । सुरुमा यो गल्तीको रिटबाट चिनिन्थ्यो । अधिकारक्षेत्र नभई कार्य गरेको वा अधिकारक्षेत्रभन्दा बढी कार्य गरेमा, प्राकृतिक न्यायको सिद्धान्तको हनन् भएमा, मिसिलबाट प्रत्यक्ष गल्ती भएको देखिएमा जालसाजी भएको देखिएमा, मौलिक अधिकार वा अन्य कुनै संवैधानिक व्यवस्थाको हनन् भएमा यो रिट जारी हुन्छ ।

### (ई) **प्रतिषेध** (Prohibition)

माथिल्लो अदालतबाट तल्लो अदालतको न्यायाधीश वा कुनै मुद्दामा पक्ष वा पक्षहरूका नाउँमा जारी गरिने रिट हो । यसद्वारा कुनै मुद्दा पूर्पक्षको लागि मनाही गर्ने आदेश दिइन्छ । कुनै न्यायिक वा अर्धन्यायिक निकायले आफ्नो अधिकारक्षेत्र बाहिर गई काम गर्न लागेको देखिएकोमा सो रोक्न प्रतिषेधको आदेश जारी गरिन्छ ।

### (उ) **अधिकारपृच्छा** (Quo Warranto)

कुनै सार्वजनिक पदमा कुनै व्यक्तिले गैरकानुनी कब्जा गरेमा सोको कारणबाट कानुनी व्यक्तिले उक्त पद नपाएको वा जुन पदमा कानुनी रूपमा नियुक्त वा निर्वाचित भएको छ सो व्यक्तिलाई हटाई अनाधिकृत व्यक्तिलाई दिइएकोमा जारी हुन्छ । यसबाट गैरकानुनी व्यक्तिलाई सो पदबाट हटाउने आदेश जारी गरिन्छ । यो निजी अधिकारमा जारी नभई सार्वजनिक अधिकार संरक्षण गर्न जारी हुन्छ । सार्वजनिक हित नरहेको अधिकारको निम्ति अधिकारपृच्छा जारी हुँदैन । यो अदालतको स्वविवेकमा जारी हुने रिट हो ।

## **फिरादपत्र** (Complaint)

कानुनी कारबाहीका निम्ति मर्का परेको कुरा लेखी वादी भएर अदालतमा दिइएको रीतपूर्वकको कागज नालिसपत्र आदिलाई फिरादपत्र भनिन्छ । यो फारसी भाषाको “फरियाद” शब्दबाट आएको तद्भव शब्द हो । वसन्तकुमार शर्मा नेपालले फिरादपत्रलाई नालिसपत्र इजहार, नालिस वादीपत्र आदि नाम दिएका छन् । यसको अर्थ कसैलाई नालेस दिनु कोहीविरुद्ध मुद्दा दायर गर्नुहुन्छ ।





फिरादपत्र भनेको मौलिक अथवा सुरु याचिका हो, जसद्वारा संहिता वा देवानी कार्यविधिका नियमअन्तर्गत कार्य प्रारम्भ हुन्छ । यस्तो याचिका जसले मुक्तिको दाबी लिन्छ । त्यस्तो फिराद जुन मौलिक दाबी प्रतिवादी परस्पर वा तेस्रो पक्ष दाबीमा निम्न रहनेछन् :

१. भूमिकाको एक छोटो र सादा भनाइ, जसमाथि अदालतको क्षेत्राधिकार भरपर्छ अन्यथा अदालतसँग पहिल्यै क्षेत्राधिकार भएकोमा दाबीलाई समर्थन गर्ने नयाँ भूमिकाको क्षेत्राधिकार आवश्यक पर्दैन ।
२. याचकको उपचार पाउनको लागि आवद्ध भएको दाबी दर्शाउने एक छोटो र सादा भनाइ ।
३. उपचारको लागि निर्णयको माग, जसमा उसले आफैंलाई आबद्ध गरेको हुन्छ । यसमा बैंकल्पिक अथवा धेरै किसिमका उपचार मागिएको हुनसक्छ । एउटा याचिका जससँगै विपक्षीलाई क्षमादान दिनुपर्ने हुन्छ ।

कोर्टफि ऐन, २०१७ को दफा २(घ) मा “नालेस भन्नाले फिरादपत्रलाई जनाउँछ” भनी अत्यन्तै छोटो परिभाषा दिइएको छ ।

कुनै व्यक्तिको कानुनी हक अधिकारमा कसैले गैरकानुनी तरिकाले अघात पुऱ्याएमा हक अधिकारमा आघात पुग्ने व्यक्तिले न्यायिक उपचारको लागि सो विषयको सुरु मुद्दा हेर्ने अदालत आदि उल्लेख गरी दिइने लिखतलाई फिरादपत्र र व्यक्तिलाई वादी भनिन्छ ।

**फिरादपत्रलाई चार भागमा बााड्न सकिन्छः**

(क) सुरु दाबी (Original Claim)

(ख) प्रतिदावी (Counter Claim)

(ग) परस्पर दाबी (Cross-Claim)

(घ) तेस्रो पक्षको दाबी (Third Party Claim)

### (१) **फिरादमा हुनुपर्ने कुराहरू**

(क) अदालतको क्षेत्राधिकार खुलाउने छोटो र सामान्य पुष्ट्याइँ

(ख) याचकको न्याय पाउने आधार खुलेको भनाइ

(ग) फैसलाको माग

(घ) प्रतिवादीलाई समाह्वान पठाउने प्रक्रिया

(२) **फिरादपत्रका कानुनी सिद्धान्तहरू**

(क) यो न्यायिक उपचारको माग गर्ने लिखत हो ।

(ख) हकदैया पुग्नेले मात्र नालिस दिने अधिकार ग्रहण गर्छ ।

(ग) प्रतिवादीको परिचय खुलेको हुनुपर्ने ।

(घ) देवानी र फौजदारीमा छुट्टाछुट्टै निवेदन दिनुपर्ने ।

(ङ) पूर्ण उपचारको माग गरिएको हुनुपर्ने न कि रूप विचार गरी पटकेमा दाबी ।

(च) आवश्यक सबुद प्रमाण संलग्न हुनुपर्ने ।

(छ) यो व्यक्तिवादी फौजदारी मुद्दामा पनि दिइन्छ । सरकारवादी फौजदारी मुद्दामा अभियोगपत्र दिइन्छ ।

कार्यविधि कानुनले फिरादपत्रको ढाँचा तोकको पाइन्छ । जसको ढाँचा अ.वं ७६ नं र जिल्ला अदालत नियमावली, २०५२ को नियम १९ र अनुसूची ४ मा तोकिएको छ । जसअनुसार यसमा निम्न कुराहरू खुलाउनुपर्छ :

(क) वादीको नाम, थर, वतन र निजको बाबुको नाम ।

(ख) प्रतिवादीको र थाहा भएसम्मको निजको बाबुको नाम थर र वतन ।

(ग) अदालतको नाम ।

(घ) फिराद गर्नुपरेको व्यहोरा र वस्तुस्थिति ।

(ङ) कुन ऐनअन्तर्गत अदालतको अधिकारक्षेत्रअन्तर्गत पर्ने हो सो कुरा ।

(च) कोर्टफि, तिर्नुपर्नेमा बिगो खुलाई त्यसको आधारमा कानुनअनुसारको फि बुझाएको निस्सा ।

(छ) बिगो खुल्न नसकेकोमा कोर्टफिसम्बन्धी कानुनबमोजिमको बेहोरा ।

(ज) वादीको दाबी र सोसँग सम्बन्धीत कानुन ।

(झ) सम्बन्धीत प्रमाणहरू र





(ञ) कुन कार्यविधिअन्तर्गत कारबाही हुने हो भन्ने कुरा ।

फिरादपत्र सुरु मुद्दा हेर्ने अदालतमा दिइने पक्षको मौलिक दाबी हो । यसकै जगमा मुद्दाको सम्पूर्ण वनावट आधारित हुन्छ । यदि फिरादमा सम्पूर्ण कुरा नखुलाएमा वा छुटेमा पछि खण्डे माग दावी लिए बांकी कुरामा न्याय पाउन सकिदैन । तसर्थ फिराद संक्षिप्त, स्पष्ट पूर्ण र दाबी खुलेको हुनुपर्छ । फिराद दिने पक्ष नै पहिले अदालतको ढोका गुहार्न पुग्ने भएको हुनाले उसले चाहिने प्रमाणहरू पुऱ्याउने भार आफैंमा ग्रहण गरेको हुन्छ । जसलाई फिरादपत्रको प्रमाण खण्डमा व्यक्त गरिएको हुन्छ । फिराद लेख्नु पनि एउटा सिद्धहस्त कानुन व्यवसायीको कला हो जसको आकर्षण अन्तिम किनारा नलागुन्जेलसम्म कायम रहन्छ । खासगरी देवानी प्रकृतिको र व्यक्तिवादी हुने यसको चिनारी हो तर पनि अवस्थाअनुसार यसको परिभाषामा केही फेरबदल हुन सक्छ ।

एउटा सफल संवाददाताले अदालती रिपोर्टिङ गर्दा फिरादपत्रसँग सम्बन्धीत सामान्य जानकारी राख्न सकेमा त्यसबाट उसको कार्यमा थप निख्खार आउने देखिन्छ ।

## अभियोगपत्र (Charge Sheet)

कसैलाई सम्बन्धीत कार्यालयबाट कुनै अभियोग लगाई जनाउ दिएको वा लेखिएको पत्रलाई अभियोगपत्र भनिन्छ । फौजदारी कानुनमा अधिकार प्राप्त मेजिष्ट्रेट समक्ष पेस भएको एक आरोप, जसमा उल्लेखित अपराध गरेको कुरा तथ्य प्रमाणित हुनसक्ने अनुरोधलाई अभियोजनको अन्त्यसम्म संगठित गरिएको हुन्छ । त्यो अभियोग पीडित, प्रहरी अधिकृत, जिल्ला न्यायाधिवक्ता अथवा सम्बन्धीत पक्षद्वारा फिर्ता लिन सकिन्छ । अभियोगले अपराधको आक्षेप लगाएको जानकारी वा दोष औपचारिक कागजबाट दिन्छ ।

**(क) अभियोगपत्रमा हुनुपर्ने विशेषताहरू**

- यो फौजदारी मुद्दाको अनुसन्धानको अन्तिम चरण हो र फौजदारी अपराधमा मात्र दायर गरिन्छ ।
- सरकारी अभियोक्ता मार्फत दायर हुन्छ ।

- मेजिष्ट्रेट वा जिल्ला न्यायाधीश समक्ष पेस हुन्छ ।
- क्षेत्राधिकार भएको अदालतमा मात्र दायर गरिन्छ ।
- अपराधको बेहोरा र अपराधीको नाम उल्लेखित हुन्छ ।
- आरोप प्रमाणित गर्न सक्नेसम्मको प्रमाण पेस गरिएको हुन्छ ।
- अभियोजनको उद्देश्य दोष प्रमाणित गर्नुमात्र नभई न्यायदिनु पनि हो ।
- प्रत्यक्ष प्रमाण पेस गरिन्छ ।

तहकिकात वा अन्य सबुद प्रमाण संकलन गरी त्यसैको आधारमा र सबै वा केही अभियुक्तउपर आवश्यक प्रमाणसहित सजायको माग दाबी गरी सक्षम अदालतमा सरकारी वकिलमार्फत मुद्दा दायर गरिने प्रकृया अभियोगपत्र हो । यसमा मुख्य ३ खण्डहरू हुन्छन् । ती निम्न छन् :

(क) मुद्दाको व्यहोरा खण्ड

(ख) अभियोग खण्ड

(ग) सबुद प्रमाण खण्ड

**(ख) अभियोगपत्रमा खुलाउनुपर्ने कुराहरू**

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १८ मा यसको उल्लेख गरिएको छ । अभियोगपत्रमा निम्न कुराहरू खुलाउनुपर्छ : जसअनुसार :

(क) अभियुक्तको पूरा नाम थर वतन

(ख) अपराधसम्बन्धी सूचनाको व्यहोरा

(ग) अपराधसम्बन्धी सूचनाको विवरण

(घ) अभियुक्तउपर लगाइएको अभियोग र तत्तसम्बन्धी प्रमाण

(ङ) सम्बन्धीत कानुन

(च) हुनुपर्ने सजाय

(छ) क्षतिपूर्ति

(ज) अनुसन्धानको क्रममा कब्जामा लिइएको सामान फिर्ता वा जफतसम्बन्धी कुरा





(झ) पटके भएमा बढी सजायको माग

(ञ) अन्य आवश्यक कुराहरू

**(ग) अभियोगपत्रसम्बन्धी आधारभूत सिद्धान्तहरू**

अभियोगपत्र फौजदारी मुद्दाको सुरु कारबाही हो । यसको अभियोजनमा निम्न फौजदारी कानुनका सिद्धान्तको पालना गर्नुपर्छ :

(क) अपराध गरेको तथ्य स्थापित नभइकन कसैउपर पनि अभियोजन लगाउन सकिँदैन ।

(ख) अभियुक्तलाई शंकाको सुविधा हुन्छ ।

(ग) पाश्चातदर्शी (भूतप्रभावी) असर हुने कानुन लगाइनु हुँदैन ।

(घ) अभियुक्तको व्यक्तिगत स्वतन्त्रताको सिद्धान्त पालना गरिनुपर्छ ।

(ङ) अपराधीसंगै अपराध पनि मर्ने भएकोले मृत्युपश्च्यात फौजदारी अभियोजनबाट मुक्ति हुन्छ ।

(च) दोहोरो खतराको सिद्धान्त पालना गरिनुपर्छ ।

(छ) आफ्नोविरुद्ध साक्षी हुन कर नलगाइने ।

(ज) कानुन व्यवसायीसँग सल्लाह माग्ने अधिकार सुरक्षित रहनुपर्छ ।

(झ) पूर्पक्षको अधिकार ।

(ञ) अभियोगको बारेमा जानकारी पाउने अधिकार अभियुक्तमा सुरक्षित रहन्छ ।

अभियोगपत्र सुरु तहको न्यायाधिकारी समक्ष राज्यले पेस गर्ने औपचारिक आरोप पत्र हो जसको प्रमाणित गर्ने भार अभियोजन पक्षको रहन्छ । यसको दायरी पछि फौजदारी मुद्दाको औपचारिक सुरुआत हुन्छ । राज्यमा कानुन र न्याय व्यवस्था कायम राख्ने सिलसिलामा सरकारले यसको प्रयोग गर्छ । यो प्रजातान्त्रिक सरकार र कानुनको शासनको परिचायक हो । स्वतन्त्र अदालत समक्ष आरोप लगाई स्वतन्त्र प्रमाणद्वारा पुष्टि गरी भएको निर्णयबमोजिम मात्र सजाय गरिने परिपाटीअन्तर्गत अभियोगपत्र दायर गरिन्छ । कानुनका सर्वमान्य सिद्धान्तहरू यसमाअनुसरण गरिन्छन् ।

## **पुनरावेदनपत्र** (Appeal)

पुन ं आवेदन दुई शब्दहरू समास भई पुनरावेदन बनेको हो । जसको अर्थ हुन्छ(पुनः आवेदन गर्नू । तल्लो अदालतबाट हार्नेले पुनः विचार गरियोस् भनी माथिल्लो अड्डामा दिने निवेदन पुनरावेदन हो । एकपटक सक्षम अदालतमा आवेदन गरी त्यसको कानुनबमोजिम अन्तिम किनारा लागेपछि पुन त्यसै विषयमा त्यसभन्दा माथिल्लो तहको वा बढी अधिकार प्राप्त अदालत समक्ष आवेदन गर्नु पुनरावेदन हो । यसमा हार्ने पक्षले माथिल्लो तहको अदालत समक्ष आवेदन गर्दछ । तल्लो तहको अदालतको फैसला उल्टाइपाउन वा सच्याउन त्यस्तो पुनरावेदन गरिन्छ । अर्थात तल्लो निकायले गरेको निर्णय माथि पुनर्विचार गर्नको लागि माथिल्लो अदालत वा निकायसमक्ष दिइने निवेदन वा मुद्दालाई पुनरावेदन भनिन्छ ।

अख्तियारप्राप्त व्यक्ति वा अदालत समक्ष निर्णय वा फैसला परिवर्तन हुनुपर्छ भनी दिइएको औपचारिक अनुरोध पुनरावेदन हो । तल्लो सुरु अदालत वा प्रशासकीय निकायको निर्णयमाथि पुनर्विचार गर्नको लागि माथिल्लो पुनरावेदन अदालतसमक्ष लिइने आश्रय पुनरावेदन हो । तल्लो न्यायाधिकरणद्वारा गरिएका अन्याय वा गल्तीउपर माथिल्लो न्यायाधिकरणसँग गरिने सिकायत जहाँ त्यस्तो गल्ती र अन्याय सच्याउन वा उल्ट्याउन खोजिन्छ- लाई पुनरावेदन भनिन्छ ।

### (क) **पुनरावेदनका विशेषताहरू**

- यो औपचारिक अनुरोध पत्र हो ।
- अदालत वा अन्य उच्चस्तरको न्यायिक निकायमा दिइन्छ ।
- तल्लो तहको निर्णय बदल्नको लागि दिइन्छ ।
- माथिल्लो अदालतमा निर्णय पुनरावेदनको माग हुन्छ ।
- निर्णयमा भएको अन्याय वा गल्ती सच्याउन दिइन्छ ।
- हार्ने वा चित्त नबुझ्ने पक्षले दायर गर्छ ।
- यसमा कानुन र तथ्य दुवै प्रश्नउपर विचार गरिन्छ ।
- मौलिक अधिकार नभइकन ऐनद्वारा दिइएको अधिकार पुनरावेदन हो ।





- पुनरावेदकीय अधिकार न्यायपालिकाको स्वतन्त्रताको संकेत हो ।
- ईश्वरीय शक्तिमा मात्र गल्तीको अभाव हुने र मानवीय गल्ती हुने भएकाले सो सच्याउन दिइन्छ ।
- ऐनले पुनरावेदन गर्न वञ्चित नगरेसम्म यो अधिकार कायमै रहन्छ ।

### (ख) **पुनरावेदनका तहहरू**

पुनरावेदनलाई पनि अदालतको सक्षमता हेरी तहगत रूपमा विभाजन गर्न सकिन्छ :

**(क) सुरु पुनरावेदनः** सुरु अदालत वा न्यायिक निकायले गरेको निर्णयको विरुद्ध सुरु पुनरावेदन दिइन्छ ।

**(ख) दोस्रो पुनरावेदनः** एकतह पुनरावेदन दिएपछि त्यसबाट हुने निर्णय हार्ने पक्षको लागि सामान्यतया अन्तिम हुने भएकाले दोहोऱ्याई पाऊँ वा पुनरावलोकन परिपाऊँ भन्ने निवेदन यसैमा पर्छन् ।

**(ग) दोहोरो पुनरावेदनः** दुवै पक्षद्वारा दायर गरिने पुनरावेदन यसमा पर्दछ । अदालतको फैसलामा कहिलेकाहीं दुवै पक्षको चित्त नबुझ्न सक्छ, त्यस्तो अवस्थामा दोहोरो पुनरावेदन पर्दछ ।

### (ग) **पुनरावेदनको महत्व**

अवश्य पनि पुनरावेदनको सुविधा दिइनु मुद्दाको समय बढाइनु हो । छिटोछरितो न्यायको बाटोमा यसले बिलम्वता ल्याउने भए पनि पूर्णन्यायको मार्गमा यो अपरिहार्य छ । यसलाई उचित मान्न निम्न तर्क दिने गरिन्छ :

(क) पूर्ण न्याय प्राप्तिको लागि
(ख) कानुनी राज्यको प्रत्याभूतिको लागि
(ग) अदालतको तहगत संरचनाको परीक्षण गर्न
(घ) जनविश्वास जित्न
(ङ) मानवीय गल्ती सुधार्न ।

सरकारको दक्षताको परीक्षण गर्ने उत्तम उपाय त्यसको न्याय प्रणालीको

दक्षता भन्दा अर्को छैन । न्यायपालिका पनि राज्यकै अंग भएकाले सरकारको कल्याणकारिताको परीक्षणको लागि पनि पुनरावेदकीय पद्धति आवश्यक छ ।

**(घ) पुनरावेदनका तत्वहरू**

पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३९ मा पुनरावेदनमा खुलाउनु पर्ने कुराहरू दिइएको छ । जसअनुसार :

(क) जुन फैसलामा आफ्नो चित्त बुझ्केको छैन सो फैसला गर्ने अदालतको नाम खुलेको हुनुपर्ने ।
(ख) सुरु मुद्दामा वादी वा प्रतिवादी भएको कुरा खुलाउनुपर्ने ।
(ग) मुद्दाको नाम
(घ) फैसला भएको मिति
(ङ) विगो उल्लेख भए सो कुरा
(च) चित्त नबुझ्केका र माग गरेका कुराहरू
(छ) पहिले पुनरावेदन परे नपरेको
(ज) कुन कानुनअन्तर्गत पुनरावेदन परेको हो सो कुरा
(झ) दण्ड जरिवाना, विगो बुझाएको / नबुझाएको
(ञ) हदम्याद
(ट) कुन इजलासको अधिकार क्षेत्र हो सो खुलाउने ।

पुनरावेदनका ढाँचाहरू पुनरावेदन अदालत नियमावली, २०४८ को अनुसूची-३, सर्वोच्च अदालत नियमावली, २०४९ को अनुसूची-२, राजस्व न्यायाधिकरण नियमावली, २०३० को अनुसूची-२ र मुलुकी ऐन अ.वं १९६ मा पनि दिइएको छ ।

## हदम्याद (Limitation)

कुनै कामकुरो गर्न तोकिएको अवधि, निर्धारित समय वा मुद्दा गर्ने आखिरी म्यादलाई हदम्याद भनिन्छ । कानुनी कारबाही अगाडि बढाउनको निमित्त दिइएको वा तोकिएको समय सीमालाई नै हदम्याद भनिन्छ, जसको





समाप्तिपछि कानुनी अधिकार निष्प्रयोजनीय हुन्छ वा उपचारको दाबी गर्न सकिँदैन ।

सम्पत्ति वा जेथामाथि लगाइएको होसियारी वा बन्देजलाई हदम्याद भनिन्छ । मुद्दा गर्न कानुनद्वारा छुट्याइएको निश्चित समय यसअन्तर्गत आउंछ । पक्षद्वारा अभिव्यक्त शबदहरू विद्यमान कानुनद्वारा लगाइएको सीमा बन्देज, सम्पत्ति उपभोग गर्न दिइएको समयको निरन्तरता माथि घेराबन्दी र सकारात्मक र निश्चित शब्दावलीहरू वा कुनै कुरामा प्रसङ्गद्वारा लगाइएको बन्देज जुन सम्भावित रूपमा घट्न सक्दछ पनि हदम्याद हो । समय उपभोग गर्ने समाप्तिको समयावधि निर्माण हदम्याद मानिन्छ । यसअनुसार हदम्यादलाई बुँदागत रूपमा निम्न तरिकाले व्यक्त गर्न सकिन्छ :

(क) यो सम्पत्ति वा जेथामाथि लगाइएको बन्देज हो ।
(ख) मुद्दा गर्न कानुनद्वारा छुट्याइएको निश्चित समयावधि हो ।
(ग) यो पक्षहरूद्वारा वा कानुनद्वारा अभिव्यक्त हुन्छ ।
(घ) संभावित रूपमा घट्न सक्ने प्रसङ्गमाथि पनि यो भरपर्छ
(ङ) सम्पत्ति उपभोग गर्ने समयको निरन्तरता माथिको घेराबन्दी हो ।
(च) समय उपभोग गर्ने समयावधि निर्माण हो ।

**(क) हदम्याद निम्न कुरामा आधारित हुन्छ**

(क) प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural Justice)
(ख) समन्यायको सिद्धान्त् (Principle of Equity)
(ग) सार्वजनिक नीति (Public Policy)
(घ) स्थायी खतराको सिद्धान्त (Principle of Permanent Jeopardy)
(ङ) चीर भोगाधिकारको सिद्धान्त (Principle of Prescription)

**(ख) हदम्यादको आवश्यकता**

कानुनमा हरेक कुराको पछाडि कुनै न कुनै औचित्यता हुन्छ । तर्क र औचित्यताविहीन कुराले कुनै महत्व राख्दैन । हदम्यादको सिद्धान्त पछाडिको

औचित्यता निम्न छन् :

(क) थाहा पाउने व्यक्तिको स्मरणशक्तिमा ह्रास आउन सक्छ ।

(ख) ढिलो मुद्दा दायर गर्दा सबुद प्रमाण नाश हुन सक्छ ।

(ग) सधैं मुद्दा पर्ने खतरा टार्न ।

(घ) यसको उद्देश्य दीर्घ स्वामित्व सिर्जना गर्नु र ढिलो दाबी लाई समाप्त पार्नु हो ।

(ङ) यो भविष्य प्रभावी प्रकृतिको हुन्छ ।

(च) पक्षहरूको सहमतिले हदम्याद घटाउन, परित्याग गर्न बढाउन नसकिने भएकोले कानुनमै व्यवस्था गरिएको हुन्छ ।

**(ग) हदम्यादको इतिहास**

हदम्याद पहिले धर्मशास्त्रअनुसार निर्देशित हुँदै आएको थियो । यसले हिन्दू विधिशास्त्रसँग नजिकको सम्बन्ध राख्दछ । आधुनिक कालमा विधिशास्त्रको चीरभोगसँग सान्निध्यता रहन्छ । सन् १४१४ मा रोमन बादशाह थियोडोसिसद्वारा प्रचलनमा ल्याइएको हो ऐनको रूपमा अंग्रेजी हदम्याद कानुन (English Limitation Act, 1939) पहिलो मानिन्छ । भारतमा १८५९ मा आएको पाइन्छ । नेपालमा १९१० को Limitation Act मुलुकी ऐनअघि संहिताबद्ध रूपमा स्पष्ट हदम्यादसम्बन्धी कानुन थिएन । हालसम्म पनि छुट्टै हदम्यादसम्बन्धी कानुन बन्न सकेको छैन ।

हदम्याद कार्यकारण परेको दिनबाट गणना गरिन्छ । यसको पछाडिको प्रमुख सिद्धान्त भनेको कानुनी अशक्तता Doctrine of Legal Disability को सिद्धान्त हो ।

हदम्यादको प्रश्न वादीले मुद्दा लिएर न्यायको लागि प्रवेश गर्दा र प्रतिवादीले प्रतिवाद गर्दाकै वखत उठाउनुपर्छ, अथवा पछाडि यसको अवसर पक्षलाई नमिल्न सक्छ । हदम्याद कानुनको सृजना भएकोले कानुनले तोकेको समयको सुरुदेखि अन्तसम्म गणना गरिन्छ । विलम्ब र हदम्यादमा फरक तत्वहरू रहेका पाइन्छन् । विधायिकाले कानुन बनाएर यसको सृजना गर्ने भएकाले यो कानुनी अधिकार हो जसलाई अर्को कानुनले संशोधन गर्न सकिन्छ ।





**प्राङ्गन्याय** (Res Judicata)

कुनै वादी प्रतिवादीका बीचमा परेको मुद्दाको निर्णय भइसकेपछि सोही अदालतमा तिनै वादी प्रतिवादीका बीचमा पुनः नया मुद्दा पर्न गएमा अदालतले दिएको पहिलो निर्णयलाई सामान्य भाषामा संवोधन गर्दा प्राङ्गन्याय भनिन्छ । एक पटक सक्षम अदालतद्वारा सुनुवाइ गरिसकिएको र उही पक्षहरूद्वारा पुनः अगाडि बढ्न नसकिने भनिएको छ । यसको औचित्यमा दुई तत्वहरू उल्लेख गरिन्छ:

(क) एकपटक सक्षम अदालतद्वारा सुनुवाइ गरिएको

(ख) उही पक्षहरूद्वारा पुनः अगाडि कारबाही बढाउन नसकिने ।

कानुनी शब्दकोषमा प्राङ्गन्यायलाई निर्णय गरिसकिएको विषय, निर्णयद्वारा समाधान गरिसकिएको विषय, विषयमा सक्षम अदालतद्वारा क्षेत्राधिकार ग्रहण गरी दिइएको निर्णय, जुन अन्तिम हुन्छ भनिएको छ । पक्षहरूको अधिकारको सन्दर्भमा र तिनीहरूका सम्बन्धीतहरूका लागि तिनीहरूका पक्षहरूको अधिकारको सन्दर्भमा र तिनीहरूको लागि त्यही कार्यकारण र उही दाबीमा उचित बन्देज लगाउने कार्य प्राङ्गन्याय हो । जसअनुसार प्राङ्गन्यायअन्तर्गत निम्न कुरा पर्छन् :

(क) अदालतद्वारा समाधान गरिसकिएको विषय

(ख) सक्षम तथा क्षेत्राधिकार भएको अदालत

(ग) पक्षहरूको अधिकारको सन्दर्भमा

(घ) त्यही कार्यकारण माग र दाबीमा पुनः मुद्दा गर्न पूर्ण बन्देज

कार्यकारणको पहिचान साथै वस्तुहरूको पहिचान खोज्न कार्यरत व्यक्तिहरू र पक्षहरू कार्यदावी गरिएका व्यक्तिहरूको गुणको लागि प्रयोग हुने । यो सम्पूर्ण नियमको विषय र जोड एकपटक निर्णय भइसकेको सदाको लागि निर्णय हो । यसलाई विवन्धनको समानान्तर सिद्धान्त (Collateral Estoppel Doctrine) अन्तिम निर्णय नियम (Final Decision Rule) र विवादको रुकावट (Issue Preclusion) पनि भनिन्छ ।

**(१) प्राङ्गन्यायका सिद्धान्तहरू**

यो रोमन शब्द हो । यसको अर्थ एक पटक निर्णीत विषय विवादको

स्थायी समाधान भन्ने नै हो । यसका मुख्य सिद्धान्तहरू निम्न छन्:

(क) कोही पनि उही कारणमा दुईपटक खतरामा पर्नुहुँदैन ।

(ख) जनकल्याणको सिद्धान्त

(ग) सामाजिक सुरक्षाको सिद्धान्त

(घ) प्राङ्गन्याय कार्यविधिको प्रश्न हो भन्ने विवन्धन प्रमाणको पक्ष हो ।

(२) **प्राङ्गन्यायका तत्वहरू**

(क) विवादको विषय एउटै

(ख) कार्यकारण एउटै

(ग) मुद्दाका पक्षहरू एउटै यसअन्तर्गत खास पक्षहरू र आवश्यक पक्षहरू पर्छन् ।

(घ) सक्षम अदालत

(ङ) सुनी अन्तिम निर्णय भइसकेको विषय हुनुपर्ने ।

एउटा मुद्दा र एउटा निर्णय कुनै पनि विवादको लागि पर्याप्त हुन्छ । पुर्पक्षमा एकचोटी ल्याइएको विषय पुनरावेदनको बाटोबाट बाहेक पुनः पुर्पक्षमा राखिनु हुँदैन भन्ने कुरा नै यसको लागि उल्लेख गरिएको पाइन्छ ।

नेपालको सन्दर्भमा हेर्दा अ.वं ८५ नं मा अड्डामा मुद्दा परी फैसला भएपछि सो फैसलाउपर ऐन बमोजिमको पुनरावेदन नभई सोही मुद्दामा उसै झगडियाका नाउँको फिरादपत्र लिइ सुन्नु हुँदैन, लिएको भए पनि खारेज गरिदिनुपर्छ भन्ने व्यवस्था गरिएको छ । अ.वं ८२ र ८३ पनि हकदैयाको प्रश्न भएकाले यसैसँग सम्बन्धीत छन् । नेपाल अन्तरिम संविधान, २०६३ को धारा २४(६) मा कुनै पनि व्यक्तिविरुद्ध अदालतमा एकै कसुरमा एकपटक भन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन भन्ने उल्लेख गरी दोहोरो खतराको सिद्धान्त फौजदारी न्यायको परिप्रेक्ष्यमा उल्लेखित छ भने प्राङ्गन्याय समान अवस्थामा देवानी मुद्दामा आकर्षित हुने विश्वव्यापी मान्यता ग्रहण गरेको न्यायको सिद्धान्त हो ।





# अदालतको कार्यक्षेत्र

कुनै पनि विवादले विधिवत रूपमा अदालत प्रवेश गर्ने दुईवटा मार्ग हुन्छन् । पहिलो साधारण क्षेत्राधिकारको मार्ग र दोस्रो असाधारण अधिकारक्षेत्रअन्तर्गत, पहिलो क्षेत्राधिकारअन्तर्गत फिरादपत्र वा अभियोगपत्रमार्फत अदालतमा दर्ता हुन आउने फौजदारी र देवानी मुद्दाहरू पर्छन् भन्ने दोस्रोमा रिट क्षेत्राधिकारअन्तर्गत पर्न आउने मौलिक अधिकारसम्बन्धी र सार्वजनिक सरोकारका विवादहरू पर्न आउँछन् । यी दुवैथरी विवाद समाधान गर्न अदालतले फरक-फरक कार्यविधि अपनाउँछ । पहिलो विवाद तहतह हुँदै सर्वोच्च अदालतसम्म आइपुग्दा निकै समय व्यतित भइसकेको हुन्छ भने दोस्रोमा सीधै सर्वोच्च अदालतको ढोका ढक्ढक्याउन आउने कानुनी एवं संवैधानिक व्यवस्था गरिएको हुन्छ । विवादको संवेदनशिलता वा वैकल्पिक उपचारको व्यवस्थाको अभावको कारण असाधारण अधिकारक्षेत्र गुहार्ने यस्ता विवादहरू खासगरी मौलिक हक र नागरिक स्वतन्त्रताअन्तर्गत पर्न आउने देखिन्छन् ।

सर्वोच्च अदालतको साधारण क्षेत्राधिकारअन्तर्गत चार तरिकाबाट मुद्दाहरू हेरिन्छन् :

(क) मुद्दाको सुरु कारबाही र किनारा गर्ने,

(ख) पुनरावेदन सुन्ने

(ग) सर्वोच्च अदालतबाट भएको अन्तिम फैसलाको पुनरावलोकन गर्ने र

(घ) पुनरावेदन अदालतबाट अन्तिम फैसला भएको मुद्दा दोहोऱ्याई हेर्ने

यसैगरी असाधारण अधिकारक्षेत्रअन्तर्गत तीन किसिमका पद्धति

प्रचलनमा छन् :

(क) न्यायिक पुनरावलोकनको क्षेत्राधिकार,

(ख) रिट क्षेत्राधिकार,

(ग) सार्वजनिक सरोकारको विवादको सुनुवाइ गर्ने क्षेत्राधिकार,

## सार्वजनिक विवादको सुनुवाइ गर्ने क्षेत्राधिकार

अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) मा यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको वा अन्य कुनै कानुनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवाद समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरुपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवादको टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ । सो प्रयोजनको लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ भन्ने प्रावधान समावेश भएकोले पनि यससम्बन्धी चर्चा सान्दर्भिक छ। हुनतः यस्तै व्यवस्था यसअघिको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ (२) मा पनि गरिएको थियो । सार्वजनिक सरोकारका विवाद निहित भएका धेरै मुद्दामा सर्वोच्च अदालतले आदेश जारी गरिसकेको पाइन्छ ।

परम्परागत कानुनी मान्यताअनुसार कुनै गैरकानुनी क्रियाबाट प्रत्यक्ष रूपमा पीडित वा प्रभावित भएको व्यक्तिलाई मात्र नालिस वा उजुरी गर्ने र निवेदन दिने अधिकार हुनु वा कुनै कुरामा दाबी लिने अधिकार हुनुपर्ने हो । यसलाई हकदैयाको सिद्धान्त भनिन्छ । विश्वव्यापी रूपमा स्वीकारिएको हकदैयाको यस सिद्धान्तलाई हाल आएर सार्वजनिक सरोकारका विवाद र न्यायिक सक्रियताको धारणाले उदार व्याख्या गरेका छन् । यसबाट हकदैयाको परम्परागत सीमा लचिलो भई यसको क्षेत्र विस्तृत हुन पुगेको छ । सार्वजनिक सरोकारको विवादमा जो कोहीले पनि सक्षम अदालत समक्ष नालेस गर्न सक्दछ र त्यो विवादमा अदालतले नालेस वा उजुरी गर्ने वा दाबी प्रस्तुत गर्ने अधिकार सम्बन्धीत व्यक्तिमा भए नभएको कुरामा मात्र सीमित नरही तथ्यमा प्रवेश गरी विवादको न्यायिक समाधान गर्दछ ।

एक व्यक्ति वा समूहले मात्र सम्बद्ध कारबाहीबाट प्रत्यक्ष फाइदा पाउँछ भने त्यो निजी सरोकार एचषखबतभ क्ष्लतभचभकत र त्यस्तो कारबाहीबाट त्यस्तो कार्य गर्ने व्यक्ति वा समूहभन्दा पनि व्यापक रूपमा अन्य समूह वा व्यक्तिहरूले प्रत्यक्ष लाभ पाउँछन् भने त्यस्तो स्थितिलाई सार्वजनिक सरोकार भन्न सकिन्छ। २०४३ सालमा मुलुकी ऐन अदालती बन्दोवस्तको १० ं मा भएको संशोधन अनुसार सरकारवादी हुने मुद्दा बाहेक मुद्दाको विषय वा प्रकृतिबाट सरकार वा सार्वजनिक सरोकार वा हित निहित रहेका मुद्दामा सरकार वा अदालतको अनुमति लिई जो कोहीले मुद्दा दायर गर्न सक्ने कानुनी व्यवस्था भए पनि त्यो व्यवहारमा लागू हुन सकेन। २०४७ सालको संविधानमै यसको व्यवस्था गरी असाधारण अधिकारक्षेत्रअन्तर्गत मार्ग प्रशस्त गरिदिएपछि नेपालमा यसको प्रयोगमा व्यापकता आएको हो ।

सन् ६० को दशकमा अमेरिकामा सक्रिय कानुन व्यवसायीहरूद्वारा यदि राज्यको कुनै कार्यद्वारा कसैको संवैधानिक वा कानुनी हकमा अनुचित बन्देज हुन गएको छ, जसबाट समाजमा सामाजिक, आर्थिक र राजनीतिक रूपमा पिछडिएको वर्ग, सम्मानजनक तवरबाट बाँच्न पाउने अधिकारबाट वञ्चित भएका छन् र उपचारको लागि अदालतको ढोकासम्म पुग्ने क्षमता राख्दैनन् र जहाँ गरिबी र असहायपन व्याप्त छ त्यस्ताको प्रतिनिधित्व गरी सार्वजनिक हितको लागि कुनै पनि व्यक्तिले रिट निवेदनद्वारा सबैको प्रतिनिधित्व गरी न्याय दिलाउने अभियानद्वारा सुरु भएको हो। यही अवधारणापछि आएर भारतमा सामाजिक कार्यका मुद्दा Social Action Litigation तथा वर्गीय कार्यको विषय Class Interest Litigation हुदै विस्तारै सार्वजनिक सरोकारका विवादमा रूपान्तरित हुँदै आएको पाइन्छ। नेपालमा पनि विधिवत रूपमा नेपालको संविधान, २०१९ को धारा ७१ म असाधारण अधिकारक्षेत्र प्रयोग गरी सर्वोच्च अदालतले मौलिक हकको प्रत्याभूति गराउने अधिकार दिइए पनि त्यस्को प्रभावकारी अभ्यास हुन सकेको थिएन ।

अधिवक्ता राधेश्याम अधिकारीविरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत भएको

सम्वत २०४७ सालको रिट नं ९८९ (सर्वोच्च अदालतबाट प्रकाशित संवैधानिक कानुनसम्बन्धी केही महत्वपूर्ण नजिरहरू, पृष्ठ ३२०) मा तत्कालीन प्रधानन्यायाधीश श्री विश्वनाथ उपाध्यायसहितको पूर्ण इजलासले सार्वजनिक सरोकारसम्बन्धी विवादको पहिलोपटक आधिकारिक व्याख्या गरेको छ। जसअनुसार सार्वजनिक हक वा सरोकारको विवाद भन्नाले खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारमा मात्र सीमित भएको विवाद नभएर नेपाल अधिराज्यका सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धीत भएको विषय बोध हुने भनी परिभाषा गरिएको छ। कुनै विवाद सार्वजनिक हक वा सरोकारको हो वा होइन भन्ने कुराको निर्णय सर्वसाधारण जनताको वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धीत छ वा कुनै खास व्यक्ति वा व्यक्तिहरूको हक वा सरोकारसँग सम्बन्धीत छ भन्ने आधारमा गर्नुपर्ने भनी अगाडि भनिएको छ। सार्वजनिक विवादको विषयवस्तुसँग निवेदकको सार्थक सम्बन्ध (Meaningful Relation) र तात्विक सरोकार (Substantial Interest) भई सार्वजनिक हक वा सरोकारसँग सम्बन्धीत जनसाधारणको प्रतिनिधित्व सहीरूपमा गर्न सक्नुपर्ने भनी व्याख्या गरिएको पाइन्छ।

तत्पश्च्यात अधिवक्ता वालकृष्ण न्यौपानेविरुद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला भएको टनकपुर मुद्दा, अधिवक्ता गोपाल सिवाकोटी वि. प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला भएको अरूण तेस्रोसम्बन्धी मुद्दा, हरिप्रसाद नेपालविरुद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइाराला भएको प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दा, अधिवक्ता रविराज भण्डारीविरुद्ध प्रधानमन्त्री मनमोहन अधिकारी भएको प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दा, अधिवक्ता सूर्यप्रसाद ढुंगेलविरुद्ध गोदावरी मार्वल इन्डष्ट्रिजसमेत भएको वातावरणीय अधिकारसम्बन्धी मुद्दा, योगी नरहरिनाथविरुद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला भएको वातावरण संरक्षण र पुरातात्विक महत्वको मेडिकल कलेजसम्बन्धी मुद्दा, अधिवक्ता माधवकुमार बस्नेतविरुद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला भएको कर्णाली अञ्चलका हुम्लालगायत जिल्लामा रहेको भोकमरी हटाउनेसम्बन्धी मुद्दा, अधिवक्ता लालबहादुर थापाविरुद्ध स्थानीय विकास मन्त्रालय भएको भाषासम्बन्धी मुद्दा, अधिवक्ता भरतमणि गौतमविरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत भएको वाग्मतीमा





ढलमार्फत फोहोर मिलाउने कार्य बन्द गराईपाउँ भन्ने मुद्दा, अधिवक्ता शर्मिला पराजुलीविरुद्ध मन्त्रिपरिषद्को सचिवालय भएको कार्यस्थलमा हुने यौन दुराचार हटाई पाउँ भन्ने मुद्दालगायत एफएम प्रसारणमा रोक नलगाउनु भन्ने मुद्दाहरू पनि चर्चित सार्वजनिक सरोकारका मुद्दाहरूको रूपमा रहेका छन्। अधिवक्ता सन्तोषकुमार महतोले दायर गरेको तथाकथित भ्रष्टाचार नियन्त्रण शाही आयोग विघटनसम्बन्धी मुद्दामा पनि प्रधानन्यायाधीश श्री दिलीपकुमार पौडेल विदेश भ्रमणमा भएका बखत कामु प्रधानन्यायाधीशको हैसियतमा रहेका बरिष्टतम माननीय न्यायाधीश श्री केदारप्रसाद गिरीले सो सार्वजनिक सरोकारको मुद्दालाई प्राथमिकता साथ पेसीमा चढाउन आदेश गरी आफ्नै अध्यक्षतमा इजलास गठन गरी उक्त विशेष इजलासबाट सो आयोग गैरसंवैधानिक भएकोले बदर हुन्छ भन्ने फैसला गरी राजाले कार्यकारी अधिकार आफ्नो हातमा लिई गरेको गैरकानुनी कार्यलाई वदर घोषित गर्ने आदेशसमेत जारी गरेको पाइन्छ । उक्त आदेशवाट नै वैधानिक रूपमा तत्कालीन शाही सत्तालाई चुनौति दिन नागरिक समाज सफल भएको र ऐतिहासिक जनआन्दोलनको शंखघोष गर्न राजनीतिक दलहरू अगाडि आउन सहज परिस्थितिको सिर्जना भएको पाइन्छ।

सार्वजनिक सरोकारका मुद्दामा अदालतबाट गरिने आदेशले वास्तविक अर्थमा न्यायिक सक्रियताको अभ्यास भएकाले नागरिकको मौलिक अधिकार र व्यक्तिगत स्वतन्त्रताको संरक्षणमा यसले ठूलो भूमिका खेलेको पाइन्छ।

## मुद्दा फैसला गर्नुपर्ने अवधि (Case Disposal Period)

अदालत वा न्यायिक तथा अर्धन्यायिक निकायमा दर्ता भएका मुद्दाहरू फैसला गर्नुपर्ने अवधि विधिकर्ताले सम्बन्धीत कानुनमै तोकिदिएको हुन्छ। विषयगत कानुनमा त्यस्तो अवधि नतोकिएको अवस्थामा मुलुकी ऐनमा उल्लेखित अवधिभित्र मुद्दाको अन्तिम किनारा गर्नुपर्ने हुन्छ। तर व्यवहारमा सो उल्लिखित समयावधिभित्र फैसला हुन नसकेको अवस्था हामी सबैले महसुस गरेकै छौं। यसको लागि हामीले कुन मुद्दा कुन कार्यविधि अपनाई फैसला गर्नुपर्ने हो भनी बुझ्नु जरुरी हुन्छ। हालसम्मको अभ्यासमा तीन किसिमका न्यायिक कार्यविधि प्रचलनमा रहेको पाइन्छ। ती हुन् :

(क) सामान्य कार्यविधि,

(ख) संक्षिप्त कार्यविधि र

(ग) विशेष कार्यविधि ।

**सामान्य कार्यविधि** (General Procedure):

सामान्यतया संक्षिप्त र विशेष कार्यविधिभित्र नपर्ने मुद्दाहरू सामान्य कार्यविधिअन्तर्गत पर्छन् । मुद्दा दायर गर्दाकै अवस्थामा फिराद, अभियोगपत्र वा निवेदनमा नै प्रस्तुत विवाद कुन कार्यविधि अपनाई किनारा गरिनुपर्ने हो भनी खुलाउन पर्दछ । स्पष्टरूपमा संक्षिप्त र विशेष कार्यविधिभित्र नपर्ने मुद्दा मुलुकी ऐन वा अन्य कार्यविधि कानुनका सिद्धान्तअन्तर्गत कारबाही र किनारा गरिन्छन् । २०२० साल भदौ १ गते नयाँ मुलुकी ऐन लागू भएपछि अदालती बन्दोबस्तको महलमा सुधार गरी एकसमान रूपमा मुद्दा फैसला वा निर्णय गर्नुपर्ने कार्यविधि र अवधि निर्धारण गरिएको पाइन्छ । अदालतमा मुद्दा दायर भएपछि प्रतिवादीको बयान ठाडो बुझिने मुद्दामा मात्र गराउनुपर्ने व्यवस्था अ.वं. १३२ नं मा गरिएको छ भने अ.वं १२७ नं. बमोजिम सरकारवादी हुने मुद्दामा प्रतिवादीको वयान गराउने वा प्रतिउत्तर दिने मौका दिनेमा बाहेक प्रतिवादीले प्रतिउत्तर दिने मौका प्राप्त गर्छन् । अ.वं. १३९ नं को प्रक्रिया अपनाई वादी-प्रतिवादीको पेटवोलीको मानिस बुझ्नुपर्छ वा सरकारवादी हुने मुद्दामा अ.वं. ८८ नं. बमोजिम प्रहरी प्रतिवेदन बुझ्नुपर्छ । तीस दिने समाह्वान वा इतलायनामाको म्याद जारी गरिने र बढीमा तीस दिनसम्मको म्याद थाम्न पाइने तथा सुरु मुद्दा फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट एकवर्ष भित्र फैसला गर्नुपर्ने हुन्छ । पुनरावेदन फैसला गर्दा सुरु मिसिल प्राप्त भएको मितिबाट छ महिनाभित्र फैसला गर्नुपर्ने र बुझ्नुपर्ने प्रमाण बुझिसकेपछि सो बमोजिम म्याद बाँकी भए पनि मुद्दा फैसला गर्न पैतीस दिनभन्दा ढिलो गर्न नहुने व्यवस्था अ.वं. १४ नं मा गरिएको छ । यदि सो म्यादभित्र फैसला गर्न नसकिने कारण परिआएमा सो व्यहोरा लेखी आफ्नो पुनरावेदन सुन्ने अड्डामा म्यादभित्रै जाहेर गर्नुपर्छ भन्ने कानुनी व्यवस्था अ.वं १५ नं मा छ । सामान्य कार्यविधि अप्नाई कारबाही र किनारा गरिने निर्धारित अवधिभित्र मुद्दाको फैसला हुन नसकेको अवस्था आजको







चुनौती हो । अदालत, वा न्यायिक तथा अर्धन्यायिक निकायले मुद्दा फैसला गर्दा वा अन्तिम किनारा लगाउँदा पनि सम्बन्धीत कानुनमा अन्यथा व्यवस्था गरे बाहेक यही म्यादभित्र गर्नुपर्ने देखिन्छ ।

**संक्षिप्त कार्यविधि** (Summary Procedure):

सामान्य कार्यविधि अपनाई कारबाही र किनारा गरिने व्यवस्थाअनुसार सबै प्रकारका मुद्दामा एकै किसिमको कार्यर्यविधि अपनाउनुपर्ने भई सानातिना मुद्दाहरूमा समेत पक्षहरूले अनावश्यक हैरानी र खर्च व्यहोर्नु पर्ने कुराको अतिरिक्त अदालतको समयसमेत अनावश्यक रूपमा बढी लाग्न गएको र न्याय छिटो र छरितो गराउने उद्देश्यको प्राप्ति हुनसक्ने संभावना कम भएको हुनाले सानातिना मुद्दाहरूमा संक्षिप्त कार्यविधि अपनाउने व्यवस्था हुनुपर्छ भनी २०२७ साउन २७ गते गठित उच्चस्तरीय न्यायिक सुधार आयोगले ऐनको मस्यौदासहित सिफारिस गरेको थियो । सोहीअनुरूप साना मुद्दामा संक्षिप्त कार्यविधि अपनाई चाडो किनारा गर्ने व्यवस्था हुन संक्षिप्त कार्यविधि ऐन, २०२८ जारी भई २०३० वैशाख १ गतेदेखि लागू भएको छ । के कस्ता मुद्दाहरूमा संक्षिप्त कार्यविधि अपनाउने भनी ऐनको अनुसूची-१ मा केही मुद्दाहरूको सूची उल्लेख गरिनुको अतिरिक्त सो बाहेक एक हजार रुपैयाँसम्म मोल वा बिगो समावेश भएको देवानी मुद्दा वा एक हजार रुपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनसक्ने फौजदारी मुद्दा यसअन्तर्गत पर्छन् ।

संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा १०(१) मा प्रतिउत्तरपत्र दाखिल भएको वा प्रतिवादीको बयान भएकोमा सो भएको मितिले र प्रतिउत्तरपत्र दाखिल नभएको वा प्रतिवादीको बयान नभएकोमा सो हुने म्याद भुक्तान भएको मितिले नब्बेदिनभित्र मुद्दाको किनारा गर्नुपर्छ भन्ने व्यवस्था छ । सोही उपदफा (२) मा उपदफा (१) मा मुद्दा किनारा गर्ने समयका सम्बन्धमा जुनसुकै कुरा लेखिएका भए तापनि सो समय अगाडि नै मुद्दा किनारा गर्न अंग पुगिसकेको भए सो मितिले तीन दिनभित्र किनारा गर्नुपर्छ भन्ने व्यवस्था गरी संक्षिप्त कार्यविधि ऐन अन्तर्गतको मुद्दा फैसला गर्नुपर्ने अवधि तीन महिना तोकिएको छ । सो भए तापनि कतिपय अवस्थामा सो अवधिभित्र मुद्दाको किनारा लाग्न

नसकेको अवस्थामा व्यवहारमा पाइन्छ ।

## विशेष कार्यविधि (Special Procedure):

सामान्य र संक्षिप्त कार्यविधिअन्तर्गत पर्न आउने मुद्दाको प्रकृति, कारबाही र किनारा गर्नुपर्ने अवधिपछि विशेष कार्यविधि अपनाई मुद्दाको किनारा गर्दा अपनाइनुपर्ने कानुनी व्यवस्थाको बारेमा जानकारी राख्नु उचित हुन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०१ को उपधारा (२) मा सर्वोच्च, पुनरावेदन, र जिल्ला अदालत बाहेक खास किसिम र प्रकृतिका मुद्दाको कारबाही र किनारा गर्न कानुनद्वारा अन्य अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिनेछ । तर कुनै खास मुद्दाको लागि अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको गठन गरिने छैन भन्ने संवैधानिक प्रत्याभूति गरी विशेष कार्यविधि अपनाउने व्यवस्थाको ढोका खोलिएको पाइन्छ । यसभन्दा अगिको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८५ मा पनि सोही किसिमको व्यवस्था थियो । नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी खास किसिमका मुद्दाको कारबाही र किनारा छिटोछरितो तथा प्रभावकारी ढंगले गराउन न्याय परिषद्को परामर्शमा आवश्यक संख्यामा तीन सदस्य भएको विशेष अदालत गठन गर्न सक्ने कानुनी व्यवस्था विशेष अदालत ऐन, २०५९ मा छ । सोही ऐनको दफा १६ मा मुद्दा दायर भएको मितिले सामान्यतया ६ महिनाभित्र मुद्दाको किनारा गर्नुपर्ने र विशेष अदालतको निर्णयउपर परेको पुनरावेदनमा सर्वोच्च अदालतले सामान्यतया मुद्दाको प्राथमिकता साथ मिसिल प्राप्त भएको मितिले तीन महिनाभित्र किनारा गर्नुपर्ने व्यवस्था छ । ऐनमा भएको व्यवस्था व्यवाहरमा सोही रूपमा रूपान्तरित हुन नसकेको परिस्थिति हामी सबैले महसुस गरिरहेकैछौं । यसको सही कार्यान्वयन गर्ने गराउनेतर्फ सम्बन्धीत सबैले ध्यान दिन जरुरी छ ।

## मुद्दा र रिट निवेदन (Case & Writ Petition)

सामान्यतया अदालतमा विचाराधीन विवादको विषय, झगडा वा पक्षहरूका बीच मुख नमिलेको कुरालाई मुद्दा भन्ने गरिन्छ । हुनत अदालत वा न्यायिक







तथा अर्धन्यायिक निकायमा पर्न आउने विवाद वा मुख नमिलेका कुरा धेरै हुन सक्छन् कतिपय मुद्दाहरू फिराद, प्रतिउत्तर वा अभियोगपत्रबाट मात्र नभई अन्य तरिकाले पनि अस्तित्वमा आउने गर्दछन् जस्तैः अदालतको अवहेलना । मुद्दा भन्ने शब्दले दुई पक्षबीच मुख नमिलेको इन्साफ गरी ठहऱ्याउनुपर्ने खास विवादको विषयलाई संकेत गरेको मान्नुपर्छ भनी ने.का.प. २०३१, पृष्ठ ४०८ मा व्याख्या भएको पाइन्छ । त्यसैगरी मुद्दा मामिला भन्नाले कुनै पक्ष वा विपक्षीबीच विवाद उत्पन्न भै न्यायिक वा अर्ध न्यायिक निकायबाट सवूद प्रमाणको मूल्यांकन गरी निष्कर्ष निकाल्ने प्रक्रियालाई भनिन्छ भनी सर्वोच्च अदालतबाट प्रकाशित भूमिसम्बन्धी केही महत्वपूर्ण नजिरहरू (२०१५-२०६२) भाग १२ पृष्ठ ८१ मा व्याख्या भएको छ । मुद्दा देवानी र फौजदारी गरी दुई प्रकृतिको हुन्छ । सरकारवादी भई अभियोगपत्रमार्फत दायर गरिने एवं व्यक्तिको पद र सम्पत्ति बाहेक विषयसँगसम्बन्धीत बाहेकका मुद्दा फौजदारी र अन्य मुद्दा देवानी हुन । देवानी मुद्दामा हक अधिकारको प्रश्न मुख्य रूपमा उठान हुन्छ र क्षतिपूर्ति एवं दायित्व पुनःस्थापना गर्नुनै यस्ता मुद्दाको उद्देश्य रहन्छ । फौजदारी मुद्दामा राज्य पक्ष हुने वा नहुने गरी दुई किसिमका हुने तथा कैद वा सजाय वा दुवै हुने गरी फैसला हुने यसको प्रकृति हुन्छ । मुद्दाको सुरुआत सामान्तया सुरु अदालत वा अर्धन्यायिक निकायबाट भई पुनरावेदन हुँदै सर्वोच्च अदालतको पुनरावेदकीय क्षेत्राधिकार आकर्षित हुन्छ । मुद्दाको प्रमुख विशेषता भएको नै उत्पत्ति भएको अदालत वा अर्धन्यायिक निकायमै अन्तिम टुंगो नलागी सोको पुनरावेदन सामान्य अदालतमा लाग्ने र मुद्दाको प्रकृति र अवस्था हेरी तहतह हुँदै सर्वोच्च अदालतसम्म पुनरावेदन वा दोहोऱ्याई पाउँ निवेदन वा पुनरावलोकनको मार्ग अपनाउने हुन्छ ।

रिट भन्नाले सर्वोच्च अदालत वा उच्च अदालतलाई दिइएको असाधारण अधिकारक्षेत्रअन्तर्गत दायर भई संवैधानिक हक अधिकारको प्रत्याभूति गराइमाग्ने प्रकृतिको हुन्छ । साधारण अधिकारक्षेत्रअन्तर्गत दायर हुने मुद्दा जस्तो नभई यसको छुट्टै प्रकृति र कार्यविधि हुन्छ । फिरादपत्र वा अभियोगपत्रमार्फत दायर हुने नभई सिधै असाधारण अधिकारक्षेत्रअन्तर्गत निवेदनद्वारा दायर हुने भएकोले रिटलाई विशेष प्रकृतिका मानिन्छ । रिटमा प्रारम्भिक आदेश, कारण देखाउ आदेश, अन्तरिम आदेश तथा अन्तिम आदेश जस्ता प्रक्रिया प्रयुक्त हुन्छन् ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (१) र (२) अन्तर्गत पर्न आउने निवेदन रिट हुन् भने सोही धाराको उपधारा (३)(४) अन्तर्गत पर्न आउने विषय मुद्दा हुन् । रिट संवैधानिक हकअन्तर्गत दायर गरिन्छ भने मुद्दा कानुनी हक अधिकार संरक्षण गराई माग्न दायर गरिन्छ ।

रिटमा हुने अन्तिम निर्णयलाई आदेश मानिन्छ भने मुद्दामा हुने अन्तिम आदेशलाई फैसला भनिन्छ । नागरिक अधिकार ऐन, २०१२ अन्तर्गत पुनरावेदन अदालतले सुनुवाइ गर्ने विषय रिट नभई मुद्दा हुन् । जसको पुनरावेदन सर्वोच्च अदालतमा लाग्छ । रिट अत्यन्त उच्चस्तरीय न्यायिक आदेश हो जसलाई राज्यको सर्वोच्च न्यायिक निकायले जारी गर्छ ।

**अन्तरिम आदेश** (Interim Order) :

सर्वोच्च अदालत नियमावली, २०४९ को परिच्छेद ६ अन्तर्गत परेको कुनै निवेदनपत्रका सम्बन्धमा अदालतले उचित र आवश्यक देखेमा प्रत्यर्थीबाट लिखित जवाफ पेस नभएसम्म वा निवेदनपत्रको टुंगो नलागेसम्मको अवधिको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्न सक्नेछ भन्ने व्यवस्था नियम ४१ को उपनियम (१) मा छ र तर एकपक्षी सुनुवाइ गरी अन्तरिम आदेश जारी भएकोमा वा कुनै कारणले अर्को पक्षले आफ्नो कुरा प्रस्तुत गर्न मौका नपाएकोमा त्यस्तो अन्तरिम आदेश रद्द गरी पाउनको लागि सो पक्षले निवेदन दिन सक्नेछ । अदालतले उचित र आवश्यक देखेमा अघि दिएको अन्तरिम आदेश रद्द गर्न वा त्यसमा आवश्यक संसोधन गर्न सक्नेछ । कुनै निवेदन अन्तरिम आदेशको लागि पेस भएको भए तापनि सो विषयमा निर्णय नै हुन उपयुक्त छ भन्ने इजलासलाई लागेमा इजलासले निर्णय गर्न सक्नेछ र अन्तरिम आदेशको लागि पेस गरिएको कारणले मात्र त्यस विषयमा निर्णय गर्न बाधा पर्ने छैन भन्ने व्यवस्था खण्ड (ख) मा गरिएको छ । सोही नियमको उपनियम (२) मा उपनियम (१) बमोजिम जारी गरिएको अन्तरिम आदेश अवस्थानुसार प्रत्यर्थीबाट लिखित जवाफ पेस भएपछि वा निवेदनपत्रको अन्तिम टुङ्गो लागे पछि स्वतः रद्द भएको मानिनेछ भन्ने व्यवस्था छ । अदालतले अन्तरिम आदेश जारी गर्दा वा सो आदेश जारी गर्न इन्कार गर्दा स्पष्ट्ररूपमा कारण खुलाउनुपर्छ ।







# नागरिक अधिकारको संरक्षणमा अदालतको अधिकार र दायित्व

नागरिक अधिकारको संरक्षणमा अदालतको भूमिका अत्यन्त सकारात्मक रहेको पाइन्छ । बन्दीप्रत्यक्षीकरणको माग गरी दायर विभिन्न रिट निवेदनहरूमा अदालतबाट गैरकानुनी थुनामा रहेका बन्दी रिहा गराउन जुन आदेश जारी गरिएको थियो र कतिपय बन्दी गैरकानुनी थुनाबाट मुक्त पनि भए त्यो साँच्चै नै सकरात्मक कदम हो । न्यायिक स्वतन्त्रता नै यसको प्रमुख जड हो, जसको प्रभावमा अदालतले निष्पक्ष भूमिका निर्वाह गर्न सक्दछ ।

नगरिक हक जीवन, स्वतन्त्रता र सम्पत्तिको हकसँग मुख्य रूपमा सरोकार राख्दछन् । एउटा मानव भएर बाँच्न पाउने सबैखाले मौलिक हकहरूको अभ्यास गर्न पाउने अधिकारलाई नागरिक अधिकार भनिन्छ । नागरिक भएवापत प्रयोग गर्न पाउने हकलाई हामी नागरिक अधिकारको रूपमा लिन्छौं । मानव अधिकारको विश्वव्यापी घोषणापत्र र संयुक्त राष्ट्रसंघको बडापत्रलगायत नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धीत विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले नागरिक अधिकारको प्रत्याभूति गरेको हामी पाउँछौं ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल, १९६६, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९, जीउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९ लगायत १६ भन्दा बढी मानव

अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षराष्ट्र नेपाल भइसकेको छ ।

नेपालकै राष्ट्रिय कानुनको परिप्रेक्ष्यमा पनि नागरिक अधिकार ऐन, २०१२ को व्यवस्था मानव अधिकार संरक्षणमा भएको पहिलो कानुनी दस्तावेज हो । यसमा नेपालको नागरिक भएको व्यक्तिले विभिन्न अधिकार उपभोग गर्न पाउने र त्यसउपर लगाइएको बन्देज अदालतबाट प्रचलन गराउन पाउने प्रत्याभूति गरिएको छ। प्रत्येक नागरिक कानुनको दृष्टिमा समान हुने, धर्म जाति वा लिङ्गको आधारमा भेदभाव नगर्ने, वाक स्वतन्त्रता इत्यादि सम्बन्धी अधिकारअन्तर्गत वाक र प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक बिनाहात हतियार सम्मेलन, सभागर्ने स्वतन्त्रता, संघ वा संस्था खडा गर्ने, नेपाल राज्यभर विना रोकटोक घुमफिर गर्ने, नेपाल राज्यभर जुनसुकै भागमा पनि निवास गर्ने र घरजम गर्ने, सम्पत्ति आर्जन गर्ने, भोग गर्ने र बेचबिखन गर्ने, कुनै पेसा, रोजगार, उद्योग वा व्यापार गर्ने लगायतका स्वतन्त्रताको समेत प्रत्याभूति गरेको छ । यस बाहेक धर्मसम्बन्धी हक, कानुनको अख्तियारीबिना कर नलगाइने, सम्पत्तिसम्बन्धी अधिकार, नागरिकको बासस्थानको रक्षा, वैयक्तिक स्वतन्त्रता अपहरण नगरिने, इच्छाविरुद्ध काम गराउन मनाही, नाबालकलाई फ्याक्टरी इत्यादिमा काममा लगाउन निषेध, गिरफ्तारीका सम्बन्धमा बचाउ, ऐनविरुद्ध थुनामा परेमा पुनरावेदन अदालतमा बन्दीप्रत्यक्षीकरणको आदेशको माग गर्नसक्ने लगायतका नागरिक अधिकारको व्यवस्था नागरिक अधिकार ऐन, २०१२ मा गरिएको छ ।

यसबाहेक नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ देखि ३२ सम्म विभिन्न हकहरूको प्रत्याभूति गरिएको छ । स्वतन्त्रताको हक, समानताको हक, छुवाछूत तथा जातीय भेदभावविरुद्धको हक, प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक, वातावरण तथा स्वास्थ्यसम्बन्धी हक, शिक्षा तथा संस्कृतिसम्बन्धी हक, रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक, सम्पत्तिको हक, महिलाको हक, सामाजिक न्यायको हक, बालबालिकाको हक, धर्मसम्बन्धी हक, न्यायसम्बन्धी हक, निवारक नजरबन्द विरुद्धको हक, यातनाविरुद्धको हक, सूचनाको हक, गोपनीयताको हक शोषण विरुद्धको हक, श्रमसम्बन्धी हक, देश निकालाविरुद्धको हक र संवैधानिक उपचारको हक गरी २१ वटा हकहरूको प्रत्याभूति संविधानमै गरिएको छ । यी हकको उल्लंघन भएमा धारा १०७ मा लेखिएको तरिका अनुसार कारबाही चलाउन पाउने हक सुरक्षित राखिएको छ । यसअघिको नेपाल अधिराज्यको संविधान, २०४७ मा भाग ३ धारा ११ देखि २४ सम्म जम्मा १४ वटा संवैधानिक





हकहरू प्रत्याभूति गरिएका थिए भने वर्तमान संविधानमा ७ वटा बढी मौलिक अधिकारका विषयहरू समावेश गरिएको पाइन्छ ।

नागरिक अधिकारको संरक्षणसम्बन्धी मुद्दामा सर्वोच्च अदालतले सकारात्मक भूमिका निर्वाह गरेको पाइन्छ । २०१६ सालको वेदकृष्ण श्रेष्ठविरुद्ध गृह मन्त्रालय भएको मुद्दामा सर्वोच्च अदालतले म्याग्नाकार्टा र विल अफ राइट्सको समेत चर्चा गर्दै मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ र संयुक्त राष्ट्रसंघीय बडापत्रका महत्वपूर्ण प्रावधानहरू उल्लेख गरी कानुनको शासन कायम राख्ने दायित्व अदालतको भएको उल्लेख गरेको छ। २०२७ सालमा यज्ञमूर्ति बन्जाडेविरुद्ध श्री ५ को सरकार भएको बन्दीप्रत्यक्षीकरणको मुद्दामा पनि सर्वोच्च अदालतले नागरिक अधिकारको पक्षमा ऐतिहासिक आदेश जारी गरेको छ ।

रीना वज्राचार्यविरुद्ध शाही नेपाल वायुसेवा निगमको मुद्दामा लैगिक न्यायको व्याख्या गर्दै दिइएको फैसला, अधिवक्ता मिरा ढुंगानाविरुद्ध श्री ५ को सरकार भएको वैवाहिक बलात्कारसम्बन्धी मुद्दा, त्रिलोत्तम पौडेलविरुद्ध श्री ५ को सरकार भएको १६ वर्षभन्दा मुनिका बालबालिकाको संस्था दर्ता गर्न पाउने अधिकारसम्बन्धी मुद्दा, भरतमणि गौतमविरुद्ध श्री ५ को सरकार भएको जेलमा रहेका बालबालिका र तिनका संरक्षकलाई अन्तर्राष्ट्रिय कानुनले प्रत्याभूत गरेको न्यूनतम सुविधा प्रत्याभूत गराइपाउँ भन्ने मुद्दा, सपना प्रधानविरुद्ध श्री ५ को सरकार भएको मुद्दामा वेश्या महिलालाई जबर्जस्ती करणी गर्दा अन्य महिलालाई करणी भएको भन्दा कम सजाय हुने प्रावधानविरुद्धको मुद्दालगायतका कैयौं मुद्दामा सर्वोच्च अदालतले नागरिक अधिकारको पक्षमा फैसला गरेको छ ।

नागरिकका अधिकारको संरक्षणमा सर्वोच्च अदालतको पनि अग्रणी भूमिका रहन्छ भन्ने कुरा विगतमा यसले गरेका केही महत्वपूर्ण फैसलाबाट समेत थाहा पाउन सकिन्छ । बीपी कोइराला विरुद्ध नेपाल सरकार  नि.नं २३ ने का.प. २०१६ बीपी कोइराला वि. नेपाल सरकार (ऐ नि.नं २५४), टीका प्रसाद थकाली वि. वन मन्त्रालय (नेकाप २०१८ नि.नं ११९) लगायतका मुद्दामा पञ्चायतकालमा समेत सर्वोच्च अदालतले उदायहरणीय आदेश जारी गरेको छ। सार्वजनिक सुरक्षा ऐन लगाई थुनामा राखिएका नागरिकको रिहाइको लागि सर्वोच्च अदालतले न्यायिक स्वतन्त्रताको उच्चतम अभ्यास गरेको पाइन्छ ।

अन्नपूर्णा राणाविरुद्ध काठमाडौं जिल्ला अदालतसमेत भएको मञ्जुरी बेगर महिलाको यौनाङ्ग जाँच गराउनु गोपनीयताको हकको विरुद्ध हुने विषयको मुद्दा अधिवक्ता खिमलाल देवकोटाको हकमा लक्ष्मी शर्माविरुद्ध श्री ५ को सरकार भएको आधार र कारण नखुलाई दिएको थुनुवा पुर्जीलाई रीतपूर्वकको मान्न नमिल्ने भन्ने बन्दीप्रत्यक्षीकरणको मुद्दा, २०५८ सालको केशव खड्काको हकमा अधिवक्ता आशिष अधिकारीविरुद्ध धनकुटा जिल्ला अदालतसमेतको बन्दीप्रत्यक्षीकरणको मुद्दामा नाबालकलाई उमेर पुगेका कैदी सरह कारागारमा राख्न नमिल्ने, २०५८ सालकै सीताराम श्रेष्ठ विरुद्ध श्री ५ को सरकार गृह मन्त्रालयसमेत भएको बन्दीप्रत्यक्षीकरणको मुद्दामा निरन्तर रूपमा थुनामा राखिएको अवस्थामा अर्को मितिमा पक्राउ गरी सार्वजनिक अपराधमा मुद्दा चलाइएको भन्ने लिखित जवाफ कानुन सम्मत नदेखिने भन्ने मुद्दा र अधिवक्ता रमणकुमार श्रेष्ठको हकमा अधिवक्ता विश्व कुमारी श्रेष्ठविरुद्ध श्री ५ को सरकार गृह मन्त्रालय समेतको बन्दीप्रत्यक्षीकरणको मुद्दामा कुन ऐनअन्तर्गत कसुरमा थुनामा राखिएको हो भन्ने नखुलाउँदा गैरकानुनी थुना हुने भनी जारी आदेश पनि नागरिक अधिकारको संरक्षणमा अदालतबाट भएका उदाहरणीय आदेशहरू हुन् ।

त्यसैगरी २०५९ सालको मानबहादुर तामाङको हकमा धनबहादुर तामाङविरुद्ध श्री ५ को सरकार भएको बन्दीप्रत्यक्षीकरणको मुद्दामा ऐनले अधिकार दिएको व्यहोरा मात्रै खोलीबिना आधार थुनामा राख्न नमिल्ने भन्ने आदेश, २०६२ को गगन थापाको हकमा राजु थापाविरुद्ध गृह मन्त्रालयसमेत भएको बन्दीप्रत्यक्षीकरणको मुद्दा गैरकानुनी थुनालाई निरन्तरता दिने कार्य संवैधानिक लक्ष्य र कानुनविपरीत हुने भन्ने आदेश, रामचन्द्र पौडेलको हकमा अधिवक्ता राजेन्द्र बोगटीविरुद्ध श्री ५ को सरकार भएको सम्वत २०६२ को बन्दीप्रत्यक्षीकरण, मुद्दामा स्थानीय अधिकारी अर्थात प्रमुख जिल्ला अधिकारीको आदेशले मात्रै नजरबन्दमा राख्न नसकिने भन्ने आदेश लगायत नागरिक अधिकार संरक्षणमा जुनसुकै व्यहोरा र विषयमा जारी गरेका भए पनि त्यसको प्रमुख उद्देश्य नागरिक अधिकारको उपभोग गर्नबाट राज्यले लगायतको बन्देज हटाउने नै देखिन्छ । हालसम्मका सर्वोच्च अदालतका आदेशहरू अध्ययन गर्ने हो भने हामी जतिसुकै कठिन घडीमा पनि नागरिक अदालतको संरक्षणमा सर्वोच्च अदालतले आफ्नो भूमिका खेल्न सफल भएको पाउँछौं ।





# अदालतको अपहेलना

अदालत न्यायको मन्दिर हो । जनआस्था नै यसको धरोहर भएकाले जनआस्थामा कमी आउनु वा अदालतप्रति जनविश्वासमा कमी आउनु न्याय प्राप्तिका निराशाजनक पक्ष हो । लोककल्याणकारी राज्यको पहिलो उद्देश्य नै न्यायालयको सम्मान गर्नु हो भन्ने न्यायपालिकाको प्रथम दायित्व नै व्यक्तिका मौलिक र कानुनी अधिकारको संरक्षण गर्नु हो । यस्तो महान् उद्देश्य बोकेको न्यायपालिकाको मर्यादा एवं ससम्मानमा आघात पार्नु नै अदालतको अवहेलना हो । नेपाली बृहत् शब्दकोषको पृष्ठ २५ मा “अदालतमा इजलास चलेको वा मुद्दाको बहस भएको बेलामा अदालतको वा अदालतका कर्मचारीको बेइज्जत हुने गरी गरिने कानुनविपरीत गालीगोफ्ता वा अदालतको मर्यादामाथिको बेइज्जती” भनिएको छ । कुनै अदालत वा न्यायाधीशको अपमान हुने गरी वा अदालतको मर्यादा वा गरिमामा आँच आउने गरी प्रकाशित गरिएको लेख वा प्रदर्शन गरिएको व्यवाहर अदालतको अवहेलना मानिन्छ । ब्ल्याक्स् ल डिक्सनरीको पृष्ठ ३१९ मा अदालतको अवहेलनालाई “कुनै कार्य जसले न्याय सम्पादनमा झमेला, अवरोध वा रोकावट ल्याउँछ, वा जसले यसको प्राधिकार वा शक्तिमा कमी ल्याउँछ । व्यक्तिद्वारा गरिएको कार्य जसले यसको शक्ति वा मर्यादामा जानीजानी आँच ल्याउँछ, वा न्याय सम्पादनमा वितृष्णा वा रोकावट ल्याउन खोज्छ वा कोही एकद्वारा जो अदालतको अधिकारक्षेत्र भित्र सुनुवाइको पक्ष भएर जानीजानी अदालतको कानुनी आदेश मान्दैन वा दिइएको आदेश पालन गर्न असफल रहन्छ” भनिएको छ । यसमा अगाडि भनिएको छ कि अवहेलना प्रत्यक्ष र अप्रत्यक्ष हुन्छ । अदालतमा तत्काल उपस्थित भएर हिंसा, अपमानजनक शब्द वा व्यवहार प्रदर्शन गर्नु प्रत्यक्ष अवहेलना हो भने अदालतमा

तत्काल उपस्थित नभइकन न्याय सम्पादनमा अवरोधजन्य कार्य गर्नु, कानुनी आदेश नमान्नु, अदालतलाई ढाँटनु आदि अप्रत्यक्ष अवहेलनाअन्तर्गत पर्छन् भनी उल्लेख गरिएको छ ।

अदालतको अवहेलनालाई दुई भागमा बाँड्न सकिन्छ, ती हुन् :

(क) देवानी अवहेलना (Civil Contempt)

(ख) फौजदारी अवहेलना (Criminal Contempt)

अदालत, न्यायाधीश वा इजलास बाहिर कसैले जानीजानीकन अदालती आदेशको अटेर गर्छ भने त्यहाँ देवानी अवहेलना भएको मानिन्छ । यसलाई अप्रत्यक्ष अवहेलना पनि भनिन्छ, जुन प्रमाणित गर्न न्यायाधीशसमक्ष प्रमाण पुऱ्याउनुपर्ने दायित्व दाबीकर्ताको हुन्छ । यसमा दण्ड वा जरिवानाको त्रासद्वारा अवहेलकलाई अदालतको आदेश मान्न बाध्य पारिन्छ । अदालतको आदेश मान्ने बित्तिकै उसलाई जेलमुक्त गरिन्छ वा सजायबाट मुक्ति दिइन्छ ।

फौजदारी अवहेलना प्रत्यक्ष अवहेलनाभित्र पर्छ जुन अदालत, न्यायाधीश वा इजलासकै सामुन्ने अदालत परिसरभित्र अदालतलाई सही ढंगले कार्यसम्पादन गर्न रोकावट गर्ने कार्य अदालतमै तत्काल गरिन्छ भने त्यो फौजदारी अवहेलनाअन्तर्गत पर्छ । न्यायाधीशलाई होच्याउनु, इजलासलाई गाली गर्नु, हातपात गर्नु तथा त्यस्तै अन्य अपमानजनक व्यवहार वा संकेत गर्ने कार्य यसभित्र पर्छन् । जेल वा अन्य सजायद्वारा त्यस्तो व्यवहार गर्ने व्यक्तिलाई इजलासले दण्ड दिन सक्दछ । महाद्विपीय कानुन प्रणाली अपनाउने मुलुकमा भन्दा कमन ल प्रणाली अपनाउने मुलुकमा न्यायाधीशलाई अदालतको अवहेलनामा कारबाही चलाउने र सजाय गर्ने सन्दर्भमा व्यापक अधिकार हुन्छ ।

बेलायतमा नजिरको रूपमा अदालती अवहेलनाको मुद्दाको विकास भएपनि सन् १९८१ मा बनेको The Contempt of Court Act बाट मात्रै यसलाई कानुनी दायराभित्र ल्याइयो । भारतीय संविधानको धारा १२९ मा सर्वोच्च अदालत अभिलेख अदालत हुने र यसले अवहेलनामा कारबाही चलाउने अधिकार राख्दछ भनिएको छ । स्पष्ट रूपमा नेपाल र भारतमा जस्तो हुबहु व्यवस्था नगरिए पनि अमेरिकी संविधानको धारा ३ ले न्यायिक अधिकार सर्वोच्च अदालतलाई दिएकाले सोअन्तर्गत अवहेलनामा कारबाही चलाउन अमेरिकी





सर्वोच्च अदालतसक्षम छ ।

अदालतको अवहेलना एउटा यस्तो हतियार हो जसको प्रयोग सही रूपमा गरियो भने अदालतको इज्जत प्रतिष्ठा बचाउने, अदालत प्रयोगकर्ता, आमनागरिक, कानुन व्यवसायी, साक्षी लगायतको हितको संरक्षण गर्छ र यसको विपरीत कसैको व्यक्तिगत तुष्टी साँध्न यसको दुरुपयोग हुन गयो भने यसले अदालतको प्रतिष्ठामा ह्रास ल्याई अदालतप्रतिको जनआस्थामा गिरावट ल्याउँछ । अदालतको अवहेलना मुद्दामा आपराधिक कार्यलाई मात्र हेरिन्छ नकि सो कार्य घटनमा आपराधिक मनसाय थियो कि थिएन भनेर हेरिन्न । यस्तो मुद्दा दोधारको मुद्दा (Borderline case) को रूपमा रहेको छ, जसले अभियोग लागेको व्यक्तिले अदालतलाई सन्तोष हुने गरी माफी मागेमा वा क्षमायाचना गरेमा अदालतले सजायमा घटी गर्न वा माफी दिन पनि पछि पर्दैन । तसर्थ यो अदालतको रक्षाकवच मानिन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०२ को उपधारा (३) मा सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ । यसले आफ्ना र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरूको अवहेलनामा कारबाही चलाई कानुनबमोजिम सजाय गर्न सक्नेछ भन्ने प्रावधान राखिएको छ । त्यसैगरी धारा ११६ को उपधारा (१) मा मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नुपर्नेछ भनी बाध्यात्मक व्यवस्था गर्नुले पनि अदालतको अवहेलनामा कारबाही चलाउने सैद्धान्तिक बल अदालतलाई प्रदान गरेको मान्न सकिन्छ । सोही धाराको उपधारा (२) मा मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानुनको व्याख्या वा प्रतिपादन गरेका कानुनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतले मान्नुपर्दछ भन्ने व्यवस्था गरी त्यस्तो कानुनी व्याख्या वा सिद्धान्त नमान्नु अवहेलनाजन्य कसुर करार गर्न सक्ने लाक्षाणिक व्यवस्था गरेको छ ।

सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७ को उपदफा (१) मा सर्वोच्च अदालतले आफ्नो र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरूको अवहेलनामा कारबाही चलाएको मुद्दामा कसुरदार ठहऱ्याएको व्यक्तिलाई एकवर्षसम्म कैद वा दस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ भन्ने व्यवस्था गरिएको छ । सोही दफाको उपदफा (२) मा उपदफा (१) मा

जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्त वा कसुरदारले सर्वोच्च अदालतलाई सन्तोष हुने गरी क्षमायाचना गरेमा अदालतले निजलाई क्षमा दिन वा सजाय तोकिसकेको भए सजाय माफ गर्न, घटाउन वा अदालतले तोकेको सर्तमा सजाय मुल्तवी राखी त्यसतो सर्तको पालना भएमा सजाय कार्यान्वित नगर्न आदेश दिन सक्नेछ भन्ने व्यवस्था गरिएको छ ।

न्याय प्रशासन ऐन, २०४८ को दफा १८ को उपदफा (१) मा जिल्ला अदालतले आफ्नो अवहेलनामा कारबाही चलाउन सक्नेछ र अदालतको अवहेलना गरेको ठहऱ्याएमा अभियुक्तलाई एकहजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ भन्ने व्यवस्था गरिएको छ । सोही दफाको उपदफा (२) मा पुनरावेदन अदालतले आफ्नो र आफ्नो मातहतको जिल्ला अदालतको अवहेलनामा कारबाही चलाउन सक्नेछ र अदालतको अवहेलना गरेको ठहऱ्याएमा अभियुक्तलाई पाँच हजार रुपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ भन्ने प्रावधान राखिएको छ ।

उक्त दफाकै उपदफा (३) मा उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा अदालतले निजलाई क्षमा गर्न वा सजाय तोकिसकेको भए सो सजाय माफ गर्न, घटाउन वा अदालतले तोकेको सर्तमा ६ महिनासम्म मुल्तवी राखी सो सर्तको पालना भएमा सजाय कार्यान्वित नगर्न आदेश दिन सक्नेछ भन्ने व्यवस्था गरी यसको कार्यान्वयनमा अदालतको स्वेच्छालाई बढी स्थान दिइएको छ । अदालतको अवहेलना मुद्दा प्राकृतिक न्यायको सिद्धान्तको खिलाफमा छ । यसले आफ्नो मुद्दामा आफै न्यायाधीश हुन नहुने विश्वव्यापी कानुनी सिद्धान्तको अनुसरण नगरी आफ्नो अवहेलनामा आफैं कारबाही प्रारम्भ गर्ने, सुनुवाइ गर्ने, सजाय गर्ने र सोको कार्यान्वयन गर्ने नगर्ने सम्पूर्ण अख्तियारी अदालतलाई नै सुम्पेको छ ।

महाद्विपीय कानुन प्रणालीमा अदालतको अवहेलनालाई प्राथमिकता दिई यस किसिमको व्यवस्था नगरिएतापनि कमन ल प्रणाली अपनाउने मुलुकमा महाद्विपीय पद्धतिअन्तर्गत मुद्दाको अभियोजन आफैं गरी प्रमाण बुझ्ने र फैसला गर्ने काम पनि अदालत आफैंले गर्ने भएकाले यो व्यवस्था विरोधाभाषपूर्ण देखिन्छ । अदालतको अवहेलना नामको हतियार प्रयोग गरी अदालत, न्यायाधीश र इजलास अझ बढी निरंकुश हुने र सार्वजनिक उत्तरदायित्व र जवाफदेही





पालना गर्न उदासीन रहने खतरा विद्वानहरूले व्यक्त गरेका छन् ।

मुनासिव बन्देजका आधारहरू मध्ये अदालतको अवहेलना सम्बन्धमा थुप्रै विवादहरू सिर्जना भएका देखिन्छन् । यो संविधान लागू हुनु पूर्व वा पश्चात दुवै समयमा यससम्बन्धी कैयौं विवादहरू अदालतमा प्रवेश भएको देखिन्छ ।

**अदालतको अपहेलना सम्बन्धी सर्वोच्च अदालतका केही महत्वपूर्ण फैसला**

- दि मदरलैण्डका सम्पादक मणिन्द्रराज श्रेष्ठ वि. बागमती अञ्चलाधीशको अफिस (ने.का.प. २०२३, पृष्ठ ४९),
- लुम्बिनी साप्ताहिकका सम्पादक सूर्यलाल प्रधान वि. पाल्ही माझखण्ड गोश्वारा समेत (ने.का.प. २०२३, पृष्ठ १८),
- रामप्रसाद उपाध्याय वि. काठमाण्डौ डी.एस.पी. (ने.का.प. २०२७, पृष्ठ २५९),
- प्र.जि.अ. काठमाण्डौ वि. निर्मल साप्ताहिकका सम्पादक विश्वनाथ उपाध्याय (सर्वोच्च अदालत निर्णय संग्रह भाग ९, पृष्ठ ३७),
- प्र.जि.अ. काठमाण्डौ वि. होमनाथ दाहाल (सर्वोच्च अदालत निर्णय संग्रह भाग ९, पृष्ठ ४६),
- सर्वज्ञरत्न तुलाधर वि. अध्यक्ष राष्ट्रिय पंचायत (ने.का.प. २०३५, पृष्ठ १६८),
- सर्वोच्च अदालत वि. एड्भोकेट कुसुम श्रेष्ठ ( ने.का.प. २०२३, पृष्ठ १०३),
- सर्वोच्च अदालत वि. लोकबहादुर विष्ट(ने.का.प. २०२८, पृष्ठ १३३),
- मनमोहन लाल सिंह वि. मध्यमाञ्चल क्षेत्रीय अदालत (ने.का.प. २०२३, पृष्ठ ११३),
- निरञ्जन कुमार थापा वि. डा. के.आई. सिंह (ने.का.प. २०३६, पृष्ठ ३०५),
- कर्णसम्शेर राणा वि. प्रकाश वस्ती (ने.का.प. २०३९, पृष्ठ ९८),
- थिरप्रसाद पोखरेल वि. हरिहर विरही (ने.का.प. २०४९, पृ. ७७०)

**नोट** : ने.का.प. भन्नाले नेपाल कानुन पत्रिका भनी बुझ्नु पर्दछ ।

# गालीबेइज्जती

कसैप्रति गरिएको अपमान, निन्दा, वदनाम वा मानहानीजन्य कार्यलाई गालीबेइज्जती भन्ने गरिन्छ । कसैको व्यक्तिगत इज्जत वा प्रतिष्ठामा आँच आउने गरी कुनै कुरा प्रकाशन गर्नु, प्रदर्शन गर्नु वा व्यक्त गर्नु सामान्यतया गाली बेइज्जती वा मानहानिअन्तर्गत पर्दछ । गालीबेइज्जतीलाई The New Encyclopaedia Britannica को १५ औ संस्करण, पृ. ९५६ मा कानुनी अर्थमा झुठा प्रकाशनद्वारा अर्काको प्रतिष्ठामा आक्रमण गरी व्यक्तिको प्रतिष्ठामा आँच पुऱ्याउने कार्य भनिएको छ । यो बेलायती कानुनको सिर्जना भए पनि त्यस्तै सिद्धान्त कैयौ हजार वर्ष पहिल्यै अस्तित्वमा भएको पाइन्छ । रोमन कानुनमा कसैको विरुद्ध गालीगलौजयुक्त लवज बोलेमा कडा सजाय दिइन्थ्यो । पहिलेका जर्मन र अंग्रेज कानुनमा कसैलाई अपमान वा गाली गर्नेको जिब्रो काटी सजाय दिइन्थ्यो । बेलायतमा अठारौ शताब्दीको अन्त्यमा अपराध वा सार्वजनिक बेइज्जती हुने आरोप कसैलाई लगाउनु, कसैको पेसागत सक्षमतामा प्रश्न उठाउनु गालीबेइज्जती मानिन्थ्यो भने १८९१ मा आएर महिलालाई गालीगलौज गरी सतित्वविरुद्धको आरोध लगाउने कार्यलाई The Slander of Women Act, 1891 ले गाली बेइज्जती हुने भनी उल्लेख गऱ्यो । आधुनिक फ्रान्सको गाली बेइज्जती कानुनको सुरुवात १८८१ मा बनेको French Defamation Law बाट भयो । पत्रपत्रिकामा बेइज्जतीपूर्ण प्रकाशन गर्ने कार्यविरुद्ध बचाउको एउटै मात्र पक्ष भनेको सार्वजनिक व्यक्तिहरूविरुद्ध सत्य तथ्य प्रकाशन गर्नु मात्रै मानिन्थ्यो । जर्मन ऐनमा पनि सत्य कुरा प्रकाशमा ल्याउनुलाई मानहानिजन्य कार्य नहुने व्यवस्था थियो । इटलीमा चाहिँ सत्य कहिलेकाहीँ मात्र मानहानिको ढाल हुन्थ्यो, अन्यथा यो





फौजदारी सजायको विषय बन्थ्यो ।

पीडित व्यक्तिको अनुमतिबिना उसलाई होच्याउने वा बेइज्जत गर्नु वा झूटा कुरा प्रकाशन गर्नु सामान्यतया गालीबेइज्जती हो । शब्द वा चित्रमार्फत पनि व्यक्तिको मानहानि हुने मान्यता छ । चोट पुगेजस्तो लाग्नु मात्रै गाली बेइज्जती नमानिई गालीबेइज्जती ठहर्नलाई पीडितको प्रतिष्ठामा आघात पुगेकै हुनुपर्छ भन्ने मान्यता छ । बेइज्जतीलाई मुख्य रूपमा दुई किसिमले विभाजित गर्न सकिन्छ ती हुन्:

(क) मानहानिजन्य प्रकाशन (Libel)

(ख) अपमानजन्य वचन (Slander)

छापेर, लेखेर वा चित्र अथवा संकेतद्वारा गरिएको मानहानि वा बेइज्जतीलाई Libel अन्तर्गत राखिन्छ । यसमा अपमानजनक लेख वा वक्तव्य प्रकाशित गर्नु वा बदनाम गर्नुजस्ता कार्य पर्दछन् । यो प्रकाशन, तस्बिर वा अन्य कुनै प्रसारणजन्य (Visual) सकेंतद्वारा कसैको मानहानी गर्ने कार्यअन्तर्गत पर्दछ । विद्युतीय सञ्चार, जसमा हेर्ने तथा सुन्ने Audio & Visual दुवै प्रविधि प्रयोग गरिन्छ, लाई Libel jf Slander दुवै श्रेणीमा राख्न सहज हुँदैन । कुनै देशमा रेडियोद्वारा गरिने मानहानिलाई Libel को श्रेणीमा राखिछ भने कुनैमा ब्बिलमभच अन्तर्गत राखिन्छ । टेलिभिजन प्रसारण पनि यस्तै विभाजनभित्र पर्छ । कानुनले मौखिक रूपमा वचनले गरिएको गालीबेइज्जतीभन्दा प्रकाशनद्वारा गरिएकोलाई बढी गहनतम मानेको छ र यस्तो कार्यका विरुद्ध बढी सजाय प्रस्तावित गरिएको पाइन्छ । यी दुवैबाट हुने हानी पनि फरक-फरक हुन्छन् । धेरै अवस्थाहरूमा गालीबेइज्जती फौजदारी सजाय हुने कार्यअन्तर्गत पर्छ । सार्वजनिक स्वार्थमा आँच आउने गरी शान्ति खलबल्याउने कार्य गरिन्छ भने त्यो फौजदारी मानहानिअन्तर्गत पर्छ । गालीबेइज्जतीपूर्ण प्रकाशन गर्ने सम्पादक, प्रकाशक र संवाददातामा यसको दोष जान्छ नकि पत्रिका पसले वा वितरक । कतिपय अवस्थामा स्वास्थ्य आलोचना र टिकाटिप्पणीलाई मानहानी अन्तर्गत नराखी मिडिया स्वतन्त्रताअन्तर्गत राख्ने गरिएको पाइन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५ मा पनि प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक शीर्षकअन्तर्गत उपधारा (१) मा विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार,

सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्यदृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन भन्ने प्रत्याभूति गरिएको छ । यसैको प्रतिबन्धात्मक वाक्यांशमा नेपालको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गालीबेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकूल हुने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाइएको मानिने छैन भन्ने व्यवस्था गरी मानहानिजन्य कार्य गर्न बन्देज लगाइएको पाइन्छ ।

गाली र बेइज्जती ऐन, २०१६ को प्रस्तावनामा पनि सर्वसाधारणको इज्जत र मान मर्यादा कायम राख्न पाउने अधिकारको रक्षाको लागि गालीबेइज्जतीको कसुरको निमित्त सजायको व्यवस्था गर्न आवश्यक देखिएको भनी ऐनको महत्व स्पष्ट पारिएको छ । उक्त ऐनमा गरिएको परिभाषा अनुसार “बेइज्जती” भन्नाले कसैले अरू कुनै व्यक्तिको इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्क पुग्ला भन्ने जानी जानी वा विश्वास गर्ने कारण भई लेखेर वा वचनले वा संकेतले वा बुझिने गरी आकार चिन्हद्वारा सो व्यक्तिलाई कुनै दोष लगाएमा वा त्यस्तो कुरा प्रकाशित गरेमा निजले सो व्यक्तिको बेइज्जती गरेको मानिनेछ” भनिएको छ (दफा३) । सो दफाको स्पष्टीकरण खण्डमा चारवटा उपदफाअन्तर्गत गालीबेइज्जती ठहर्न सक्ने अवस्था उल्लेख गरिएको पाइन्छ । जसअनुसार :

(१) मरिसकेको कुनै व्यक्तिलाई कुनै दोष लगाइएकोमा सो गरेको समय निज जीवित रहेको भए निजको इज्जतमा धक्का पुग्ने रहेछ र निजको परिवार वा निजको अन्य नातेदारहरूको भावनामा चोट पुऱ्याउने मनसायले गरिएको रहेछ भने बेइज्जती गरेको ठहर्न सक्नेछ ।

(२) व्यंग गरी वा अरू कुनै घुमाउरो तवरले लगाइएको दोष बेइज्जती ठहर्न सक्नेछ ।

(२क) जानाजान कसैको चरित्र हत्या गर्न वा अनुचित लाञ्छना लगाउने नियतले दोष लगाएमा वा प्रचार-प्रसार गरेमा बेइज्जती गरेको ठहर्न सक्नेछ ।

(३) कसैले अरू कुनै व्यक्तिलाई सोझै वा घुमाउरो तवरले अरूको दृष्टिमा निजको नैतिक वा बौद्धिक चरित्र वा जात वा पेसासम्बन्धी चरित्र वा ख्यातिलाई होच्याउने गरी वा निजको शरीर घृणित अवस्थामा वा सामान्यतः अपमानित सम्झिइने अवस्थामा छ भन्ने विश्वास पर्ने गरी दोष नलगाएसम्म निजको इज्जतमा धक्का पुऱ्याएको मानिनेछैन ।

सोही ऐनको दफा ४ मा “बेइज्जती गरेको नठहरिने अवस्था” शीर्षकअन्तर्गत १० वटा अवस्थाहरू उल्लेख गरी निम्न कुराहरू गर्दा गालीबेइज्जती गरेको नठहरिने उल्लेख गरिएको पाइन्छ :

(१) सर्वसाधारणको हितको लागि आवश्यक भएमा कुनै व्यक्तिलाई साँचो कुराको दोष लगाउनु वा त्यसको प्रकाशन गर्नु, कसैलाई लगाइएको दोष सर्वसाधारणको हितको लागि लगाइएको हो वा होइन भन्ने कुरा तथ्यमा निर्भर गर्नेछ ।

(२) कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको काम कर्तव्य गर्दाको निजको आचरणलाई लिएर वा सो आचरणबाट बुझिनेसम्मको मात्र निजको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु,

(३) कुनै व्यक्तिको सार्वजनिक प्रश्नसँग सम्बन्ध पर्ने आचरण र सो आचरणबाट बुझिनेसम्मको मात्र निजको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु,

(४) कुनै अदालती कारबाहीमा यसको नतिजाको वास्तविक रूपमा साँचो प्रतिवेदन प्रकाशित गर्नु,

(५) कुनै अदालतले छिनेको देवानी वा फौजदारी मुद्दाको गुण वा दोषलाई लिएर वा त्यस्तो कुनै मुद्दाको वादी, प्रतिवादी, साक्षी वा वारिस भएको कुनै व्यक्तिको आचरणलाई लिएर वा सो आचरणबाट बुझिनेसम्मको मात्र निजको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु,

(६) कुनै कुरा गर्ने व्यक्तिले सर्वसाधारणको रायको लागि सो कुरा पेश गरेकोमा सो कुराको गुण वा दोषलाई लिएर वा त्यसबाट बुझिनेसम्मको मात्र सो कुरा गर्ने व्यक्तिको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु,

(७) कुनै व्यक्तिको अर्को कुनै व्यक्तिउपर कानुनद्वारा वा निजसंग कानुनी

कबुलियतद्वारा कुनै अधिकार भएकोमा निजले सो अधिकारसम्बन्धी काम कुरामा सो अर्को व्यक्तिको आचरणमा असल नियतले कुनै खोट लगाउनु,

(८) कसैउपर लाग्ने अभियोग सो विषयमा निजउपर कानुनी अधिकार भएका व्यक्ति छेउ असल नियतले लगाउनु,

(९) आफ्नो वा अरूको हितको रक्षाको लागि वा सर्वसाधारणको हितको लागि असल नियतले कसैको चरित्रलाई दोष लगाउनु र

(१०) कसैलाई निजको हितको लागि वा निजको स्वार्थ भएको व्यक्तिको हितको लागि वा सर्वसाधारणको हितको लागि अरू कुनै व्यक्तिको विरुद्ध सतर्क गर्नु ।

ऐनको दफा ५ मा "बेइज्जती गरेमा वा बेइज्जती हुने कुरा छापेमा दण्ड सजाय" शीर्षकअन्तर्गत कसैले देहाएको कसुर गरेमा निजलाई पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ र दुई वर्षसम्म कैदको सजाय पनि हुन सक्नेछ भनिएको छ । ती अवस्थाहरू निम्न छन् :

(१) अरू कसैको बेइज्जती गरेमा, वा

(२) कुनै कुरा छापे वा खोदेमा वा अरू कसैको बेइज्जती हुनजान्छ भन्ने जानीजानी विश्वास गर्ने मनासिव कारण भई सो कुरा छापेमा वा खोदेमा ।

ऐनको दफा ६ मा "बेइज्जती हुने कुरा छापिएको वा खोदिएको कुनै कुराको बिक्री गरेमा दण्ड सजाय" शीर्षकअन्तर्गत कसैले कुनै कुरामा बेइज्जती हुने कुरा छापिएको वा खोदिएको छ भन्ने जानीजानी सो कुरा बिक्री गरेमा वा बिक्रीको निमित्त राखेमा निजलाई एक सय रुपैयाँसम्म जरिवाना र छ महिनासम्म कैदको सजाय पनि हुन सक्नेछ भन्ने व्यवस्था गरिएको छ । यसबाट त्यस्तो सामग्री उत्पादन गर्नमा संलग्न नहुने व्यक्ति पनि सजायको भागी हुनसक्ने अवस्था देखिन्छ ।

त्यसैगरी दफा ७ मा "शान्ति भंग गराउने नियतले जानी जानी गाली गरेमा दण्ड सजायः" शीर्षकअन्तर्गत गाली गरी कसैलाई उत्तेजित पारेबाट निजले सार्वजनिक शान्ति भंग वा अरू कुनै अपराध गर्नेछ भन्ने नियतले वा त्यस्तो हुने





संभावना छ भन्ने जानीजानी कसैले कसैलाई गाली गरी उत्तेजित पारेमा एक सय रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म जरिवाना हुनेछ र छ महिनासम्म कैदको सजाय पनि हुन सक्नेछ भनिएको छ । यसबाट अरूलाई आवेशमा ल्याई उसको क्षणिक उत्तेजनाबाट तेस्रो पक्षको चरित्रहत्या वा मानहानी गर्नु पनि कसूर ठहर्ने देखिन्छ । सोही ऐनको दफा ८ "आईमाईलाई अपमानित गर्ने नियतले कुनै काम कुरा गरेमा" शीर्षकअन्तर्गत कसैले कुनै आईमाईको अपमान गर्ने नियतले, निजले देख्ने सुन्ने गरी, कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हावभाव व्यक्त गरेमा वा कुनै वस्तु देखाएमा वा निजको गोपनियतामा दखल दिएमा एक सय रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म जरिवाना हुनेछ र ६ महिनासम्म कैदको सजाय पनि हुन सक्नेछ भन्ने व्यवस्था गरिएको छ । महिलाविरुद्ध गालीबेइज्जतीपूर्ण कार्य गरेमा छुट्टै सजाय प्रस्तावित गरिनु स्वागतयोग्य भए पनि "आईमाई" शब्दको प्रयोगको सट्टा "महिला" शब्द प्रयोग हुन सकेमा सम्मानजनक सम्बोधन हुन जाने देखिन्छ । कुनै सार्वजनिक स्थानमा महिलाउपर प्रदर्शन गरिने अपमानजनक व्यवहार पनि गालीबेइज्जती हुने यस प्रावधानको मनसाय हो ।

त्यसैगरी दफा ९ "मामूली गालीबेइज्जती वा अपमान हुने काम" शीर्षकअन्तर्गत साधारण समझ र मिजासका व्यक्तिले उजुर नगर्ने मामूली किसिमको गाली बेइज्जती वा अपमान कुनै कामबाट भएकोमा वा सो गर्ने नियतले वा सो हुने सम्भावना छ भन्ने जानी जानी गरेकोमा यो ऐनअन्तर्गतको कसुर ठहर्दैन भनी अन्जानवस वा सामान्य वा सीधा मिजासको व्यक्तिले आपसमै गरेको कार्यको बचाउ गर्न खोजिएको पाइन्छ ।

दफा १० मा "खति पुऱ्याउने नियतले झूट्टा अभियोग लगाएमा दण्ड सजाय" शीर्षकअन्तर्गत कसैले कसैको विरुद्ध यो ऐनअन्तर्गत गाली वा बेइज्जतीका मुद्दा दायर गर्न न्यायोचित वा कानुनी आधार छैन भन्ने जानी जानी निजलाई खति पुऱ्याउने नियतले निजको विरुद्ध त्यस्तो मुद्दा दायर गरेमा वा गराउन लगाएमा सो व्यक्तिलाई बेइज्जतीसम्बन्धी मुद्दामा भए पाँच सयदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ र गालीसम्बन्धी मुद्दामा भए एक सयदेखि एक हजार रुपैयाँसम्म जरिवाना हुनेछ । त्यसरी मुद्दा दायर गर्ने वा गराउने व्यक्तिबाट मुद्दा हेर्ने अधिकारीले विपक्षीलाई सो मुद्दामा लागेको खर्च समेत भराउनेछ भन्ने व्यवस्था गरी झुट्टा मुद्दा लगाई कसैलाई हैरानी दिने वा दुःखदिने कार्यलाई

निरुत्साहित गराउन खोजिएको छ ।

गालीबेइज्जती ऐन, २०१६ आकर्षित हुने कुनै कुरामा मुद्दा चलाउनुपर्ने कारण भएमा त्यस्तो कारण परेको मितिले छ महिनाभित्र नालिस दिनुपर्ने गरी हदम्यादको दायरा सीमित गरिएको छ । जसबाट लामो समयावधि व्यतित भइसकेपछि तयस्तो मुद्दा नचलोस् भन्ने विधिकर्ताको मनसाय देखिन्छ । साथै यस ऐन अन्तर्गतको मुद्दामा कारबाही किनारा गर्दा मुद्दा हेर्ने अधिकारीले विशेष अदालत ऐन, २०५९ अनुसारको कार्यविधि अपनाउने छ भन्ने व्यवस्था गरी छिटो कारबाही र किनारा गर्नुपर्ने विशेष प्रकृतिको मुद्दाअन्तर्गत यसलाई राखिएको छ ।

कसैले कसैलाई गालीबेइज्जती गरिएको ठहरिएमा गाली वा बेइज्जती गरिएको व्यक्तिलाई निजको सामाजिक प्रतिष्ठा र इज्जत समेतलाई विचार गरी मुद्दा हेर्ने अधिकारीले कसुरदारबाट मनासिव माफिकको रकम क्षतिपूर्तिको रूपमा भराई दिनेछ र त्यस्ता भावनामा चोट लागेको निजको नजिकको हकवलालाई त्यस्ता क्षतिपूर्ति र खर्चको रकम दिइनेछ भन्ने थप व्यवस्था गरी क्षतिपूर्तिबाट पनि गाली बेइज्जतीपूर्ण कार्यविरुद्ध संरक्षण दिन खोजेको पाइन्छ ।

गालीबेइज्जती गर्नु गराउनु भनेको व्यक्तिको सामाजिक प्रतिष्ठा र इज्जतमा धक्का पुर्‍याउने अपमानजनक कार्य भएकोले पीडकलाई कैद वा जरिवना वा दुवै सजाय गरे वा क्षतिपूर्ति भराए पनि पीडितको गुमेको प्रतिष्ठा वा इज्जत पुनःस्थापित हुन सक्ने देखिँदैन । खाली यसबाट अरू व्यक्तिलाई थप पीडा दिने कार्य गर्न पीडक निरुत्साहितसम्म हुन जाने देखिन्छ । कानुनी व्यवस्था र सजायको आधारमा मात्र यस्तो कार्य निरुत्साहित हुने नभई संबन्धित सबैले आ(आफ्नो प्रतिष्ठा सरह अर्काको इज्जत वा प्रतिष्ठा हो र आफ्नो इज्जत वा मान सम्मान जोगाउन पहिले अर्काको पनि सम्मान गर्नसक्नुपर्छ भन्ने भावना आउनु जरुरी छ । गालीबेइज्जतीजन्य कार्यको नाउँमा सत्य तथ्य बाहिर ल्याउनै रोक्नु पनि सभ्य समाजको लागि सुहाउने कुरा होइन । सार्वजनिक जवाफदेहीता र सुशासनको वर्तमान युगमा पत्रपत्रिका वा सम्बन्धीत निकायलाई सार्वजनिक चासो वा जानकारीका कुरा सार्वजनिक गर्न निरुत्साहित गराउनु हुँदैन । तर यसो भन्दैमा व्यक्तिका अत्यन्त निजी मामिलामा अनावश्यक दखल दिने कार्य पनि स्वागतयोग्य हुन सक्दैनन् ।





# अदालत र प्रेस स्वतन्त्रता

## अर्थ/परिभाषा

नागरिक अधिकारको एउटा प्रमुख पाटो जान्न, बुझ्न र आफ्ना कुरा अरू सबैलाई भन्न पाउने अधिकार हो । ती सबै कामका लागि एउटा माध्यमको प्रयोग हुन्छ जसले सार्वजनिक रूपमा सूचना र जानकारीहरू समाचार र विचारका रूपमा बृहत् क्षेत्रमा आदानप्रदान गरिरहन्छ । त्यो माध्यम प्रेस अर्थात पत्रकारिता हो । यही पत्रकारिताअन्तर्गत गरिने कर्महरूलाई स्वतन्त्रतापूर्वक सम्पन्न गर्न पाउनुपर्छ भन्ने मान्यतालाई प्रेस स्वतन्त्रता भन्ने गरिन्छ ।

हक, अधिकार र स्वतन्त्रताहरूलाई कानुनी रूपमा प्रत्याभूत गर्न विभिन्न दस्तावेजहरू तयार गरिएका हुन्छन् । यसरी कानुनी दस्तावेजहरूमा उल्लेख गरेर गरिएको प्रत्याभूतिलाई राज्यले संरक्षण दिने परिपाटी कानुनी शासनको विश्वव्यापी मान्यता हो । अतः कानुनी शासन भएका मुलुकहरूमा प्रेस स्वतन्त्रता पनि अन्य स्वतन्त्रताहरू जस्तै निर्वाध र अकुण्ठित रूपमा प्रयोग गरिएको हुन्छ भने राज्य र सामाजिक जनजीवनका अन्य निकाय तथा नागरिकहरूले त्यसका प्रति आदर, सम्मान गर्दै त्यसको पालना गर्दछन् ।

संविधान र कानुनहरूमा व्यवस्था गरिए अनुरूपका प्रेस जगतका हक, अधिकार र स्वतन्त्रताहरू निर्वाध रूपमा प्रयोग गर्ने अवसर पत्रकार, सञ्चार माध्यम र ती माध्यमहरूसँग सम्बद्ध अन्य सहयोगी संयन्त्रहरूले पाएमा प्रेस स्वतन्त्रताको अभ्यास गरिएको मानिन्छ । कानुनमा उल्लेख भएपछि हक स्थापित हुन्छ र त्यसलाई व्यवहारमा अभ्यास गर्ने अवसर पाएपछि त्यो प्रत्याभूति वा उपयोग गरेको मानिन्छ ।

यस्ता स्वन्त्रताहरू देशको संविधान (जसलाई राज्यको मूल कानुन मानिन्छ), ऐन, नियम र अन्य कानुनी तथा नीतिगत दस्तावेजहरूमा उल्लेख गरिन्छ। अन्तर्राष्ट्रिय रूपमा पारित गरिएका सन्धि, अभिसन्धि, महासन्धि, अनुबन्ध, घोषणालगायतका दस्तावेजमा पनि उल्लेख गरिएको हुन्छ। देशको संविधान, ऐन, कानुन र नियममा लेखिएका कुराहरू कानुन मानिन्छन् र तिनको पालना गर्नु त्यस देशको सरकार, संघ-संस्था र सबै नागरिक (प्राकृतिक र कानुनी व्यक्ति) को कर्तव्य हुन्छ भने पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय दस्तावेजहरूका प्रावधानहरूको पालना गर्नु राज्यको दायित्व हुन्छ।

प्रेस स्वतन्त्रतालाई पनि २०४७ सालको संविधान र हालै जारी अन्तरिम संविधान २०६३ तथा प्रेससम्बन्धी थुप्रै कानुनहरूले संरक्षण प्रदान गरेका छन्। लोकतन्त्र प्राप्तिपछिको अब बन्ने संविधानले अझ महत्वपूर्ण विश्वव्यापी मान्यताहरूलाई आत्मसात गर्ने विश्वास गरिएको छ।

'प्रेस' लाई समाजको आँखा मानिन्छ जसका माध्यमबाट मानिसहरूले संसार हेर्न सक्छन्। प्रेसले निर्वाह गर्ने गहन भूमिकालाई सम्मान गर्दै आधुनिक जनउत्तरदायी राज्य व्यवस्था भएका मुलुकहरूमा प्रेसलाई राज्यको चौथो अंग मान्ने गरिएको हुन्छ। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका राज्य सञ्चालनका प्रमुख तीन अंग हुन् भने प्रेस ती तीनै अंगलाई बाहिरी संसार देखाउने आँखा हो र बाहिरको सन्देश सुनाउने कान हो। प्रेसले नै ती तीनै अंगले गरिरहेका काम कारबाहीहरूका बारेमा सबैलाई जानकारी पुऱ्याइरहेको हुन्छ। राज्य र समाजका हरेक क्रियाकलाप कुनै न कुनै रूपले यी तीन अंगमार्फत सञ्चालित हुन्छन्।

***समाचार र विचारको स्वतन्त्र र निर्वाध संकलन एवं सम्प्रेषण गर्ने स्वतन्त्रतालाई प्रेस स्वतन्त्रता भनिन्छ। सार्वजनिक जीवनका हरेक क्रियाकलाप र सूचनाहरूका बारेमा थाहा पाउने र तिनका बारेमा प्रतिक्रिया जनाउन पाउने हक हरेक नागरिकको हुन्छ। त्यस्ता सूचना र जानकारी आम मानिसहरूसम्म पुऱ्याउने र उनीहरूका प्रतिक्रिया नीति निर्माणको तहसम्म पुऱ्याउने काम प्रेस अर्थात पत्रकारिताको हो। प्रेस सूचना र जानकारी तथा प्रतिक्रियाहरू आदान-***





***प्रदान गर्ने संवेदनशील माध्यम हो। यसले मानिसको विचार र सोचाइमा प्रभाव पार्ने भएकाले यसको उचित प्रयोग र स्वतन्त्रताको महत्व अरूको भन्दा बढी छ।***

## महत्व

प्रेसले समाजलाई सुसूचित गराउने र समाजको अवस्था, आवश्यकता र भावना सार्वजनिक गरिदिने भएकाले यो समाजको अभिन्न अंग भएर रहेको हुन्छ। जसरी प्राणीहरूको शरीरमा रक्त प्रवाहका माध्यमबाट हरेक कोषसम्म ग्लुकोज र अक्सिजन पुगिरहेको हुन्छ त्यसरी नै समाजका हरेक अंग प्रत्यंगमा सूचना र जानकारीको प्रवाह प्रेसले गरिरहेको हुन्छ।

राज्य (राष्ट्र प्रमुखदेखि तल्लो निकायको कनिष्ठतम् पदसम्म) का हरेक गतिविधि, काम कारबाही र निर्णय प्रेसको कार्यक्षेत्र भएकाले त्यहाँ हुने हरेक क्रियाकलाप यसका विषयवस्तु अर्थात समाचार स्रोत हुन्। ती विषय वस्तुको चिरफार र सत्य तथ्य उजागर गर्ने भएकाले समाजका हरेक समस्याको निदानमा सहयोग पुऱ्याई प्रेसले समाज र राष्ट्रलाई नयाँ बाटो र दिशा प्रदान गर्छ। माथि व्याख्या गरिए जस्तै प्रेस समाजको आँखा र कान दुवै भएकाले यसले समाजको राम्रोसँग विश्लेषण गर्ने र त्यसभित्रका राम्रा नराम्रा पक्षहरू उजागर गरिरहन्छ। यस्तो कार्यले समाजको सुधार र परिमार्जनमा सहयोग पुऱ्याइरहेको हुन्छ।

यी सबै कार्य गर्न प्रेस स्वतन्त्र र मर्यादित हुन जरुरी छ। नियन्त्रित वा स्वतन्त्रता नभएको प्रेसले समाजको निष्पक्ष र तर्कसंगत विश्लेषण गर्न सक्दैन, आफ्नो दायित्व पूर्ण रूपमा निर्वाह गर्न सक्दैन जसले गर्दा समाजका नियमित क्रियाकलाप पूरा हुन सक्दैनन् र स्वस्थ एवं स्वच्छ समाजिक जीवन अघि बढ्न सक्दैन।

## सीमा

प्रेस स्वतन्त्रताको अर्थ यसको मर्यादा र जवाफदेहीतासँग गाँसिएको हुन्छ। अमर्यादित र अनियन्त्रित प्रेसले समाजमा प्रतिष्ठा र विश्वास हासिल गर्न सक्दैन। मर्यादा, प्रतिष्ठा र विश्वासमा नै प्रेसको प्रभाव सुनिश्चित हुने

गर्छ । प्रतिष्ठा नभएको प्रेस समाजमा रहनु नरहनुको कुनै प्रभाव रहँदैन । प्रेसले समाजमा पर्ने प्रभाव र असरका बारेमा सधैं चनाखो रहनुपर्छ र पत्रकारहरूले समाचार लेख्दा, सम्पादन गर्दा वा प्रसारण गर्दा आफूले लेखेको, सम्पादन गरेको वा प्रशारण गरेको समाचारले त्यो समाजमा कस्तो प्रभाव पार्छ भन्ने कुराको पूर्वअनुमान गर्न सक्नु पर्छ ।

प्रेस स्वतन्त्रताका सीमाहरूको किटानीका लागि कानुनी र नैतिक दस्तावेजहरू तयार गरिएका हुन्छन् । पत्रकार आचारसंहिता नैतिक दस्तावेज हो भने संविधान, ऐन र नियमलगायतका राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनहरू वैधानिक दस्तावेज हुन् । ती दुवै थरिका दस्तावेजले बर्जित गरेका कुराहरू र समाजका लाज, पाप र अनैतिक ठानिएका कुराहरूका बारेमा समाचार सम्प्रेषण नगर्नुले स्वतन्त्र प्रेसको मर्यादा र प्रतिष्ठालाई जोगाइरहन सकिन्छ ।

राज्यको सार्वभौमिकता, राष्ट्रिय अखण्डता, सामाजिक, सांस्कृतिक मूल्य मान्यता, व्यक्तिको इज्जत प्रतिष्ठा र व्यक्तिगत सरोकारका विषयहरू (सार्वजनिक महत्वको विषय बाहेक) मा नकारात्मक प्रभाव पार्ने गरी प्रेसले गलत ढंगले समाचार, विचार र कुनै पनि प्रकारका सूचना र जानकारी सार्वजनिक गर्नु हुँदैन ।

केही कुराहरू व्यक्ति तथा समुदाय विशेषको विशेषाधिकार भित्र पर्दछन् । त्यस्ता सूचनाहरू सुविधाजनक सूचना (Privileged Communication) हुन् । जस्तो अदालतको विश्वसनीयता र सो प्रतिको जनआस्थालाई संरक्षित गर्न उसले गरेका निर्णयमाथि अनावश्यक आलोचना गरिदैंन, संसदले सार्वजनिक नीति (Public Policy) बनाउने भएकाले उसको सो कार्यमाथि हस्तक्षेप गरिदैन, त्यस्तै एउटा वकिल र उसको पक्षबीचका कुराकानी वा सरसल्लाह, एउटा डाक्टर र उसको विरामीबीचको कुराकानी, पारिवारिक सरसल्लाह र कुराकानीलाई सुविधाजनक सञ्चार मानिन्छ । ती सञ्चारहरू गोप्य रहन्छन् । उसको स्वीकृति वा मञ्जुरीबिना त्यस प्रति प्रेसले पनि चासो राख्न मिल्दैन ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ को उपधारा ३ (क) मा व्यवस्थित विचार र अभिव्यक्तिको स्वतन्त्रता, धारा १५ को प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक र धारा २७ को सूचनाको हकले संरक्षण गरेका स्वतन्त्रताको सम्बन्धमा व्यवस्था गरेको देखिन्छ । सोही संविधानको धारा १२ को उपधारा ३ को प्रतिबन्धात्मक प्रावधान (१) मा विचार तथा अभिव्यक्तिको





स्वतन्त्रताका सीमाहरू उल्लेख गरिएको छ जसमा-

- नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाती, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पार्ने
- गाली बेइजति वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने
- सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यलाई रोक्न मनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन भनिएको छ ।

त्यसैगरी धारा १५ को प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हकको प्रतिबन्धात्मक प्रावधानमा

- नेपालको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पार्ने
- राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने
- सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यलाई रोक्न मनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन भनिएको छ ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा २७ को प्रतिबन्धात्मक वाक्यांशले कानुनद्वारा गोप्य राखिनु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भनी उल्लेख गरेको छ ।

प्रेस स्वतन्त्रताको सीमाको सवालमा नेपालको अन्तरिम संविधान २०६३ ले संसदीय विशेषाधिकारको व्याख्या गर्दै संसदीय काम कारबाहीलाई त्यसको असल नियतबारे शंका उठाइ कुनै टिकाटिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुराको सम्बन्धमा जानिजानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन तथा प्रसारण गरिने छैन भनिएको छ । कसैले व्यवस्थापिका संसद्को अवहेलना गरेमा तीन महिना कैद वा दस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ भनि दण्ड सजायको समेत व्यवस्था गरेको छ ।

यसैगरी गोपनीयताको हकको यस सम्बन्धमा विशेष सरोकार रहेको

देखिन्छ । समाचार संकलन र वितरण एवम् प्रवाहका सम्बन्धमा गोपनीयताको हकको प्रत्यक्ष सम्बन्ध रहन्छ । अन्वेषणमुखी पत्रकारिता र व्यक्तिको गोपनीयताबीच सन्तुलन कायम गर्नु स्वतन्त्र प्रेसको दायित्व हो ।

प्रेस विधिशास्त्रको विश्लेषण गर्दा यो सरकार र जनताबीचको तीनै अंगको सूचना जनतासमक्ष पुऱ्याउने प्रतिनिधि संस्था भएकोले चौथो अंग बन्न पुगेको देखिन्छ । जनता र सरकारलाई जोड्ने कडीहरूमध्ये यो सबैभन्दा सशक्त मानिन्छ ।

प्रेसको कुरा गर्दा समाचार वा लेखको प्रकाशनमा पूर्व प्रतिबन्ध नलगाउने संवैधानिक ग्यारेन्टीलाई विशेष महत्वका साथ हेर्नुपर्दछ । कुनै पनि समाचार वा पाठ्यसामग्री प्रकाशन गरेकोमा कानुन उल्लंघन भएमा सजाय गर्न सकिन्छ तर प्रकाशन नै नगर्ने भन्न पाइँदैन । यो संवैधानिक अभिव्यक्तिले झूटो वा साँचो जे भए पनि समाचार बजारमा आउने हक रहन्छ भनी जोन स्टुअर्ट मिलले प्रतिवादन गरेको स्वतन्त्रतासम्बन्धी अवधारणाले मान्यता पाएको देखिन्छ ।

प्रेस जहिले पनि गालीबेइजती ऐनको प्रावधानको अधिनमा रहन्छ । यसले जानी जानी बेइज्ज्ती गर्न भने पाउँदैन । यसैगरी राष्ट्रिय सुरक्षा र व्यक्तिगत गोपनीयताको सबालमा पनि यो संवेदनशील हुन आवश्यक छ । प्रेस स्वतन्त्रता प्रेसको लागि नभएर जनताको लागि हो । यसले नागरिकले भन्दा बढी अधिकार पनि पाएको हुँदैन । प्रेसको जिम्मेवार वा उत्तरदायित्व परीक्षण संसद्मा नहुने जनताले नै मूल्याङ्कन गर्ने भएकोले जनताको इज्जत गर्न प्रेस पछि पर्नु हुँदैन । त्यसैले सार्वजनिक शिष्टाचार र नैतिकताविपरीत हुने अश्लिल प्रकाशन पनि यसको स्वतन्त्रताका सीमा हुन् । त्यसैले आफ्ना सीमाको ख्याल गर्नु यसको कर्तव्य हो । यसले संसद् र अदालतको मानहानी हुने गरी कुनै प्रकाशन गर्ने स्वतन्त्रता पाएको हुँदैन । त्यसैले यो मर्यादित भएर रहनुपर्दछ । मर्यादाका सीमाहरू कानुनले तोकेको हुन्छ । राष्टिय ऐन कानुनले नतोकेको अवस्थामा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी अनुबन्धको सदस्य भएको र तिनमा प्रेस स्वतन्त्रताको सम्बन्धमा समेत व्यवस्था भएकाले त्यस्ता अनुबन्धमा लेखिएका सम्बन्धीत कुराहरू सन्धि ऐन २०४७ को दफा ९ बमोजिम नेपालमा कानुनसरह लागू हुने हुँदा तिनको बेवास्ता गर्न मिल्दैन ।

मुलुकी ऐनका केही व्यवस्थाहरू, प्रस्तावित फौजदारी अपराध संहिता,





गाली बेइज्जती ऐन २०१६ र लिखतको गोप्यतासम्बन्धी ऐन २०३९ ले गोपनीयताका सम्बन्धमा गरेका व्यवस्थाहरू प्रेस स्वतन्त्रताका थप सीमा हुन सक्छन् ।

## अदालत र प्रेसको जिम्मेवारी

अदालत र प्रेसको सम्बन्धलाई मर्यादाको विवादको विषयका रूपमा बुझिँदै आइएको छ । स्वतन्त्र न्यायपालिकाको मर्यादालाई कायम राख्दै स्वतन्त्र प्रेसले जिम्मेवारीपूर्वक अदालतका कामकारबाही र सार्वजनिक जीवनमा पार्ने प्रभावका बारेमा लेख्नुलाई अन्यथा मान्न सकिँदैन । यो स्वतन्त्र प्रेसको कर्तव्य हो ।

अदालत र प्रेस दुवैको उद्देश्य सत्य र न्यायको प्रत्याभूति गर्नु हो । तर यी दुई बीचको सम्बन्ध परिभाषित हुन नसकेको अवस्थाले गर्दा प्रसस्त भ्रमहरू छन् । यस सम्बन्धमा संविधानविद्, पुर्वसभामुख दमननाथ ढुंगानाको यो विचार उपयोगी देखिन्छ ।

*पत्रकारद्वारा मलाई सोध्ने गरिन्छ 'हामीले अदालतमा भ्रष्टाचार छ, न्यायाधीशहरूले भ्रष्टाचार गरेका छन् भनेर पनि लेख्न नपाउने ?' मैले जवाफमा भन्ने गरेको छु तपाईंहरू तथ्यमा आधारित समाचार लेख्नुहोस् । मलाई लाग्छ, प्रेस अदालतसँग अनावश्यक रूपमा डराइरहेको छ । अदालतको मानहानिसँग प्रेस जति डराएको छ, त्यति अदालतले पनि मनपरी गरी केही गर्न सक्दैन । यस अर्थमा प्रेस अदालतसँग अनुचित मात्रामा डराएको छ । अदालतबारे प्रेसमा पनि अज्ञानता छ । त्यस्तै, अदालतमा पनि प्रेसको समग्र भूमिकाबारे अज्ञानता छ । नयाँ प्रजातन्त्रमा यस्तो हुन्छ । समयले र अभ्यासले स्थिति, सीमा संयम, संस्कार तथा पारस्परिक समझदारी बनाउँदै लान्छ । प्रश्न यति मात्र हो, समयलाई पर्खने कि यथास्थानबाट गर्नुपर्ने कुरा गर्न अग्रसरता पनि देखाउने ?*

*न्यायपालिकालाई सार्वजनिक प्रतिक्रियाले सजग बनाइरहेको हुन्छ । नाजायज ठाउँमा हात हाल्यो भने आफैं झुटा ठाउँमा पर्छु भन्ने न्यायपालिकालाई पनि थाहा हुन्छ । न्यायाधीशहरू पनि यही समाजका मानिस भएकाले गुण, दोष उनीहरूमा पनि हुन्छन् । त्यसकारण प्रेसले सत्य-असत्य छुट्ट्यार सबैलाई सचेत बनाउनुपर्छ भन्ने मलाई लाग्छ । अदालतको मानहानिको सन्दर्भमा नेपाली प्रेस अनावश्यक रूपमा डराएको यसकारण पनि हुनसक्छ कि, उसलाई अदालतको मानहानि*

भनेको के हो र यसको क्षेत्र कति छ भन्ने थाहा छैन । अदालत र न्यायाधीशको सम्बन्धमा लेखेकै कारण पुर्जी काट्न पाइँदैन । न्याय प्रभावित हुने गरी मात्र केही लेख्न नपाइने हो । त्यसबाहेक जस्तो अदालतमा तारेखमा झुलाएर राख्ने, ५० औं पेसी सारी मात्र राख्ने, पेसी एउटै न्यायाधीशकहाँ पार्ने, आफूले ठीक ठानेको न्यायाधीशकहाँ नपरे मुद्दा हटाउनेजस्ता कामहरूभित्र पनि त धेरै समाचार हुन्छन् । यस्ता कति कुराहरू छन् जसलाई हामी मानहानिका डरले लेख्दैनौं । एउटा मुद्दामा कतिवटा पेसी चढेका छन्, कसरी फैसला भइरहेको छ, खोइत हामीले लेखेको ? अहिलेसम्म पनि हाम्रो धारण यो छ कि अदालतका बारेमा हामीले केही लेख्नु हुँदैन । हामीसँग कानुनी क्षेत्र हेर्ने संवाददाताहरू पनि छैनन् ।

स्वतन्त्र प्रेसको उद्देश्य संविधानको रक्षा गर्नु पनि हो भने यो एउटा मिसन हो भन्ने बिर्सनु भएन । तथ्यपूर्ण समाचार प्रवाह गरेकै कारण सजाय भयो त भयो, हिम्मत किन नगर्ने ? हामी यो पेसाप्रति इमान्दार भएपछि जेल जान किन डराउने ? अपिल गर्ने, त्यसपछि नभए जेल बस्ने । यसपछि त अवहेलनासम्बन्धी कानुन बन्ला र त्यसले परिभाषा गर्ला कि कुन कुरा लेखे मानहानि हुन्छ, कुन कुरामा हुँदैन । प्रजातन्त्रको विकासका लागि समयको माग छ, हाम्रो प्रेसले क्रुसेडरकै भूमिका खेलोस् । अदालतको मानहानिका सम्बन्धमा कस्ता कानुन चाहिन्छ भन्ने सम्बन्धीत क्षेत्रले जान्ने कुरा भयो । तर दुनियाको व्यावहारमा के पाइन्छ भने सञ्चारसँग सम्बन्धीत संस्थाहरूले यसको पहल गर्ने गरेका छन् । प्रेसले यस्ता विषयहरूमा आफ्नैं पहल र प्रयत्नहरू पनि गर्नुपर्छ भन्ने मलाई लाग्दछ । मानहानिसम्बन्धी छुट्टै कानुनको व्यवस्था हुदाँ प्रेस र अदालतबीचको सङ्कीर्णता र अनविश्वास अहिलेभन्दा धेरै हट्छ । दृष्टि र दायरा फराकिलो हुन्छ । आफ्ना कमजोरी र भ्रष्टाचार लुकाउन अदालतले मानहानिको हतियार अगाडि सार्दछ भन्ने जनधारणा पनि घट्दै जान्छ ।

हामीले संविधान निर्माण गर्दा अभिव्यक्ति स्वतन्त्रताको आधुनिकतम पक्षमा ध्यान पुऱ्याई वर्तमान संसदीय व्यवस्थाको एउटा मूल आधार सूचनाको हकको हुनुपर्ने ठहऱ्याएका छौं । यातनाविरुद्धको हकलाई मौलिक हकलाई मौलिक हकको विशिष्ट स्थानमा राखेका छौं । तर व्यवहारमा यातनासम्बन्धी उजुरीहरू देखिएका छैनन् । तर कुनै सार्वजनिक पदमा बसेका व्यक्तिले कानुनको उल्लङ्घन गरेमा यातनासम्बन्धी कानुनका आधारमा त्यसलाई ठीक ठाउँमा ल्याउन सकिन्छ ।





नत्र कर्तव्यपालनको नाममा कसैले हद जति नाघे पनि दण्डविहीन भइरहन्छ । जस्तो कि एउटा प्रहरी अधिकृतमाथि पनि ज्यान मुद्दा लाग्न सक्छ , उक्त प्रहरीको कारबाही आफ्नो कर्तव्यपालनाको सिलसिलाभन्दा बाहिर छ भने । यातनासम्बन्धी कानुनले कर्तव्यको सीमा नाघेर यातना दिन निषेध गरेजस्तो मानहानिसम्बन्धी छुट्टै कानुन बनेपछि त्यसले अहिले भएजस्तो भ्रम र भयमुखी कुहिरो हटाएर धेरै कुरा छर्लङ्ग पार्न र व्यवस्थित गर्न सक्छ । अदालतको मानहानिसम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त के हो भने न्यायाधीशलाई उसले गर्ने फैसलामा प्रभाव पार्न अथवा देखादेख अवरोध खडा गर्न खोजियो भने मात्र यो आकर्षित गरिन्छ । त्यसकारण मानहानिको दायरा र क्षेत्र फराकिलो छ भन्ने सबैको सदाशय प्रेसले प्रतिनिधित्व गरेको मानिनेछ । मैले त अहिले अदालतको मात्र होइन प्रेसको पनि कमजोरी देखेको छु । प्रेस पनि अनावश्यक रूपमा डराएर अदालतप्रति लेख्न सकिने विषयहरूमा पनि केही लेखिरहेको छैन । अदालतप्रतिको जनधारणा र जनताको अनुभव प्रेसले पनि जिम्मेवारीसाथ सार्वजनिक नगर्ने हो भने अदालत र जनताबीच वास्तविक भावना वा खाडल व्यापक जानकारीको विषय बन्नुपर्छ । यो सार्वजनिक गर्ने काममा प्रेसका अग्रगण्य भूमिका हुनै पर्छ । प्रेसको भूमिका नै जनसरोकारको कुरा व्यापक रूपमा थाहा दिनु र सुधारको बाटो खोज्न मद्दत गर्नु हो । यसमा न्यायपालिकाको संस्थालाई मात्र प्रेसले अपवाद बनाएर राख्न मिल्दैन । यसो गर्दा अदालत जनमतप्रति जवाफदेही नहुनुपर्ने छुट्टै टापु हुन पुग्छ । सधैंभरि मेरो जोड के मा छ भने सरकार र विधायिका जनताप्रति जवाफदेही हुनुपरे जस्तै न्यायपालिका पनि आफ्नो विशिष्ट मर्यादा अनुरूप जनताप्रति जवाफदेही हुनै पर्छ ।

-दमननाथ ढुंगाना/अदालती रिपोर्टिङ (शिव गाउँले)

# प्रेस र कानुन

कुनै पनि स्वतन्त्रता र अधिकार प्रत्याभूत गर्न र तिनलाई व्यवस्थित गर्न कानुनी संयन्त्रहरूको निर्माण गरिएको हुन्छ । ती अधिकार र कर्तव्यको पालना गराउन राष्ट्रिय वा अन्तर्राष्ट्रिय दुवै स्तरमा यस्ता कानुनी संयन्त्रहरूको निर्माण गरिएका हुन्छन् । राष्ट्रिय वा स्थानीय स्तरमा राज्यद्वारा निर्माण गरिएका कानुनी संयन्त्रहरू राष्ट्रिय संयन्त्र हुन् । संविधान, ऐन नियम, उपनियम आदि राष्ट्रिय संयन्त्र हुन भने राष्ट्रहरूबीच अन्तर्राष्ट्रिय स्तरमा भएका सन्धि, सम्झौता, अन्तर्राष्ट्रिय अभिसन्धि, अनुबन्ध, घोषणापत्र कानुनी संयन्त्र हुन् । यस्ता संयन्त्रहरू बाध्यात्मक वा अनुनयात्मक दुवै प्रकृतिका हुन्छन् । कानुनी संयन्त्रहरूको महत्वपूर्ण विशेषता भनेको यिनीहरूले अधिकार र कर्तव्यको सिर्जना गर्छन् ।

सञ्चार क्षेत्रलाई सञ्चालित र व्यवस्थित गर्न निर्माण गरिएका संयन्त्रहरू सञ्चारसम्बन्धी कानुनी संयन्त्र हुन् । यी संयन्त्रले सञ्चार क्षेत्रलाई व्यवस्थित गर्ने मात्र नभई प्रेस स्वतन्त्रताको अधिकारसमेत प्रत्याभूत गरेका हुन्छन् । हाम्रो सन्दर्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै कानुनी संयन्त्रहरू प्रेस स्वतन्त्रताका लागि सान्दर्भिक छन् ।

## राष्ट्रिय कानुनी संयन्त्रहरू

### संविधान

संविधान देशको मूल कानुन हो । राज्यद्वारा निर्माण हुने अन्य सबै







कानुन, नियम वा नीतिहरू संविधानको अधिनमा रहनुपर्दछ । संविधानसँग नमिल्ने वा बाझिने नियम कानुनहरू अस्तित्वमा रहन सक्दैनन् । त्यस्ता कानुन अमान्य हुन्छन् । संविधानसँग नमिलेका वा बाझिएका कानुनहरूलाई अमान्य र बदर घोषित गर्ने अधिकार यो संविधानले नेपालको सर्वोच्च अदालतलाई प्रदान गरेको छ । अदालतको यस्तो अधिकारलाई असाधारण अधिकार क्षेत्र भनिन्छ । नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७ ले यस सम्बन्धी व्यवस्था गरेको छ । यसका साथै अन्तरिम संविधानले मौलिक हकका रूपमा छ वटा अधिकारलाई विशेष रूपमा संरक्षित गरेको छ ।

### स्वतन्त्रताको हक

नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ ले नागरिकको स्वतन्त्रताको संरक्षण गरेको छ । यो धाराको उपधारा ३ को (क) मा विचार र अभिव्यक्ति स्वतन्त्रताको व्यवस्था छ । संविधानले सबै नागरिकले समान रूपमा उपभोग गर्न सक्ने गरी ६ वटा आधारभूत स्वतन्त्रताहरूको प्रत्याभूति गरेको छ । ती स्वतन्त्रताहरू

- विचार र अभिव्यक्तिको स्वतन्त्रता,
- बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,
- राजनीतिक दल खोल्ने स्वतन्त्रता,
- संघ र संस्था खोल्ने स्वतन्त्रता,
- नेपालको कुनै भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता,
- कुनै पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता पर्दछन् ।

नागरिक शासन व्यवस्थामा यी स्वतन्त्रताहरूलाई प्रजातन्त्रको आधारशीला वा स्वतन्त्रताहरूको जननीको रूपमा लिइन्छ । यी स्वतन्त्रताहरूको पूर्ण प्रत्याभूति बिना कुनै पनि शासन व्यवस्था पूर्ण हुन सक्दैन ।

### विचार तथा अभिव्यक्तिको स्वतन्त्रता

विचार र अभिव्यक्तिको अन्तर्गत लेख्ने, बोल्ने, व्यंग्य गर्ने, चित्र कोर्ने,

कार्टुन बनाउने, अभिनय गर्नेलगायतका स्वतन्त्रताहरू पर्दछन् । आमसञ्चारका माध्यम वा आफूले रोजेको अन्य कुनै माध्यमद्वारा आफ्ना विचार, मत, भावना वा दर्शनआदि अभिव्यक्त गर्ने स्वतन्त्रतालाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता भनिन्छ ।

***उचित बन्देज लगाउन सकिने***

*कुनै पनि अधिकार निरपेक्ष हुन सक्दैन । विचार तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोगका सवालमा पनि केही मुनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन सकिने संवैधानिक व्यवस्था छ । तर, त्यस्तो प्रतिबन्धको आधार संविधानमा लेखिएका कुराहरू मध्ये कुनै कार्य गर्नबाट रोक लगाउने उद्देश्यले अभिप्रेरित भएको हुनु पर्दछ । तोकिएका सर्तदेखि बाहेक सरकारले थप सर्त वा आधार सृजना गरी अभिव्यक्ति स्वतन्त्रताको अधिकार कटौती गर्न सक्दैन । सरकारको त्यस्तो कार्य संविधान विपरीत हुन्छ ।*

**प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी स्वतन्त्रता**

छापाखाना र पत्रपत्रिकासम्बन्धी स्वतन्त्रता प्रेस स्वतन्त्रता सुनिश्चित गर्ने संविधानको एक विशिष्ट व्यवस्था हो । नेपालको अन्तरिम संविधान २०६३ ले अघिल्ला संविधानहरूले प्रत्याभूत गरिएको भन्दा बढी स्पष्ट र छुट्टै धाराको व्यवस्था गरी यो अधिकारलाई सुरक्षित गर्‍यो । प्रेस स्वतन्त्रताको अधिकारलाई विशिष्ठ रूपमा संविधानमै प्रत्याभूत गरिएका विश्वका धेरै कम राष्ट्रहरू मध्ये नेपाल अग्रणी स्थानमा पर्दछ । संविधानको धारा १५ मा मौलिक हकको रूपमा यो अधिकारको व्यवस्था गरिएको छ ।

विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगयतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य पाठ्य, श्रव्य, दृष्य सामग्रीको





प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन भनि उपधारा १ मा पूर्व प्रतिबन्धबाट प्रेसलाई सुरक्षित राखिएको छ । त्यसैगरी उपधारा २ को प्रावधानले सञ्चारमाध्यमहरू बन्द, जफत वा दर्ता खारेज हुनबाट संरक्षित गरेको छ ।

उपधारा ३ को प्रावधानले दर्ता खारेजीबाट संरक्षण प्रधान गरेको छ । यो संविधानले छापा, विद्युतीय प्रसारण तथा टेलिफोनलगायतका सञ्चार साधनलाई अवरुद्ध गर्न सकिने छैन भनी थप संरक्षण गरेको छ जुन अघिल्ला संविधानहरूमा थिएन ।

धारा १५ को उपधारा २ र ३ ले प्रत्याभूत गरेका सञ्चारमाध्यमको दर्ता खारेज गर्ने, जफत गर्ने र बन्द गर्नेलगायतका नियन्त्रणात्मक  व्यवस्थाबाट संकटकालमा पनि प्रेस सुरक्षित रहने छ । तर, अन्य धारा १५ को उपधारा १ बमोजिमको पूर्वप्रतिबन्धको प्रावधान भने संकटकालमा सुरक्षित रहने छैन । उपधारा २ र ३ का प्रावधानले जतिसुकै संरक्षण गरे पनि उपधारा ४ को छापा, विद्युतीय प्रसारण र टेलिफोनसमेतलाई कानुन बनाइ संकटकालमा अबरुद्ध गर्ने सक्ने प्रावधानले प्रेस र सार्वजनिक सञ्चारको अवस्था सुरक्षित रहने देखिँदैन ।

संवैधानिक प्रावधानका अलवा विगतमा सर्वोच्च अदालतले प्रतिपादन गरेका कतिपय सिद्धान्त र नजिरले प्रेस स्वतन्त्रतालाई फराकिलो र सुरक्षित बनाएको देखिन्छ । ऐतिहासिक जनआन्दोलन २०६२/६३ को सफलतालाई संस्थागत गर्दै जारी भएको नेपालको अन्तरिम संविधान २०६३ जारी भएयता प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संरक्षण गर्ने ऐनहरूमा संशोधन हुन सकेको छैन ।

विगतमा बनेका छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, राष्ट्रिय प्रसारण ऐन,
श्रमजीवी पत्रकारसम्बन्धी ऐन, गोरखापत्र संस्थान ऐन, राष्ट्रिय समाचार समिति ऐन,
दूरसञ्चार संस्थान ऐन, प्रेस काउन्सिल ऐनलगायतका थुप्रै ऐनहरू अहिले पनि पुरानै रूपमा लागू छन् ।

# सूचनाको हक

**सूचना के हो ?**

सामान्य भाषामा सूचना भन्नाले जानकारी, समाचार, तथ्य, तथ्याङ्क, अभिलेख आदिलाई जनाउँदछ । सूचनाले यी सबै कुरालाई जनाउने भए तापनि नागरिकलाई सूचनाको अधिकार प्रदान गर्ने सूचनाको हकसम्बन्धी कानुनले भने त्यो 'सूचना'को परिभाषा गर्दछ, जुन सूचना प्रदान गर्नु सार्वजनिक निकायको दायित्व हो । यसरी हेर्दा कानुनअनुरूप पाइने "सूचना" भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, सो कामका सम्बन्धमा भएका कारबाही वा निर्णयसँग सम्बन्धीत कुनै लिखत, सामाग्री वा जानकारी आदि पर्दछन् ।

*प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ । तर कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन । (नेपालको अन्तरिम संविधान २०६३ धारा २७)*

यो अधिकारअन्तर्गत प्रत्येक नागरिकलाई आफ्नो व्यक्तिगत र सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ । सामान्य भाषामा भन्दा सूचनाको हक अन्तर्गत सार्वजनिक महत्वको सूचना राज्यसंग माग्ने, त्यसलाई प्राप्त गर्ने र आफूले रोजेको माध्यमबाट प्रचार-प्रसार गर्ने अधिकार सुरक्षित हुन्छ । यो अधिकार नागरिकले "थाहा पाउने" (Right to know) वा जान्न पाउने अधिकारसँग सम्बन्धीत हुन्छ । यसले नागरिकलाई सूचना वा जानकारी प्राप्त गर्ने अधिकार र सरकारलाई त्यस्तो सूचना वा जानकारी प्रदान





गराउने जिम्मेवारी सिर्जना गर्छ ।

अन्तरिम संविधान २०६३ को धारा २७ ले सूचनाको हकसम्बन्धी व्यवस्था गरेको छ । यस अघिका संविधानले सार्वजनिक सरोकारको विषयमा मात्र सूचनाको हक प्रत्याभूत गरेको थियो भने अन्तरिम संविधानले आफ्नो हकमा व्यक्तिगत सूचना माग्ने हक स्थापित गरेको छ ।

सूचनाको हकलाई व्यवस्थित गर्न हालै व्यवस्थापिका संसदमा सूचनाको हकसम्बन्धी विधेयक प्रस्तुत गरिएको छ । प्रस्तुत विधेयकको दफा २ (ङ) मा 'सूचनाको हक' भन्नाले यस ऐनबमोजिम सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वको लिखत वा काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने वा माग गर्ने वा लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने तथा कुनै पनि यन्त्र वा माध्यमबाट त्यस्तो सूचना प्राप्त गर्ने अधिकार सम्झनु पर्छ भन्ने उल्लेख छ । आफ्नो हकमा व्यक्तिगत सूचनाको प्रत्याभूति गर्ने संवैधानिक व्यवस्था भए पनि सूचनाको हकसम्बन्धी प्रस्तावित विधेयकमा आफ्नो सूचनाको हक हटाई सार्वजनिक सरोकारको विषयलाई मात्र समेटिएको छ ।

लोकतान्त्रिक राज्य प्रणालीमा राज्यका कानुन, नीति, निर्णयदेखि निर्णय कार्यान्वयनसम्म तथा हरेक सार्वजनिक सेवा प्रदायक निकायका कामकारबाहीमा तीसँग सम्बन्धीत सूचनामा नागरिकको पहुँच हुनुपर्छ भन्ने मान्यता राखिन्छ । यसैगरी व्यक्तिका सार्वजनिक निकायले राखेका महत्वपूर्ण सूचनाहरू सरोकारवाला व्यक्तिलाई सहज प्रदान गर्नु पनि सूचनाको हकको अभिन्न पक्ष हो । राज्य सञ्चालनको स्रोत जनता हुने भएकाले राज्य सञ्चालन गर्ने सरकाले जनताको इच्छाबमोजिम काम गर्नुपर्छ । सरकारले गरेका र गर्न लागेका कामका बारेमा नागरिकलाई विस्तृत रूपमा सुसूचित गर्ने दायित्व सरकारको हो । उत्तरदायी, जिम्बेवारी र पारदर्शी सरकार र सामाजिक व्यवस्थाको प्रत्याभूतिका लागि सूचना संस्कृतिको प्रवर्द्धन गर्नुपर्ने आधुनिक लोकतान्त्रिक मान्यता हो ।

**सूचनाको हकसम्बन्धी ऐन, २०६४**

सूचनाको हकसम्बन्धी ऐन अन्तरिम व्यवस्थापिका संसदबाट मिति २०६४ साउन २ मा पास भयो र मिति २०६४ साउन ५ मा सभामुखबाट प्रमाणीकरण

भयो । प्रमाणिकरणको मिति महत्वपूर्ण छ, किनकी ऐनको दफा १ (२) मा यो ऐन प्रमाणीकरण भएको मितिबाट तीसौं दिनमा प्रारम्भ हुनेछ भन्ने व्यवस्था गरिएको छ । जसअनुसार सूचनाको हकसम्बन्धी कानुन मिति २०६४ भदौ ३ देखि नेपालभरि नै लागू भइसकेको छ । यो कानुनमा ३८ वटा दफा रहेका छन् ।

सूचनाको हकसम्बन्धी ऐनको दफा ६-८ मा सूचनाको माग प्रक्रियाका बारेमा उल्लेख गरिएको छ । दफा ६ अनुसार हरेक सार्वजनिक निकायले सूचनाको मागलाई सम्बोधन गर्ने जिम्मेवारी सहितको एउटा सूचना अधिकारीको व्यवस्था गर्नुपर्छ । सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले सूचना माग गर्नुको 'कारणसहित' सम्बन्धीत सूचना अधिकारीसमक्ष निवेदन दिनुपर्छ (दफा ७ (१) । तत्काल सूचना उपलब्ध गराउनु उक्त सुचना अधिकारीको जिम्मेवारी हो र यदि सम्भव नभए ढिलो हुनुको कारणसहित सूचना दिएर १५ दिन भित्र सूचना उपलब्ध गराउनुपर्दछ (दफा ७ (३) । उपलब्धताका लागि अनुरोध गरिएको सूचना कुनै व्यक्तिको जिउ ज्यानको सुरक्षासंग सम्बन्धीत छ भने त्यस्तो जानकारी सूचना माग गरेको २४ घन्टाभित्र उपलब्ध गराउनुपर्छ (दफा ७ (४) ।

लोकतान्त्रिक राज्यले 'जान्न पाउने जनताको हक' प्रत्याभूत गर्न देहायका सिद्धान्तहरूलाई अवलम्बन गर्नुपर्छ ।

१. सूचनाको हकसम्बन्धी कानुन अधिकतम सार्वजनिकीकरणको सिद्धान्तद्वारा निर्देशित हुनुपर्छ,
२. सार्वजनिक निकायका जनसरोकारका सूचनाहरू अद्यावधिक गरी समय-समयमा सबैको पहुँचका माध्यबाट सार्वजनिक गर्नुपर्छ,
३. सार्वजनिक निकायले आफ्ना कामकारबाहीमा खुल्ला र पारदर्शी संस्कृतिको अवलम्बन गर्दै खुल्ला सरकारको प्रवर्द्धन गर्ने संस्कारको विकास गर्नुपर्छ,
४. राष्ट्रको अस्तित्व वा सर्वसाधारणको हितमा गम्भीर र भयानक हानी पुग्नसक्ने अवस्था बाहेक 'अपवाद' को रूपमा सूचनाको प्रवाहमा बन्देज लगाउनु हुँदैन ।
५. सूचना माग्ने र पाउने कार्यविधि सरल र चुस्त हुनुपर्छ,
६. सूचना प्राप्त गर्ने सन्दर्भमा राज्यले महँगो शुल्क तोकी सूचना माग्ने







कार्यमा हतोत्साह गरिनुहुँदैन,
७. सूचनाको हकलाई कमजोर पार्ने र अतिक्रमण गर्ने अन्य कानुन अस्तित्वमा रहन दिइनु हुँदैन,
८. सूचनादाताको संरक्षणको व्यवस्था प्रभावकारी बनाइनुपर्छ,
९. सूचना प्राप्त गर्ने मानिसले जे उद्देश्य र प्रयोजनका लागि सूचना मागेको त्यही प्रयोजनमा उपयोग गर्नु पर्छ अन्यथा गर्न पाइँदैन,
१०. कुनै संवेदनशील सूचनालाई निश्चित अवधिका लागि सार्वजनिक नगर्नु उचित ठानिए पनि एउटा निश्चित समयपछि तिनलाई सार्वजनिक गरिनुपर्छ,
११. सूचना र राज्यका दस्तावेजहरू निश्चित अवधिसम्मका लागि सुरक्षित राखिनुपर्छ,
१२. पुनरावेदन प्रक्रिया संक्षिप्त, सरल र सूचना प्रवाहमुखी हुनुपर्छ र त्यसका लागि स्वतन्त्र आयोगको व्यवस्था हुनुपर्छ ।
१३. सूचना प्रवाहका सन्दर्भमा राज्यका निकाय जत्तिकै महत्वपूर्ण काम गर्ने सार्वजनिक सरोकारका सेवा प्रदायक निकायलाई पनि उत्तरदायी बनाइनुपर्छ ।

- सर्वोच्च अदालतले गोपाल शिवाकोटीविरुद्ध अर्थ मन्त्रालयसमेत ( नेकाप २०५१, अंक ४, पृष्ठ २५५) को मुद्दामा सूचनाको हकसम्बन्धी कानुनी निर्देशिका नै तयार पारेको छ । राज्यद्वारा यससम्बन्धी कानुन निर्माण गरी जारी नभएसम्मका लागि उक्त निर्देशिकालाई कानुन सरह पालना गर्नुपर्ने अदालतले ठहर गरेको छ ।
- छापाखाना तथा पत्रपत्रिकाको हकलाई जस्तो संविधानले प्रसारण हकलाई मौलिक हकको रूपमा व्यवस्था नगरेको भए पनि यो हकलाई व्यक्तिको मौलिक हककै विषय हुने व्याख्या सर्वोच्च अदालतले गरेको छ ।

## नेपालमा सूचनाको हकको विकासक्रम

- नेपाल अधिराज्यको संविधान २०४७ को धारा १६ मा गरिएको व्यवस्था

- सूचनाको हकसम्बन्धी विधेयक २०४९ सालमा संसद्मा प्रस्तुत गरियो तर विरोध भएपछि फिर्ता लिइयो ।
- नेपाल पत्रकार महासंघको अग्रसरतामा नेपाल प्रेस इन्स्टिच्युटसमेतको सक्रियतामा सूचनाको हकसम्बन्धी विधेयक मस्यौदा गरी सरकारलाई दिइयो ।
- संसद्को २० औं अधिवेशनमा सरकारले उक्त विधेयकलाई प्रस्तुत गर्‍यो तर लामो समयसम्म संसद्को कारबाही अवरुद्ध गरिएका कारण छलफल हुन सकेन ।
- कानुन सुधार आयोगले अर्को विधेयकको मस्यौदा गर्‍यो तर संसद्को अभावमा त्यतिकै रह्यो ।
- २०६३ वैशाखमा लोकतन्त्र बहाली भएपछि पनि सरकारले पुनःस्थापित प्रतिनिधिसभामा विधेयक प्रस्तुत गर्‍यो तर विरोध भएपछि फिर्ता लियो ।
- सूचनाको हकसम्बन्धी ऐनको विधेयक मस्यौदा गर्न कानुनविद् काशीराज दाहालको संयोजकत्वमा मस्यौदा समिति बनाइयो ।
- समितिले तयार गरेको मस्यौदामा हेरफेर गरी पुनःस्थापित प्रतिनिधिसभामा प्रस्तुत गरियो ।
- प्रतिनिधिसभा विघटन भई विधायिका संसद् बनेपछि उक्त विधेयक स्वतः विधायिका संसद्मा आइपुग्यो । हाल, विधायिका संसद्को वातावरण, सञ्चार तथा प्रविधि समितिमा छलफल भइरहेको छ । सरकारले सुरु मस्यौदामा व्यापक हेरफेर गरी लंगडो बनाएको भन्दै संसद् र बाहिर पनि सुधारका लागि प्रयास भइरहेका छन् ।

***सूचनाको हक के हो र यसअन्तर्गत कस्ता कस्ता अधिकारहरू पर्दछन् ?***

"सूचनाको हक" भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार हो । यस अधिकारअन्तर्गत सार्वजनिक निकायमा रहेको कुनै पनि लिखत, सामाग्री वा सो निकायको काम कारवाहीको अध्ययन वा अवलोकन गर्ने अधिकार, उल्लेख गरिएका लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने अधिकार पर्दछ । यसका साथै सूचनाको अधिकारअर्न्तगत सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामाग्रीको







प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत् प्राप्त गर्ने अधिकारसमेतलाई जनाउँछ ।

उदाहरणका लागि यदि कुनै सडक निर्माण भइरहेको छ भने नागरिकलाई त्यस सडक निर्माणमा प्रयोग भएका निर्माण सामाग्रीको प्रमाणित नमुना प्राप्त गर्नेदेखि सार्वजनिक निकायको कम्प्यूटरमा रहेको तथ्याङ्क प्राप्त गर्नेसम्मका अधिकार पर्दछन् ।

***सूचनाको हक कस–कसलाई प्राप्त छ ?***

सूचनाको हकसम्बन्धी ऐनले नेपालका प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक प्रदान गरेको छ । यस व्यवस्थाअनुसार प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँचको अधिकार छ ।

***कस्ता सूचना नपाइन सक्छन् ?***

कतिपय विषयहरूको सूचना सार्वजनिक गर्दा त्यसले राष्ट्रियहित र सर्वसाधारण नागरिकको जीवनपद्धतिमा नै गम्भीररूपमा पार्ने प्रभाव र असरबाट संरक्षण गर्न त्यस्ता संवेदनशील सूचनाहरू बढी सतर्कताका साथ संरक्षित गरिराख्नुपर्ने सार्वजनिक निकायको दायित्व हुन्छ । त्यस्ता विषयहरूलाई समेट्दै सूचनाको हकसम्बन्धी कानुनले निम्नलिखित विषयहरूलाई सूचना प्रवाह गर्न नसकिने विषयका रूपमा व्यवस्था गरेको छ ।

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रियसम्बन्धमा गम्भीर खलल पार्ने खालका सूचना;

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने सूचना;

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैङ्किङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने किसिमका सूचना;

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्षरूपमा खलल पार्ने किसिमका सूचना;

(ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने सूचनाहरू ।

तर सार्वजनिक निकायले जथाभावीरूपमा माथि उल्लेख गरिएका आधारहरू प्रयोग गर्न भने पाउँदैनन् । सूचना प्रवाह नगर्नुपर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउँदैन् । यसको अर्थ उल्लेखित आधारमा सूचना रोक्नु पछाडी उचित र पर्याप्त कारणहरू हुनैपर्छ । र, यस्तो कारणहरू पनि मुख्य सचिवको अध्यक्षमा रहेको सूचना वर्गीकरण गर्ने समितिले स्पष्ट पारेको हुनुपर्दछ । यस्ता सूचना पनि सदैव गोप्य रहन भने सक्दैनन् । असरका आधारमा कति वर्ष संरक्षित रहने हो सोको अवधि पनि खुलेको हुनुपर्दछ । ताकी कुनै पनि सूचनालाई जनताको पहुँचबाट सदैव टाढा राख्न नसकियोस् ।

## राष्ट्रिय सूचना आयोग

सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहेको छ । उक्त आयोगमा एकजना प्रमुख सूचना आयुक्त र अन्य दुईजना सूचना आयुक्तहरू रहेका छन् । आयोगमा एक महिला आयुक्त हुनैपर्ने व्यवस्था छ ।

प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदका लागि सिफारिस गर्न विधायिकाको सभामुख, सूचना तथा सञ्चारमन्त्री वा राज्यमन्त्री र नेपाल पत्रकार महासंघको सभापति रहेको तीन सदस्यीय समिति रहेको छ ।

## आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय सूचनाको आयोगको मुख्य काम, कर्तव्य र अधिकार यसप्रकार छ :

(क) सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामाग्रीको अध्ययन तथा अवलोकन गर्ने,

(ख) त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामाग्रीसम्बन्धी







सूचना सूचीकृत गरी मिलाइराख्न आदेश दिने,

(ग) नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धीत सार्वजनिक निकायलाई आदेश दिने,

(घ) समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धीत सार्वजनिक निकायलाई आदेश दिने,

(ङ) यस ऐनबमोजिमको दायित्व पालना गर्न गराउन सम्बन्धीत पक्षलाई आदेश दिने,

(च) नेपाल सरकार तथा सूचना तथा सञ्चारसँग सम्बन्धीत विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने,

(छ) सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नको लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने ।

आयोगले ऐनबमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई १० हजार रुपैयाँसम्म जरिवाना पनि गर्न सक्छ ।

## गोपनीयताको हक

*कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनीयता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अन्तिक्रम्य हुनेछ ।* (नेपालको अन्तरिम संविधान २०६३ धारा २८)

संविधानले व्यक्तिको गोपनीयताको हक प्रत्याभूति गरी प्रेस स्वतन्त्रताको उपभोग गर्दा व्यक्तिको गोपनीयताको सम्मान गर्नुपर्ने दायित्व प्रेस जगतलाई सुम्पेको छ । सूचनाको हक र गोपनीयताको हकबीच सन्तुलन कायम गर्नु प्रेस जगतका चुनौती हुन् ।

गोपनीयताको हकलाई प्रचलन गर्ने कानुनको तर्जुमा नहुनाले व्यक्तिको मान, प्रतिष्ठा, ख्याति र व्यक्तिगत मामिलामा प्रेसले अनावश्यक हस्तक्षेप गरेको गुनासो आउने गरेको छ । प्रजातन्त्रमा सूचनाको हक जत्तिकै गोपनीयताको हक पनि महत्वपूर्ण मानिन्छ । गोपनीयता सम्बन्धमा छुट्टै ऐनको अभाव छदैछ तर

मुलुकी ऐनका केही व्यवस्थाहरू, प्रस्तावित फौजदारी अपराध संहिता, गाली बेइज्जती ऐन २०१६ र लिखतको गोप्यतासम्बन्धी ऐन २०३९ ले गोपनीयताका सम्बन्धमा गरेका व्यवस्थाहरू पत्रकारका लागि आफ्नो स्वतन्त्रताका सीमा हुन सक्छन् । यस सम्बन्धमा सर्वोच्च अदालतले अन्नपूर्ण राणाको मुद्दामा गरेको व्याख्या तथा नायिका श्रीषा कार्कीको आत्महत्या प्रकरण सम्बन्धमा साप्ताहिक जनआस्थामाथि प्रेस काउन्सिलले गरेको निर्णय मननीय छन् ।

गोपनीयताको हक सम्बन्धमा सन् १९६७ मा सम्पन्न नोडिक सम्मेलनले केही विशिष्ट कार्यहरू गोपनीयताको हकको प्रतिकूल हुने निचोड निकालेको छ । ती हुन् :

- निजी, पारिवारिक र गृहस्थ जीवनमा हस्तक्षेप गर्नु,
- व्यक्तिको शारीरिक वा मानसिक, नैतिक वा बौद्धिक स्वतन्त्रतामा अतिक्रमण गर्नु,
- व्यक्तिको मानप्रतिष्ठामा आक्रमण गर्नु,
- झूटा कुराको प्रदर्शन गर्नु,
- निजी जीवनका असान्दर्भिक र अप्ठ्यारो पार्ने तथ्यहरू खुलासा गर्नु,
- जासुसी गर्नु वा पिछा गर्नु,
- पत्राचारमा हस्तक्षेप गर्नु,
- व्यक्तिको निजी सञ्चारमाध्यमको दुरुपयोग गर्नु,
- विश्वासका आधारमा प्राप्त कुराहरूको भेद खोल्नु ।

## संसदीय विशेषाधिकार

संसदीय व्यवस्था भएका मुलुकहरूमा संसद्लाई विशिष्ट मर्यादा र केही विशेषाधिकारहरू दिइएको पाइन्छ । नेपालको अन्तरिम संविधान २०६३ ले संसद्लाई निकै महत्वपूर्ण स्थानमा राखेको छ । संसद् नागरिकहरूको प्रतिनिधि संस्था भएकाले, संसदीय कारबाही र सांसदहरूको वाक स्वतन्त्रतालाई प्रेसको आलोचनाबाट समेत उन्मुक्ति दिइएको छ । यो उन्मुक्ति जनप्रतिनिधिले व्यक्तिगत हैसियतमा पाएको होइन, उसले प्रतिनिधित्व गर्ने नागरिकको





हकको रूपमा प्राप्त हुने हो । अन्तरिम संविधानको धारा ५६ मा यस म्बन्धी व्यवस्था छ । यस्तो अधिकार विश्वव्यापी प्रजातान्त्रिक प्रचलन हो । तथापि संसदीय विशेषाधिकारको नाउँमा संसदीय क्रियाकलापको बारेमा लेख्न वा बोल्न नै नपाइने भन्ने होइन । यो विशेषाधिकार सांसदहरूलाई आफ्नो क्रियाकलाप स्वतन्त्र रूपले संसद्भित्र गर्न सकुन भन्ने अभिप्रायले मात्र प्रदान गरिएको हुन्छ ।

यो विशेषाधिकारमा विभिन्न पक्षहरू छन् । ८ उपधारा र एउटा स्पष्टीकरणमा यसको व्यवस्था छ । त्यसमध्ये उपधारा ३ ले प्रकाशन- प्रसारण अधिकारलाई सीमांकन गरेको छ ।

- व्यवस्थापिका संसद्को कुनै पनि काम कारबाहीलाई त्यसको असल नियतबारे शंका उठाई कुनै टिकाटिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानीजानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन तथा प्रसारण गरिने छैन । (धारा ५६ उपधारा ३)
- कसैले व्यवस्थापिका संसद्को अवहेलना गरेमा सो सम्बन्धी बैठकको अध्यक्षता गर्ने व्यक्तिले बैठकको निर्णयबाट सो व्यक्तिलाई सचेत गराउन, नसिहत दिन वा तीन महिनामा नबढ्ने गरी कैद गर्न वा दस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । त्यस्तो जरिवाना निजले चुक्ता नगरेमा सरकारी बाँकी सरह असुलउपर गरिनेछ । तर व्यवस्थापिका संसद्लाई सन्तोष हुने गरी निजले क्षमायाचना गरेमा व्यवस्थापिका संसद्ले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी गर्न वा घटाउन सक्नेछ । (धारा ५६ उपधारा ७)

नेपालको संसदीय इतिहासमा प्रेसले संसद् र सांसदहरूको विशेषाधिकार हनन् गरेको भनी कारबाही भएका घटनाहरू थुप्रै छन् । त्यसमध्ये गोरखापत्रले सांसदहरूलाई 'तोरीलाउरे' भनी-भनी लेखेको प्रकरण चर्चित छ ।

## अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरू

प्रेस स्वतन्त्रताको सिद्धान्तलाई अन्तर्राष्ट्रिय कानुनले समेत मान्यता

प्रदान गरेको छ । संयुक्त राष्ट्रसंघको साधारण सभाद्वारा १० डिसेम्बर, १९४८ मा पारित मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ ले आफूले चाहेको सूचना माग्ने, प्राप्त गर्ने तथा त्यसको प्रसार गर्ने अधिकारको सिद्धान्तलाई आत्मसात गरेको छ । यो अधिकारलाई १६ डिसेम्बर, १९६६ को नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा समेत पुनर्लेखन गरिएको छ, जसलाई १४० भन्दा बढी राष्ट्रहरूले हस्ताक्षर तथा अनुमोदन गरेका छन् । यसका अतिरिक्त क्षेत्रीय सम्मेलन तथा अन्य घोषणापत्रहरूमा समेत प्रेस स्वतन्त्रताको प्रत्याभूति गरिएको छ ।

४ नोभेम्बर, १९५० को मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धिको धारा १०, २२ नोभेम्बर, १९६९ को मानव अधिकारसम्बन्धी अन्तर अमेरिकी अभिसन्धिको धारा १३ तथा १२ जुलाई, १९८१ को मानव अधिकार तथा मानिसको अधिकारसम्बन्धी अफ्रिकी बडापत्रको धारा ९ यसका उदाहरण हुन् । अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कानुनी संयन्त्रहरूले प्रत्याभूति गरेका प्रेस स्वतन्त्रतासम्बन्धी व्यवस्थाहरूलाई निम्नबमोजिम स्पष्ट पार्न सकिन्छ ।

## मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

यो घोषणा पत्रमाथि उल्लेख गरिए झैं संयुक्त राष्ट्रसंघद्वारा पारित गरिएको हो । यो घोषणापत्रले मानव अधिकारका आधारभूत सिद्धान्त तथा मापदण्डहरूको वर्णन गरेको छ ।

### धारा १९

*प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता हुनेछ, जसअन्तर्गत प्रत्येक व्यक्तिलाई बिना कुनै हस्तक्षेप आफ्नो विचार प्रकट गर्ने, आफूले चाहेको सूचना माग्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना कुनै माध्यमद्वारा बिनाबन्देज प्रसार गर्ने स्वतन्त्रता हुनेछ ।*

धारा १९ अन्तर्गत घोषणापत्रले विचार र अभिव्यक्तिको स्वतन्त्रताअन्तर्गत देहायका स्वतन्त्रहरू प्रत्याभूति गरेको मान्नुपर्छ :







१) विचारको स्वतन्त्रता,

२) सूचनाको हकको स्वतन्त्रता, र

३) प्रसारणको स्वतन्त्रता

*गोपनीयताको हक सबैलाई हुनेछ । कुनै पनि व्यक्तिको गोपनीयता, परिवार, घर वा पत्राचारमाथि मनोमानी हस्तक्षेप गरिनेछैन । कसैको सम्मान तथा ख्यातिमाथि चोट पुऱ्याइने छैन । त्यस्तो हस्तक्षेप वा चोटका विरुद्ध प्रत्येक व्यक्तिलाई कानुनी संरक्षणको अधिकार हुनेछ । (धारा १२)*

## नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६

यो अनुबन्ध पनि संयुक्त राष्ट्रसंघद्वारा अनुमोदित दस्तावेज हो । विचार, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्ने सम्बन्धमा यो दस्तावेजको निकै ठूलो महत्व छ। यो अनुबन्धको धारा १९ ले तत् सम्बन्धमा विशेष व्यवस्था गरेको छ। यो अनुबन्ध पालना गर्न नेपाल कानुनी रूपमा बाध्य छ ।

### धारा १९

प्रत्येक व्यक्तिलाई बिना कुनै हस्तक्षेप आफ्नो विचार राख्न पाउने अधिकार हुनेछ । प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, जसअन्तर्गत प्रत्येक व्यक्तिलाई बिना कुनै बन्देज वा सीमा आफूले चाहेको सूचना तथा विचार माग्ने, दिने, प्राप्त गर्ने तथा त्यस्तो सूचना वा विचार मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा आफ्नो छनोटको अन्य कुनै माध्यमद्वारा प्रसार गर्न पाउने स्वतन्त्रता हुनेछ ।

अभिव्यक्ति स्वतन्त्रताको अधिकारहरूको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्वहरू समावेश हुने व्यवस्था समेत अनुबन्धले गरेको छ । ती अधिकार केही लिखित प्रतिबन्धहरूको अधिनमा प्रयोग हुन सक्नेछ ।

तर, ती प्रतिबन्धहरू कानुनद्वारा व्यवस्था गरिएको र देहायका कुराको संरक्षणका लागि आवश्यक ठानिएको हुनुपर्छ :

(क) अरूको अधिकार वा प्रतिष्ठाको सम्मानका लागि

(ख) राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षणका लागि ।

## मानव अधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि १९५०

मानव अधिकार तथा स्वतन्त्रताहरूको ग्यारेण्टी गर्ने सम्बन्धमा अवलम्बन गरिएको यो क्षेत्रीय कानुनी संयन्त्र हो । यसलाई नोभेम्बर ४, १९५० मा अनुमोदन गरिएको हो र सेप्टेम्बर ३, १९५३ देखि यो अभिसन्धि लागू रहेको छ। यो अभिसन्धिको धारा १० ले प्रेस स्वतन्त्रता सम्बन्धमा खास व्यवस्थाहरू गरेको छ ।

### धारा १०

प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, जसअन्तर्गत प्रत्येक व्यक्तिलाई कुनै अधिकारीको कुनै हस्तक्षेपबिना तथा कुनै सिमानाको मतलब नराखी विचार राख्ने तथा आफ्नो धारणा एवं आफूले चाहेको सूचना प्राप्त गर्ने र त्यसको प्रसार गर्ने स्वतन्त्रताको अधिकार हुनेछ । तर यो प्रावधानबाट राज्यलाई सिनेमा उद्योग, टेलिभिजन वा प्रसारण सम्बन्धमा सम्बन्धीत पक्षबाट अनुमतिपत्र माग्न कुनै रोक लागेको मानिनेछैन ।

यी स्वतन्त्रताहरूको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्वहरूसमेत समावेश हुने हुँदा यी स्वतन्त्रताको प्रयोग केही निश्चित औपचारिक सर्त, बन्देज वा दण्डसजायको अधिनमा गरिनेछ र प्रजातान्त्रिक समाजमा देहायका कारणले यसो गर्नु आवश्यक हुनेछ :

- राष्ट्रिय सुरक्षा, सार्वजनिक सुरक्षा वा प्रादेशिक अखण्डताको हित,
- अव्यवस्था वा अपराधको निवारण,
- नैतिकता वा स्वास्थ्यको संरक्षण,
- अरूको अधिकार वा सम्मानको संरक्षण,
- गोप्य राख्नुपर्ने सूचनाको प्रकाशनलाई रोक्न, वा
- न्यायपालिकाको निष्पक्षता वा अधिकारलाई अक्षुण्ण राख्न ।





## मानवअधिकारसम्बन्धी अन्तर–अमेरिकी अभिसन्धि

मानव अधिकार तथा स्वतन्त्रताहरूको ग्यारेन्टी गर्ने सम्बन्धमा अवलम्बन गरिएको यो क्षेत्रीय कानुनी संयन्त्र हो । यसलाई नोभेम्बर २२, १९६९ मा अनुमोदन गरिएको हो र जुलाई १८, १९७८ देखि यो अभिसन्धि लागू रहेको छ। यो अभिसन्धिको धारा १३ ले विचार तथा अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धमा खास व्यवस्थाहरू गरेको छ ।

### धारा १३ : विचार तथा अभिव्यक्तिको स्वतन्त्रता

प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता हुनेछ जसअन्तर्गत प्रत्येक व्यक्तिलाई बिना कुनै बन्देज वा सीमा आफूले चाहेको सूचना तथा सबै प्रकारका विचार माग्ने, दिने, प्राप्त गर्ने तथा त्यस्तो सूचना तथा विचार मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा आफ्नो छनोटको अन्य कुनै माध्यमद्वारा प्रचार गर्न पाउने स्वतन्त्रता हुनेछ ।

यी अधिकारको प्रयोगमा कुनै पूर्व सेन्सरसीपको अधीन हुने छैन । तर कानुनद्वारा स्पष्ट उल्लेख गरी देहायको अवस्थामा आवश्यक पर्ने गरी यी अधिकारको प्रयोगमा बन्देज लगाउन सकिनेछ :

(क) अरूको अधिकार वा प्रतिष्ठाको सम्मान, वा

(ख) राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण अप्रत्यक्ष साधन वा माध्यमहरू जस्तै अधिकारको दुरूपयोग समाचारमाथिको निजी नियन्त्रण, रेडियो प्रसारण आवृत्ति, सूचनाको प्रवाहमा प्रयोग भएका उपकरण वा सञ्चार तथा विचार र अभिव्यक्तिको प्रवाहमा रोक लगाउने उद्देश्यले प्रयोग भएका कुनै पनि माध्यमद्वारा अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा प्रतिबन्ध लगाउन सकिने छैन ।

माथि अनुच्छेदमा जेसुकै लेखिएको भए पनि युवा तथा बाल अवस्थाको नैतिक आचरणलाई संरक्षण गर्ने उद्देश्यले सार्वजनिक मनोरञ्जनमा कानुनद्वारा प्रसारणपूर्व जाँच (सेन्सर) गर्न सकिनेछ । राष्ट्रिय, जातीय वा धार्मिक घृणा

फैलाउने वा युद्धलाई दुरुत्साहन गर्ने कुनै पनि प्रकारको प्रचारबाजी (प्रोपोगान्डा) लाई, जसबाट स्वेच्छाचारी हिंसा वा यस्तै प्रकारका गैरकानुनी कार्यहरू कुनै व्यक्ति वा व्यक्तिहरूको समूहका विरुद्धमा जात, वर्ण, धर्म, भाषा वा राष्ट्रियताका आधारमा गर्न मद्दत मिलोस्, कानुनद्वारा दण्डित हुने अपराध मानिनेछ ।

**मानव अधिकार तथा मानिसको अधिकारसम्बन्धी अफ्रिकी बडापत्र १९८१**

- मानव अधिकार तथा स्वतन्त्रताहरूको ग्यारेन्टी गर्ने सम्बन्धमा अवलम्बन गरिएको यो क्षेत्रीय कानुनी संयन्त्र हो । यसलाई जुलाई १२, १९८१ मा अनुमोदन गरिएको थियो र अक्टोबर २१, १९८६ देखि यो अभिसन्धि लागू रहेको छ । यो अभिसन्धिको धारा ९ ले प्रेस स्वतन्त्रता सम्बन्धमा खास व्यवस्थाहरू गरेको छ ।

**धारा ९**

प्रत्येक व्यक्तिलाई सूचना प्राप्त गर्ने अधिकार हुनेछ । प्रत्येक व्यक्तिलाई कानुनको अधीनमा रही आफ्ना विचारहरू अभिव्यक्त तथा प्रसार गर्ने अधिकार हुनेछ । नेपालको परिप्रेक्ष्यमा यी सबै अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरूलाई राज्यले आफ्नो संविधान र कानुनहरूमा उल्लेख गरेर लागू गर्ने दायित्व हुने गर्छ तर अधिकांश प्रावधानहरू नेपालको राष्ट्रिय कानुनमा उल्लेख हुन सकेको छैन भने मुलुकको मूल कानुन संविधान बमोजिमकै कतिपय कानुनहरू बन्न सकेनन् । वर्तमानमा त कतिपय अवस्थामा संवैधानिक रित्तताको आभाष हुने गरेको छ । नेपालको प्रेस स्वतन्त्रताका पक्षमा भएका नीति र कानुनहरूका बीचमा तालमेल छैन भने भएका नीति र कानुनहरूको पालना र व्यवहारमा उतार्ने पक्षमा अझै ठूलो समस्या विद्यमान छ । ❑



# खण्ड ख

# अदालती कारबाही : सूचनाको हक र गोपनीयताको हक

◆डा.रामकृष्ण तिमल्सेना

राज्यका तीन अंगमध्ये न्यायपालिका एक हो । जनताको हकअधिकारमा आघात पर्न गएमा उपचार पाउने ठाउँ अदालत हो। अदालतको मर्यादा जनताको विश्वासमा अडेको हुन्छ। अदालती कामकारबाही निश्चय नै अन्य निकायमा गरिनेभन्दा भिन्न प्रकृतिको हुन्छ। यसका निश्चित कार्यविधिहरू कानुनले नै तोकिदिएको हुँदा त्यसलाई पालना गर्नु अनिवार्य हुन्छ। कार्यविधिको पालना नगरी गरिएको निर्णय अमान्य र बदर हुन जान्छ। यसैले आमजनताले अदालती कामकारबाही ढिलो र परम्परागत भएको भनी व्यापक अलोचना गर्ने गरेको पाइन्छ।

## १. सूचनाको हक

आजको युग सूचनाको युग हो। सूचनाको अभावमा मानिसले पूर्णता प्राप्त गर्न सक्दैन। लोकतान्त्रिक शासन पद्धतिमा सार्वजनिक सरोकारका विषयमा नागरिकलाई सूचना माग्ने र पाउने अधिकार हुन्छ। तर पारदर्शिताका नाममा व्यक्तिका सम्पूर्ण सूचनाहरू सार्वजनिक रुपमा सम्प्रेषण गरी दिने हो भने फेरि पनि मानिसले पूर्णता प्राप्त गर्न सक्दैन।

नेपालमा पहिलोपटक नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १६ मा सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकारको संरक्षण गरिएको थियो । सो अधिकार नेपाली नागरिकलाई मात्र प्राप्त थियो । सूचनाको हक माग्ने अधिकार विदेशी नागरिक तथा कृत्रिम व्यक्तिलाई प्राप्त थिएन । देशको शासन प्रबन्ध स्पष्ट र सही दिशामा निर्दिष्ट छ वा छैन भन्ने कुराको निरन्तर सुपरीवेक्षण र मूल्यांकनका लागि जनताले जानकारी पाउनु आवश्यक भएकाले संविधानमा यस किसिमको प्रत्याभूति गरिएको हो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ तर कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भनी सूचनाको हकलाई संरक्षण गरिएको छ ।

सूचनाको हकभित्र सार्वजनिक महत्वको सूचना मात्र माग्ने र पाउने हक हुन्छ । जुन विषयमा सार्वजनिक सरोकार निहित हुन्छ त्यो विषय सार्वजनिक महत्वको हुन्छ । सूचनासम्बन्धी ऐन, २०६४ को दफा २ (ख) ले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धीत कुनै लिखत सामग्री वा जानकारी सम्झनु पर्ने उल्लेख छ । दफा २ (ग) मा सार्वजनिक महत्व भन्नाले सार्वजनिक सरोकारको विषय सम्झनुपर्ने भनी परिभाषित गरेको छ । ऐनको दफा २ (ङ) ले सूचनाको हकभित्र देहायका हकअधिकारलाई समेटेको छ ।

- सार्वजनिक महत्वको सूचना माग्ने र पाउने ।
- सार्वजनिक निकायमा रहेको लिखत सामग्री वा काम कारबाहीको अध्ययन अवलोकन गर्ने ।
- लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने ।
- निर्माणकार्यको भ्रमण र अवलोकन गर्ने ।
- कुनै पनि सामग्रीको प्रमाणित नमूना लिने ।
- कुनै पनि यन्त्रमा राखिएको सूचना सोही यन्त्रमार्फत् प्राप्त गर्ने ।

सूचनासम्बन्धी ऐन २०६४ आउनुपूर्व अन्य कानुनी व्यवस्थाका आधारमा नागरिकले सरकारी निकायबाट सूचना हक पाउने गरे पनि त्यति प्रभावकारी





थिएन । यस समयमा प्रचलनमा रहेको मुलुकी ऐन, २०२० को अदालती बन्दोबस्त महलको २११ नम्बर बमोजिम नक्कल पाउनेबाहेक अड्डामा रहेका सरकारी कागजहरूको नक्कल माग्न आएमा देहायबमोजम गर्नुपर्छ भन्ने उल्लेख छ :

- सरोकार परेको कागजको जोसुकैले पनि नक्कल लिन पाउँछ ।
- लेखिएबाहेक अरू नक्कल पाउनसक्ने कागजातको नक्कल माग्न आएमा यो कागजको नक्कल यस कारणले मलाई सरोकार परेको छ आफ्नै तर्फबाट सारी लान वा अड्डाबाटै सारी पाउँ भनी कागज भएका अड्डामा आई दरखास्त दिनुपर्छ ।
- प्रकाशित नभएको कुनै गोप्य लिखतको हकमा सम्बन्धीत विभागीय प्रमुखले इजाजत दिएमा बाहेक त्यस्तो लिखतको नक्कल दिन कर लाग्दैन ।
- विभागीय प्रमुख वा अड्डा प्रमुखले सरकारी अड्डामा रहेको सरकारी कामकाजसम्बन्धी अप्रकाशित लिखतको नक्कल दिन कर लाग्ने छैन ।

अदालती कारबाहीका सम्बन्धमा व्यवस्थित गर्न मुलुकी ऐन, २०२०, संक्षिप्त कार्यविधि ऐन, २०२८, विषेश अदालत ऐन, २०५९, सर्वोच्च अदालत नियमावली २०४९, पुनरावेदन अदालत नियमावली २०४८, जिल्ला अदालत नियमावली, २०५२ रहेका छन् । अदालतको कामकारबाहीमा सरोकारवाला पक्षहरूले आफ्नो मुद्दाको कामकारबाहीको सम्बन्धमा सूचना पाउने हक सुनिश्चित गरिएको छ । मुद्दाको सुनुवाई खुल्ला इजलासबाट हुने, मुद्दाको सुनुवाईका लागि साप्ताहिक पेसीसूची प्रकाशित गरिने, दैनिक पेसीसूचीको प्रकाशन गरिने, फैसलाको जानकारी पक्षहरूले तुरुन्त पाउने, फैसलाको नक्कल पाउने, मिसिल संलग्न कागज प्रमाणहरूको नक्कल लिनसक्ने जस्ता व्यवस्थाले गर्दा मुद्दाका पक्षहरूले पर्याप्त रुपमा अदालती कारबाहीमा सूचनाको हकको पूर्ण प्रयोग हुँदै आइरहेको छ ।

विशेष प्रकृतिका मुद्दाबाहेक सबै मुद्दाहरूको जुनसुकै व्यक्तिले जानकारी राखेमा त्यसको सूचना प्राप्त गर्न सक्दछ । सर्वोच्च अदालतबाट भएका

फैसलाहरूको प्रकाशन गरिनेसमेत भएबाट यसले सम्बन्धीत सबै पक्षलाई सूचनाको हकको पूर्ण प्रयोग हुँदै आएको छ।

सूचनाको हकसम्बन्धमा सर्वोच्च अदालतबाट विभिन्न सिद्धान्तहरूसमेत प्रतिपादन भएका छन्। सूचनासम्बन्धी कानुन नहुँदा अन्य सरकारी एवं गैरसरकारी निकायबाट प्राप्त गर्ने सूचनाका सम्बन्धमा पर्न आएको रिट निवेदनमा सर्वोच्च अदालतले सूचनाको आधारमा त्यस्ता माग गरिएका सूचनाहरू उपलब्ध गराउनुपर्ने भनी आदेश दिएको छ। यसै क्रममा गोपाल सिवाकोटी समेतविरुद्ध तत्कालीन श्री ५ को सरकार, अर्थ मन्त्रालयसमेत (२०५० सालको रिट नं ३०४९ आदेश मिति २०५१।१।२४) भएको रिट निवेदनमा अरूण तेस्रो परियोजना विद्युत् विकाससम्बन्धी परियोजना भई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्रोतसाधनबाट विद्युत् विकास गर्ने उद्देश्य यसका पक्षविपक्षमा प्रकाशित सामग्रीहरूबाट देखिएकाले अरूण तेस्रो परियोजना सार्वजनिक हक वा सरोकारको विषय होइन भन्न नमिल्ने। निवेदकले उल्लेख गरेको लिखतहरूको सूची हेर्दा नै लिखतको परिणाम ठूलो मात्रामा हुने देखिन्छ भने रिट निवेदनमा परियोजनासम्बन्धी सम्पूर्ण दस्तावेज उपलब्ध गराई पाउँ भन्ने माग भएको पाइन्छ। यति ठूलो संख्या र परिणाममा लिखत उपलब्ध गराउन असंभव प्रायः हुने। कानुनको निश्चित निर्देशनको अभावमा कामकारबाहीको तर्कसम्मत कार्यविधिको (Logical Procedure) अनुशरण लिनुपर्ने हुन्छ भन्दै सूचना प्रदान गर्ने सम्बन्धमा १ देखि ८ सम्मको कार्यविधिको उल्लेख गरिएको छ। उल्लेखित कार्यविधिको प्रक्रियाबमोजिम नेपाल कानुनको अधिनमा रही गर्नु गराउनू भनी परमादेश जारी गरेको छ।

त्यस्तै काशी दाहाल विरुद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत (२०६० सालको रिट नं २७७९ आदेश मिति २०५३।७।२१) भएको रिट निवेदनमा सार्वजनिक महत्वको मायादेवी मन्दिर पुनर्निर्माणको क्रममा मन्दिरमा अवस्थित ऐतिहासिक र पुरातात्विक महत्व राख्ने वस्तुहरू हटाउन र पीपल वृक्ष काटी हटाउन परेको कार्यको पछाडि रहेको कारण तथा अवस्थाबारे जानकारी राख्ने कुरा सार्वजनिक सरोकारकै विषय हुँदा निवेदक समेतका नेपाली नागरिकलाई जानकारीका लागि सूचना माग्ने तथा पाउने हक नभएको भन्न नमिल्ने। वास्तविक सूचना सार्वजनिक रुपमा प्रवाह गर्नु भनी परमादेश जारी भएको थियो। सूचनाको हकलाई अदालती कारबाहीमा महत्व प्रदान गरिएको छ।





सर्वोच्च अदालतबाट भएका आदेश तथा अदालती काम कारबाहीबाट समेत यसको पुष्टि भइरहेको छ।

## २. गोपनीयताको हक :

नागरिकले देशको शासन व्यवस्थामा सक्रिय रुपमा सहभागी हुन सरकारको नीति तथा काम कारबाहीका बारेमा जानकारी हासिल गरी सही मूल्यांकन गर्ने तथा विचार र अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्न आफ्नो र सार्वजनिक प्रकृतिका विषयवस्तुका बारेमा सहज रुपमा सूचना प्राप्त गर्न जति अनिवार्य छ त्यति नै मात्रामा आत्मसम्मानपूर्वक जीवनयापन गरी जीवनको स्वतन्त्रतासम्बन्धी हकको पूर्ण रुपमा उपभोग गर्नसक्ने वातावरण बनाउन व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत तथ्यांक, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनीयता कायम रहने व्यवस्था गर्न अनिवार्य हुन्छ।

पारदर्शिता र सूचनाको हकको नाममा व्यक्तिका अन्त्यन्त निजी सूचनाहरू कुनै खास कानुनी प्रयोजनबीच आवश्यक रुपमा खुला गरिदिने हो र त्यस्तो सूचनामा सबैको सहज पहुँच बनाई दिने हो भने सामाजका प्रत्येक सदस्यले कुण्ठित, त्रसित, आशंकित भई पश्चातापपूर्ण अवस्थामा असुरक्षित जीवनयापन गर्न बाध्य हुनुपर्दछ। यसबाट व्यक्तिले पूर्ण आत्मविश्वासका साथ सम्भावनाहरूको खोजी नगर्ने, सत्य र न्यायका लागि लड्न नसक्ने वातावरण बन्दछ। अन्तत्वगोत्वा न्यायपूर्ण र गतिशील समाजको परिकल्पना पूरा हुन सक्दैन।

स्वतन्त्रता, समानता र आत्मसम्मान (Self dignity) मानव मात्रको नैसर्गिक अधिकार हो। समानता र आत्मसम्मानको अधिकारले मानिसको व्यक्तिगत स्वतन्त्रतालाई प्रत्याभूति प्रदान गर्दछ। समानता र आत्मसम्मानको यो अधिकारलाई अन्तर्राष्ट्रिय स्तरमा विभिन्न मानवअधिकारसम्बन्धी कानुनी व्यवस्थाहरूलगायत मानवअधिकारको विश्वव्यापी घोषणापत्रले संरक्षण गरेको छ। व्यक्तिका स्वतन्त्रता र समानताको यो अधिकार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ र १३ मा संरक्षित छ। व्यक्तिको आत्मसम्मानको अधिकारलाई सुरक्षित गर्ने मुख्य आधार तिनको गोपनीयताको अधिकार (Right to privacy) नै हो। व्यक्तिको जीवनमा कतिपय निजी सरोकारका विषयहरू सार्वजनिक

जानकारीका विषय नबनुन् भन्ने हुन्छ । निजको गोपनीयताको संरक्षणका लागि राज्यले सरोकार राख्नु पर्दछ ।

संयुक्त राष्ट्रसंघको बडापत्रको प्रस्तावनाले महिला पुरुष सबै व्यक्तिहरूको मौलिक मानवअधिकार एवं आत्मसम्मानको अधिकारको पुनर्पुष्टि गरेको छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १२ ले व्यक्तिको सम्मान, ख्याति तथा निजको आवास, परिवार तथा पत्राचारको गोपनीयताको अधिकारको सुनिश्चितता प्रदान गरेको पाइन्छ भने नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १७ र बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा १६ तथा यसको इच्छाधिन आलेखले पनि गोपनीयताको अधिकारलाई व्यक्तिको अभिन्न अधिकारको रुपमा स्वीकार गरेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २८ मा गोपनीयताको हकको घोषणा गरिए पनि त्यसलाई 'कानुनद्वारा तोकिएको अवस्थामा बाहेक' भन्ने वाक्यांशको अधिनमा राखिएको छ र कानुनको विस्तृत व्यवस्था हालसम्म हुन सकेको छैन ।

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४९ (१) ले बालकसम्बन्धी कुनै मुद्दामा कारबाही चल्दा कानुन व्यवसायी, बालकको बाबुआमा, नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखेर अनुमति दिएमा बालकको हकहित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनिधि इजलासमा उपस्थित हुनसक्ने भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ४९ (२) ले बालकसम्बन्धी मुद्दासँग सम्बन्धीत घटनाको विवरण मुद्दाको तहकिकात गर्ने वा मुद्दा हेर्ने अधिकारीको अनुमति बेगर कुनै पत्रपत्रिकामा प्रकाशन गर्न नपाइने गरी प्रतिबन्ध लगाएको छ । ऐनको दफा ५२ (१) ले प्रहरी कार्यालयले कुनै कसुरको अभियोगमा पक्राउ परेको बालकको नाम, ठेगाना, उमेर, लिंग पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, निजले गरेको कसुर तथा त्यससम्बन्धमा कुनै कारबाही चलाइएको भए सो सम्बन्धी विवरण खुलाई गोप्य रुपमा तथ्यांक कुनै अध्ययन वा सो कार्यको निमित्त प्रकाशित गर्नुपरेमा बालकको नाम, थर वा ठेगाना उल्लेख नगरी उमेर वा लिंगको आधारमा सम्म प्रकाशित गर्न सकिने उल्लेख छ । उपरोक्त व्यवस्थाबाट बालबालिकाको मुद्दाहरूमा अदालतले आफ्नो कारबाही गर्दा गोपनीयताको विषयलाई संरक्षण प्रदान गरेको छ ।





गोपनीयताको हकलाई संरक्षण गर्ने क्रममा अदालती कामकारबाहीको सिलसिलामा केही विशेष प्रकृतिका मुद्दाहरूलाई बन्द इजलासबाट हेरिनेगरी कानुनमा व्यवस्था गरिएको छ । सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६७ (क), पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ६० (क), जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६ (ख) मा बन्द इजलासको व्यवस्था र कार्यविधि निम्नानुसार उल्लेख गरिएको छ :

- बालबालिका, जबरजस्ती करणी, जिउ मास्ने बेच्ने, नाता कायम, सम्बन्ध बिच्छेद सम्बन्धी मुद्दा वा खुला इजलासबाट सुनुवाई गर्नु मनासिव नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाको सुनुवाई बन्द इजलासमा हुनेछ ।
- बन्द इजलासबाट मुद्दाको कारबाही चल्दा सम्बन्धीत कानुन व्यवसायी, सरकारी वकिल, विशेषज्ञ, अभियुक्त, पीडित व्यक्ति, निजको संरक्षक तथा अदालतले अनुमति दिएको प्रहरी र अदालतका कर्मचारी मात्र उपस्थित हुनसक्ने छन् ।
- बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी र पीडितबाहेक अरूलाई दिनु हुँदैन ।
- बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य खुलाई कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्नु हुँदैन तर अदालतले अनुमति दिएमा पीडितको परिचय नहुनेगरी समाचार सम्प्रेषण गर्न सकिनेछ ।

यसमा व्यवस्थाबाट सीमित रुपमा भए पनि गोपनीयताको हकको संरक्षणको प्रयास गरिएको छ । लिखतहरूको गोपनीयतासम्बन्धी ऐन, २०३९ भए पनि लागू हुन नसकेको र वर्तमान सन्दर्भमा गोपनीयतासम्बन्धी कानुन हरेक दृष्टिकोणबाट आवश्यक देखिएको छ ।

सम्मानीत सर्वोच्च अदालतबाट गोपनीयताको हकलाई महत्व दिँदै संरक्षण गरिँदै आएको छ । अन्नपूर्ण राणाविरुद्ध काठमाडौं जिल्ला अदालत समेत भएको उत्प्रेषण विषयको रिटमा महिलाको योनीजस्तो गुप्तांगको निजको मन्जुरीबेगर जाँच गराउँदा धारा २२ ले प्रदान गरेको हकबाट निजलाई वञ्चित गरेको हुन जाने । निवेदिकाको योनी तथा पाठेघरको गाइनोक्लोजिष्टबाट परीक्षण गराउने भनी भएको आदेश नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २२ द्वारा

प्रदत्त गोपनीयताको अनतिक्रम्यको हकको उपेक्षा गरेसरह हुन जाने भनी उत्प्रेषणको आदेशद्वारा बदर गरिएको थियो ।

त्यस्तै अधिवक्ता सपना प्रधान मल्लविरुद्ध नेपाल सरकारसमेत (२०६३ सालको रिट नं ३५६१ आदेश मिति २०६४।९।१०) परमादेश जारी गरिपाउँ भन्ने विषयको रिटमा संविधानमा गोपनीयताको हकको व्यवस्था भए पनि विषयगत हिसाबले पीडित महिला, बालबालिका वा एचआईभी/एड्स संक्रमितलगायतका खासखास वर्गका व्यक्तिको गोपनीयता संरक्षण हुने खासखास अवस्थाको किटान गरी कुन अवस्थामा व्यक्तिगत सूचनाहरू खुला हुने हो सो को कानुनी व्यवस्था पनि आइसकेको छैन । ती सबैको विस्तृत व्यवस्था हुन बाँकी छ । उक्त कुरालाई हृदयंगम गर्दै उपर्युक्त अवस्थाहरू समेटिएको विशेष प्रकृतिका मुद्दा मामिलामा पीडितको रुपमा संलग्न महिला, बालबालिका पक्ष भएका वा एचआईभी/एड्स संक्रमित व्यक्तिहरू पक्ष भएको मुद्दामा प्रहरीमा दर्ता हुने वा सिधै अदालत वा अन्य निकायमा दर्ता हुने स्थितिदेखि फैसला गर्दा वा त्यसपछिको अवस्था समेत तोकिएको गोपनीयताको स्तर कयम रहनेगरी सम्बन्धीत पक्षको हक र दायित्वसहितको कानुन निर्माण गर्न विपक्षी प्रधानमनी तथा मन्त्रिपरिषद्को कार्यालय एवं कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको नाममा निर्देशात्मक आदेश जारी हुने ठहरेकाले सो बमोजिमको व्यवस्था नहुन्जेल यसैसाथ संलग्न निर्देशिका बमोजिमको व्यवस्थाको पालना गर्नु गराउनू भनी उक्त विपक्षीहरूको नाममा आदेश जारी गरिएको छ । साथै सो बमोजिमको व्यवस्था नभएसम्मका लागि विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ समेत जारी भएको छ ।

गोपनीयताको संरक्षण गर्ने क्रममा सम्मानित सर्वोच्च अदालतबाट भएको प्रस्तुत निर्देशात्मक आदेशसहितको फैसला एवं निर्देशिकाले सामाजिक परिवेशका कारण जोखिमपूर्ण अवस्थामा रहन बाध्य पारिएका वर्ग, कलिलो उमेरका कारण आफ्नो सही प्रतिनिधित्व र प्रतिरक्षा गर्न नसकिरहेको वर्ग, आवाजबिहीन रुपमा बाँच्न बाध्य पारिरहेका वर्ग र सिमान्तकृत वर्गहरूको हकहितको संरक्षणमा महत्वपूर्ण रहेको छ ।





# सार्वजनिक सरोकारका दृष्टिकोणले अदालती फैसलाको महत्व

◆ **अधिवक्ता शेरबहादुर केसी**

सन् १२१५ मा बेलायतमा Magna Carta आयो जसले स्वतन्त्रताको पहिलो दस्तावेजका रुपमा ब्रिटिस पद्धतिमा काम गऱ्यो । त्यस्तै सन् १६२८ मा The Patition of Right को दोस्रो स्वतन्त्रताको दस्तावेज आयो र बेलायतीहरूले मौलिक हक उल्लघंन भएमा रिट क्षेत्रअन्तर्गत न्यायिक उपचार प्राप्त गर्न थाले । त्यही सिद्धान्तमा आधारित भई विश्वभरि नै रिटको प्रचलन सुरु भयो र विभिन्न देशमा मौलिक हकको हननमा रिट क्षेत्रको माध्यमबाट न्यायिक उपचारको पद्धति सुरु भयो । नेपालले पनि Common Law System अन्तर्गत न्यायिक पद्धति अवलम्बन गरी रिट क्षेत्रबाट न्यायिक उपचारको पद्धति अपनायो । रिट क्षेत्रअन्तर्गत बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध र अधिकारपृक्षा गरी पाँचवटा रिटको व्यवस्था गरिएको छ ।

तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ लागू हुनुभन्दा पहिला कहिले काहीं मात्र सर्वोच्च अदालतद्वारा सार्वजनिक सरोकारको विषयमा विवाद टुंगो लगाएको पाइन्छ । तर २०४७ सालको संविधानको धारा ८८ प्रयोगमा आइसकेपछि प्रशस्तै मात्रामा सार्वजनिक सरोकार वा सार्वजनिक हकसँग सम्बन्धीत संवैधानिक वा कानुनी जटिल प्रश्नहरू निरुपण गरी त्यस्तो हक प्रचलन

गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई प्रदान गरी न्यायिक सर्वोच्चता कायम गरिएको छ ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १०० देखि ११८ सम्म न्यायपालिकाको व्यवस्था गरिएको छ। संविधानको धारा १२ देखि ३२ सम्म मौलिक हकको बन्दोबस्त गरिएको छ। मौलिक हकहरूमा स्वतन्त्रताको हक, समानताको हक, छुवाछूत तथा जातीय भेदभावविरुद्धको हक, प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक, वातावरण तथा स्वास्थ्यसम्बन्धी हक, शिक्षा तथा संस्कृति हक, रोजगार तथा सामाजिक सुरक्षासम्बन्धी हक, सम्पत्तिसम्बन्धी हक, महिलाको हक, सामाजिक न्यायको हक, बालबालिकाको हक, धर्मसम्बन्धी हक, न्यायसम्बन्धी हक, निवारक नजरबन्दविरुद्धको हक, यातनाविरुद्धको हक, सूचनाको हक, गोपनीयताको हक, शोषणविरुद्धको हक, श्रमसम्बन्धी हक, देश निकालाविरुद्धको हक, सवैधानिक उपचारको हकको व्यवस्था गरी उक्त हकहरू उल्लघंन हुन गएमा सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत सिधै न्यायिक उपचारको व्यवस्था गरी नेपाली नागरिकलाई न्यायिक सुरक्षा प्रदान गरिएको छ ।

**अदातलको आदेश र निर्णयलाई मान्नुपर्ने** : मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालना गर्नुपर्नेछ। मुद्दामामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतले मान्नु पर्नेछ। (अन्तरिम संविधान २०६३ को धारा १५)

**सर्वोच्च अदातलको अधिकार क्षेत्र** : यस संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देजलगायतको वा अन्य कुनै कारणले कुनै कानुन यो संविधानसँग बाँझिएको हुँदा सो कानुन वा त्यसको कुनै भाग बदर घोषित गरिपाउँ भनी कुनै पनि नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ र सो अनुसार कुनै कानुन संविधानसँग बाझिएको देखिएमा सो कानुनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र वदर घोषित गर्ने अधिकार सर्वोच्च अदालतलाई हुनेछ ।

यस संविधानद्वारा प्रदत्त मौलिक हक प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनहरूको प्रचलनका लागि वा सार्वजनिक





हक वा सरोकारको कुनै विवाद समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरुपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हक प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ । (धारा १०७)

## सार्वजनिक सरोकार भनेको के हो ?

सार्वजनिक हक वा सरोकारको विवादको अर्थ गर्दा त्यसलाई खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकार सँग सम्पर्क गराउने गरी अर्थ गर्न मिल्दैन । यसको सम्बन्ध सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसँग रहन्छ । कुन विवाद सार्वजनिक हक वा सरोकारको विवाद हो होइन यसको निर्क्योल विवादको विषय कुनै खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारसँग सम्बद्ध छ भने त्यस्तो विवादलाई सार्वजनिक हक वा सरोकारको विवाद भन्न मिल्ने अवस्था रहँदैन । जनसाधारणको सामूहिक हक वा सरोकारमा व्यक्ति विशेषको स्वार्थ वा सन्निहित रहन सक्छ । सार्वजनिक हक वा सरोकारको विषयमा रिट निवेदन दिने व्यक्तिको सो विवादसँग निजी मुद्दा जस्तो हक वा सरोकार गाँसिनुपर्ने आवश्यक छैन । श्री ५ को सरकार वा अन्य सार्वजनिक निकाय वा पदाधिकारीले कानुन वा संविधानबमोजिम गर्नुपर्ने काम गरेन वा गर्न नहुने कुनै काम गऱ्यो र परिणामतः कुनै व्यक्ति वा व्यक्तिहरूलाई कानुनको दृष्टिमा कुनै व्यक्तिगत क्षति पुगेको छैन तर जनसाधारणको सामान्य हित वा स्वार्थ प्रतिकूल प्रभाव परेको छ भने त्यो सार्वजनिक हक वा सरोकार कुरो हुन्छ । देशको शासन व्यवस्था, शिक्षा, स्वास्थ्य नैतिकता, देशको आर्थिक अवस्था, जलस्रोतको विकास, संविधानमा राज्यका नीतिका निर्देशक सिद्धान्तको रुपमा व्यवस्थित सामाजिक न्यायका कुरा आदि जनसाधारणको सरोकारको विषय हुन्छ । (गोपाल सिवाकोटी वि. जलस्रोत मन्त्रालय ने.का.प. ०५१, निर्णय नं. ४८९५ पृ. २२५)

नेपालको सर्वोच्च अदालतद्वारा गरिएका फैसलाहरू नजिरको रुपमा तल्लो अदालत र नेपाल सरकारलाई मान्य हुने भन्ने सिद्धान्तअनुसार सर्वोच्चका फैसला कानुन हुन् । त्यसैले सार्वजनिक सरोकारको मुद्दाहरूमा गरिएका न्यायिक निर्णयहरू कानुनसरह सबैका लागि मान्य हुँदा सार्वजनिक सरोकारका दृष्टिकोणले अदालती फैसलाको महत्वपूर्ण भूमिका छ । अदालतका फैसला कानुन हुन् ।

# अदालती पत्रकारिताको परिप्रेक्ष्यमा गालीबेइज्जती

◆ अधिवक्ता रामकृष्ण निराला

नेपालमा पत्रकारिताको सुरुवात गोरखापत्रको प्रकाशनबाट सुरु भएको हो । महिनामा तीनपटक प्रकाशन सुरु गरेपछि क्रमिक रुपमा दैनिक प्रकाशन हुन थालेको हो । साविक छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन २०३९ मा निषेधित सामग्री प्रकाशन गरेको अवस्थामा पत्रिका एवं छापाखाना बन्द गर्ने व्यवस्था भएका कारणले २०४७ सालभन्दा अगाडि संस्थागत रुपमा निजी क्षेत्रबाट ठूलो लगानी हुन सकेको थिएन । २०४७ सालभन्दा अगाडि केही सानो साइज अर्थात् टावलेटिङ्ग साइजमा दैनिक, पाक्षिक तथा मासिक प्रकाशनबाहेक निजी क्षेत्रबाट साप्ताहिक पत्रिका नै बढी प्रकाशन हुने गरेको थियो । साप्ताहिक पत्रिकाहरू कुनै न कुनै राजनीतिक समूहसँग नजिक भएर प्रकाशन गर्ने गरेको कारणले तीनका लेख, समाचारहरू पूर्वाग्रही हुने, सन्तुलित एवं व्यवसायिक हुँदैन्थ्यो । साथै केही पत्रिकाहरूले तथ्यहीन समाचार प्रकाशन गर्ने गरेका थिए । त्यस कारणले त्यस्ता लेख वा समाचारबाट पीडित पक्ष बढी मर्माहत एवं बाध्य भई गाली बेइज्जती मुद्दा गर्ने गरेको पाइन्छ ।

२०४७ सालदेखि पत्रिका वा छापाखाना बन्द नहुने संविधानले ग्यारेन्टी गरेपछि ठूला लगानीमा मिडियाहरू खुल्न थालेका हुन् । यसरी खुलेका दैनिक पत्रिकामा समेत विगतमा साप्ताहिक पत्रिकाबाट आएका पत्रकारहरूले नै काम







गर्ने गरेको हुनाले दैनिक अखबारमा समेत विगत साप्ताहिक पत्रिकाहरू जस्तै केही मात्रामा लेखाइमा उक्त कमीकमजोरी देखा परिराखेको छ । अदालतको मानहानी भए अवहेलना मुद्दा चले जस्तो व्यक्तिको मानमर्यादामा असर पर्ने काम कुरा कसैले गरेमा गाली बेइज्जतीमा मुद्दा चल्ने गर्छ । गाली भन्नाले कसैप्रति रिसाएर वा क्रोधले गरिने अश्लील वा अपमानजनक बचनलाई भनेको बुझिन्छ । बेइज्जती भन्नाले कुनै व्यक्तिको इज्जतमा धक्का पुऱ्याउने वा अनादर अपमान बुझिन्छ । नेपालमा २०१६ सालभन्दा अगाडि गाली बेइज्जती सम्बन्धी छुट्टै ऐन थिएन । गाली बेइज्जती भएको अवस्थामा मुलुकी ऐनले नै सो सम्बन्धी व्यवस्था गरेको थियो । सुरुका दिनहरूमा प्रायजसो मुद्दाहरू व्यक्ति-व्यक्तिबीच चलेको पाइन्छ । त्यसमा पनि खास गरेर लोग्ने स्वास्नी, बाबु छोराका नाता वा चरित्रसँग जोडिएका मुद्दाहरू हुन्थे भने केही मुद्दाहरू छर-छिमेकसँग भएका भनाभन वा झैझगडाका कारणबाट उत्थान भएका हुन्थे । २०१६ सालमा छुट्टै गाली बेइज्जती ऐनको व्यवस्था गरियो उक्त ऐन आए पनि सुरुका वर्षहरूमा माथि उल्लेखित किसिमकै मुद्दाहरूको बाहुल्यता रह्यो । तर, जसरी पत्रकारिता क्षेत्रको विकास हुँदै गयो त्यसैगरी पत्रिकाविरुद्ध यस्ता मुद्दाहरू केन्द्रित हुँदै गएको पाइन्छ । हाल गालीसम्बन्धी मुद्दा गर्ने एक किसिमले बन्द भइसकेको देखिन्छ भने बेइज्जती सम्बन्धी पनि मुद्दाहरू प्रायजसो लिखित कुराको आधारमा मात्र गरेको पाइन्छ ।

अदालतमा चलेका बहुतै कम मुद्दा सर्वोच्च अदालतसम्म पुगेको पाइन्छ । जसको मुख्य कारण तल्लो अदालतले सजाय गरेको वा खारेज गरेको निर्णयमा पक्षको चित्त बुझेको कारणले पुनरावेदन नपर्ने गरेको हुन सक्छ । अदालतमा गाली बेइज्जतीसम्बन्धी परेका मुद्दाहरूमध्ये धेरैजसोमा सफाई दिएता पनि ठहरमध्ये साप्ताहिक पत्रिकाहरूको विरुद्धमा ठहर निर्णय भएको पाइन्छ । साप्ताहिक पत्रिकाहरूमध्ये जनआस्था, पृष्ठभूमि, चक्षु, जनभावना आदिलाई धेरै मुद्दामा ठहर फैसला भएको कुरा अदालतको फैसला अध्ययन गर्दा पाइन्छ । यसको मुख्य कारण कुनै व्यक्तिको विषयमा लेख्दा कुनै घटनासँग सिधै नाम जोडेर लेख्ने गरेको पाइन्छ । जब कि समान्यतः खोजबिन पत्रिकारिताका क्रममा तत्कालीन अवस्थामा आरोपित व्यक्तिलाई उक्त घटनामा संग्लन रहेको आशंका वा पीडित व्यक्तिको आरोप उल्लेख गरी लेख्नुपर्नेमा  कसूरदार नै हो भनी ठोकुवा गरेर समाचार

प्रकाशन गरेको देखिन्छ। कुनै कुरा ठहर हुनको लागि अदालतको फैसलासम्म पर्खनुपर्ने हुन्छ। त्यो नपर्खिकनै पत्रिकाकै तर्फबाट अदालतले गर्ने निर्णयजस्तै कसैलाई दोषी करार गरेर समाचार प्रकाशन गर्नु हो भने अर्कोतिर हुँदै नभएका काल्पनिक घटनाका आधारमा समाचार प्रकाशन गर्ने गरेको पाइन्छ। साथै शब्दको प्रयोग पनि गाली बेइज्जती गर्ने उद्देश्यले समेत गरेको पाइन्छ। यस्तो अवस्थामा तथ्यहिन एवं उचित भाषाको प्रयोग नभएको कारणले गाली बेइज्जती ठहर भइराखेको छ भने केही पत्रिकाले अदालतमा प्रतिउत्तर नदिई मुद्दा प्रतिवाद नगर्नुको कारण अदालतले फैसला गर्दा पाँच  रुपैयाँ, २५ रुपैयाँ वा एक सय रुपैयाँ जस्तो रकम सजाय गर्ने गरेको पाइन्छ। थोरै सजायले गर्दा वकिल राख्दा सजायभन्दा बढी खर्च हुने भएर पनि केही पत्रिकाहरूले प्रतिवाद नगर्ने गरेको हुन सक्छ। साथै दैनिक पत्रिकाको हकमा गाली बेइज्जतीमा अदालतले प्रायःजसो सफाई दिइआएको पाइन्छ। सायद साप्ताहिक पत्रिकाहरूजस्तो दैनिक पत्रिकाले शब्द प्रयोग नगर्नु एउटा मुख्य कारण हुन सक्छ। दोस्रो ब्रोड साइजमा प्रकाशित दैनिक पत्रिका आर्थिक रुपमा सम्पन्न भएका कारणले वकिलमार्फत प्रतिवाद गराउने गरेको कारणले पनि हुन सक्छ। हुन त गाली बेइज्जती ऐन २०१६ को दफा ३ ले जानीजानी वा बेइज्जती गर्ने उद्देश्यले कुनै कुरा लेखेको हुनुपर्ने व्यवस्था गरेको छ। कुनै पनि फौजदारी मुद्दामा प्रतिवादीले गलत मनसायले कुनै कार्य गरेको हो भन्ने कुरा वादी पक्षले प्रमाणित गर्नुपर्ने हुन्छ। खराब मनसायले कार्य गरेको प्रमाणित नहुन्जेल सजायको भागी हुनु पर्दैन। तर, सो सिद्धान्त विपरीत प्रतिउत्तर नदिएको कारणले मात्रै पत्रिकाले मौन रुपमा आरोप स्वीकार गरेको अर्थ गरेर पनि केही फैसलाहरू भएको पाइन्छ।

गाली बेइज्जती ऐन २०१६ ले मुद्दा लाग्ने विशेष रुपमा अदालतको क्षेत्राधिकार तोकेको छैन। यस कारणले काठमाडौंबाट प्रकाशित हुने समाचारविरुद्ध अन्यत्र अर्थात् नेपालगन्जको जिल्ला अदालतमा मुद्दा लाग्ने गरेको छ। मुद्दा गर्नेले स्थानीय बजारमा पत्रिका खरिद गरी पढेको आधार बनाउने गरेको छ भने केही अपवादका रुपमा जिल्ला अदालतले यस्ता मुद्दा क्षेत्राधिकारको अभावमा खारेज गरेको पाइन्छ। यी अपवादबाहेक मुद्दा दर्ता भएका अदालतले यस्ता मुद्दाहरू आफूकहाँ दर्ता भयो भने क्षेत्राधिकार स्वीकार गरी हेर्ने गरेका छन्। यसरी एक ठाउँबाट प्रकाशित पत्रिकाको सम्बन्धमा विभिन्न जिल्लामा मुद्दा पर्ने भएको हुनाले सम्बन्धित जिल्लामा प्रतिउत्तर दिई प्रतिवाद गर्न आर्थिक रुपमा महंगो हुनुको साथै असजिलो हुने गरेको छ। गाली बेइज्जती मुद्दाहरूमा पत्रिकाप्रति अदालत नरम भएको देखिन्छ।







समान्यतः चर्चित दैनिक पत्रिकाहरूलाई धेरैजसो सफाई दिनु अर्थात् वादी दाबी नपुग्ने गरी निर्णय भइरहेको पाइन्छ। गाली बेइज्जती ऐनको दफा ५ मा गाली बेइज्जती ठहरेमा पाँच हजार रुपैयाँसम्म जरिवाना र दुई वर्षसम्म कैद पनि हुन सक्ने व्यवस्था छ भने दफा १२ मा ५० हजार रुपैयाँसम्म क्षतिपूर्ति दिलाई दिनेसम्म व्यवस्था छ। गाली बेइज्जती जस्तो झुठा एवं दुःख दिने नियतले कसैले मुद्दा गरेको छ भने त्यस्तो अवस्थामा वादीलाई सजाय गरी मुद्दा खर्चसमेत प्रतिवादीलाई भराई दिने कानुनी व्यवस्था छ। हालसम्म कैदको सजायको व्यवस्था भए पनि कसैलाई कैद गरिएको छैन। क्षतिपूर्ति वा जरिवाना अति न्यून गर्ने गरिएको छ। त्यसमाथि भएको जरिवाना अदालतले असुलउपर नगर्ने भएको हुनाले केही पत्रिकाले अदालतमा मुद्दा परे पनि मतलब नराखी थप गाली बेइज्जती हुने किसिमका समाचार छापी राखेको हुन्छ। यसले गर्दा अपराध गर्ने दुस्साहस बढेको पाइन्छ।

यसरी माथिको स्थितिलाई विचार गर्दा हालसम्म अदालतमा चलेको मुद्दाबाट तथ्यको आधारमा विश्लेषण गर्दा विश्लेषणका परिणामपछि नमिलेको अवस्थामा पनि अदालतले त्यस्ता समाचारमा कसुरदार पत्रिकालाई बनाएको पाइँदैन। गाली बेइज्जती ऐनमा बेइज्जती नहुने पनि विभिन्न व्यवस्था छ। जस्तै घटना सम्बन्धमा लेख समाचार प्रकाशन गर्न उन्मुक्ति दिएको छ भनी राष्ट्रिय ओहोदामा बसेको व्यक्तिको बारेमा वा सार्वजनिक हितका लागि लेखिएका तथ्यपूर्ण समाचारमा गाली बेइज्जती ठहर्दैन। साथै प्रेस काउन्सिलले जारी गरेको पत्रकारसम्बन्धी आचारसंहिता २०६० को अधिनमा रही समाचार प्रकाशन भएको अवस्थामा गाली बेइज्जती जस्तो मुद्दाबाट बच्न सक्ने हुन्छ। आचारसंहिता २०६० विपरीत लेखिएको समाचार सम्बन्धमा प्रेस काउन्सिलमा समेत उजुरी दिनसक्ने व्यवस्था छ। उक्त कुरा सर्वसाधारणले थाहा पाउन सकेको अवस्थामा गाली बेइज्जती मुद्दाहरूमा कमी आउने थियो होला। साथै व्यावसायिक पत्रकारिताको धर्मलाई आत्मसात गरी तथ्यको आधारमा शिष्ट र मर्यादित भाषा प्रयोग गरी प्रकाशन गर्ने कार्य हुन सकेको अवस्थामा गाली बेइज्जती मुद्दामा उल्लेखनीय कमी आउने थियो होला।

# शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनका सैद्धान्तिक पक्षहरू

◆ श्रीकृष्ण भट्टराई

## पृष्ठभूमि

मानव सभ्यताको विकासले संगठित राज्यको अवधारणा स्वीकार गरी एउटा निश्चित भूभागलाई सिमाना कायम गरी निश्चित जनसंख्या र सरकारसहितको स्वतन्त्र राष्ट्र अस्तित्वमा आएपछि मात्र सार्वभौमसत्ताको सिद्धान्तलाई व्यहारमा स्वीकारिएको मानिन्छ । राज्य शक्तिको प्रतीक हो । राज्यसँग शासन सञ्चालनका सम्पूर्ण तत्वहरू विद्यमान रहन्छन् । यो जहिले पनि सार्वभौमसत्ता सम्पन्न र स्वतन्त्र रहन्छ । राज्य सञ्चालनका लागि जनताबाट हस्तान्तरित शक्ति शासकले जनताकै हितका लागि विभिन्न रुप र अवस्थामा प्रयोग गर्दछन् । नागरिकले आफ्नो सुरक्षा र शासनका लागि आफूमा निहित सम्प्रभूशक्तिको प्रयोग आफ्नै प्रतिनिधित्व गर्ने शासकमा हस्तान्तरण गर्ने प्रत्यायोजनको सिद्धान्त राज्यको हकमा लागू हुन्छ । यो शक्ति हस्तान्तरण गर्दा एकमुष्ठ रुपमा सम्पूर्ण शक्ति शासकमा सुम्पने शास्त्रीय धारणामा परिवर्तन आई शक्तिको प्रकृति र अवस्थाअनुसार त्यसको फरकफरक प्रयोगका लागि राज्यका फरकफरक निकाय स्थापित गरी अनीहरूमार्फत राज्यका विभिन्न शक्तिहरूको प्रयोग गर्ने अवधारणा नै शक्ति पृथकीकरणको आधुनिक मान्यता







हो । राज्य शक्तिका स्रोत जनता हुन् । उनीहरूबाट नै राज्यका सम्पूर्ण शक्ति निश्रृत हुन्छन् । शक्तिको शास्त्रीय धारणाअन्तर्गत केवल कार्यकारीणी शक्तिलाई मात्र राज्यशक्ति मानिन्थ्यो । तर राज्यको आधुनिक धारणाले यसलाई राज्यका तीनै अंगमा फरकफरक तर समान रुपमा रहने मान्यता अगाडि सा¥यो ।

यो तीन अंगको सिद्धान्त (Trinity Theory) नै आधुनिक राज्य संचालनको सर्वस्वीकार्य मान्यता हो । राज्यमा यी तीनबाहेक अन्य अंग र निकाय भए पनि तिनीहरू कुनै न कुनै रुपमा यिनै तीन अंगको मातहत रहन्छन् । राज्यको शक्ति आफैले सिर्जना गरेका तीन अंगमा विभाजन गरेपछि तिनीहरूबीचको कार्यमा आपसी समन्वय ल्याउन नियन्त्रण र सन्तुलनको अवधारणा प्रादुर्भाव भएको हो ।

## शक्ति पृथकीकरणको उद्भव र प्रयोग

राज्यशक्ति सरकारका अंगहरूमा बिभाजित भएको हुन्छ । आफूलाई प्राप्त शक्तिको प्रयोग गर्दा नागरिकका वैयक्तिक स्वतन्त्रता र मानव अधिकारको सम्मान गर्नु नै शक्ति पृथकीकरणको उद्देश्य हो । राज्यका सम्पूर्ण शक्तिहरू राज्यका एउटै निकायबाट निश्रृत र संचालित भएमा त्यसले शासकहरूलाई निरंकुशतातर्फ डो¥याउँछ । बढी निरंकुशतालाई भ्रष्टताको मार्गका रुपमा लिइन्छ । यसै सन्दर्भमा अंग्रेज विद्वान लर्ड एक्टनले स्पष्ट रुपमा आफ्नो उद्‌गार अभिव्यक्त गरेका छन् । उनका अनुसार Power tends to corrupt and absolute power corrupts absolutely यस भनाइबाट उनले शक्ति र भ्रष्टताको बीच रहेको पारस्परिक निकटतालाई सचित्र रुपमा उदंग पारेका थिए । शक्तिको दुरुपयोग निरंकुशताको कारक भएकाले अत्याधिक शक्तिबाट स्वतन्त्रता नै यसको मान्यता हो । निरंकुशताको अन्त्यका लागि शक्तिको पृथकीकरण कानुनको शासनको अवलम्बन नै अन्तिम विकल्प हुन् ।

करिब १० लाख वर्षदेखि पृथ्वीमा मानव बसोबास भएको विश्वास गरिन्छ । स-साना समूह र जंगलमा अव्यवस्थित रुपमा सुरु भएको असंगठित मानव विकासले कालान्तरमा आएर संगठित राज्यको रुप धारण ग¥यो । ससाना नगर राज्यको रुपमा अस्तित्वमा आएको एथेन्स राज्यमा प्लेटो जस्ता दार्शनिकले

ईसापूर्व ४२७ मा नै आदर्श राज्य (Ideal State) को कल्पना गरी असीमित शक्तिले मानिसलाई भ्रष्ट बनाउने (Absolute power corrupt) भनेका थिए । उनले आफ्नो पुस्तक Republic मा न्यायलाई नै मुख्य रुपमा जोड दिएका छन् । उनले "Concerning Justic" भनी आफ्नो कृतिलाई नाम दिएबाट उनी न्यायप्रति संवेदनशील रहेको देखिन्छ । उनले केवल राज्य र न्यायलाई विभाजन गरी विधायिकाका बारेमा मौन छन् । राज्यलाई कार्यकारिणीको प्रतीक मानी न्यायलाई त्यसबाट अलगै राखेका छन् ।

प्राचीन युगमा ईसापूर्व ३८४ मा जन्मेका महान विचारक अरस्तु पनि शक्ति पृथकीकरणका पक्षमा रहेको पाइन्छ । आफूले लेखेका करिब चार सय कृतिका कारण उनलाई जीवित विश्वकोष (Living Encyclopedia) पनि मानिन्छ । उनका दुई कृति राजनीति (The Politic) र संविधान (The Constitution) मा राज्यशक्तिका बारेमा व्याख्या गरिएको छ । आठ ठेलीमा विभाजित त्जभ एयष्तिष्अ मा उनले राज्यका तीन अंग विधायिका, कार्यपालिका र न्यायपालिकाका बारेमा उल्लेख गरेका थिए । कानुनी राज्यका बारेमा पनि अरस्तुले जोड दिएको पाइन्छ । उनले The Politic मा उल्लेख गरेका छन् - "There are three elemens in each constitution in respect of which every serious lawgiver must look for what is advantageous to it; if these are well arranged, the constitution is bonud to be well arranged, and the differences in constitutions are bound to correspond to the differences between each of these elements. The three are, first, thedeliberative, which discuss everything of common importance; second, the officials, and third, the judical element.

जोन लकले पनि आफ्नो पुस्तक The Second Treaties on Civil Government, 1690 मा असीमित सार्वभौमसत्ताको विरोध गरेका छन् । स्वेच्छाचारी रुपमा प्रयोग गरिएका असीमित शक्ति स्वीकार्य नहुने, एकै व्यक्तिले सार्वभौमका सबै शक्ति प्रयोग गर्न नहुने, कानुन बनाउने सार्वभौम शक्ति अरूलाई हस्तान्तरण गर्न नसकिने जस्ता अभिव्यक्ति दिई उनले शक्ति पृथकीकरणको सैद्धान्तिक बिजारोपण गरेका थिए ।

महान दार्शनिक मन्टेस्क्युले आफ्नो सन् १७४८ मा प्रकाशित पुस्तक







L'Esprit des Lois मा समाजको माध्यमबाट मात्र कानुनको प्रयोग हुनसक्ने बताए । एउटा राज्यमा तीन किसिमका शक्तिहरू रहने विधायिकी (कानुन बनाउने), कार्यकारी (कानुन लागू गर्ने वा प्रशासकीय) र न्यायिक (कानुनको व्याख्या र खास किसिमका विवादमा यसको प्रयोग गर्ने) मन्टेस्क्युको राज्यशक्ति विभाजन थियो ।

शक्ति पृथकीकरणलाई Baron Montesqieu ले यसरी उल्लेख गरेका छन् - "When the legislative and executive powers are united in the same body of Magistrates, there can be no liberty ….. Again, there is no liberty if the power of judging is not separated from the legislative and executive. If it were joined with the legislative, the life, liberty of the subject would be exposed to arbitrary control, for the judge would then be the legislator. If it were joined to the executive power, the judge might behave with violence and oppression. There would be an end to everything, if the same man or the same bodies, whether of the nobles or the people, were to expercise those three powers that of enacting laws, that of executing public affairs, and that of trying crimes or individual causes". ब्यारोन मन्टेस्क्युको उपरोक्त विचारलाई हामी निम्न रुपमा विश्लेषण गर्न सक्छौं ।

- एउटै व्यक्ति वा निकायमा विधायिकी र कार्यकारी शक्ति निहित भएमा त्यहाँ कुनै स्वतन्त्रता हुन सक्दैन ।
- न्यायिक शक्तिलाई कार्यकारी र विधायिकी शक्तिबाट अलग पार्न नसकिएमा पनि स्वतन्त्रता संभव छैन ।
- यदि यसलाई विधायिकी शक्तिसँग जोडियो भने मानिसको जीवन, स्वतन्त्रता स्वेच्छाचारी नियन्त्रणको विषय बन्छ र न्यायाधीश विधायक बन्न जान्छ ।
- यसलाई कार्यकारी शक्तिसँग जोडिएमा न्यायाधीशले हिंसाजन्य र दमनकारी व्यवहार देखाउन सक्छ । त्यतिखेर सबै कुरा समाप्त हुन्छ जतिखेर एउटै व्यक्ति एउटै निकाय (त्यो जतिसुकै असल मानिसहरूको नै किन नहोस्) ले ती सबै शक्ति प्रयोग गर्दछन् ।

मन्टेस्क्युको विचारमा शक्तिको बाँडफाँटले शक्तिको दुरुपयोग नियन्त्रणगर्छ । एउटाले अर्कालाई हस्तक्षेप नगरी आआफ्नो कार्य सम्पादन गर्दा काममा निखार आउँछ । यही प्रभावले पनि होला दुई सय वर्ष पहिले निर्मित फ्रान्स र अमेरिकी संविधानहरूमा पनि यसको छाप पाइन्छ । लर्ड लिप्लकले Duport Steel Ltd vs. Sir, 1980 को मुद्दामा भनेका थिए- "It cannot be too strongly emphasized that the British Constitution, though largely unwritten, is firmly based upon the separtion of power, Parliament make the laws, the Judiciary interprets them." ब्रिटिस संविधान अलिखित भए पनि संसद्ले कानुन बनाउने र न्यायपालिकाले व्याख्या गर्ने कारण यो व्यवस्था शक्ति पृथकीकरणको सिद्धान्तको नजिक रहेको उनको मान्यता छ । अन्यथा अलिखित संविधान भएको मुलुकमा शक्ति पृथकीकरणको सिद्धान्तको प्रयोगको संभावना न्यून रहन्छ ।

अमेरिकी स्वतन्त्रतासँगै आएको त्यहाँको संविधानमा पनि यो सिद्धान्त पूर्ण रुपमा स्वीकारिएको पाइन्छ । संघीय संरचनामा राष्ट्रपति कार्यकारी प्रमुख रहने र संसद्ले कानुन बनाउने तथा न्यायपालिकाले त्यसको व्याख्या गर्ने सिद्धान्त अमेरिकी संविधानले स्वीकारेको छ ।

## शक्ति पृथकीकरणको संवैधानिक प्रयोग

बेलायतको House of Lords को प्रतिनिधित्व त्यहाँको सर्वोच्च न्यायिक निकायमा पनि रहने र संसद्बाट सरकारमा प्रतिनिधित्व हुने West-ministerial Model अपनाएकाले त्यहाँ यसको प्रयोग हुबहु रुपमा भएको पाइँदैन ।

अमेरिकी संविधानले कानुन बनाउन, कानुन लागू गर्ने र कानुनकाे व्याख्या गर्न स्वतन्त्र विधायिका, न्यायिक अंग र कार्यकारीको व्यवस्था गरेको छ । एउटा अंगको शक्ति अर्कोले प्रयोग गर्न नपाउने हुनाले अमेरिकी संविधानमा यसलाई सही अर्थमा व्यवहारमा उतारिएको पाइन्छ । भारतमा पनि शक्ति पृथकीकरणको सिद्धान्तलाई अमेरिकी मोडेलमा नअपनाई बेलायती मोडेलको सरकार र संसद्मा बिभाजन गरी संसद्प्रति उत्तरदायी सरकारको सिद्धान्त अपनाइएको छ । तर न्यायपालिका भने बेलायती मोडेलभन्दा फरक रुपमा





स्थापित गरिएको छ । भारतमा AK Roy vs. Union of India (1982) को मुद्दामा भारतीय संविधानले शक्ति पृथकीकरणलाई जस्ताको तस्तै लागू नगरिएको भनी व्याख्या गरेको थियो ।

नेपालमा पनि अमेरिकी मोडेलको संविधान नअपनाई भारतीय मोडेलसँग मिल्दोजुल्दो व्यवस्था गरिएको छ । संसद्ले कानुन बनाउने, कार्यपालिकाले लागू गर्ने र न्यायपालिकाले व्याख्या गर्ने सिद्धान्त हाम्रो संवैधानिक अभ्यासका क्रममा स्वीकारिएको छ । २०४७ को संविधानमा पूर्ण रुपमा यो सिद्धान्त अंगिकार गरिएको थियो भने भर्खरै मात्र निर्मित अन्तरिम संविधान, २०६३ मा पनि यो सैद्धान्तिक पक्षलाई अंगिकार गरिएको छ ।

## नियन्त्रण र सन्तुलनको सिद्धान्त

शक्ति पृथकीकरणले पनि शक्तिको प्रयोगमा कहिलेकाही अनियन्त्रित र छाडापन ल्याइदिने संभावना रहन्छ । शक्तिको स्वच्छन्द र एकोहोरो प्रयोगले राज्यका अंगहरूमा एकअर्काबीच समन्वयको अभाव रहन्छ । यसको नियन्त्रण र सही प्रयोगको अवधारणा नियन्त्रण र सन्तुलनको सिद्धान्त (Theory of Check and Blance) ले ल्याएको हो । एउटा अंगको कार्य केही मात्रामा भए पनि अर्को अंगको नियन्त्रण र सुपरीवेक्षणमा राख्न यसले खोज्दछ । एउटा अंगले शक्ति प्रयोगको सीमा नाघ्न लागेपछि अर्को अंगमा निहित शक्ति स्वतः सक्रिय (Self-activate) भई अनियन्त्रित शक्ति प्रयोग र शक्तिको दुरुपयोगलाई रोक्दछ । एउटा अंगले गरेको वा गर्न लागेको शक्तिको उल्लंघनलाई अर्को अंगले रोक्ने पद्धति संविधानमै व्यवस्थित गरिएको हुन्छ । यसबाट राज्यका तीनवटा अंगबीच आपसी नियन्त्रण र सन्तुलन कायम हुन्छ ।

### (१) कार्यपालिका र विधायिकाबीच नियन्त्रण र सन्तुलन

अमेरिकी कंग्रेसले राष्ट्रपति असहमत भएमा पनि स्वतन्त्र रुपमा कानुन बनाउन सक्छ । तर राष्ट्रपतिले विशेषाधिकार प्रयोग गरी वा कार्यपालिकीय आदेश (Executive Order) जारी गरी कानुन बनाउन सक्ने संवैधानिक प्रावधान पनि छ । सिनेटले पनि राष्ट्रपतिलाई महाभियोग लगाउनसक्ने अधिकार

सुरक्षित राख्दछ । नेपालमा पनि संसद्ले प्रधानमनी हटाउन सक्ने, प्रधानमन्त्रीले संसद् विघठन गर्नसक्ने, न्यायपालिकाले नजिर प्रतिपादन गर्ने र अध्यादेशमार्फत पनि कार्यकारीले कानुन बनाउनसक्ने अधिकार प्रचलनमा छ ।

### (२) व्यवस्थापिका र न्यायपालिकाबीच नियन्त्रण र सन्तुलन

विधायिकी कानुनलाई न्यायपालिकाले न्यायिक पुनरावलोकनको माध्यमबाट असंवैधानिक घोषणा गरी वदर गर्नसक्छ । नेपालमा पनि रिट क्षेत्राधिकारबाट संविधानसँग बाझ्ने कानुन सो हदसम्म बदर घोषणा गर्न न्यायपालिका सक्षम र स्वतन्त्र छ ।

### (३) न्यायपालिका र कार्यपालिकाबीच नियन्त्रण

कार्यपालिकाको असंवैधानिक कार्यमा न्यायापालिकाले अंकुश लगाउन सक्ने र राष्ट्रपतिले न्यायाधीश नियुक्त गर्नसक्ने प्रावधान अमेरिकामा छ । नेपालमा पनि कार्यपालिकाका असंवैधानिक कार्यहरू बदर गर्ने अधिकार न्यायपालिकामा सुरक्षित छ र न्यायाधीशको नियुक्तिमा संवैधानिक परिषद् वा न्याय परिषद्मा कार्यकारिणी प्रतिनिधित्व रहन्छ ।

### निष्कर्ष

यसरी हेर्दा नेपालको परिप्रेक्षमा शक्ति पृथकीकरणको सिद्धान्तलाई केही मात्रामा संविधानमै आत्मसात गरिएको पाइन्छ । संयुक्त राज्य अमेरिकामा जस्तो हुबहुरुपमा यसको अवलम्बन नेपालको संविधानले गरेको छैन । संसदीय सरकार वा West-ministerial Model को सरकार भएको हाम्रो जस्तो मुलुकमा यसको संभावना पनि छैन । सरकार संसद्प्रति उत्तरदायी रहने भएकाले शक्ति पृथकीकरण कार्यपालिका र व्यवस्थापिकाबीच व्यवहारिक रुपमा असंभव छ । तर न्यायपालिकाको हकमा भने बढी नै मात्रामा यसको प्रयोग भएको पाइन्छ । हुन त Administrative Tribunals मार्फत गरिने न्यायिक कार्यलाई Executive प्रकृतिको मानिन्छ । तर ती कार्यउपर अदालतमा पुनरावलोकन





वा रिट लाग्नसक्ने भएकाले यसलाई एकअर्कावीचको Overlapping को रुपमा भने लिइँदैन ।

शक्ति पृथकीकरण संसारमा कहीँ पनि पूर्ण रुपमा लागू हुन सक्दैन भनी एकथरि कानुनविद्ले मान्यता राखेका छन् । बेलायतको संवैधानिक कानुनको अध्ययन गरी Geoffrey Marshall ले अलोचना गरेका थिए कि :

(क) शक्ति पृथकीकरणको धारणा आफैमा स्पष्ट छैन । के अवस्थामा कति शक्ति पृथक गर्ने किटान नभई कार्यकारी, व्यवस्थापकीय र न्यायिक शक्ति कुनै खास व्यक्ति वा निकायमा सुम्पिनु उपयुक्त छैन ।

(ख) व्यवस्थापन, न्याय प्रशासन र कार्यान्वयनको धारणाले स्पष्टता नपाइसकेको र प्रत्येक अंगमा एकअर्काका गुणहरू मिसिएकाले पृथकीकरण स्पष्ट छैन ।

(ग) यो व्यक्तिको भौतिक पृथकीकरणसँग मात्र सम्बन्धीत जस्तो देखिन्छ तर व्यक्तिहरूले गर्ने कार्यहरूबीच रहेको अन्तर्सम्बन्धमा ध्यान दिएको छैन ।

(घ) अधिकार प्रत्यायोजन, नियम निर्माण, फैसाल कार्यान्वयन जस्ता कार्यबाट तीनै अंगले एकअर्काको प्रकृतिको कार्य गरिरहने भएकाले पूर्ण पृथकीकरण संभव छैन ।

नेपालको सन्दर्भमा पनि उपयुक्त धारणा केही हदसम्म मिल्दोजुल्दो देखिन्छ । लिखित संविधानबाटै शक्तिको सैद्धान्तिक विभाजन गर्ने प्रयास गरिए पनि व्यवहारिक पृथकीकरण संभव भएन । नियन्त्रण र सन्तुलनको सिद्धान्तको प्रयोग भने पूर्ण रुपमा भएको पाइन्छ । हाम्रो संविधानले पनि यसलाई पूर्ण रुपमा आत्मसात गरेको पाइन्छ । एउटा अंगको कार्यमा अर्को अंगले आवश्यक नियन्त्रण गर्दा उत्तरदायित्व र जिम्मेवारी दुवै बढ्न गई कार्य सम्पादनमा बढी दायित्वबोध हुन्छ । सही अर्थमा कानुनमको शासन (Rule of Law) को प्रयोग हुन सकेमा शक्ति पृथकीकरणलाई व्यवहारमा उतार्न संभव हुन्छ । हालै सम्पन्न ऐतिहासिक जनआन्दोलनको बलबाट स्थापित प्रतिनिधिसभाले आफ्नो घोषणापत्र २०६३ र नेपालको अन्तरिम संविधान, २०६३ मार्फत पनि शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलनको सिद्धान्तलाई स्वीकार गरेकाले नयाँ नेपालको निर्माण प्रक्रिया यस दिशामा फलदायी हुने आशा गर्न सकिन्छ ।

# सार्वजनिक सरोकार र नागरिक अधिकार संरक्षणका दृष्टिकोणबाट न्यायिक तथा अर्धन्यायिक निकायको भूमिका

◆ जीवनहरि अधिकारी

## सार्वजनिक सरोकार

सार्वजनिक सरोकारको विषय भन्नाले व्यक्तिव्यक्तिबीचको विवाद नभई सबैको साझा वस्तु, त्यसमा सबैको साझा हक र पहुँच हुने विषयलाई जनाउँछ । यस्ता सार्वजनिक सरोकारका विषयहरूमा सबैजनाले सबैजनाको लागि बनाइएको सबैलाई बराबरी काम लाग्ने र सबैसँग सम्बन्ध भएको विषयवस्तुलाई जनाउँछ । त्यो चाहे जीवित विषयवस्तु होस् वा निर्जीव, चाहे भावनात्मक होस् तर धेरै व्यक्तिको एउटै उद्देश्य रहेको वस्तु हुनुपर्छ । सामान्य अर्थमा सार्वजनिक सरोकारको विषय सार्वजनिक हकका लागि पुऱ्याउने सेवाको रुपमा लिन सकिन्छ । यसमा ठूलो जनसमूहको सरोकार रहेको पाइन्छ । त्यसको विपरीत ठूलो जन समुदायले गल्ती गरेको पनि हुनसक्छ । यसबाट पाउने लाभ व्यक्तिले नभई समाजको ठूलो हिस्साले पउनु पर्छ । जहाँसम्म सार्वजनिक सरोकारको लक्षित समूहको कुरा छ, ती गरिब, निरक्षर, पिछडिएका र असंगठित मानिसहरूको ठूलो समूह हुन्छ । जसले आफ्नो अधिकारको संरक्षण गर्न सक्षम हुँदैनन् ।







सार्वजनिक अधिकारीले गर्नुपर्ने कर्तव्य पालन नगरेको, सार्वजनिक नोक्सानी, सामूहिक अधिकारको उल्लंघन, सार्वजनिक हकको समाप्ति वा भंगका विरुद्ध कुनै पनि नागरिकले कारबाही चलाउन सक्छ ।

त्यस्तैगरी सार्वजनिक सरोकारको विवाद भनेको सार्वजनिक नोक्सानीको विरुद्ध सार्वजनिक कर्तव्यको पालन, सामाजिक, सामूहिक, बृहत् अधिकार र हकको संरक्षण अथवा सामाजिक हकको सम्बर्द्धन गर्न जुन नागरिकको पर्याप्त सरोकार छ र उ उपचारका लागि योग्य छ । त्यसले यस्ता विवादमा निवेदन दिन सक्छ । सार्वजनिक सरोकारको विवाद भनेको यस्तो एउटा कानुनी रणनीति र कानुनी सहयतासम्बन्धी आन्दोलन हो त्यसले गरिब समुदाय जो मानवीय दृष्टिमा तल्लो स्थितिमा रहेको हुन्छ, तिनीहरूलाई न्यायिक पहुँचमा पुऱ्याउनु हो ।

## नागरिक अधिकार

नागरिक अधिकार देशका नागरिकहरूलाई कानुनद्वारा प्रदत्त अधिकारहरू र मानव भएको नाताले प्राप्त गर्ने अधिकारहरू जनाउँछ । मानवअधिकार भन्नाले मानव समुदायका प्रत्येक सदस्यमा अन्तरनिहित नैसर्गिक अधिकारहरूलाई बुझाउँछ । मानवअधिकार प्रत्येक मानिसमा जाति, भाषा, धर्म, लिंग, राष्ट्रियता उत्पत्ति, सामाजिक र आर्थिक स्थिति, राष्ट्रिय सिमाना आदि भेदभावबिना प्राप्त हुने अधिकार हुन् । मानव हुनुकै कारण प्राप्त हुने अधिकार मानवअधिकार हुन् । मानवअधिकार शासक वा राज्यले प्रदान गर्ने नभई संरक्षण र व्यवस्थित गर्नुपर्ने कुरा हो । यस्तैगरी राज्यले कानुनद्वारा व्यवस्थित गरेर प्रदान गर्ने अधिकरहरू कानुनी अधिकार हुन् । मानवअधिकारको अपहरण राज्यले गर्न पाउँदैन भने कानुनी अधिकारहरू कानुनमा व्यवस्था भएबमोजिम कानुन बनाएर अपहरण गर्नसमेत राज्यले सक्छ ।

यसरी सार्वजनिक हित तथा स्वार्थनिहित भएका सार्वजनिक सरोकारका विषयहरूको संरक्षण गर्नु र नागरिकहरूका अधिकारको संरक्षण गर्नुपर्ने प्रथम कर्तव्य राज्यको हो । तर राज्य सञ्चालन गर्दा राज्यसत्तामा बसेका व्यक्तिहरूको निहित स्वार्थ, पदलोलुप्ताको तथा एउटा वर्गलाई फाइदा पुऱ्याउने कार्य गर्दा

अर्को वर्ग वा समुदायलाई हुने नोक्सानीको लेखाजोखा नगर्ने प्रवृत्तिले नागरिक अधिकार कुण्ठित हुन पुग्छ । साथै सार्वजनिक सरोकारको विषयमाा समेत आघात पर्न जान्छ ।

## सार्वजनिक सरोकार र नागरिक अधिकारको संरक्षणमा न्यायपालिका

राज्यका तीन अंगहरूमा व्यवस्थापिका कानुन निर्माण गर्ने, कार्यपालिका कानुनको पालना गराउने हो भने न्यायपालिका सही रुपम कानुन निर्मण भएको छ छैन र सो कानुनको परिपालना सही रुपमा भएको छ छैन सो कुराको जाँचपड्ताल गर्ने अंगको रुपम पाइन्छ । नागरिक अधिकारको अपहरण भएम तिनको पुनर्स्थापना गर्न न्यायपालिकाको कस्तो भूमिका रहेको हुन्छ, कानुन भंग गर्नेलाई उचित दण्ड सजाय भएको छ छैन जस्ता कुराहरू जनताबीच स्पष्ट पार्नका लगि निष्पक्ष र स्वतन्त्र न्यायालयको आवश्यकता पर्छ । यदि न्यायिक प्रक्रियामा कुनै विलम्ब, त्रुटी, दोष भयो भने व्यक्तिको जीवन र सम्त्तिको रक्षा हुन सक्दैन । कुनै पनि सरकार वा व्यवस्थाको उत्तमताको कसौटीभनेको उसको न्यायपालिकाको कार्यकुशलता नै हुन्छ । राज्यको प्राथमिक लक्ष भनेकै नागरिकको वैयक्तिक अधिकारको सृष्टि एवं रक्षा गर्नु हो । जुन कुशल न्यायपालिकाबाट मात्र संभव छ । कुनै पनि राष्ट्रको राजनीतिक सभ्यताको स्तर निश्चित गर्नका लागि सर्वोत्तम कसौटी त्यही हो कि कानुनद्वारा न्यायको जुन परिभाषा दिएको छ । त्यसअनुरुप व्यक्तिव्यक्तिबीच वा व्यक्ति सरकारबीच कुन हदसम्म न्याय गरिएको छ ।

नागरिक अधिकार र स्वतन्त्रताहरू सामान्यतया कुनै व्यक्ति वा राज्य स्वयंबाट अतिक्रमित हुने भय प्रत्येक समाजमा रहेको हुन्छ । यस्तो अवस्थामा न्यायलयको संरक्षण प्राप्त नहुने हो भने विधिको शासन भन्ने कुरा असंभव हुन्छ । अझ सक्षम र सुदृढ न्याय व्यवस्थामा के कुरा अपेक्षित हुन्छ भने नागरिक अधिकार र स्वतन्त्रता अतिक्रमण हुन पाउँदैन । साथै सार्वजनिक सरोकारको विषयको संरक्षण हुन्छ । यस्तो स्थितिको आशंकासम्म भएमा पनि न्यायिक निकायसमक्ष ती अधिकार रक्षाका लागि कुनै पनि नागरिक आफ्नो प्रार्थाना लिएर न्यायालयमा उपस्थित हुनसक्छ । नागरिक हकको सम्मान र





संरक्षणका लागि यो अत्यन्त महत्वपूर्ण न्यायिक प्रक्रिया मानिन्छ । न्यायपालिकाले व्यवस्थापिकाले बनाएका कानुन र कार्यपालिकाले गरेका कार्यहरूको वैधानिकता परीक्षण गर्छ । यदि व्यवस्थापिकाले संविधानको व्याख्या विपरीत हुनेगरी कानुन निर्माण गर्छ र कार्यपालिकाले गरेको काम कारबाहीबाट संविधानको उल्लंघन हुन जान्छ भने न्यायपालिकाले त्यसलाई असंवैधानिक एवं अवैध घोषित गरिदिन्छ ।

## सार्वजनिक सरोकार र नागरिक अधिकारको संरक्षणमा गरेका पहलहरू

सार्वजनिक सरोकार र नागरिक अधिकारका विषयमा १९औं शताब्दीदेखि नै पश्चिमी मुलुकका अदालतहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । नागरिक अधिकरहरूको संरक्षण गर्ने कुरामा होस् वा सार्वजनिक सरोकारको संरक्षण गर्ने कुराम होस् पश्चिमी मुलुकहरूले निकै पहिलेदेखि नै महत्वपूर्ण फड्को मारिसकेको पाउँछौं ।

नेपालमा नागरिक अधिकारको संरक्षण गर्ने कुरा प्राचीनकालदेखि केही हदसम्म भएको पाइए पनि २००४ सालको वैधानिक कानुनमा व्यवस्था गरेर केही हदसम्म नागरिक अधिकारको संरक्षण गर्ने कुरा लिपीबद्ध भएको पाइन्छ । यसरी लिपीबद्ध भए पनि कार्यान्वयन पक्षमा त्यसको प्रभावकारिता देखिएन । जब २००८ सालमा प्रधान न्यायालय ऐनकोप्रादुर्भव भयो सो पश्चात भने नागरिक अधिकारको संरक्षणमा केही हदसम्म कानुनी रुप पाएको देखिन्छ । सार्वजनिक सरोकारको विषयमा भने करिब २० वर्ष पहिला मुलुकी ऐन नवौं संशोधनले सार्वजनिक सरोकारको विषयमा अदालतको अनुमति लिई जो सुकैले फिराद गर्नसक्ने व्यवस्था (अ. व. १० नं.) ले श्रीगणेश गरेको देखिन्छ ।

नेपाल अधिराज्यको संविधान २०४७ मा सार्वजनिक हित र सरोकारको विषयमा जुनसुकै नेपालीले धारा ८८(२) बमोजिम सर्वोच्च अदालतमा निवेदन दिन पाउने व्यवस्था गरेको छ भने २०६३ को नेपालको अन्तरिम संविधानले पनि सोही व्यवस्थालाई निरन्तरता दिएको छ ।

हाम्रो देशको सन्दर्भमा सार्वजनिक सरोकारको विवादको निकास अदालत र न्यायिक सक्रियताको माध्यमबाट भएको होइन । संविधानले नै यस सम्बन्धम व्यवस्था गरेको कारणबाट यसलाई हामीले अंगालेका हौं । संविधानको धारा

८८(१) ले संविधानससँग बाझिने वा मौलिक हकमा अनुचित प्रतिवन्ध लगाउने कानुनलाई अवैध घोषणा गर्ने अधिकार सर्वोच्च अदालतलार्य प्रदान गरेको छ भने धारा ८८(२) ले सार्वजनिक हित र सरोकारको विवादमा निहित रहेको संवैधानिक वा कानुनी प्रश्नको निरोपण गरी विवादको टुंगो लगाउने अधिकार सर्वोच्च अदालतलाई दिएको छ। उपचारको अभाव भएको कनुनी हक वा मैलिक हकको प्रचलनको लागि रिट जारी गर्ने असाधारण अधिकर समेत सर्वोच्च अदालतलाई छ। यसरी हामीले संविधानमा नै सार्वजनिक सरोकारको विषय नागरिक अधिकारको संरक्षणका कुरालाई अदालतले संरक्षण गर्ने कुरा अंगिकार गरेक छौं।

राज्यका राजनीतिक अंगहरू कार्यपालिका व्यवस्थापिकाले जनताप्रति उत्तरदायी भएर आफ्नो भूमिका र कर्तव्य उचित र प्रभावकारी तवरले निर्वाह गर्नुसम्म अदालतले न्यायिक सक्रियता र सार्वजनिक सरोकारको माध्यमबाट हस्तक्षेप गर्न आवश्यक हुँदैन। मुलुकमा कानुनी राज्यको स्थापना गर्न र सरकारलाई जनताप्रति उत्तरदायी बनाउन अदालतको भूमिका हुन्छ। अन्य सरकारी अंगहरू एवं अधिकारीहरूले जनसरोकारका विषयहरूलाई अक्षम भएम अकर्मन्यता देखाएमा वा चुप लागेर बसेम अदालतले उनीहरूके कर्तव्य पूरा गर्नका लागि बाध्य बनाउन या झकझकाउनका लागि निर्देशनहरू दिने गर्छन्।

सार्वजनिक सरोकारका विषय तथा नागरिक अधिकरका विषयमा सर्वोच्च अदालतले गरेका निर्णयहरू निम्न छन् :

- अधिवक्ता सूर्य ढुंगेल वि. गोदावरी मार्वल भएको मुद्दामा २०५२।७।१४ मा 'स्वच्छ एवं स्वस्थ वातावरण जीवनको समग्रताको अंग भएकाले जिउने अधिकारभित्र स्वच्छ स्वस्थ वातावरणको हक पनि आधारभूत हुन्छ' भनी व्याख्या गरेको छ।
- निवेदक प्रकाशमणि शर्मा वि. मन्त्रिपरिषद् सचिवालयसमेत भएको मुद्दामा धार्मिक, पुरातात्विक र सांस्कृतिक महत्व भएका ऐतिहासिक वस्तुहरूको संरक्षण तथा जगेर्ना गर्नुपर्ने कुराको दायित्व भएका सबै निकायहरूलाई कानुनबमोजिम आफ्नो कर्तव्य पूरा गर्नु भनी परमादेश जारी गरेको छ। सरकारले हेरचाहमा रहेको पुरातात्विक, धार्मिक, स्थल, मन्दिरसमेतको हेरचाह प्रबन्ध आदि मिलाउन मन्त्रालय प्राचीन गरगहना, धार्मिक महलका वस्तुको संरक्षण गर्न गुठी संस्थान पोखरी, पाटीपौवा, मन्दिर आदि मर्मतसम्भार र संरक्षण गर्न काठमाडौं जिल्ला प्रशासन कार्यालय, वागमती नदीमा मलमूत्रजसतो फोहोर ल प्रशोधन गरेर मात्र पठाउने कार्य, वागमती क्षेत्र निर्माण योजना कार्यान्वयन अनुगमन समितिलाई अस्पतालमा मृत्यु भएका लासको सतगत र अस्पतालको फोहोर फाल्न नदीको मुख सार्वजनिक स्थल नगर्नु नगराउनू भनी इन्द्रराज्यलक्ष्मी अस्पताल विकास समिति आदिका नाममा परमादेश जारी भएको छ।
- निवेदक मानबहादुर विश्वकर्मा वि. श्री ५ को सरकार भएको मुद्दामा मठमन्दिरमा अछूतलाई प्रवेश गर्न नपाउने मुलुकी ऐनको अदालतको महलको १० क को प्रतिबन्धात्मक प्रावधान अमान्य घोषित गरेको छ।
- अधिवक्ता मीरा ढुंगाना वि कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेतमा २०५९।१।१९ मा वैवाहिक बलात्कारको कनुनलाई पूर्णता दिनुपर्ने हुँदा आवश्यक कानुन बनाउन निर्देशन दिएको छ।
- गोपाल सिवाकोटी वि. अर्थ मन्त्रालय समेतको मुद्दामा २०५१।१।२५ मा सूचना सम्बन्धी हकको सुनिश्चितता गर्न कानुन बनाउन निर्देशन दिएको छ।
- अधिवक्ता सपना मल्ल प्रधान वि. कानुन, न्याय तथा संसदीय व्स्था मन्त्रालयसमेत भएको मुद्दामा २०५२।८।२५ मा भूमिसम्बन्धी ऐनमा समानताको हकको आधारमा छोरी, सधवा एवं विधवा बुहारीलाई मोहियानी हक हस्तान्तरण नहुनेगरी भएको व्यवस्था अमान्य नहुने भनी निर्णय भएको छ।
- नेपालको सर्वोच्च अदालतले सार्वजनिक सरोकार र नागरिक अधिकारका विषयहरूमा धेरै आदेशहर जारी गरेको छ। सो मध्ये धेरै आदेशहरूमा निर्देशनसमेत दिएको देखिन्छ।

**सर्वोच्च अदालतको २०६२।०६३ सालको आंकडालाई हेर्दा**

१. समानताको हकमा : १५
२. मानवअधिकार : १०
३. महिला अधिकार : ७
४. बाल अधिकार : ३
५. आर्थिक अनुशासन : ३
६. कर्मचारीको सेवा सुविधा : ३
७. वातावरण संरक्षण : ११
८. विविध : १०

यसरी सार्वजनिक सरोकार तथा नागरिक अधिकार सम्बन्धमा सर्वोच्च अदालतले गरेका आदेशहरू पालना गर्न सबै निकायको कर्तव्य हुन जान्छ। सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरूको अनुशरण गर्नु सबै न्यायिक र अर्धन्यायिक निकायहरूको कर्तव्य हुन जान्छ। यस अर्थमा सम्पूर्ण न्यायिक तथा अर्धन्यायिक निकायहरूले सार्वजनिक सरोकार तथा नागरिक अधिकारको संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ।

यसको अतिरिक्त अर्धन्यायिक निकायहरूको काम कर्तव्यलाई हेरेको खण्डमा पनि सार्वजनिक सरोकारका विषयहरूको संरक्षण गर्ने अभिभारा कानुनले समेत प्रदान गरेको पाइन्छ। जिल्ला प्रशासन, भूमि सुधार, मालपोत, बनजस्ता अर्धन्यायिक निकायलार्य कानुनले नै सार्वजनिक सरोकारका विषयहरूको संरक्षण गर्नुपर्ने अभिभारा सुम्पिएको छ। ❑

*(लेखक अधिकारी पुनरावेदन अदालत पाटनका रजिष्टार हुन्।)*





# अभिव्यक्ति स्वतन्त्रता अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड

◆ **सन्तोष सिग्देल**

## पृष्ठभूमि

अभिव्यक्ति स्वतन्त्रता अधिकारको प्रसंग थालनी गर्दा युरोपेली विद्वान इरास्मसको सम्झना गर्नु सान्दर्भिक हुन्छ। सन् १२१५ नै इंग्ल्याण्डमा म्याग्नाकार्टामा राजाले हस्ताक्षर गरी अभिव्यक्ति स्वतन्त्रताको अधिकार स्थापना भइसकेको भए पनि विद्वान इरास्मसले सन् १५१६ मा एकजना राजकुमारलाई अध्ययन गराउँदा भनेका थिए, 'स्वतन्त्र राज्यमा जिब्रो पनि स्वतन्त्र हुन्छ'।

अभिव्यक्ति स्वतन्त्रताको अधिकार आधारभूत मानवअधिकार हो। मानवीय जीवन र मर्यादामा केन्द्रीय महत्व राख्नुका साथै राजनीतिक प्रणालीमा सहभागी हुने अधिकारलगायत सबै मानव अधिकारको आधार भएको कारणले गर्दा अभिव्यक्ति स्वतन्त्रताको अधिकार आधारभूत अधिकारको रुपमा रहेको छ। विचार तथा बुझाइहरू विकास गर्न तथा तिनका बारेमा छलफल गर्दै सत्य कुरा पत्ता लगाउन, व्यक्तिको आत्मविकास तथा प्रजातान्त्रिक समाजको राजनीतिक जीवनमा प्रभावकारी रुपमा संलग्न हुनका लागि विचार तथा अभिव्यक्ति स्वतन्त्रताको मुख्य भूमिका रहेको हुन्छ। अन्य मानवअधिकार हननको अवस्थामा ती अधिकार सँगसँगै अभिव्यक्ति स्वतन्त्रताको अधिकार हनन् भइरहेको हुन्छ।

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धमा उल्लेख गरिएको व्यवस्थाअनुसार अभिव्यक्ति स्वतन्त्रताको अधिकारको क्षेत्र व्यापक र बृहत् छ। संक्षेपमा भन्नुपर्दा कुनै पनि एक व्यक्तिले अर्को व्यक्तिसँग सञ्चार गर्दाको कुनै पनि अवस्थामा यो स्वतन्त्रता लागू हुन्छ।

## अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड

अभिव्यक्ति स्वतन्त्रताको अधिकारले मानवअधिकारका अन्तर्राष्ट्रिय संयन्त्रहरूको सुरुआती विकासक्रमदेखि नै सबै अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संयन्त्रहरूमा महत्वपूर्ण स्थान ओगट्दै आएको छ। त्यसमा पनि विशेषगरी मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र १९६६, मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि १९५०, मानवअधिकारसम्बन्धी अन्तर-अमेरिकी अभिसन्धि १९६९, मानवअधिकार तथा मानिसहरूको अधिकारसम्बन्धी अफ्रिकी बडापत्र, १९८१ आदिले यस अधिकारलाई महत्वपूर्ण स्थान प्रदान गरेका छन्।

उल्लेखित महासन्धि तथा अभिसन्धिहरूका साथै यी सन्धि तथा महासन्धि अन्र्तगत स्थापित निकायहरू उदाहरणका लागि मानवअधिकार समिति, अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकजस्ता संयन्त्रहरूले पनि समय समयमा यस अधिकारको बृहत् व्याख्या गर्दै मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनमा ठूलो योगदान पुऱ्याएका छन्।

## मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

संयुक्त राष्ट्रसंघको साधारणसभाद्वारा १० डिसेम्बर, १९४८ मा पारित यो घोषणापत्र अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा अवलम्बन गरिएको पहिलो औपचारिक अन्तर्राष्ट्रिय दस्तावेज हो। मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई मानवअधिकारको अन्तर्राष्ट्रिय आलेख (International Bill of Human Rights) पनि भन्ने गरिन्छ। संयुक्त राष्ट्रसंघको साधारणसभाद्वारा पारित यो घोषणापत्र मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि संयुक्त राष्ट्रसंघको





एक महत्वपूर्ण उपलब्धिका रुपमा रहेको छ।

घोषणापत्रले मानवअधिकारका आधारभूत मापदण्डको रुपमा अभिव्यक्ति स्वतन्त्रतालाई समेटेको छ। जसअन्तर्गत प्रत्येक व्यक्तिलाई बिना कुनै हस्तक्षेप आफ्नो विचार प्रकट गर्ने, आफूले चाहेको सूचना माग्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना कुनै माध्यमद्वारा विनाबन्देज प्रसार गर्ने स्वतन्त्रता हुन्छ।

**घोषणापत्रको धारा १९ को व्यवस्थाअनुसार,**

> 'प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ, यस अधिकारमा बिना कुनै हस्तक्षेप आफ्ना मत राख्ने र बिना रोकटोक, कुनै भौगोलिक सिमानाको अधिनमा नरही जुनसुकै सञ्चारमाध्यमद्वारा सूचना तथा विचार प्राप्त गर्ने, खोजी गर्ने र प्रसार गर्ने अधिकारसमेत समावेश छ।'

यसरी धारा १९ मा गरिएको यस व्यवस्थाले विचारको स्वतन्त्रता, सूचनाको हकको स्वतन्त्रता र प्रसारणको स्वतन्त्रतालाई समेट्दछ। यससम्बन्धमा हामी तलको परिच्छेदमा विस्तृत रुपमा चर्चा गर्ने छौं।

## नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मा गरिएको व्यवस्था पनि मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा रहेको व्यवस्थासरह नै रहेको छ। विचार, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता प्रत्याभूति गर्ने सम्बन्धमा यो दस्तावेजले निकै ठूलो महत्व राख्दछ। यस अनुबन्धको धारा १९ ले गरेको व्यवस्था अनुसार,

- प्रत्येक व्यक्तिलाई बिनाकुनै हस्तक्षेप आफ्नो विचार राख्न पाउने अधिकार हुनेछ।
- प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, जसअन्तर्गत बिनाकुनै बन्देज वा सीमा आफूले चाहेको सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना वा विचार मौखिक, लिखित वा

मुद्रित रूपमा वा कलात्मक रूपमा वा आफ्नो छनौटको अन्य कुनै माध्यमद्वारा प्रसार गर्न पाउने स्वतन्त्रता हुनेछ ।

अनुबन्धले अभिव्यक्ति स्वतन्त्रताको अधिकारहरूको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्वहरू समावेश हुने व्यवस्था समेत गरेको छ । त्यस्तो कर्तव्य तथा उत्तरदायित्वअन्तर्गत उल्लेखित अधिकारमा नियन्त्रण गर्न सकिने व्यवस्था पनि अनुबन्धले गरेको छ। अनुबन्धको धारा १९(३) मा त्यस्ता नियन्त्रणहरू कानुनद्वारा स्पष्ट रुपमा व्यवस्था गरिएको र अरूको अधिकार वा प्रतिष्ठाको सम्मानका लागि वा राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षणका लागि आवश्यक ठानिएको समयमा मात्र लागू हुनसक्छ भन्ने व्यवस्था गरिएको छ ।

## मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि, १९५०

मानवअधिकार तथा स्वतन्त्रताहरूको प्रत्याभूति गर्ने सम्बन्धमा अवलम्बन गरिएको यो एक महत्वपूर्ण क्षेत्रीय कानुनी संयन्त्र हो । यसलाई नोभेम्बर ४, १९५० मा अनुमोदन गरिएको हो । सेप्टेम्बर ३, १९५३ देखि यो अभिसन्धि लागू रहेको छ । यो अभिसन्धिको धारा १० ले प्रेस स्वतन्त्रता सम्बन्धमा खास मापदण्डहरू उल्लेख गरेको छ ।

अभिसन्धिको धारा १० मा गरिएको व्यवस्थाअनुसार प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ र त्यस अधिकारअन्तर्गत प्रत्येक व्यक्तिलाई कुनै अधिकारीको कुनै हस्तक्षेपबिना तथा कुनै सिमानाको बन्देज बिना विचार राख्ने तथा आफ्नो धारणा एवं आफूले चाहेको सूचना प्राप्त गर्ने र त्यसको प्रसार गर्ने स्वतन्त्रताको अधिकार हुनेछ। साथै यस अभिसन्धिले माथि उल्लेखित प्रावधानबाट राज्यलाई सिनेमा उद्योग, टेलिभिजन वा प्रसारण सम्बन्धमा सम्बन्धीत पक्षबाट अनुमतिपत्र माग्न कुनै रोक नलगाएको पनि उल्लेख गरेको छ ।

अभिसन्धिको धारा १०(२) मा 'उल्लेखित अभिव्यक्ति स्वतन्त्रताको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्वहरूसमेत समावेश हुने हुँदा यी स्वतन्त्रताको प्रयोग कानुनले तोकेअनुरुपका र प्रजातान्त्रिक समाजमा आवश्यक केही निश्चित







औपचारिक सर्त, बन्देज वा दण्डसजायँको व्यवस्थाअन्तर्गत हुनसक्ने' उल्लेख गरिएको छ । त्यस्ता बन्देजहरू राष्ट्रिय सुरक्षा, सार्वजनिक सुरक्षा वा प्रादेशिक अखण्डताको हित, अव्यवस्था वा अपराधको निवारण, नैतिकता वा स्वास्थ्यको संरक्षण, अरूको अधिकार वा सम्मानको संरक्षण, गोप्य राख्नुपर्ने सूचनाको प्रकाशनलाई रोक्न, वा न्यायपालिकाको निष्पक्षता वा अधिकारलाई अक्षुण राख्नका लागि लगाइनसक्ने पनि उल्लेख छ । उल्लेखित आधारबाहेकका अवस्थामा र कानुनमा उल्लेख नगरिएको अवस्थामा अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाइन नसकिने कुरा अनुबन्धले स्पष्ट पारेको छ ।

## मानवअधिकारसम्बन्धी अमेरिकी अभिसन्धि, १९६९

मानवअधिकार तथा स्वतन्त्रताहरूको प्रत्याभूत गर्नका लागि अमेरिकी राष्ट्रहरूले अवलम्बन गरेको यो अभिसन्धि अर्को एक महत्वपूर्ण क्षेत्रीय कानुनी संयन्त्र हो । सन् १९६९ को नोभेम्बर २२ मा अनुमोदन गरिएको यो अभिसन्धि सन् १९७८ जुलाई १८ देखि कार्यान्वयनमा रहेको छ । यस अभिसन्धिको धारा १३ ले विचार तथा अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धमा खास व्यवस्थाहरू गरेको छ ।

> **यस अभिसन्धिको धारा १३ मा गरिएको व्यवस्थाअनुसार,**
>
> 'प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता हुनेछ जसअन्तर्गत प्रत्येक व्यक्तिलाई बिनाकुनै बन्देज वा सीमा आफूले चाहेको सूचना तथा सबै प्रकारका विचार माग्ने, दिने, प्राप्त गर्ने तथा त्यस्तो सूचना तथा विचार मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा आफ्नो छनौटको अन्य कुनै माध्यमद्वारा प्रचार गर्न पाउने स्वतन्त्रता हुनेछ ।'

अभिसन्धिले अभिव्यक्ति स्वतन्त्रता अधिकारको प्रयोगमा पूर्व नियन्त्रणको कुनै व्यवस्था नगरिने तर कानुनद्वारा स्पष्ट उल्लेख गरी अरूको अधिकार वा प्रतिष्ठाको सम्मान, वा राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षणका लागि आवश्यक परेको अवस्थामा अभिव्यक्ति

स्वतन्त्रता अधिकारको प्रयोगमा बन्देज लगाउन सकिने व्यवस्था गरेको छ ।

अनुबन्धको धारा १३(३) मा व्यवस्था भएअनुसार पत्रपत्रिका, रेडियो प्रसारणका फ्रिक्वेन्सीहरू वा सूचनाको प्रवाहमा प्रयोग भएका उपकरणविरुद्ध सरकारी वा गैरसरकारी नियन्त्रणसम्बन्धी व्यवस्थाको दुरुपयोग गरी वा विचार र अभिव्यक्तिको प्रवाहमा रोक लगाउने उद्देश्यले अन्य कुनै पनि माध्यमद्वारा अभिव्यक्ति स्वतन्त्रताको अधिकारमाथि अप्रत्यक्ष प्रक्रिया वा साधनबाट प्रतिबन्ध लगाउन सकिने छैन ।

तथापि, अभिसन्धिले युवा तथा बाल अवस्थाको नैतिक आचरणलाई संरक्षण गर्ने उद्देश्यले सार्वजनिक मनोरञ्जनमा कानुनद्वारा प्रसारणपूर्व जाँच (सेन्सर) गर्न सकिने व्यवस्था गरेको छ ।

यसका साथै अनुबन्धले अभिव्यक्ति स्वतन्त्रताविरुद्धको वैध बन्देजसम्बन्धी व्यवस्था गर्दै धारा १३(५) मा राष्ट्रिय, जातीय वा धार्मिक घृणा फैलाउने वा जातजाति, वर्ण, धर्म, भाषा वा राष्ट्रियताका आधारमा कुनै पनि व्यक्ति वा व्यक्तिहरूको समूहविरुद्ध गैरकानुनी हिंसा वा त्यस्तै प्रकृतिको अन्य कार्यका लागि दुरुत्साहन गर्ने कुनै पनि प्रकारको प्रचारबाजीलाई कानुनद्वारा दण्डित हुने अपराध मानिनेछ भन्ने उल्लेख गरेको छ ।

**मानवअधिकार तथा मानिसहरूको अधिकारसम्बन्धी अफ्रिकी बडापत्र, १९८१**

अफ्रिकी वडापत्र पनि मानवअधिकार तथा स्वतन्त्रताहरूको ग्यारेण्टी गर्ने सम्बन्धमा अवलम्बन गरिएको महत्वपूर्ण क्षेत्रीय कानुनी संयन्त्र हो । यसलाई जुलाई १२, १९८१ मा अनुमोदन गरिएको हो र अक्टोबर २१, १९८६ देखि यो अभिसन्धि लागू रहेको छ । यो अभिसन्धिको धारा ९ ले अभिव्यक्ति स्वतन्त्रता सम्बन्धमा खास व्यवस्थाहरू गरेको छ ।

धारा ९ मा गरिएको व्यवस्था अनुसार, 'प्रत्येक व्यक्तिलाई सूचना प्राप्त गर्ने अधिकार हुनेछ, र प्रत्येक व्यक्तिलाई कानुनको अधीनमा रही आफ्ना विचारहरू अभिव्यक्त तथा प्रसार गर्ने अधिकार हुनेछ ।'

मानवअधिकार तथा जनताका अधिकारसम्बन्धी अफ्रिकी आयोगले अक्टोबर २००२ मा सम्पन्न ३२औं अधिवेशनमा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी





सिद्धान्तहरूको घोषणापत्र अनुमोदन गरेको थियो । यसले सार्वजनिक निकायद्वारा नियन्त्रित सूचनामा पहुँचको अधिकारलाई स्पष्ट रुपमा प्रतिपादन गरेको छ । अभिव्यक्ति स्वतन्त्रताको अभिन्न अंगको रुपमा रहेको सूचनाको अधिकारसँग सम्बन्धित यस घोषणापत्रका महत्वपूर्ण बुंदाहरू यस प्रकार छन् :

१. सार्वजनिक निकायहरूले आफ्ना लागि नभई जनताको हितको संरक्षकको रुपमा उनीहरूले सूचना राख्ने गर्दछन् । त्यसैले प्रत्येक व्यक्तिसँग कानुनद्वारा स्पष्ट रुपमा लेखिएको सीमामा रहनेगरी सूचनामा पहुँचको अधिकार हुन्छ ।

२. सूचनाको हक कानुनद्वारा देहायका सिद्धान्तहरू अनुरुप प्रत्याभूत गरिनुपर्छ :

   - प्रत्येक व्यक्तिलाई सार्वजनिक निकायद्वारा नियन्त्रित सूचनामा पहुँचको अधिकार हुनुपर्दछ ।
   - आफ्नो अधिकारको उपभोग वा संरक्षणका लागि आवश्यक भएको हदसम्म गैरसरकारी निकायद्वारा नियन्त्रित सूचनामा पनि व्यक्तिको पहुँच हुनुपर्दछ ।
   - सूचना सार्वजनिक गर्न अस्वीकार गरेको अवस्थामा स्वतन्त्र निकाय वा अदालतसमक्ष पुनरावेदनको अधिकारको प्रत्याभूति हुनुपर्दछ ।
   - अनुरोध नगरिएको अवस्थामा पनि सार्वजनिक निकायहरूले सार्वजनिक हितसँग सम्बन्धित महत्वपूर्ण सूचनाहरू सक्रिय रुपमा सार्वजनिक गर्न बाध्य हुनुपर्ने ।
   - असल नियतले कुनै सूचना प्रकाशन गर्दा गलत परिणाम निस्केमा वा त्यस्तो कार्यले स्वास्थ्य, सुरक्षा वा वातावरणमा गम्भीर असर पारेको अवस्थामा त्यस्तो सजायले वैधानिक हितको रक्षा गरेको ठहऱ्याई कसैलाई सजायको भागिदार बनाइन नपाइने ।
   - गोपनीयतासम्बन्धी कानुनहरूलाई सूचनाको स्वतन्त्रतासम्बन्धी सिद्धान्तहरू अनुरुप संशोधन गरिनुपर्ने ।

३. प्रत्येक व्यक्तिलाई आफ्ना निजी सूचनाहरू चहे सरकारी वा निजी निकायद्वारा नियन्त्रणमा राखिएको भए पनि थपघट गर्ने वा सच्याउनका

लागि पहुँचको अधिकार हुनेछ ।

## अभिव्यक्ति स्वतन्त्रताको अधिकारको विश्लेषण

अभिव्यक्ति स्वतन्त्रता अधिकारका सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मानवअधिकार संयन्त्रहरूमा गरिएको व्यवस्थाका बारेमा छोटकरी चर्चा गरिसकेपछि यो स्पष्ट हुन्छ अभिव्यक्ति स्वतन्त्रतालाई सबै संयन्त्रहरूले उच्च स्थान प्रदान गरेका छन् । यसका साथै सबै संयन्त्रहरूमा यस अधिकारविरुद्धको नियन्त्रण वा प्रतिबन्धको व्यवस्थाले यस अधिकारलाई अनावश्यक रुपमा कुण्ठित नपारोस् र व्यक्तिको सार्वभौम अधिकार हनन् हुन नपाओस् भनी स्पष्ट रुपमा नियन्त्रण तथा प्रतिबन्धका लागि अत्यावश्यक अवस्था तथा आधारहरूको व्यवस्था गरिएको छ । नियन्त्रण र प्रतिबन्धका ती आधारहरूका बारेमा हामी तल चर्चा गर्नेछौं । अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कानुनी संयन्त्रहरूको अध्ययनबाट के पनि स्पष्ट हुन्छ भने अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी सबै व्यवस्थाहरूको स्रोत भनेको मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ र त्यसैबाट निश्रित नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ मा प्रत्याभूत गरिएको अभिव्यक्ति स्वतन्त्रताको अधिकारसम्बन्धी प्रावधान नै हो । यसै तथ्यलाई ध्यानमा राख्दै निम्नलिखित परिच्छेदहरूमा मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा उल्लेखित अभिव्यक्ति स्वतन्त्रताको परिभाषाका आधारमा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अधिकारको विश्लेषण गरिएको छ ।

***अभिव्यक्ति स्वतन्त्रताको अधिकार कस-कसलाई प्राप्त छ ?***

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा उल्लेखित परिभाषाअनुसार अभिव्यक्ति स्वन्तन्त्रताको अधिकार प्रत्येक व्यक्तिलाई प्राप्त छ । यो अधिकारको प्रयोगमा व्यक्तिको शिक्षाको स्तर, निजको जात, रंग, लिङ्ग, भाषा, धर्म, राजनीतिक तथा अन्य विचार, राष्ट्रिय तथा सामाजिक उत्पत्ति, सम्पत्ती, जन्म वा अन्य कुनै पनि अवस्थाले कुनै प्रकारको बाधा सिर्जना गर्दैन ।

उल्लेखित व्यवस्थाअनुसार राज्यहरूले अभिव्यक्ति स्वतन्त्रताको अधिकार







आफ्ना नागरिकहरूलाई मात्र प्रदान गर्नुपर्ने नभई सो राज्यको भौगोलिक सीमाभित्र रहेका विदेशी नागरिक तथा राज्यबिहीनलगायत सबै व्यक्तिलाई प्रदान गर्नुपर्दछ ।

***अभिव्यक्ति स्वतन्त्रताअन्तर्गत कुन-कुन अधिकार सामेल छन् ?***

अभिव्यक्ति स्वतन्त्रताको अधिकारअन्तर्गत सूचना तथा विचारहरू 'खोजी गर्ने, प्राप्त गर्ने तथा प्रसार गर्ने' अधिकार सामेल रहने कुरा अन्तर्राष्ट्रिय मापदण्डहरूले स्पष्ट रुपमा उल्लेख गरेका छन् । 'सूचना तथा विचारको प्रसार' अभिव्यक्ति स्वन्त्रताको महत्वपूर्ण पक्ष हो । प्रसारको अधिकार भनेको आफूलाई लागेको वा थाहा भएको कुनै कुरा, व्यक्तिगत रूपमा वा आमसञ्चार माध्यमको प्रयोगबाट अरू व्यक्तिलाई भन्न पाउने अधिकार हो ।

सूचना तथा विचारहरू 'खोजी गर्ने र प्राप्त गर्ने' अधिकारअर्न्तगत समाचारपत्रहरू प्राप्त गर्ने र पढ्ने, प्रसारणहरू सुन्ने, इन्टरनेट चलाउने, सार्वजनिक छलफलहरूमा श्रोताका रूपमा भाग लिन पाउने अथवा पत्रकारिता तथा प्राज्ञिक अनुसन्धान गर्ने लगायतका अधिकारसमेत समेटिन्छन् ।

यसका साथै 'सूचनाको अधिकार' अभिव्यक्ति स्वतन्त्रता अधिकारको एक महत्वपूर्ण अंग हो । यस अधिकारअन्तर्गत सार्वजनिक निकायमा रहेका सूचनामा सर्वसाधारणको पहुँचको अधिकार सामेल रहन्छ ।

***अभिव्यक्ति स्वतन्त्रताले कस्ता खालका सूचना तथा विचारलाई संरक्षण प्रदान गर्छ ?***

धारा १९ अनुसार अभिव्यक्ति स्वतन्त्रताको अधिकार विषयबस्तु र उद्देश्य जेसुकै रहेको भए पनि सम्प्रेषणयोग्य जुनसुकै तथ्य तथा विचारमा लागू हुने व्यवस्था छ । अनुमोदन गर्ने राज्यपक्षका लागि बाध्यात्मक अन्तर्राष्ट्रिय संयन्त्रका रुपमा रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको कार्यान्वयन मूल्यांकनको जिम्मेवारी पाएको राष्ट्रसंघीय मानवअधिकार समितिले ब्यालेन्टाइन र डेभिडसनविरुद्ध क्यानडा तथा याकइन्टायरविरुद्ध क्यानडा (UN Doc. CCPR/C/47/D/359/1989 / 385/1989/Rev. 1) को मुद्दामा उल्लेख गरेअनुसार धारा १९ को अनुच्छेद २ को व्याख्या गर्दा *अरूलाई सम्प्रेषण गर्न सकिने खालको कुनै पनि किसिमको आत्मगत विचार तथा धारणालाई समेट्ने गरी* व्याख्या गर्नुपर्दछ ।

यसका साथै सैद्धान्तिक रुपमा विश्लेषण गर्दा अभिव्यक्ति स्वतन्त्रताको अधिकार

विवादास्पद, झुट्टा वा अपत्यारिलो कुरामा समेत लागू हुन्छ । कुनै विचार मन नपर्ने खालको वा गलत छ भन्ने आधारमा मात्रै त्यस्तो विचार व्यक्त गर्ने कार्यमा व्यक्तिलाई रोक लगाउने कुरा उपर्युक्त हुनसक्दैन । कानुनका दार्शनिकहरूले बारम्बार के उल्लेख गरेका छन् भने सबैले स्वीकार गर्नसक्ने जानकारी वा विचारलाई कानुनी संरक्षण प्रदान गर्नु केवल देखावटी काम हो। अभिव्यक्ति स्वतन्त्रताको कानुनी संरक्षण वास्तवमा अन्य व्यक्तिहरू असहमत हुने खालको विचार वा जानकारी प्रदान गर्नेका व्यक्तिका लागि बढी महत्वपूर्ण र आवश्यक हुन्छ ।

अभिव्यक्ति स्वतन्त्रताको अधिकारले कस्ता विचारहरूलाई संरक्षण प्रदान गर्छ भन्ने कुरा व्याख्या गर्दै मानव अधिकारसम्बन्धी युरोपेली अदालतले *हर्टेलविरुद्ध स्विट्जरल्यान्ड*को मुद्दामा उल्लेख गरेअनुसार, 'अभिव्यक्ति स्वतन्त्रताको संरक्षणलाई सामान्यतया स्विकारिएका विचारहरूमा मात्र सीमित गर्नु गैरतर्कसंगत हो ।' त्यसैगरी सोही अदालतले *ह्याण्डीसाइडविरुद्ध संयुक्त अधिराज्य* (१९७६) को मुद्दामा 'अभिव्यक्ति स्वतन्त्रताको अधिकार सकारात्मक रूपमा स्विकारिएका वा हानिरहित मानिएका सूचना वा विचारमा मात्र लागू हुने नभई राज्य वा जनसंख्याको जुनसुकै भागलाई नकारात्मक असर गर्ने, आश्चर्यमा पार्ने वा व्यवधान उत्पन्न गर्ने सूचना तथा विचारमा समेत लागू हुन्छ । यो नै बहुलवाद, सहनशीलता तथा बृहत् मानसिकताको माग हो, जसको अभावमा कुनै 'प्रजातान्त्रिक समाज' हुन सक्दैन' भन्ने उल्लेख गरेको छ ।

***अभिव्यक्ति स्वतन्त्रताको अधिकार कुन भौगोलिक सीमाभित्र लागू हुन्छ ?***

अभिव्यक्ति स्वतन्त्रता लागू हुने क्षेत्रसम्बन्धी स्पष्ट व्यवस्था मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी हकको महत्वपूर्ण पक्ष हो। यी संयन्त्रहरूमा व्यवस्था गरिएअनुसार धारा १९ को अधिकार **'कुनै पनि भौगोलिक सिमानाको अधीनमा नरही'** प्राप्त हुन्छ । यस व्यवस्थाअनुसार अभिव्यक्ति स्वतन्त्रताको अधिकार राष्ट्रिय सीमाभित्र मात्र सीमित छैन, र राज्यहरूले आफ्ना नागरिकका साथसाथै विदेशीहरूलाई अन्य राष्ट्रसम्म वा अन्य राष्ट्रबाट सूचना माग्ने, प्राप्त गर्ने तथा सम्प्रेषण गर्ने अधिकार प्रदान गर्नुपर्दछ । यसअन्तर्गत विदेशी प्रकाशनहरू आयात गर्ने, आफ्ना प्रकाशनहरू निर्यात गर्ने, विदेशी मिडियामा काम गर्ने, विदेशबाट प्रशारण हुने समाचार तथा







विचार प्राप्त गर्नेलगायतका अधिकारहरू पर्दछन् ।

***अभिव्यक्ति स्वतन्त्रताको उपयोग कस्ता माध्यमबाट गर्न सकिन्छ ?***

प्रत्येक व्यक्तिले आफूलाई व्यक्त गर्ने माध्यम छनौटको स्वतन्त्रता अभिव्यक्ति स्वतन्त्रता अधिकारको अत्यन्त महत्वपूर्ण पक्ष हो । मानव अधिकारसम्बन्धी युरोपेली अदालतलगायतका क्षेत्रीय मानवअधिकार संयन्त्रहरूले विवाद निरोपणका क्रममा अभिव्यक्ति स्वतन्त्रताको अधिकारले व्यक्त गरिएका विचार र सूचनाहरूको विषयवस्तुलाई मात्र नभई ती विचार र सूचना सम्प्रेषण गरिएको स्वरूप तथा माध्यमलाई पनि संरक्षण गर्दछ भन्ने कुरा बारम्बार उल्लेख गरेका छन् ।' कुनै एक निश्चित स्वरुपको अभिव्यक्तिमा रोक लगाउँदै त्यही अभिव्यक्ति अर्को फरक स्वरुपमा सम्प्रेषण गर्न अनुमति दिइएको अवस्थामा पनि अभिव्यक्ति स्वतन्त्रतामा *अनावश्यक बन्देज* लगाएको ठहरिने भनी अदालतहरूले कैयौ मुद्दाहरूमा निर्णय दिएका छन् । यहाँ अनावश्यक बन्देजको कुरा निकै महत्वपूर्ण छ, किनभने अन्तर्राष्ट्रिय संयन्त्रहरूले अभिव्यक्ति स्वतन्त्रतामाथि तोकिएको अवस्थामा र आवश्यकताको हदसम्ममात्र बन्देज लगाउन सकिने कुरा स्पष्ट रुपमा उल्लेख गरेका छन् । मानवअधिकारसम्बन्धी युरोपेली अदालतका निर्णयहरू अध्ययन गर्दा राज्यले निश्चित किसिमको कपडा लगाउन, झन्डा जलाउन, कुनै विशेष प्रकारको भाषा बोल्न वा निश्चित शब्द प्रयोग गर्नमा प्रतिबन्ध लगाउने कार्यलाई कानुनअनुसार त्यहीं सूचना वा विचार अर्को फरक किसिमको स्वरूपमा सम्प्रेषण गर्न दिएको छ भने पनि अभिव्यक्ति स्वतन्त्रतामाथिको नियन्त्रणको रुपमा लिएको पाइन्छ ।

## अभिव्यक्ति स्वतन्त्रता अधिकार संरक्षणमा राज्यको उत्तरदायित्व

अभिव्यक्ति स्वतन्त्रताको अधिकारमात्र नकारात्मक अधिकार ९ल्भनबतष्खभ च्ष्नजत० होइन, अर्थात् यस अधिकारअन्तर्गत राज्यको जिम्मामा अभिव्यक्ति स्वतन्त्रतामा हस्तक्षेप नगर्ने कर्तव्य मात्र परेको छैन । यस अधिकारको सकारात्मक असर स्वरुप राज्यले अभिव्यक्ति स्वतन्त्रता अधिकारको उपयोगका बाटोमा देखापर्ने सम्पूर्ण अवरोध हटाउनमा क्रियाशील हुनुपर्दछ । यस सम्बन्धमा पक्ष राष्ट्रहरूलाई विशेष कर्तव्यको बोध गराउन नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा २ ले सन्धिमा हस्ताक्षर गर्ने सबै

पक्ष राष्ट्रहरूले 'अनुबन्धमा उल्लेख गरिएका अधिकारहरूको सम्मान र प्रत्येक व्यक्तिका लागि ती अधिकार सुनिश्चित गर्नुपर्ने' कर्तव्यको व्यवस्था गरेको छ ।

अभिव्यक्ति स्वतन्त्रताको संरक्षणका लागि र समाजका प्रत्येक वर्गको हित रक्षाका लागि राज्यले सञ्चारमाध्यममा सरकार र निजी प्रसारण माध्यमहरूको एकाधिकार रोक्ने, सक्रियतापूर्वक सूचना प्रवाह गर्ने, अल्पसंख्यक समूहहरू आफ्नो हित रक्षाका लागि सञ्चारमाध्यमको प्रयोग गर्न सक्षम रहेको सुनिश्चित गर्ने तथा अभिव्यक्ति स्वतन्त्रतालाई सीमित गर्ने किसिमका सबै नीतिनियम, कानुनहरूमा संशोधन तथा खारेजीका साथै जनमुखी कानुनहरू निर्माण गरी लागू गर्नेलगायतका कार्य पर्दछन् ।

## अभिव्यक्ति स्वतन्त्रताविरुद्ध लगाइन सकिने बन्देजसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड

अभिव्यक्ति स्वतन्त्रता अधिकारको अन्तर्राष्ट्रिय मापदण्डहरूको अध्ययनले सिद्धान्ततः अभिव्यक्ति स्वतन्त्रताको अधिकारले व्यक्तिहरूका बीच सूचना तथा विचार आदान-प्रदानसँग सम्बन्धित कुनै पनि कार्यमा राज्यको हस्तक्षेपविरुद्ध सुरक्षा प्रदान गर्ने कुरा स्पष्ट भइसकेको छ । तथापि, अन्तर्राष्ट्रिय  कानुनले अभिव्यक्ति स्वतन्त्रताको अधिकार निरपेक्ष वा पूर्ण अधिकार भने होइन भन्ने कुरा स्वीकार गर्दछ ।

सामान्यतया अभिव्यक्ति स्वतन्त्रताको उपयोगसँग सम्बन्धित अधिकांश क्रियाकलापहरू हानिरहित नै हुन्छन् तर 'सूचना तथा विचारको खोजी, प्राप्ति, र प्रसार' अन्तर्गत सामान्यतया समाजले पचाउन नसक्ने किसिमका क्रियाकलाप पनि पर्न सक्छन् । त्यस्तो किसिमको अभिव्यक्तिका उदाहरणमा कसैको हत्याका लागि गरिएको दुरुत्साहन वा बालबालिकाहरूलाई अश्लील सामग्रीको बिक्री आदि पर्न सक्छन् । अन्य व्यक्ति तथा सामाजिक हितमा असर पार्ने त्यस्ता किसिमका अभिव्यक्तिहरूमा आवश्यकताको हदअनुसार बन्देज लगाउन सकिने कुरा अन्तर्राष्ट्रिय कानुनले स्वीकार गरेको छ । अन्तर्राष्ट्रिय संयन्त्रहरूमा त्यस प्रकारको बन्देज लगाउन सकिने आधार र अवस्थाका बारेमा स्पष्ट रुपमा उल्लेख गरिएको छ, त्यस प्रकारको आधार वा अवस्था भए नभएको बारेमा परीक्षण गरिनुपर्ने पनि उल्लेख छ ।





## अभिव्यक्ति स्वतन्त्रताविरुद्धको बन्देजको वैधता जााच : तीन खण्डे परीक्षण

अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरूले यस अधिकारविरुद्धको हस्तक्षेपलाई निकै गम्भीर रुपमा लिँदै त्यस्तो कुनै हस्तक्षेपलाई निश्चित कठोर सर्तहरू पूरा गरिएका अवस्थामा मात्र अनुमति प्रदान गरेका छन् । अन्तर्राष्ट्रिय मापदण्डअनुसार अभिव्यक्ति स्वतन्त्रताको अधिकार नियम हो भने त्यसविरुद्धका सीमाहरू अपवाद हुन् । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा १९(३) ले अभिव्यक्ति स्वतन्त्रताविरुद्धको बन्देजको बैधानिकता जाँच्नका लागि परीक्षणको व्यवस्था गरेको छ । धारा १९(३) को व्यवस्था अनुसार,

यस धाराको परिच्छेद २ मा व्यवस्था गरिएको अधिकारहरूको उपयोग सँगसँगै विशेष कर्तव्य र दायित्व पर्दछन् । तसर्थ यस अधिकारमा केही नियन्त्रण हुन सक्नेछ तर त्यस्तो नियन्त्रण कानुनले व्यवस्था गरेका तथा निम्नलिखित हितको संरक्षणका लागि आवश्यक परेको अवस्थामा मात्रै लागू हुनेछ ।

(क) अरूको अधिकार तथा प्रतिष्ठाको सम्मानका लागि ।

(ख) राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था वा सार्वजनिक स्वास्थ वा नैतिकताका लागि ।

अन्य प्रमुख मानवअधिकार संयन्त्रहरूमा पनि समान रुपमा व्यवस्था गरिएको यस परीक्षण विधिमा तीनवटा खण्ड रहेको हुनाले यसलाई तिनखण्डे परीक्षणका रुपमा लिइन्छ । तीन खण्डे परीक्षणको पहिलो खण्डअर्न्तगत अभिव्यक्ति स्वतन्त्रतामाथिको त्यस्तो कुनै हस्तक्षेप कानुन अनुकूल हुनुपर्छ । यहाँ कानुन अनुकुल हुनुपर्छ भन्नुको अर्थ कानुनमा व्यवस्था भएअनुरुप हुनुपर्छ र त्यस्तो कानुन आफैंमा पनि न्यायिक (Just Law) हुनुपर्छ भन्ने हो । त्यसैगरी, परिक्षणको दोस्रो खण्डअनुसार त्यसरी कानुनी रूपमा लगाइएको प्रतिबन्धको उद्देश्य अन्तर्राष्ट्रिय कानुनअन्तर्गत वैध मानिएको कुनै निश्चित उद्देश्यको संरक्षण वा सम्बर्द्धन गर्ने हुनुपर्छ । परीक्षणको अन्तिम सर्त अन्तर्गत लागू गरिएको त्यस्तो कुनै प्रतिबन्ध वैध उद्देश्यको संरक्षण र सम्बर्द्धनका लागि *आवश्यक* हुनुपर्छ । अभिव्यक्ति स्वतन्त्रतामा प्रत्यक्ष  एवं  अप्रत्यक्ष रूपमा बन्देज लगाउने कुनै पनि

कानुन वा कदमले उल्लेखित परीक्षणको कुनै एक खण्ड मात्र पनि पालन गर्न नसकेमा त्यस्तो कानुन वा कदम अवैधानिक हुन्छ ।

### परीक्षणको पहिलो खण्ड : त्यस्तो बन्देजको व्यवस्था कानुनमा नै गरिएको हुनुपर्ने

अभिव्यक्ति स्वतन्त्रताविरुद्धको बन्देजको वैधानिकतासम्बन्धी पहिलो परीक्षण अथवा सर्त भनेको त्यस्तो कुनै हस्तक्षेपसम्बन्धी व्यवस्था कानुनमा स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्छ भन्ने हो । कानुन लागू गर्ने सरकारी अधिकारीको स्वेच्छामा त्यस्तो बन्देज लागू हुन सक्दैन, बन्देजका लागि सो समयमा लागू रहेको कुनै कानुन वा नियम हुनै पर्दछ भन्ने यो प्रावधान निकै महत्वपूर्ण छ ।

'कानुनमा व्यवस्था गरिएको' भन्ने सर्तको अर्थ बन्देजसम्बन्धी नियम लिखित रुपमा हुनुपर्छ भन्नमात्र खोजिएको होइन । त्यस्तो कुनै कानुन स्पष्ट र निश्चित हुन आवश्यक हुनुका साथै कस्तो किसिमको व्यवहार/कसुरको परिणाम के हुन्छ भन्ने कुरा पनि नागरिकहरूलाई स्पष्ट रुपमा थाहा हुने किसिमको हुनुपर्छ। अस्पष्ट शब्दहरू प्रयोग गरिएका, सो कानुन लागू हुने क्षेत्र अस्पष्ट भएका कानुनले ती मापदण्ड पूरा गर्दैनन् र परिणामस्वरुप कुनै पनि त्यस्ता कानुनहरू अभिव्यक्ति स्वतन्त्रताविरुद्धका गैरकानुनी बन्देज हुन्। उदाहरणका लागि 'समाजमा झगडाको बिउ छर्न', 'राज्यको झुटो चित्रण गर्ने' कार्यमा लगाइएको बन्देजहरू अस्पष्टताका कारण पहिलो खण्डको परीक्षणमा असफल हुन्छन् ।

### परीक्षणको दोस्रो खण्ड : बन्देजको व्यवस्था वैध कानुनी उद्देश्यपूर्तिका लागि

अभिव्यक्ति स्वतन्त्रतामाथिको बन्देजको दोस्रो आवश्यक तत्व भनेको त्यस्ता प्रतिबन्धले वैध कानुनी उद्देश्य पूरा गर्नुपर्छ भन्ने हो । त्यस्ता वैध कानुनी उद्देश्यहरू के के हुन् भन्ने कुरा अभिव्यक्ति स्वतन्त्रताका अन्तर्राष्ट्रिय मापदण्डहरूमा स्पष्ट रुपमा उल्लेख भएका छन् । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९(३) को परिच्छेद (क) र (ख) मा त्यस्ता वैध उद्देश्यहरू उल्लेख गर्दै अभिव्यक्ति स्वतन्त्रतामाथिको बन्देजलाई सीमित पार्न खोजिएको छ। साथै







महत्वपूर्ण कुरा के हो भने बन्देजका लागि आवश्यक त्यस्ता कानुनी उद्देश्यको सूचिमा सरकारले मनलागी परिवर्तन वा थपघट गर्न पाउँदैन । सो अनुबन्धमा उल्लेखित वैध उद्देश्यअन्तर्गत अरूको अधिकार तथा प्रतिष्ठाको सम्मान र राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था वा सार्वजनिक स्वास्थ वा नैतिकताका लागि मात्र अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउन सकिन्छ ।

### परीक्षणको तेस्रो खण्ड : त्यस्तो बन्देज लगाउन आवश्यक नै हुनुपर्ने

परीक्षणको तेस्रो खण्डलाई सामान्य रुपमा हेर्दा स्वयंसिद्ध तथ्य जस्तो देखिन्छ । यस खण्डको परीक्षणअनुसार यदि त्यस्तो बन्देज साँच्चै आवश्यक छैन भने पहिलो र दोस्रो खण्डअनुरुप त्यस्तो बन्देज वैध उद्देश्य संरक्षणका लागि साँच्चै नै आवश्यक होइन भने कानुनअनुरूप र वैध उद्देश्य पूरा गर्ने किसिमको नै भए पनि परीक्षणको तेस्रो खण्डअनुरुप हुन सक्दैन र त्यसले अभिव्यक्ति स्वतन्त्रताको उल्लंघन गर्दछ । अन्तर्राष्ट्रिय मानवअधिकार अदालतहरूले अभिव्यक्ति स्वतन्त्रतामा अनावश्यक बन्देज लगाइएको भनी निर्णय दिएका अधिकांश मुद्दाहरूमा निर्णयको आधार त्यो सम्बन्धित कानुन आवश्यक रहेको नदेखिनु थियो । यसो हुनुको एक महत्वपूर्ण कारण अन्तर्राष्ट्रिय अदालतहरूले अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने कुनै पनि कानुन वा व्यवहारका सन्दर्भमा 'आवश्यकता' भन्ने शब्दलाई ग्रहण गर्दा विभिन्न गुणहरूले सम्पन्न हुनुपर्ने मान्नु हो ।

कुनै बन्देज 'आवश्यक' हुनका लागि अभिव्यक्ति स्वतन्त्रतामाथिको त्यस्तो बन्देज सामाजिक आवश्यकता सम्बोधन गर्ने खालको, अभिव्यक्ति स्वतन्त्रतामाथिको उपलब्ध बन्देजहरूमध्ये थोरै हानि पुऱ्याउने खालको र अभिव्यक्ति स्वतन्त्रतामा कमसेकम हस्तक्षेप गर्ने खालको हुनुपर्छ ।

### निष्कर्ष

अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड र त्यसमा पनि विश्वका सबै राष्ट्रले राष्ट्रिय कानुनहरू निर्माणका लागि मापदण्डका रुपमा स्वीकार गरेका मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को व्यवस्था अभिव्यक्ति

स्वतन्त्रतासम्बन्धी राष्ट्रिय कानुनहरूको मुख्य आधार हो। माथि वर्णन गरिएका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय कानुन र तिनका मापदण्डहरूको अध्ययनबाट अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूतिलाई यी सबै अन्तर्राष्ट्रिय संयन्त्रहरूले उच्च महत्व दिँदै हरेक व्यक्तिलाई विचारको स्वतन्त्रता, सूचनाको हकको स्वतन्त्रता र त्यस्ता विचार वा सूचनाहरू आफूले रोजेको माध्यमद्वारा प्रसारण वा अभिव्यक्त गर्ने स्वतन्त्रतालाई प्रमुखता दिएको निष्कर्ष निकाल्न सकिन्छ। र, यस अधिकारसँग जोडिएको दायित्व अनुरुप उल्लेखित स्वतन्त्रताको उपभोग गर्दा अरूको अधिकार वा प्रतिष्ठाको सम्मान गर्नुपर्ने र राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षणमा ध्यान दिनुपर्ने देखिन्छ।

नेपालको सन्दर्भमा कुरा गर्दा नेपाली राष्ट्रिय कानुन प्रणालीमा अन्तर्राष्ट्रिय मापदण्डलाई दिइएको भूमिकाले पनि महत्वपूर्ण स्थान ओगट्छ। नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ लाई सन् १९९१ को मे १४ मा अनुमोदन गरिसकेको छ। त्यसैगरी, नेपालको सन्धि ऐन, २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिहरू नेपाल कानुनसरह लागू हुन्छ र त्यस्ता सन्धिहरूको प्रावधान प्रचलित नेपाली कानुनसँग बाझिएमा बाझिएको हदसम्म सन्धिकै प्रावधान मान्य हुन्छ। यस प्रकार नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा निहित अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी प्रावधान नेपालका लागि मात्र अन्तर्राष्ट्रिय कानुनको मापदण्ड नभई राष्ट्रिय कानुनकै एक भाग पनि हो। तथापि, नेपालको अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी सबै राष्ट्रिय प्रावधानहरू अन्तर्राष्ट्रिय मापदण्डअनुरुपका छैनन्। राष्ट्रिय कानुनअन्तर्गत प्रदान गरिएका अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूती कमजोर प्रकृतिका छन् भने बन्देजका आधारहरू व्यापक छन्। यसरी हेर्दा, आगामी दिनमा नेपालले अनुबन्धअनुरुप आफ्नो राष्ट्रिय कानुनलाई परिमार्जन र संशोधन गर्न आवश्यक छ। ❑







# अदालती पत्रकारिताका विशेषता

◆ कृष्णमुरारी भण्डारी

- ❑ *भनिन्छ न्यायका नौ सिङ हुन्छन्। सिङको हिसाबले बाह्र सिङ्का बढी सिङ हुन्छ। कानूनका नौ र मृगका बाह्र सिङमा भिन्ता धेरै छन्। मृगका सबै सिङ देखिन्छन्। त्यसैले बाह्र सिङ्लाई घरको सोभा बनाइन्छ। तर न्यायका नौ सिङ देखिँदैन। न्यायमूर्तिले कुन सिङ समातेर न्याय दिन्छन् बुझ्न सरल छैन। न्याय कुन सिङको आधारमा बाँचेको हुन्छ त्यसको भेउ पाउन गाह्रो छ।*
- ❑ *न्याय क्षेत्रमा एउट प्रसिद्ध व्यङ्ग्य छ, बच्चा र बूढाबूढी बाटो काट्दा सधैं अगाडि बढ्छन्। गाई भैंसीले पनि फर्केर हेर्दैनन्, सोझै अगाडि बढ्छन्। तर न्यायाधीशको भर हुन्न। ऊ अगाडि बढ्न पनि सक्छ, पछाडि फर्कन पनि सक्छ। त्यसैले न्यायाधीशले बाटो काट्दा कुशल चालक पनि अलमलिन्छन्।*

नेपाली पत्रकारिताको इतिहासमा प्राथमिकतामै नपरेको क्षेत्र हो- कानुनी पत्रकारिता अथवा अदालती रिपोर्टिङ। २०४७ पछि अदालती रिपोर्टिङ जबरजस्त रुपमा पत्रपत्रिका, रेडियो र टिभीमा देखा पर्‍यो। देशमा पहिलो पटक शक्ती पृथकीकरणको सिद्धान्त अनुसार कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई अगाडि सार्ने संविधान बन्यो। तीन अंगमा चेक एण्ड ब्यालेन्स सुरु भयो। राज्यको चौंथो अंग भनिने पत्रकारिता क्षेत्रमा कानुनी पत्रकारिता पनि अगाडि बढ्न थाल्यो।

लामोसमयसम्म समाचारको क्षेत्रमै नपरेको अदालती रिपोर्टिङले महाकाली सन्धी र प्रधानमन्त्रीले संसद भंग गर्न पाउने र नपाउने विवादपछि प्राथमिकता पाउन थाल्यो । छापा, रेडियो र टिभीमा अदालती रिपोर्टिङको कभरेज बढ्यो । अदालती समाचार-विचार प्रकाशित हुन थाल्यो । कानुन र अदालतका निर्णय बारे सम्पादकीय लेख्न थालियो । कुनै दिन ठाउँ खाली रह्यो र पत्रिका भर्न पर्‍यो भने मात्र खोजी हुने अदालती समाचारहरू प्राथमिकताका साथ खोज्न थालियो । यसले हाम्रो पत्रकारितामा एउटा नयाँ अध्याय थपियो । यो जनचासोको विषय बन्यो ।

पञ्चायत कालमा पनि अदालती निर्णयहरू बेला बेला चर्चा र प्रकाशनका विषय नबनेका होइनन् । तर त्यतिबेला ती समाचारभन्दा कसैको स्वार्थमा लेखिने विषय थिए । पत्रकारहरूको बिट बनेको थिएन, अदालती रिपोर्टिङ । अहिले यो आकर्षक बिट भएको छ । पत्रकारहरू अदालतका गतिविधी रिपोर्टिङ गर्न लागिरहेका छन् । हरेक दिन कानुन, न्याय र अदालत कुनै न कुनै रुपमा समाचार बनिरहेछन् ।

## अदालती रिपोर्टिङका चुनौती

पुरानो स्थितिमा सुधारले पत्रकारहरूमा एकातिर हौसला प्रदान गरेको छ, अर्कोतिर अदालतले परम्परागत जडता फ्याँक्ने अग्रसरता देखाउन नसकेको वास्तविकता पनि स्वीकार्नु परेको छ । देशले राजनीतिक फड्को मारिसक्दा पनि न्यायपालिकाले पुरानै ढाँचा र ढर्राबाट आफूलाई अलग्याउन सकेको छैन । अहिले पनि हाम्रो न्यायालय परम्परागत छ । यसमा पारदर्शिता छैन । अदालत आफूबारे भन्न लजाउँछ र सूचना लुकाएर राख्ने गर्छ । यसो गर्दा परम्परादेखिको ढिलासुस्तीले निरन्तरता पाइरहेको छ ।

पत्रकाहरू शब्द अक्षर फरक परे मानहानी मुद्दा लाग्छ भनेर अदालती समाचार लेख्न डराउँथे । अदालतबारे खोजपूर्ण समाचार सामाग्री प्रकाशन गर्दा बेकारको झन्झट बोलाउन कोही चाहन्नथे । अदालतबारे समाचार लेख प्रकाशित गर्‍यो कि न्यायाधीशको आचरणको कुरा आइहाल्थ्यो । सत्य लेखेपछि त्यो लेखक प्रकाशक कुनै पनि बहानाबाजीबाट बच्न सक्दैनथ्यो । यस्तै मान्यताले अधिकांश





पत्रकारको मनमा डरले घर गरेको थियो ।

## जबरजस्ती अदालत

देशमा प्रजातन्त्र पुनर्स्थापना भएपछि खुला उदार प्रजातान्त्रिक वातावरणको सुरुवात भयो । यसले पत्रकार स्वयंमा अदालतप्रतिको धारणामा बिस्तारै परिवर्तन ल्याउन थाल्यो । अदालत, कानुन, त्यसको प्रयोग र अदालतले गरेको व्याख्या लेख, समाचार र बिचारको विषय बन्न थाल्यो । तर रुढी परम्परा र प्रचलनलाई अदालतले छोड्न सकेन । देशमा आएको परिवर्तनले परम्परागत मूल्य र मान्यतामा पनि व्यापक विविधता ल्याउन थाल्यो । त्यसको प्रभाव अदालतमा पनि देखिन थाल्यो । सशस्त्र जनयुद्ध थालेको नेकपा माओवादीले राज्य सञ्चालित न्यायपालिकालाई सामन्त, पुँजीपति र कर्मचारीको चाकर बताउँदै आफ्नो जनअदालत सुरु गर्‍यो । जनअदालत ढिलासुस्तीविहीहन, सर्वसाधारणको पहुँचभित्रको र कम खर्चिलो रुपमा मात्रै आएन, त्यो जहाँ समस्या परेको छ त्यहीँ घुम्ती रुपमा पुग्ने गरी प्रस्तुत भयो । त्यसले वर्षौंसम्म अदालतहरूले छिन्न नसकेका मुद्दा किनारा लगायो ।

जनअदालतका गुण मात्रै होइन अवगुण पनि धेरै छन् । त्यसले ढिलासुस्ती, घुसखोरी र सिमसिमे राजाका पालाका परम्परा र विधि पालना गर्ने नेपाली अदालतका विषेशतालाई इन्कार गरेर छिटो-छरितो मुद्दा किनारा लाउन थाल्यो । जालझेल र न्यायका नौ सिङलाई भाँच्न थाल्यो । फलस्वरुप वर्षौंदेखिका जटिल मुद्दा, साँध सीमानाको किचलो, लेनदेन, जालसाझी जस्ता विषय धेरै टुंगिए पनि । यतिमात्रै होइन कतिपय जिल्ला, पुनरावेदन अदालतमा टुंगिन नसकेका मुद्दाहरूलाई मिलापत्र गरायो । मुद्दा फिर्ता लिन सहमत पनि गरायो । त्यतिबेला मुद्दा फिर्ता लिने प्रवृत्ति नै देखा पर्‍यो ।

माओवादीको सशस्त्र युद्धका बेला सञ्चालन गरेको जनअदालत न्यायपालिका निम्ति जबरजस्त चुनौती बन्न पुग्यो । अदालतको ढिलासुस्ती, घुसखोरी र खर्चिलो न्यायको सट्टा खरो तर ठाडो जनअदालती कारबाही गाउँ-गाउँमा हुन थाल्यो । मुद्दा बोक्ने, दलाली गर्ने, वकिललाई महंगो शुल्क तिर्न पर्ने, अदालतका कर्मचारी र न्यायाधीशलाई खुवाउनुपर्ने, घुसले आजित बनेका

सर्बसाधारणका निम्ति जनअदालत चर्चित हुन थाल्यो। सरकारी अदालतमा मुद्दाको संख्या स्वात्तै घटेको तथ्याङ्कबाटै देखिन्छ। गाउँपछि शहरका विवाद पनि जनअदालत पुग्न थाल्यो।

अदालतका गतिविधि, निर्णय-आदेश समाचार बन्न थालेपछि दुबै अदालतका खबर, पत्रपत्रिकामा छापिने, रेडियो एफएमहरूमा सुनिने र टेलिभिजनमा देखिन समेत थाले।

## अदालत कि कानुनी रिपोर्टर ?

अदालती रिपोटिङ नेपाली पत्रकारितामा हुन थालेको छ। तर कानुनी रिपोर्टिङ हुन सकेको छैन। अदालती रिपोर्टिङ अदालतमा भएका फैसला र दिएको आदेशको जानकारीमा सिमित छ। तर कानुनी रिपोर्टिङको परिधि विशाल छ। यसले समग्र कानूनको परिप्रेक्षमा देशमा भएका गतिविधि, त्यसको प्रभाव र भविष्यमा पर्ने असरको लेखाजोखा गर्छ। अदालती रिपोर्टरबाट पत्रकारहरूले आफूलाई व्यापक दायरायुक्त बनाउनु आवश्यक छ। सरकारी वकिलले कति मुद्दा दायर गरे ? कति सफल भए ? प्रहरी ? देशमा कति कानुन बने ? अर्ध न्यायिक निकायका काम, कर, गाविस, सामाजिक व्यवहार सुधार ऐनको पालना जस्ता विषयमा आफूलाई फैलाउनु आवश्यक छ।

एक कानुन व्यवसायीले भने, अधिकांश पत्रकार अदालत जाने, मुद्धाका कागजपत्रहरू फोटो कपी लिएर पढ्ने , त्यसमा अदालतले के के गरेको छ खोजवीन र अध्ययन गर्ने गर्दैनन्। फलस्वरुप साँझपख दिनभर आज के भयो, कुनै वकिल वा अदालतको कर्मचारीसंग फोनमा जानकारी लिन्छन् र आफूले काम गरेको सञ्चार माध्यममा प्रकाशन र प्रशारण गर्ने गर्छन। उनी थप्छन्, याद गर्नु भएको छ ? न्यायाधीशबाट ठ्याक्कै आदेश नै भएको हो समाचार सतही रुपमा आउछ। त्यसपछि समाचारको 'फलोअप' हुँदैन। हल्ला मच्चाउने गरी 'सनसनीदार' खवर आउँछ र त्यो त्यत्तीकै हराउछ।

नियम पालन गराउने कानुन नै हो। तर नेपाली पत्रकारिता अदालती वा कानुनी रिपोर्टिङको नाउमा मुद्दासँग मात्र सम्बन्धित देखिन्छ। उदाहरणको लागि उपराष्ट्रपतिको हिन्दीमा शपथसम्बन्धी मुद्दामा अदालतले किन सात





दिनको म्याद दियो ? जबकि संविधान र कानुन तथा वकीलहरू यसको पक्षमा थिएनन्। किन यति लामो समय लियो अदालतले ? यसको भित्रसम्म खोतल्न पुगेनन् पत्रकार। निष्कर्ष निकाल्न पत्रकारले सबैसँग भेटघाट गर्नुपर्दथ्यो। पत्रकारिताले दूरदृष्टिको भएन। यो थियो- न्यायसम्पादनमा चासो राख्नेहरूको प्रतिक्रिया-अदालती पत्रकारिताप्रति।

पहिला साधनस्रोत पत्रकारहरूको पहुँचमा थिएन। अब त्यस्तो अवस्था रहेन। कम्प्युटर अगाडि बसेपछि संसारभरका गतिविधि थाहा पाउन सकिन्छ। अरु मुलुकमा यससम्बन्धी नजीर छ कि ? छ भने के छ ? के छैन ? पत्रकारले बताउनुपर्छ र यो कुरा पाठकलाई बुझाउनु पनि पर्छ। तर रिपोर्टरको निष्कर्ष उक्त घटनामा आएन। अदालतले ७ दिनको समय दियो भन्ने समाचार बनाएर पत्रकारले समाचारलाई नै टुंग्याइदिए। किनभनेर पत्रकारले कानुनबेत्ता, न्यायाधीश, पूर्वन्यायाधीशलाई सोध्न सक्थ्यो र पाठकहरूलाई वास्तविकता अवगत गराउन सक्थ्यो।

## राजनीतिमाथि हस्तक्षेप

देशबारे कुरा गर्‍यो कि जसले पनि राजनीतिलाई सराप्न थाल्छ। राजनीतिले गर्दा देश बिग्रियो भन्छ। यसमा धेरैले सहमति पनि जनाउँछन्। के कुरा बिर्सिइन्छ भने राजनीति सप्रिनको लागि अरु पक्षको पनि उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ। अदालतले देशको राजनीतिलाई कति प्रभावित गरेको छ, अदालती रिपोर्टिंङले अझै पनि लेखाजोखा गरेको पाइदैन। उदाहरणको लागि अझै पनि तातो छलफलको विषय बनिरहेको राष्ट्रिय पोशाक र भाषाको चर्चा गरौं। अथवा विगतमा प्रधानमन्त्रीले संसद विघटन गरेर आम निर्वाचनमा जानु वैधानिक थियो कि अवैधानिक ?

हाम्रो अदालतले राजनीतिक रुपमा टुंग्याउनु पर्ने मुद्दा स्वीकार गरेर विवादलाई जहिले पनि रोकिदिने गरेको छ।

विकसित र लोकतान्त्रिक देशमा अदालतको भूमिकालाई बढीभन्दा बढी न्युनिकरण गरिन्छ। विवाद सुरु हुन नपाउँदै त्यसलाई अदालतमा जानबाट कसरी रोक्ने ? वास्तवमा विवाद समाधान गर्न नसकेपछि, त्यसलाई समाधान

गर्ने अन्य उपाय छैन भनेदेखि मात्र अदालत जाने । लोग्नेस्वास्नीको झगडा परालको आगो भन्ने त उखानै छ । झगडा हुने बित्तिकै वकिलको सल्लाहमा सम्बन्धविच्छेदका मुद्दा हाल्न यहाँका लोग्नेस्वास्नी लागे भने मुद्दाको प्रतिउत्तर दिनु अगाडी नै मिलापत्र गर्नुपर्ने छ । त्यो गरिनसक्दै सम्बन्धविच्छेदको अर्को फिरादपत्र लिएर न्यायालयको ढोका ढकढक्याउन पुग्नुपर्ने हुन्छ । दाजुभाइ, छिमेकीका अनेक विवाद सुरु हुन्छन्, चर्कन्छन् र समाजका सामाजिक-सांस्कृतिक, मानवीय कारणले समाधान हुन्छन् । त्यसपछि पहिलेका विवादित पक्षका सम्बन्ध झन् गाढा हुनपुग्छ । यो जीवनको यथार्थ हो ।

उदाहरणको रुपमा उपराष्ट्रपतिको हिन्दी भाषामा भएको सपथ ग्रहण विवादकै चर्चा गरौं । वास्तवमा उपराष्ट्रपतिले राजनीति गरेका हुन् । उनले भने, म फोरमको सदस्यसमेत छैन । तर फोरमकै राजनीति गरे- राष्ट्रपतिले राष्ट्रिय भाषामा गराएको सपथ ग्रहण पाठलाई आफ्नो मातृभाषा मैथिली होइन हिन्दीमा अनुवाद गरे । के यो विवाद जसले भ्रष्टाचारको विवादमा परेर हटाइएका न्यायाधीश परमानन्द झालाई उपराष्ट्रपतिमा विजयी बनाए, तिनैले समाधान गर्नुपर्ने होइन ? चुन्ने निकाय संविधानसभाले उनलाई महाभियोगसम्म लगाउन सक्थ्यो । तर यो विवादलाई एउटा व्यक्तिले रिट हाले पनि अदालतले यो संविधानसभाको कार्यक्षेत्रको विषय हो भन्न सक्थ्यो । यस्तो भनेन । किनकि अदालतले यहाँ हरेक राजनीतिक विवादलाई जटिल बनाइदिने परम्परा नै बसेको छ ।

अदालतको पुरानो निर्णय पनि सम्झौं । प्रधानमन्त्री मनमोहन अधिकारीले संसद विघटन गरेर आम चुनावमा जाने निर्णय गरे । यसअघि अर्का प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसद विघटन गरेर मध्यावधी निर्वाचनमा जाने निर्णय गरे । दुई प्रधानमन्त्रीका संसद विघटन गर्ने राजनीतिक निर्णयमा सर्वोच्च अदालतले दुईथरी निर्णय गर्‍यो । पहिलो प्रधानमन्त्री जनताकोमा जान पायो र निर्वाचनमा उसलाई मतदाताले थप्पड दिए । सत्तासीन पार्टी प्रतिपक्षी बन्यो । तर प्रधानमन्त्री अधिकारीलाई निर्वाचनमा जान अदालतले रोक्यो । प्रधानमन्त्रीलाई जनताकहाँ जान नरोकेको भए उनलाई जनताले स्वाद चखाउँथे । त्यसैले छातीमा हात राखेर भन्ने हो भने यो देश जुन जटिलतामा फस्यो त्यसको मुख्य कारण सर्वोच्च अदालत हो । हाम्रा न्यायाधीशले विवादलाई टाँगेर राखे । र, देशलाई द्वन्द्वको मझधारमा पुर्‍याइदिए ।

## खारिएको पत्रकार

त्यसैले कानुन पत्रकार बन्न, अदालती रिपोर्टर हुन पर्याप्त ज्ञान चाहिन्छ । पढ्नु पर्‍यो, जान्नु पर्‍यो, विशेषज्ञ र सर्वसाधारणसँग संगत गर्नुपर्‍यो र लेख्नुपर्‍यो । अदालती रिपोर्टर बन्न कानुन नै पढेको हुनुपर्छ भन्ने छैन । भए झन् राम्रो । तर, कानुन पढे पनि नपढे पनि त्यस विषयमा अभिरुचि भने रिपोर्टरले राख्नैपर्छ । कानुन नपढेका तर भारत र नेपालको व्यवहार बुझेका एक विद्वानले भारत र नेपालका अदालतमा रहेको अन्तरबारे भने, 'भारत लिखत र नजिरमा चल्ने र नेपाल लिखत र नजिरलाई वेवास्ता गर्ने रहेछ । भारतमा लिखित नजिर बन्छ यहाँ मुखै नजिर हुनेगर्छ ।'

हाम्रो अदालत प्रहरी प्रशासनबाट 'डोमिनेटेड' छ । प्रहरीले पक्राउ गरेपछि सरकारी वकिलले बयान लिने कानुनी व्यवस्था छ । तर व्यवहारमा प्रायः प्रहरीले नै बयान लिन्छ र सरकारी वकिलले त्यसमा सही गर्छ । पत्रकारले समाचार बनाउँदा प्रहरीका हाकिम रिसाए भने जुनसुकै मुद्दा लगाउन सक्छन् । अदालतले पनि पुर्पक्ष भनेर थुन्न स्वीकृति दिन्छ । त्यसैले अदालती रिपोर्टर यो तहसम्म पुग्नैपर्छ । प्रहरी-पत्रकार सम्बन्धको दुरुपयोग नयाँ कुरा होइन । पत्रकारलाई समस्या के हुन्छ भने ऊ एक्लै हुन्छ, प्रहरी देशव्यापी संजाल भएको संस्था हो । त्यसैले प्रायः पत्रकार प्रहरीलाई आधार बनाएर रिपोर्टिङ्ग गर्छन् । समाचार छापिन्छन् । यसले गर्दा निरपराध व्यक्ति बदनाम हुन्छ । भुक्तभोगीहरू भन्छन्, प्रहरी, सरकारी वकिल र न्यायाधीशले गरेको भन्दा पत्रकारले गर्ने अन्याय ठूलो हुन्छ ।

पेशा र उसको धर्मले गर्दा पत्रकारले लेख्छ र छाप्छ । पत्रकारीता मूल्य हो, जागिर होइन । तर पत्रकार पनि मानिस हो । तलवले बाँधिएर बसेको हुन्छ । हिजो आज किन हो दिनपरदिन प्रहरी, व्यापारी, कर्मचारीबाट मायाँ र सम्मान पाइरहन्छन् । उसलाई नेक्ससमा फसाउन खोजिन्छ । पत्रकार मालिकको स्वार्थ विरुद्ध लेख्न सक्दैन । पत्रकारको काम असाध्यै ठूलो र जिम्मेवारीपूर्ण छ । अदालती रिर्पोटिङ झन् बढी जिम्मेवारीपूर्ण छ । तर नेपाली पत्रकारीतामा संसद

र अदालती रिर्पोटिङमा प्राय प्रशिक्षार्थि अथवा कनिष्ठ पत्रकारलाई पठाइने परम्परा छ। जिम्मेवारीले धेरै कुरा खोज्छन् किनभने संसद भनेको आफैमा कानुन हो र सांसदहरूलाई कानुनको ज्ञान हुँदैन। राज्यका तीन अंगको सम्वन्ध छुटयाउन नसकिने गरी गासिएको हुन्छ। त्यसैले संसद/कानुनी रिर्पोटरले कम्तीमा यसलाई 'डिल' गर्ने जानकारी राख्न सक्नुपर्छ। कानुन पत्रकारको योग्यतामा धेरै कुरा निर्भर हुन्छ। यसको लागि क्षमता आवश्यक पर्छ, योग्यता होइन । पत्रकारमा जनताको वाणी मुखरित गर्ने वाणी हुनुपर्छ।

संसद जनताको हाउस भएकोले सांसदले बोलेको, उसको हाउभाउ बुझ्ने व्यक्ति मात्र संसदीय पत्रकार हुन्छ। सांसदले कानुन वनाउन्न। कानुन 'ड्राफ्ट' गर्न कानुनी मान्छे नै चाहिन्छ। जनताको विचार लिपीवद्ध गर्ने कानुनले हो। त्यसैले कानुनी रिर्पोटिङमा जुनीयरलाई सिधै रिर्पोटिङमा पठाउनुहुन्न। सिनियरसँग केही समय लगाएर उसलाई तालीम दिनै पर्छ। त्यसपछि मात्र ऊ कानुन, अदालत, देश र समाजमा खारिएको पत्रकार बन्न सक्छ।

## मर्यादा र कानुन

फ्रान्सका विश्वविख्यात समाजशास्त्री इमाइल दुर्खाइमले भनेका थिए - जहाँ मर्यादा पालन हुन्छ, त्यहाँ कानुन चाहिन्न। जहाँ मर्यादा पालन हुन्न, त्यहा कानुनको पनि पालना हुन्न। मर्यादा र कानुन एक अर्कामा निर्भर छन। एकको अभावमा अर्काको अस्तित्व संकटमा पर्छ। तर विद्वानहरू सहमत छन्, मर्यादित समाजमा कानुनको पनि पालनना हुन्छ। बेलायतमा लिखित संविधान नभए पनि देश चलेको छ। तर हामी कहाँ महिनैपिच्छे संविधान परिवर्तन गरेपनि मर्यादाको पालना भएको पाईंदैन। कानुनले मात्र समस्या समाधान हुन सक्दैन किनकी लोग्ने स्वास्नीको माया कानुनमा लेखेर बढ्ने-घट्ने होइन, मर्यादा आवश्यक पर्छ।

प्रधान न्यायाधीश केदारप्रसाद गिरीले भन्नुभयो- पुरातन कानुन, मान्यता र संरचनाले न्यायपालीकामा काम गर्न अवरोध भएको छ। वहालेनै भन्नुभयो- सरकारले २६ जना संविधान सभासद मनोनित नगरेको संविधानसभा वैधानिक हुँदैन। त्यस सम्बन्धमा मुद्दा पऱ्यो। गिरीले नै न्यायाधीशको बेन्च तोक्नुभयो





तर ती न्यायाधीशले रिट नै खारेज गरिदिए। न्यायालयभित्रको वास्तविकता यही हो। फेरी प्रधान न्यायाधीशको नै चर्चा गरौं। उहाँले भन्नुभयो, न्यायालयमा भ्रष्टाचार छ। तर प्रधान न्यायाधीशले यसो भन्दै हिँड्ने कि त्यसलाई हटाउन पनि लाग्ने ? अदालतबाट भ्रष्टाचार हटाउन उहाले के प्रयत्न गर्नुभयो ?

प्रहरीका डिआईजीले ट्राफिक नियम उल्लंघन गरे। सवारी लाइसेन्स पनि आफूसँग नराखी गाडी चलाए। जापान वाट आएका एक ट्राफिक प्रहरीले भने, ट्राफिकका डिआईजीले पनि ट्राफिक नियम पालना गर्नुपर्छ। तर दोषी प्रहरी अधिकृतलाई कारवाहीको साटो जापानी ट्राफिक सहयोगीलाइ नै नेपालबाट लखेटियो। यो भन्दा मर्यादा विहिन काम के हुन सक्छ ? यो मर्यादा उल्लघन मात्र होइन कानुनको पनि उल्लघन हो।

अदालत-वार सम्वन्ध, भ्रष्टाचार आदि वारे न्यायाधीश बोलिरहेछन्। वकिलले भ्रष्टाचार गराउँछ भन्ने न्यायाधीशको आरोप छ। तर यो किन गलत छ भने जनताले तिरेको राजश्व खाएर पदमा वसेको व्यक्ति न्यायाधीश हो, वकिल होइन। न्याय दिने-नदिने, न्याय पार्ने-नपार्ने दायित्व वकिलको होइन न्यायाधीशको हो। फैसला वकिलले होइन, न्यायाधीशले गर्ने हो। अदालतका फैसलाहरूमध्ये केहीलाई पत्रकारहरूले उजागर गरेपछि न्यायपालिका बारे लेख्न डराउने पत्रकारहरूमा आँट बढ्दै आएको छ। रविन्सन प्रकरण, चिनी काण्ड, सूर्य टोवाको कम्पनी प्रकरण, परमानन्द झाको फैसलामा लागूऔषध प्रकरण, महान्यायाधिवक्ताले घूस फिर्ता गरेको प्रकरण, तासको खेल जुवा होइन भनि गरिएको फैसला केही उदाहरण हुन। वास्तवमा न्यायालय अझै पनि आधुनिक र उदार हुन सकेको छैन। परम्परावादी सोचमा चलिरहेछ। अदालतका प्रवक्ताको काम सूचना लुकाउने र पत्रकारलाई टार्ने मात्र रहेको छ। यो संस्था पुरै मध्ययुगिन वानी व्यहोरा वाट सञ्चालित छ। मुलुकमा यति धेरै परिवर्तनहरू भइसक्दा पनि न्यायालय र सञ्चार जगतको एउटा अन्तरक्रियासमेत हुन सकेको छैन। सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन पनि पत्रकार अगाडी सार्वजनिक गर्ने 'आँट' गरेको पाईंदैन। अर्थात् अदालतलाई पारदर्शी बन्न रोक्ने ठूलो पर्खाल अझै ढलेको छैन।

तर पनि अदालती रिर्पोटरको जिम्मेवारी हो, जनतालाई राज्यको यो महत्वपूर्ण अंगको गतिविधि वारे सूसुचित गर्ने। उसले अदालतले के फैसला

गचो भन्नेदेखि के कुरा स्थापीत गर्न खोज्यो भन्ने सम्मको जानकारी गराउनुपर्छ । आफूभित्र भए-गरेका र गर्न आटेका काम-कुराहरू अदालतले पत्रकारलाई जानकारी नगराए पनि यसको खोजी गर्नु कानुन रिर्पोटिङ गर्ने पत्रकारको जिम्मेवारी हो । विना 'भेरीफाई' कसैका स्वार्थका कुरा नयाँ समाचार वा घटना वारे सूसुचित गर्ने नाउमा गलत सूचना प्रवाह हुन्छ । यसको जिम्मेवारी भने पत्रकारले लिन सक्नुपर्छ ।



# पत्रकार आचारसंहिता

*पत्रकारहरूले समाचार र विचारको संकलन र सम्प्रेषण गर्दा पालना गर्नुपर्ने नैतिक दायित्वहरूलाई पत्रकार आचारसंहिता भनिन्छ । आचारसंहिताको पालनाले पत्रकारिताको मर्यादा मात्र बढाउने होइन समाजमा सुसम्बन्ध र पारस्परिक भाइचारलाई पनि अभिवृद्धि गर्छ । पत्रकारिता ज्याँदै संवेदनशील विषय भएकाले यसलाई समाजका आँखा र कान दुवैका रूपमा हेरिन्छ । देश विदेशका सूचना तथा समाचार संकलन र सम्पादन गरेर सबैले बुझ्ने भाषामा प्रसार गर्ने काम पत्रकारको हो । त्यसो भन्दैमा पत्रकारिता कुनै स्वयंसेवी वा शोखका लागि गरिने काम भने होइन । व्यावसायिक पत्रकारहरूका लागि पत्रकारिता एउटा चुनौतीपूर्ण पेसा हो । अन्य पेसा जस्तै पत्रकारिता क्षेत्रलाई सम्मानित र मर्यादित तुल्याउनु पत्रकारहरूकै सामूहिक कर्तव्य र दायित्व हो । एकजना पत्रकारको गलत आचरणले सम्पूर्ण पत्रकार जगत नै बदनाम हुने स्थिति पनि आउँन सक्छ । त्यसैले पेसागत मर्यादाका लागि सबै पत्रकारले आफ्नो व्यक्तिगत आचरण, बानी बेहोराप्रति निक्कै ध्यान पुऱ्याउनुपर्छ । पत्रकारिता जनताप्रति उत्तरदायी पेसा भएकाले पत्रकारले गरेको सानो गल्तीले समाजमा गम्भीर असर पार्ने भएकाले आचारसंहिताको सम्मान र उचित प्रयोगले समाजमा हुने ठूलो दुर्घटनालाई टार्न सक्छ ।*

## परिभाषा

*कुनै पनि पेसालाई समाजमा मर्यादित र सम्मानित तुल्याइराख्नका लागि सो पेसामा संलग्न व्यक्तिहरूले अपनाउनु पर्ने उच्च नैतिक मापदण्डलाई*

आचारसंहिता भनिन्छ । कोलिन्स डिक्सनरी अफ सोसियोलिजीका अनुसार आचारसंहिता दर्शनशास्त्रको त्यस्तो शाखा हो जसले नैतिकवान बन्नका लागि मानिसले के कस्ता काम गर्नुपर्छ भन्ने कुरासँग सरोकार राख्दछ ।

आचारसंहिता आचरण वा व्यवहारको परिष्कृत नैतिक नियम पनि हो । वैदिककालदेखि नै ऋषिमुनिहरूले समाजमा गर्न हुने र नहुने कार्यहरूलाई 'धर्म र पाप' को नाममा छुट्याएका थिए । आधुनिक समाजमा वैज्ञानिक मान्यता आधारित रहेर आचारसंहिताको अभ्यास गर्ने गरेको पाइन्छ । कानुनद्वारा परिभाषित नियमहरू र सामाजिक मूल्यमा आधारित एवम् नैतिक सिद्धान्तहरू जुन खास पेसा वा वर्ग र त्यसको कामबाट पर्ने प्रभावमा आधारित हुन्छन्- ती सबै विषयलाई आचारसंहितामा समेटिएको पाइन्छ ।

विभिन्न समुदाय, संस्कृति र परिवेशमा मानिसहरूका चालचलन, व्यवहार र मान्यताहरू पनि फरक फरक हुन्छन् । सैयौं वर्ष लामो सामाजिक परम्पराले यस्ता मान्यताहरूको निर्माण गरेको हुन्छ । तर जुनसुकै समाज र परिस्थितिमा पनि सच्चरित्रता, मानवता, बालबालिका, वृद्ध र महिलाको सम्मान, रोगी र बिरामीलाई स्याहार गर्ने, आफूभन्दा ठूलाप्रति आदर दर्शाउनेजस्ता कुराहरू सामान्य सभ्य प्रचलनभित्रै पर्ने कुरा हुन् । त्यसमा पनि मानव अधिकारका विश्वव्यापी मान्यताहरूले स्वीकृति पाइसकेको वर्तमान समयमा कसैको पनि मानव अधिकारको हनन नहुने किसिमले काम गर्नु र पेसाप्रतिको निष्ठाद्वारा आफ्नो पेसालाई मर्यादित तुल्याउनु हरेक पेशेवर व्यक्तिको प्रमुख कर्तव्य पनि हो ।

बाहिरी निकायले अभियोग लगाई दण्ड दिनुअघि नै आफ्नो पेसालाई मर्यादित तुल्याउन र समाजमा इज्जत कमाउन आचारसंहिताको तर्जुमा र पालना गर्ने गरिन्छ । आचारसंहिताका आधारभूत सिद्धान्तले पेसागत र सामाजिक मर्यादा, मनोबलमा वृद्धि, नैतिक साहस, गलत काम हुनबाट बचावट र गल्तीको सुधार, स्वच्छ प्रतिस्पर्धा र व्यावसायिक क्षमताको अभिवृद्धिलगायतका पक्षमा जोड दिएको हुन्छ ।

## सिद्धान्त

पत्रकारिता क्षेत्रलाई जिम्मेवार र व्यावसायिक बनाई स्वस्थ पत्रकारिताको





विकास गर्न आचारसंहिताको पालना गर्नु अत्यावश्यक ठानिन्छ । सही सूचना दिएर कुनै पनि महत्वपूर्ण राष्ट्रिय वा स्थानीय विषयमा जनमत तयार गर्न सघाउनु पनि पत्रकारको दायित्वअन्तर्गत पर्दछ । पत्रकारले आफ्नो जिम्मेवारी पूरा गर्दा अर्काको मर्यादा वा मौलिक हक हनन नहोस् भन्ने तर्फ सजग रहनुपर्छ । समाचारमा शुद्धता, सन्तुलन, स्पष्टता राख्नुका साथै आफ्नो पेसागत जिम्मेवारी बहन गर्ने क्रममा पार्न पत्रकारहरूका आफ्नै पेसागत संस्थाले तयार पारेका आचारसंहिताको पालना गर्नु आवश्यक ठानिन्छ । पत्रकारिताका निम्न सिद्धान्तहरूको पालना गर्नमा पनि यसले सघाउ पुऱ्याउँछ ।

(क) **उत्तरदायित्व :** पत्रकारिता समाजभित्रकै एउटा जिम्मेवार पेसा हो । त्यसैले पत्रकार आफ्नो पेसा, रोजगारदाता संस्थाप्रतिमात्र हैन, उसको पहिलो उत्तरदायित्व आफ्नो पाठक/स्रोता वा दर्शकप्रति हुन्छ, हुनुपर्छ । आफ्नो पेसाप्रति इमानदार पत्रकारले मात्र समाजलाई सुसूचित गर्ने आफ्नो दायित्व राम्रोसँग पालना गर्न सक्दछ ।

(ख) **प्रेस स्वतन्त्रता :** स्वतन्त्र प्रेस प्रजातन्त्रको आधारशीला हो । त्यसैले आफ्नो व्यावसायिक हितका लागि मात्रै हैन, जनताको सुसूचित हुने हकको रक्षा गर्नका लागि पनि पत्रकारले सधैं आफूलाई प्रेस स्वतन्त्रताको पक्षमा उभ्याउनु पर्दछ ।

(ग) **स्वाधिनता :** समाचार संकलन वा सम्प्रेषण गर्दा कसैको पनि दबाबमा पर्नुहुँदैन । निडर र निर्भीक भएर आफ्नो पेसाप्रति समर्पित रहनुपर्दछ । खास गरेर द्वन्द्व प्रभावित अवस्थामा त पत्रकारले आफ्नो स्वाधीनता जोगाई राख्न निकै संघर्ष गर्नुपर्ने पनि हुन्छ ।

(घ) **लगनशीलता, सत्यता, यथार्थता :** समाचारको विश्वसनीयताका लागि समाचार सत्य, तथ्य र यथार्थ हुनु पूर्वसर्त हो । त्यस्तै लगनशील र जाँगरिलो भएमा मात्रै सत्य र तथ्य समाचार संकलन र सम्प्रेषण गर्न सकिन्छ ।

(ङ) **निष्पक्षता :** पत्रकारले सदैव निष्पक्ष रहने प्रयास गर्नुपर्छ । सचेत नागरिकको रूपमा उसका आफ्ना अवधारणा वा कुनै खास, दल, वाद वा समूहसँग निकटता रहे पनि आफ्नो लेखाइ र प्रस्तुतिमा त्यसको झल्को आउन दिनु हुँदैन ।

(च) ***स्वच्छता*** *: आफ्नो बानी, व्यवहारमा पत्रकारले सधैं स्वच्छ आचरण अपनाउनुपर्छ । कसैबाट आर्थिक वा भौतिक सुविधा लिने, पत्रकारिताको पेसागत र नैतिक मर्यादा उल्लंघन गर्ने, आफूलाई प्राप्त सूचनाको दुरुपयोग गर्ने काम कदापि गर्नु हुँदैन । एउटा स्वच्छ पत्रकार आफ्नो व्यवसायको मात्रै हैन, समाज र राष्ट्रकै गहना हो ।*

(छ) ***शिष्टता*** *: आफ्नो कामको सिलसिलामा पत्रकारले सरकार वा राज्य प्रमुखदेखि सर्वसाधारण र गरिब, निःसहाय तथा पीडितसँग पनि भेटघाट गर्नुपर्ने हुन्छ । अपराधीहरूसँग पनि अन्तर्वार्ता गर्नुपर्ने हुन्छ । आडम्बर र मपाईं नदेखाई सभ्य र शिष्ट किसिमले व्यवहार गर्ने पत्रकारलाई सबैले रुचाउँछन् । गाली गलौज वा आक्रामक ढंगले प्रस्तुत नभईकन पनि हामीले आफूलाई आवश्यक सूचना वा जानकारी संकलन र सम्प्रेषण गर्न सक्छौं ।*

*आचारसंहिताको निर्माण निम्न अवस्थामा आधारित देखिन्छन् ।*

- *ऐन, कानुन, संविधान, राज्यको ढाँचा र व्यवस्था*
- *व्यावसायिक अभ्यासमा आधारित*
- *समाज र समय सापेक्ष अवस्थामा आधारित*
- *पत्रकारिताको सैद्धान्तिक मूल्यमा आधारित*
- *पत्रकारिताको विषयगत क्षेत्र र तत्सम्बन्धी सामाजिक अवस्था वा परिवेशमा आधारित*
- *स्थानीय तत्व र आवश्यकतामा आधारित*
- *अन्य सामाजिक मूल्य, विश्वव्यापी मान्यता, सहमति र राष्ट्र संघीय दस्तावेजहरूमा आधारित ।*





# नेपालमा पत्रकार आचारसंहिता

## विकासक्रम

*नेपालमा छापा माध्यमको इतिहास सय वर्षभन्दा पुरानो भए तापनि पत्रकार आचारसंहिताको आवश्यकता बोध गरी आचारसंहिता तयार गर्ने प्रयास सुरु भएको चाहिँ झन्डै पचास वर्ष पुग्न थालेको छ । जसअनुसार सर्वप्रथम २०१५ सालमा प्रेस कमिसनले १८ सूत्रीय आचारसंहिता जारी गरेको थियो ।*

*नेपाल पत्रकार संघको २०२३ सालमा आयोजित एकता सम्मेलनले २२ बुँदे आचारसंहिता पारित गरेको थियो तर सो आचारसंहिता पालन भए नभएको अनुगमन गर्ने वा उल्लंघन गर्नेउपर के कस्तो कारबाही गर्ने भन्नेबारे चाहिँ केही उल्लेख थिएन ।*

*छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०३२ ले प्रेस काउन्सिललाई छापाखाना र प्रकाशन आचारसंहिता जारी गर्ने अधिकार प्रदान गरेको थियो । ऐनमा त्यस्तो आचारसंहिता सरकारले स्वीकृति दिएपछि मात्र लागू हुने व्यवस्था गरिएको थियो । त्यसैअनुरूप देश, नरेश र तत्कालिन पञ्चायती व्यवस्थाप्रति पूर्ण आस्थावान बनाउने उद्देश्यले २०३४ सालमा प्रेस काउन्सिलले २२ बुँदे छापाखाना र प्रकाशन आचारसंहिता जारी गर्‍यो । तर पत्रकारहरूको व्यापक विरोधका कारण त्यो लागू हुनसकेन । जनमत संग्रहपछि तर्जुमा गरिएको छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३९ ले प्रेस काउन्सिललाई कुनै पत्रकारले सरकारद्वारा जारी आचारसंहिता उल्लंघन गरेको पाइएमा निजको प्रेस प्रतिनिधि प्रमाणपत्र निलम्बन गर्न वा खारेज गर्न सरकारलाई सिफारिस गर्ने अधिकार दिएको थियो । २०४० माघमा काउन्सिलले फेरि जारी गरेको ११ बुँदे पत्रकार*

*आचारसंहिताले २०३७ सालको जनमत संग्रहले ल्याएको परिवर्तनलाई समेत समेट्ने कोसिस गरेको थियो ।*

*२०४२ सालमा पत्रकारितालाई स्वनियन्त्रित र मर्यादित बनाउन त्यसबेलाका प्रतिष्ठित दैनिक र साप्ताहिक गरी १४ वटा पत्रिकाका सम्पादकहरूले हस्ताक्षर गरी दसबुँदे पत्रकार आचारसंहिता जारी गरेका थिए । २०४६ सालको जनआन्दोलनपछि प्रजातान्त्रिक मूल्य र मान्यता सुहाउँदो आचारसंहिता बनाउन आवश्यक ठानी प्रेस काउन्सिलले 'पत्रकार आचारसंहिता २०४७' जारी गऱ्यो । २०४८ सालमा प्रेस काउन्सिल ऐन लागू भएपछि फेरि 'पत्रकार आचारसंहिता २०४९' जारी भयो ।*

नेपाल पत्रकार संघको आयोजनमा २०५० सालमा वीरगञ्जमा भएको एक भेलाले १४ बुँदे आचारसंहिता जारी गरेको थियो । यसपछि नवगठित नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल मिलेर सात बुँदे पत्रकार आचारसंहिता २०५५ जारी गरे । यो आचारसंहिताले प्रकाशन र प्रसारण दुवै पक्षलाई ध्यान दिएको थियो ।

२०४६ को राजनीतिक परिवर्तनपछि संस्थागत पत्रकारितामा उल्लेख्य प्रगति भएतापनि पत्रकारिता क्षेत्रमा विकृति र विसंगतिहरू कायमै थिए । तर कतिपय अवस्थामा अस्वस्थ प्रतिस्पर्धा र अवाञ्छित समाचार लेखन प्रवृत्ति बढ्दै जानथालेपछि नेपाल पत्रकार महासंघको सहमतिमा प्रेस काउन्सिलले 'पत्रकार आचारसंहिता २०६०' जारी गऱ्यो । यो आचारसंहिताले, पत्रकार र सञ्चार माध्यम दुवैलाई समेट्नुका साथै, पत्रकार र सञ्चारमाध्यमहरूको परिभाषा निर्दिष्ट गरेको छ । यस संहितालाई दुई भागमा बिभाजन गरी प्रेस जगतले गर्नै पर्ने कर्तव्य र दायित्वको क्षेत्र तथा गर्नै नहुने व्यवसायिक मर्यादा विपरितको क्षेत्रलाई पनि प्रष्ट्याउने प्रयास गरेको देखिन्छ । उक्त आचारसंहिताको पूर्ण विवरण अनुसूची १६ मा हेर्नुहोला ।

नेपालमा व्यवसायिक पत्रकारिताको विकास क्रमसँगै पत्रकार आचारसंहिताको पनि विकास भएको पाइन्छ । वि.सं. २०१५ सालदेखि २०५० सालसम्म सरकार र पत्रकारिताका संस्थाहरू स्वयंले तयार गरेका आचारसंहिता खास गरी छापा माध्यमप्रति केन्द्रित देखिन्छन् । छापा माध्यम जनमत बनाउने एक प्रभावशाली माध्यम पनि हो । आचारसंहिताको मूल मर्म आफ्नो पेशालाई





मर्यादित बनाउनु र अरू कसैमाथि अनावश्यक आक्षेप वा बिना प्रमाण आरोप नलगाउनु हो । निहित स्वार्थ परा गर्न वा आस वा त्रासका आधारमा गरिएको पत्रकारिताले देश वा समाज कसैको भलो गर्दैन । त्यसैले पत्रकारहरूले आफ्नै भविष्य र पेशागत मर्यादाका लागि पनि आचार संहिताको पालना गर्ने पूर्ण प्रयास गर्नु पर्दछ ।

रेडियो र टेलिभिजनलगायतका विद्युतीय सञ्चार माध्यम निजी क्षेत्रको संचालनमा आएपछि आचार संहिता ती माध्यमहरूप्रति पनि आर्कर्षित गर्नु जरूरी ठानियो । रेडियो र टेलिभिजन आम सञ्चारका सशक्त माध्यम हुन् । खास गरी नेपाल जस्तो मुलुकमा रेडियोलाई सर्वाधिक प्रभावकारी सञ्चार माध्यम मानिन्छ । एकैपटक लाखौं मानिससम्म पुग्ने भएकाले पनि रेडियो वा टेलिभिजन जस्ता माध्यमहरूबाट समाचार/विचार/विज्ञापन वा सन्देश प्रसारित गर्दा त्यसबाट स्रोतामा पर्न सक्ने संभावित असरका बारे समयमै सचेत हुनु पर्दछ ।

सरकारी स्वामित्वमा सञ्चालित रेडियो नेपाल तथा नेपाल टेलिभिजनको समाचारलाई केन्द्रित गरी २०५७ बैशाख ६ गते तीस बुँदे रेडियो नेपाल तथा नेपाल टेलिभिजनको समाचारनीति, २०५७ जारी गरिएको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ को मर्म अनुरूप जनताको सुसूचित हुने हकलाई सार्थक बनाउन त्यस्तो नीति ल्याइएको बताइएको थियो । तर खास गरी राजाको २०६१ माघ १९ गतेको शाही घोषणापछि सरकार नियन्त्रित संचार माध्यमहरू राजाका कदम पुष्टी गर्ने 'प्रोपेगण्डा' संयन्त्रका रूपमा प्रयोग गरिए । त्यस क्रममा लोकतन्त्रवादीहरूप्रति आरोप प्रत्यारोप लगाउने र गलत सूचना प्रवाह गर्ने माध्यममा परिणत गरियो । जनताले तिरेको करबाट संचालित सरकारी संचार माध्यमहरूलाई वर्तमान लोकतान्त्रिक समयमा जनउत्तरदायी बनाउन 'सार्वजनिक प्रसारण सेवा' (Public Service Broadcasting) को अवधारण अनुरूप बदल्नु पर्ने खाँचो महसुस गरिएको छ ।

सरकारी नियन्त्रणमा रहेका बाहेक सामुदायिक तथा निजी क्षेत्रबाट पनि दर्जनौं एफएम रेडियो प्रशारणहरू तथा टेलिभिजन च्यानलहरू संचालन भैरहेका छन् । जनसंख्याको ठूलो हिस्सालाई सूचना र जानकारी प्रदान गर्ने यी संचार माध्यमले पत्रकार आचारसंहिता २०६० ले गर्न नहुने भनी तोकेका कामहरू गर्नुहुँदैन । पीडितलाई थप पीडा पुग्ने गरी सूचना संप्रेषण गर्न नहुने, पीडित

व्यक्तिको नाम, ठेगाना प्रकाशन गर्न नहुने, हिंसा, आतंक र अपराधलाई प्रोत्साहन गर्न नहुने, बालबालिका, किशोरकिशोरी तथा अशक्त/असहायप्रति संवेदनशील भै समाचार प्रसार गर्ने जस्ता कुराहरूप्रति ध्यान दिनुपर्दछ ।

कुनै धर्म वा सम्प्रदायप्रति आक्षेप लगाउन नहुने, खास गरी श्रव्य-दृश्य माध्यमबाट अश्लील र उत्तेजना फैलाउने खालका कार्यक्रम प्रसारण नगर्ने, दलगतरूपमा संलग्न नभई प्रसारण संस्थालाई स्वतन्त्र र निष्पक्ष संस्थाको रूपमा विकास गर्ने तर्फ पनि ध्यान पुऱ्याउनु पर्दछ ।

पञ्चायतकालमा बनाइएका आचारसंहिताहरू राजा र तत्कालीन पञ्चायती व्यवस्थाप्रति बफादार बनाउने उद्देश्यले प्रेरित थिए भने २०४६ सालमा प्रजातन्त्र पुनर्वहाली भए पछिका आचारसंहिता व्यावसायिकता र प्रेस स्वतन्त्रताको पक्षमा देखिएका छन् । सुरुका आचारसंहिताहरूमा पत्रकारको पेसागत मर्यादा र सामाजिक उत्तरदायित्वलाई बढी जोड दिएको पाइन्छ भने पछिल्ला आचारसंहिताले पत्रकारहरूको सुरक्षा र द्वन्द्व संवेदनशीलतामा पनि जोड दिएको पाइन्छ ।





# पत्रकार आचारसंहिता, २०६०

## (संशोधित तथा परिमार्जित, २०६४)

**प्रस्तावना**

स्वस्थ पत्रकारिताको विकासका निम्ति सञ्चारमाध्यम र पत्रकारलाई जिम्मेवार र व्यावसायिक बनाई प्रेस स्वतन्त्रताको सम्बर्द्धन गर्दै यसको दुरुपयोग हुन नदिन तथा राष्ट्र र समाजप्रति बढी उत्तरदायी बनाउन एवम् नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रत्याभूत स्वतन्त्रता र हक अधिकारको जर्गेना गर्दै जनतालाई सुसूचित गर्ने मूलभूत उद्देश्यले समसामयिक अन्तर्राष्ट्रिय प्रचलन र मान्यताहरूलाई समायोजन गरी पत्रकारिता (प्रेस) का सबै माध्यमहरू समेतलाई समेटेर मौजुदा आचारसंहितामा परिमार्जन गर्न वाञ्छनीय भएकाले नेपाल पत्रकार महासंघसमेतको सहमतिमा प्रेस काउन्सिल नेपाल ऐनको दफा (७) को (ख) बमोजिम यो पत्रकार आचारसंहिता, २०६० लाई सामाजिक संशोधन तथा परिमार्जन गरी जारी गरिएको छ ।

**१. नाम, प्रारम्भ र विस्तार :**

(१) यस आचारसंहिताको नाम 'पत्रकार आचारसंहिता, २०६०' रहेको छ ।

(२) यो आचारसंहिता तुरुन्त लागू हुनेछ ।

(३) यो आचारसंहिता नेपालमा सञ्चालित सञ्चारमाध्यम तथा नेपालभित्र

रहेर पत्रकारिता गर्ने सम्पूर्ण पत्रकारहरूलाई लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संहितामा-

(क) 'पत्रकार' भन्नाले छापा, विद्युतीय तथा अनलाइनजस्ता कुनै पनि प्रकृतिका सञ्चारमाध्यम वा समाचारमूलक कार्यक्रम उत्पादन, वितरण गर्ने एजेन्सी वा संस्थामा समाचार सामग्री संकलन उत्पादन, सम्पादन र सम्प्रेषणजस्ता कार्यसँग आबद्ध प्रधान सम्पादक, सम्पादक, सम्पादक मण्डलका सदस्यहरू, संवाददाता, स्तम्भ लेखक, स्वतन्त्र पत्रकार, फोटोपत्रकार, प्रेस क्यामेरापर्सन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता तथा सञ्चालक, साजसज्जा, दृश्य तथा भाषा सम्पादकजस्ता पत्रकारितामूलक कार्यसँग सम्बन्धीत सञ्चारकर्मीहरूलाई जनाउँछ ।

(ख) 'सञ्चार माध्यम' भन्नाले नेपालमा सञ्चालित पत्रपत्रिका, रेडियो एवम् टेलिभिजन प्रसारणहरू समाचार एजेन्सी तथा इन्टरनेटका समाचार र सूचना तथा विचारमूलक अनलाइन एवं समाचारमूलक कार्यक्रम उत्पादन-वितरण गर्ने संस्था र सेवाहरूसमेतलाई जनाउँछ ।

(ग) 'काउन्सिल' भन्नाले प्रेस काउन्सिल नेपाललाई जनाउँछ ।

## ३. पत्रकार र सञ्चारमाध्यमहरूले निर्वाह गर्नुपर्ने कर्तव्य :

(१) **प्रेस स्वतन्त्रताको संरक्षण र सम्बर्द्धन** :- विचार र अभिव्यक्ति स्वतन्त्रता नागरिकहरूको आधारभूत अधिकार भएकाले यसको संरक्षण र सम्बर्द्धनका निम्ति सदैव दृढ, सजग र सतर्क रहनुपर्छ ।

(२) **मानवीयता, मानवअधिकार र अन्तर्राष्ट्रिय सम्बन्धको सम्मान** :- मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरूले प्रत्याभूत गरेका हक, अधिकार, सिद्धान्त, मान्यता र प्रचलनको सम्मान गर्दै लोकतन्त्र, न्याय, समानता, मानवीयता, शान्ति र अन्तर्राष्ट्रिय समझदारीको संरक्षण र सम्बर्द्धन तथा मित्रराष्ट्रहरूबीचको भाइचारालाई अभिवृद्धि गर्नुपर्दछ ।

(३) **सूचनाको हकको रक्षा र प्रचलन** :- आमनागरिकको सुसूचित हुन पाउने हकअधिकारको रक्षा गर्न सदैव क्रियाशील एवं समर्पित रहनुपर्दछ ।





(४) **सत्यतथ्य सूचनाको सम्प्रेषण** :- पत्रकार-सञ्चारमाध्यमले स्रोत र आधार उल्लेख गरी सत्यतथ्य, वस्तुनिष्ठ एवं सन्तुलित सूचना सम्प्रेषण गर्नुपर्दछ ।

(५) **सम्पादकीय स्वतन्त्रता र उत्तरदायित्व** :- सम्पादकीय स्वतन्त्रताको सर्वमान्य सिद्धान्त बमोजिम सञ्चारमाध्यमबाट उत्पादित प्रकाशित-प्रसारित सामग्रीको उत्पादन तथा सम्प्रेषणको अन्तिम जिम्मेवारी र अधिकार सम्पादकमा निहित रहनेछ । सञ्चारमाध्यमले आफ्नो माध्यममा सम्पादकीय स्वतन्त्रताको प्रत्याभूति गर्नुपर्दछ ।

(६) **गोपनीयताको हकको सम्मान** :- सार्वजनिक हितमा प्रतिकूल असर पार्ने बाहेकको अवस्थामा वैयक्तिक एवम् व्यावसायिक गोपनीयताको सम्मान गर्नुपर्दछ ।

(७) **उच्च व्यावसायिक अभ्यास** :- पत्रकारिताका आधारभूत मान्यता र सिद्धान्तप्रति प्रतिबद्ध रही जवाफदेही एवम् उत्तरदायित्व तथा विश्वसनीयताको निर्वाह गर्न निष्ठापूर्वक उच्च व्यावसायिक अभ्यास गर्नुपर्दछ ।

(८) **शिष्ट व्यवहार** :- व्यावसायिक अभ्यासमा सामाजिक शिष्टताको सम्मान गर्दै नैतिक, शिष्ट एवम् मर्यादित कार्यशैली र भाषाको प्रयोगमा सजग रहनुपर्दछ ।

(९) **गल्ती सच्याउने तत्परता** :- प्रकाशन तथा प्रसारणका क्रममा भएका त्रुटि एवम् गल्तीको जानकारी हुनासाथ यथाशीघ्र त्यस्तो गल्ती एवम् त्रुटि सच्याउने तथा सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रष्ट भाषामा उचित स्थान दिई प्रकाशन-प्रसारण गर्नु पत्रकार तथा सञ्चारमाध्यमको कर्तव्य हुनेछ ।

(१०) **सामाजिक उत्तरदायित्व** :- अशक्त, असहाय, अपाङ्ग, बालबालिका, महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषाभाषी र अल्पसंख्यक समुदायको उत्थान र विकासमा सूचना र विचार प्रवाहद्वारा विशेष सहयोग पुर्‍याउनु पत्रकार र सञ्चारमाध्यमको सामाजिक दायित्व हुनेछ ।

(११) **आपसी सम्बन्ध** :- पत्रकार तथा सञ्चारमाध्यमहरूबीचको आपसी

सम्बन्ध व्यवसायिक, स्वस्थ, संयमित, मर्यादित र पेशानिष्ठ हुनुपर्दछ ।

## ४. पत्रकार र सञ्चार माध्यमहरूले गर्न नहुने कार्यहरू :

(१) **राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्न नहुने :-** बहुभाषिक, बहुधार्मिक र बहुजातीय मुलुक नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पार्ने वा गालीबेइज्जती वा अदालतको अवहेलना हुने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने समाचार र विचार प्रकाशन, प्रसारण तथा उत्पादन-वितरण गर्नुहुँदैन ।

(२) **सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पार्न नहुने :-** सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पुऱ्याउने तथा व्यावसायिक मर्यादाविपरीत हुने विकृत र उत्तेजक सामग्री प्रकाशन-प्रसारण तथा उत्पादन-वितरण गर्नुहुँदैन ।

(३) **समाचारको गोप्य स्रोत खोल्न नहुने :-** समाचार प्रस्तुत गर्दा समाचारको आधिकारिकता र विश्वसनीयताका लागि स्रोत उल्लेख गर्नुपर्दछ । तर, गोप्य स्रोतको संरक्षण गर्ने दायित्व पत्रकारको हुने हुँदा स्रोतको इच्छा र अनुमतिबेगर त्यस्ता गोप्य स्रोतको नाम वा पहिचान खुलाउनु हुँदैन ।

(४) **निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्न नहुने :-** सञ्चारमाध्यम वा पत्रकारले प्रकाशन-प्रसारण वा समारचार सामग्रीको रुपमा वितरण गर्ने उद्देश्यले लिइएका सूचना सामग्री सार्वजनिक प्रयोग नगरी व्यक्ति वा संस्थाको निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्नुहुँदैन ।

(५) **भेदभाव हुने गरी सूचनाको सम्प्रेषण गर्न नहुने :-** जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक र रङ्गजस्ता आधारमा भेदभाव हुने गरी समाचार र विचारको सम्प्रेषण गर्नुहुँदैन ।

(६) **पीडितलाई थप पीडा पुग्ने गरी सूचना सम्प्रेषण गर्न नहुने :-** पीडितलाई थप पीडा पुग्ने गरी भाषा, ध्वनि, तस्बिर, चित्र र दृश्यसमेतको प्रयोग गरी समाचार तथा विचार प्रकाशन-प्रसारण वा उत्पादन-वितरण







गर्नुहुँदैन ।

(७) **पीडित व्यक्तिको नाम, ठेगाना खुलाउन नहुने :-** यौनजन्य अपराध र सामाजिक अपहेलना एवं घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिहरूको सचेत स्वीकृतिबिना नाम, ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्बिर र दृश्य प्राशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

(८) **हिंसा, आतंक र अपराधलाई प्रोत्साहन गर्न नहुने :-** विध्वंस, हिंसा, आतंक र अपराधलाई प्रोत्साहन हुने गरी तथा त्यस्ता क्रियाकलापलाई अतिरञ्जित गर्ने गरी समाचार, विचार तस्बिर मत सर्वेक्षण, ध्वनि वा दृश्यहरू प्रस्तुत गर्नुहुँदैन ।

(९) **वीभत्स दृश्य र तस्बिर प्रकाशन/प्रसारण गर्न नहुने :-** समाजमा नैराश्य, घृणा, सन्त्रास र उत्तेजना फैलाउने किसिमका नग्न, क्षतविक्षत र विभत्स दृश्य एवं तस्बिरहरू असान्दर्भिक, अश्लील र उत्तेजना फैलिन सक्ने प्रकारले प्रस्तुत गर्नुहुँदैन ।

(१०) **घटनासाग असम्बन्धित व्यक्तिको नाम उल्लेख गर्न नहुने :-** कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग सम्बन्ध नभएका नातेदार वा नजिकका व्यक्तिको नाम जोडी उसको मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी समाचार सामग्री प्रस्तुत गर्नुहुँदैन ।

(११) **तथ्य बङ्ग्याउन नहुने :-** कुनै टिप्पणी वा स्पष्टताबिना तस्बिर, भिडियो दृश्य, ध्वनि वा तथ्यलाई तोडमोड गरी पहिचान नै बदल्ने वा गलत पहिचान दिने वा गलत अर्थ लाग्ने गरी समाचार सामग्री प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

(१२) **विज्ञापनलाई समाचारका रूपमा प्रस्तुत गर्न नहुने :-** विज्ञापनलाई समाचारको रूपमा प्रस्तुत गर्नु, विज्ञापनमार्फत समाचारको खण्डन गर्नुहुँदैन । त्यस्तै, एउटा सञ्चारमाध्यमबाट प्रकाशित प्रसारित समाचारको खण्डन सामान्यतः अर्को सञ्चारमाध्यमले गर्नुहुँदैन ।

(१३) **स्रोत उद्धृत नगरी पुनः प्रयोग गर्न नहुने :-** कुनै समाचार संस्था वा माध्यमले प्रवाहित गरेको समाचार वा प्रकाशित-प्रसारित सामग्री उपयोग गर्दा त्यसको मूल स्रोत उद्धृत नगरी पुनः प्रकाशन, प्रसारणवा वितरण

गर्नु हुँदैन । त्यसरी उद्धृत गर्दा सामान्यतः मूलस्रोतको सहमति लिनुपर्दछ ।

(१४) **स्रोतसाग सम्बन्ध** : पत्रकार वा सञ्चारमाध्यमले समाचारस्रोतसँग व्यावसायिक मर्यादा वा सीमा बाहिर हुने गरी अनुचित सम्बन्ध राख्न एवं व्यक्ति वा संस्थाको निहित स्वार्थका निम्ति सञ्चारमाध्यमको दुरुपयोग र्नुहुँदैन ।

## ५. उजुरी र तत्सम्बन्धी कार्यविधि :

(१) कुनै पत्रकार वा सञ्चारमाध्यमले माथिको आचारसंहिता विपरीत समाचार सामग्री प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गरेका कारण कुनै व्यक्ति, समूह वा संस्थालाई मर्का परेको लागेमा मर्का पर्ने पक्षले सर्वप्रथम सम्बन्धित सञ्चारमाध्यमका सम्पादकलाई सम्बोधन गरी लिखित गुनासो, खण्डन वा स्पष्टीकरण प्रस्तुत गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त स्पष्टीकरण, खण्डन वा प्रतिक्रिया ग्रहण गर्नु र त्यसलाई उचित महत्व र स्थान दिई प्रकाशन अथवा प्रसारण गर्नु सम्बद्ध सम्पादक र सञ्चारमाध्यमको दायित्व हुनेछ । यदि कुनै गुनासो, खण्डन वा प्रतिक्रिया प्रकाशन-प्रसारण गर्न योग्य छैन भन्ने कुरा सम्पादकलाई लागेमा आधार-प्रमाणसहित त्यसको जानकारी सम्बन्धित पक्षलाई दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम पठाएको स्पष्टीकरण, खण्डन वा प्रतिक्रिया सम्बन्धित सञ्चारमाध्यमले प्रकाशन-प्रसारण नगरी चित्तबुझ्दो जवाफ पनि नदिएमा पीडित पक्षले आफ्नो स्पष्टीकरण,खण्डन वा प्रतिक्रियाको प्रतिलिपि संलग्न गरी काउन्सिलसमक्ष दिनवेदन दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम पीडित पक्षले पठाएको स्पष्टीकरण, खण्डन वा प्रतिक्रियाको मर्म र भावनाविपरीत हुने गरी तोडमोड वा थपघट गरी प्रकाशन-प्रसारण भएमा वा प्रकाशन-प्रसारण भएको प्रक्रियाबाट पीडित पक्ष सन्तुष्ट नभएमा वा प्रेस काउन्सिलबाट नै उजुरी विवादको निर्णय गराउन चाहेमा देहायबमोजिमको विवरण संलग्न गरी पीडित पक्षले प्रेस काउन्सिलसमक्ष उजुरी दिन सक्नेछ ।





(क) प्रकाशित वा प्रसारित सामग्रीको प्रतिलिपि ।

(ख) प्रकाशित वा प्रसारित सामग्रीबाट पर्न गएको मर्काको विवरण र त्यसको आधार-प्रमाण ।

(ग) सम्बन्धित सञ्चारमाध्यमलाई आफूले पठाएको स्पष्टीकरण, खण्डन वा प्रतिक्रियाको प्रति ।

(घ) सम्बन्धित सञ्चारमाध्यमका सम्पादकले दिएको जवाफ, खण्डन वा वक्तव्यको विवरण ।

(ङ) सम्बन्धित सञ्चारमाध्यमका सम्पादकलाई प्रकाशित वा प्रसारित सामग्रीका विषयमा भएका पत्राचारहरूको विवरण ।

अन्य न्यायिक वा अर्धन्यायिक निकायमा कारवाही विचाराधीन रहेको भए त्यस्तो उजुरी निवेदनउपर काउन्सिलले कुनै सुनुवाई गर्नेछैन ।

(५) उपदफा (३) बमोजिम काउन्सिलसमक्ष प्राप्त हुन आएको निवेदनका आधारमा पीडितपक्षको स्पष्टीकरण, खण्डन वा प्रतिक्रिया किन प्रकाशित-प्रसारित नगरिएको हो ? प्रकाशित-प्रसारित गर्न नमिल्ने कुनै कारण भए सामान्यतः ७ (सात) दिनभित्र आधार-प्रमाणसहित जवाफ पेश गर्नू र त्यस्तो कुनै कारण नभए अविलम्ब प्रकाशित-प्रसारित गरी सोको जानकारी दिनू भनी काउन्सिलले सम्बन्धित सञ्चारमाध्यमका सम्पादकलाई आग्रह गरी पत्राचार गर्नेछ ।

(६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए पनि कुनै पत्रकार तथा सञ्चारमाध्यमले सार्वजनिक हित वा सरोकारमा प्रत्यक्ष वा अप्रत्यक्षरुपले नकारात्मक असर पार्ने गरी समाचार प्रकाशन प्रसारण वा उत्पादन वितरण गरेमा प्रेस काउन्सिल आफैंले त्यस्तो पत्रकार वा सञ्चारमाध्यमका विरुद्ध यस संहिताबमोजिम कारवाही अगाडि बढाउन सक्नेछ ।

(७) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आरोपित पक्षलाई म्याद/सूचना पठाउनुपूर्व उजुरीका सम्बन्धमा काउन्सिलले प्रारम्भिक जाँचबुझबाट तत्कालै सच्याउनुपर्ने, खण्डन

गर्नुपर्ने वा क्षमायाचना गर्नुपर्ने वा मुनासिव जवाफ पठाउन लगाउनेजस्ता आवश्यक निर्देशन सम्बन्धित पत्रकार वा सञ्चारमाध्यमलाई दिन सक्नेछ ।

(८) यस आचारसंहिताको उल्लंघन गरी कुनै पत्रकार तथा सञ्चारमाध्यमले समाचार प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गरेमा उजुरवालाले सो समाचार प्रकाशन तथा प्रसारण भएको मितिले सामान्यतः तीस दिनभित्र उजुरी गर्नुपर्नेछ । म्यादभित्र उजुरी गर्न नसकेको मनासिव कारण भएमा प्रेस काउन्सिलले जहिले पनि उजुरी लिन सक्नेछ ।

(९) उजुरी गर्दा उजुरीकर्ताले सम्बन्धित समाचार सामग्रीको प्रकाशन-प्रसारण वा उत्पादन-वितरण भएको विषयवस्तुको अभिलेख संलग्न राख्नुपर्नेछ । उजुरीकर्ताले त्यसरी विवरण संलग्न राख्न सम्भव नभएको कुरामा काउन्सिल सहमत भएमा काउन्सिल आफैंले यस्तो सामग्रीको अभिलेख झिकाई सुनुवाई गर्न सक्नेछ ।

(१०) यस आचारसंहितामा उल्लिखित आचरणहरूको उललंघन गरेको वा भएको छ भनी तथ्ययुक्त प्रमाणसाथ पीडित वा सरोकारवाला पक्षले कुनै पत्रकार तथा सञ्चारमाध्यमविरुद्ध उपदफा (८) बमोजिमको म्यादभित्र काउन्सिलसमक्ष दिएको उजुरीमा काउन्सिलले सामान्य जाँचबुझ गरी आचारसंहिताको उल्लंघन हुने किसिमको कार्य भएको देखेमा आरोपित पक्षलाई सामान्यतया ७ दिनभित्र वा सोभन्दा अगावै आफ्नो निर्दोषिता प्रमाणित गर्ने प्रमाण भए उजुरीको प्रतिलिपि साथै राखी हाजिर हुन आउनू भनी काउन्सिलले म्याद पठाउन सक्नेछ ।

(११) माथि उल्लिखित उपदफाहरूबमोजिम आरोपित पक्षको लिखितजवाफ काउन्सिलसमक्ष दाखिल भएपश्चात वा तोकिएको म्यादभित्र जवाफ प्राप्त नभए पनि काउन्सिलले सो विषयमा सामान्यतया तीस दिनभित्र निर्णय दिनेछ ।

(१२) उपदफा (११) बमोजिम निर्णय गर्नुअघि काउन्सिलले आवश्यक ठानेमा उजुरवाला र आरोपित पक्ष दुवैलाई झिकाई छलफल गर्न सक्नेछ ।

(१३) उजवुरवाला र आरोपित पक्ष दुवैथरी मिलि मिलापत्रको लागि संयुक्तरुपले लिखित अनुरोध गरेमा काउन्सिलले मिलापत्र गराई विवाद टुङ्ग्याउन सक्नेछ ।





## ६. निर्णय र कार्यान्वयनसम्बन्धी व्यवस्था :

कुनै पक्षले यस संहिताविपरीतको आचरण र व्यवहार गरेको ठहरेमा निजलाई प्रेस काउन्सिलले क्रमशः निम्नबमोजिम निर्णय र कारबाही गर्नेछ ।

(१) उजुरीमाथि भएको निर्णयलाई सम्बन्धित सञ्चारमाध्यममा काउन्सिलले तोकेको स्वरुप, स्थान वा समयमा प्रकाशन-प्रसारण वा पुनः उत्पादन-वितरण गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोमिज दिएको आदेशपालना नगरेमा त्यस्तो आरोपित पक्षलाई अवज्ञाकारीको सूचीमा राखी थप कारबाही अगाडि बढाउन सक्नेछ । काउन्सिलको आदेशलाई दुईपटकभन्दा बढी अवज्ञा गर्ने सञ्चारमाध्यम वा पत्रकार प्रेस पास रहने प्रकृतिको रहेछ भने प्रेस पास निलम्बित गर्न काउन्सिलले सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रेस पास निलम्बन भएपछि पनि उपदफा (१) बमोजिमको कार्य नगरेमा काउन्सिलले मूल्यांकन वर्गीकरण गर्ने सञ्चारमाध्यमको हकमा वितरण संपरीक्षण समितिले त्यस्तो पक्षको सञ्चारमाध्यमलाई मूल्यांकन प्रक्रियाबाट अलग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मूल्यांकन प्रक्रियाबाट अलग गराउँदा पनि उपदफा (१) बमोजिम निर्णयको पालना नगरेमा त्यस्तो पक्षलाई काउन्सिलको कल्याणकारी कोष वा अन्य सहयोगबाट निश्चित अवधिका लागि वञ्चित गराउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सहयोग वञ्चित गराउँदा पनि उपदफा (१) बमोमिज निर्देशित कार्य नगरेमा नेपाल सरकारको तर्फबाट उपलब्ध हुने सुविधाहरू निशिचत अवधिका लागि निलम्बन गर्नका लागि काउन्सिलले सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

तर काउन्सिलले आवश्यक ठानेमा एकैपटक उपदफा (४) र (५)

बमोजिम दुवै कारबाही गर्न सक्नेछ ।

(६) काउन्सिलको निर्णयलाई निरन्तर अवज्ञा गर्ने पत्रकार वा सञ्चारमाध्यम विरुद्ध काउन्सिलले खेद प्रकट गरी पटक-पटक गरेको कारबाहीको विवरणसहित सार्वजनिकरुपमा प्रकाशित-प्रसारित गर्नेछ ।

### ७. यसको अभिन्न अंग मानिने :

यो आचारसंहिता लागू भएपछि काउन्सिलद्वारा पत्रकार र सञ्चारमाध्यमका निम्ति अजारी गरिने सबै प्रकारका निर्देशिहकाहरू यस आचारसंहिताको अभिन्न अंग मानिनेछन् ।

### ८. खारेजी

पत्रकार आचारसंहिता, २०५५ खारेज गरिएको छ ।

**स्रोत** : प्रेस काउन्सिल नेपाल







# कानुन व्यवसायीको आचारसंहिता, २०५१

नेपाल कानुन व्यवसायी परिषद् ऐन, २०५० को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल कानुन व्यवसायी परिषद्ले देहायका नियमहरू बनाएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यी नियमहरूको नाम "कानुन व्यवसायीको आचारसंहिता, २०५१" रहेको छ ।

(२) यो नियमावली परिषद्ले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

(क) "ऐन" भन्नाले नेपाल कानुन व्यवसायी परिषद् ऐन, २०५० सम्झनु पर्छ ।

(ख) "अनुशासन समिति" भन्नाले ऐनको दफा ११ मा व्यवस्था गरिएको अनुशासन समिति सम्झनुपर्छ ।

(ग) "अदालत" भन्नाले अर्द्धन्यायिक निकायलाई समेत सम्झनु पर्छ ।

(घ) "बार एशोसिएशन" भन्नाले नेपाल बार एशोसिएसन तथा यसका एकाईहरू समेत सम्झनुपर्छ ।

## ३. कानुन व्यवसायीको पेशागत आचार

(१) कानुन व्यवसायीले देहायका पेशागत आचार अनिवार्य रुपले पालन गर्नुपर्नेछ :

(क) कानुन व्यवसायीले नैतिकताका आधारभूत सिद्धान्तको प्रतिकूल हुने गरी कुनै कार्य गर्न हुँदैन ।

(ख) झूठा मुद्दा चलाउन पक्षलाई प्रेरणा दिन हुँदैन ।

(ग) कसैलाई दुःख दिने वा प्रतिशोध लिने उद्देश्यले मुद्दा सिर्जना गर्न हुँदैन ।

(घ) मुद्दा टुंग्याउने प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले अदालतलाई असहयोग गर्न हुँदैन ।

(ङ) न्यायिक प्रक्रियालाई दुरुपयोग गर्न वा गराउन हुँदैन ।

(च) सत्य कुराको बयान वा बकपत्र गर्न गराउनबाट पक्षलाई रोक्न हुँदैन ।

(छ) न्याय प्रशासनसँग सम्बन्धीत काम कारवाहीका सिलसिलामा अदालत वा न्यायाधीश वा कानुन व्यवसायीप्रति अनास्था पैदा हुने किसिमका झूठा प्रचारप्रसार गर्न हुँदैन ।

(ज) आफूले गर्न नभ्याउने वा नसक्ने अवस्था परी मुद्दा फिर्ता गर्नुपर्दा सामान्यतया अर्को कानुन व्यवसायी मुकरर गर्न नभ्याउने किसिमबाट फिर्ता गर्न हुँदैन ।

(झ) संघ संस्थाको रकम मास्न खान हुँदैन ।

(ञ) अदालतमा यथासमयमा उपस्थित हुने, कालो कोटसहितको पूर्ण पोसाकमा उपस्थित हुने, इजलास तथा विपक्षीका कानुन व्यवसायीप्रति सम्मानजनक व्यवहार गर्ने, एक अर्काप्रति लाञ्छना नलगाउने, रिसराग द्वेष नराख्ने, अदालतका कर्मचारीप्रति सौहार्द्रपूर्ण व्यवहार गर्ने, शिष्टतापूर्वक बोल्ने र आफ्नो पालोमा उचित ढंगले बोल्ने जस्ता अनुशासनका नियम तोड्न हुँदैन ।

(ट) आफ्नो पक्षलाई फाइदा पुऱ्याउन जानी-जानी कायम नरहेको नजीर र मुद्दामा लागू नहुने खारेज भएको वा संशोधनपूर्वको कानुनको अदालतमा जिकिर लिन हुँदैन ।

(ठ) मिसिलमा नभएको तथ्य जानी-जानी बहसमा प्रस्तुत गर्न हुँदैन ।

(ड) आफू साक्षी रहेको लिखतसँग सम्बन्धीत मुद्दामा कानुन व्यवसायीका रुपमा संलग्न हुनु हुँदैन ।

(ढ) पक्षले मुद्दामा उपलब्ध गराएको जानकारीको गोपनीयता भंग गर्न हुँदैन ।

(ण) व्यावसायिक प्रचारका उद्देश्यबाट कुनै पनि किसिमको नारा, परिपत्र, समाचार प्रकाशन, बिज्ञापन र पत्राचार जस्ता काम गर्न हुँदैन ।

(त) व्यावसायिक प्रचारका उद्देश्यले ठूलो नामपेटिका (साइनबोर्ड) राख्ने, नामपेटिका वा परिचयपट्टा (भिजिटिङ्ग कार्ड) वा फायल वा पत्राचार ठेली (लेटर प्याड) मा पूर्व हैसियत वा कानुन व्यवसायसँग असम्बन्धीत पद वा हैसियत लेख्न छाप्न हुँदैन ।

तर यस बन्देजले बिशेष अध्ययन र अनुभवका कारणबाट आफू खास प्रकृतिका मुद्दा लिने भनी ती लिखतहरूमा आफ्नो कार्यक्षेत्र छाप्न बाधा पुऱ्याएको मानिने छैन ।

(थ) पक्षसँग प्रतिशतमा पारिश्रमिक लिने वा ठेक्कापट्टा बोलकवोल गरी मुद्दा लिन हुँदैन ।

(द) अदालतको समयमा मादक वा लागू पदार्थ सेवन गरी अदालतमा उपस्थित हुनु हुँदैन ।

(ध) मुद्दाको हारजीतको आधारमा आफ्नो पारिश्रमिक तय गर्न हुँदैन ।

(न) परिषद्‌ले मागेको विवरण दिंदा झूठो विवरण दिन हुँदैन ।

(प) आफूले वा आफ्नो प्रत्यक्ष निर्देशन र निगरानीमा आफ्नो फर्म वा चेम्बरको कानुन व्यवसायी वा आफूसँगै काम गर्ने लेखन्दासबाहेक अन्य व्यक्तिले तैयार गरेको मस्यौदा प्रमाणित गरिदिने उद्देश्यले सही गर्न हुँदैन ।

(फ) मुद्दा प्राप्त गर्न दलाल नियुक्त गर्न वा मुद्दा उपलब्ध गराइदिए बापत कसैलाई दलाली दस्तूर (कमिशन) दिन हुँदैन ।

(ब) चलअचल सम्पत्ति हस्तान्तरणसम्बन्धी काममा दलाली गर्न हुँदैन ।

(भ) एकै मुद्दामा पक्ष र विपक्ष दुवैका तर्फबाट स्वयं मस्यौदा गर्न वा बहसमा प्रतिनिधित्व गर्न हुँदैन तथा आफूसँगै काम गर्ने कानुन व्यवसायी वा लेखन्दास वा अन्य व्यक्तिद्वारा जानी-जानी मस्यौदा वा बहस वा पैरवी गर्न गराउन हुँदैन ।

(म) पक्षले दिएको लिफामा तमसुक, करारनामा आदि खडा गरी आफूलाई फाइदा वा पक्षलाई बेफाइदा हुने काम गर्न हुँदैन ।

(य) पक्षले दिएको सद्दे लिखत विपक्षीसँग मिली बिगारी प्रमाण नलाग्ने वा काम नलाग्ने तुल्याई दिन हुँदैन ।

(र) पक्षले दिएको लिखतसमेत अन्य प्रमाण विपक्षलाई फाइदा पुऱ्याउने उद्देश्यले उपलब्ध गराउनु हुँदैन ।

(ल) भ्रष्टाचार गर्न गराउन हुँदैन ।

(व) नैतिक पतन देखिने फौजदारी अपराध गर्नु हुँदैन ।

(२) वरिष्ठ अधिवक्ताले उपनियम (१) मा उल्लेखित आचारका अतिरिक्त देहायका आचारसमेत पालन गर्नु पर्नेछ :-

(क) कुनै पनि मुद्दामा इजलासमा बहस गर्दा कम्तीमा एकजना अधिवक्तालाई व्यावसायिकरुपमा संलग्न नगराई उपस्थित हुनु हुँदैन ।

(ख) सामान्यतया प्रशासकीय अड्डामा बहस पैरवीका लागि उपस्थित हुनु हुँदैन ।

## ४. उजुरी :

(१) कुनै कानुन व्यवसायीले पेशागत आचार उल्लंघन गरेकोमा त्यस बिषयमा परिषद्मा उजुरी दिन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम दिइने उजुरीमा रु. १००।- नगद वा बैंक ड्राफ्ट संलग्न गरी कुन कानुन व्यवसायीले कुन आचार उल्लंघन गरेको हो- त्यसका सम्भव भएसम्मका आधार प्रमाण खुलाउन पर्नेछ । तर अदालतले वा बार एशोसिएसनले कारबाही चलाउने जानकारी वा सूचना दिंदा कुनै दस्तूर लाग्ने छैन ।





(३) उजुरीको सम्बन्धमा कारबाही गर्दा अनुशासन समितिले उजुरवालासँग थप विवरण वा कागजात माग गर्न सक्नेछ ।

## ५. गोप्य राख्नुपर्ने :

परिषद् तथा अनुशासन समितिले उजुरवालाको नाम गोप्य राख्नु पर्दछ ।

## ६. जााचबुझ :

पेशागत आचार उल्लंघन गरेवापत सजाय गर्नुपूर्व परिषद्ले देहायका प्रक्रियाहरू पूरा गर्नुपर्छ :

(१) कानुन व्यवसायीकाविरुद्ध परिषद्मा कुनै उजुरी परेको वा कुनै जानकारी प्राप्त भएकोमा त्यसको आधारमा अनुशासन समितिले कानुन व्यवसायीलाई कारबाही गर्न आवश्यक छ वा छैन जाँचबुझ गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा कुनै कानुन व्यवसायीउपर कारबाही गर्नुपर्ने देखिएमा अनुशासन समितिले त्यस्तो कानुन व्यवसायीलाई सफाई पेस गर्ने उचित मौका दिनुपर्छ ।

(३) उपनियम (२) बमोजिम सफाई पेस गर्ने मौका दिंदा सम्बन्धीत कानुन व्यवसायीविरुद्ध लागेको आरोप र त्यसको आधार तथा निजलाई हुन सक्ने सजाय समेत उल्लेख गर्नुपर्छ ।

## ७ सजाय :

(१) कुनै कानुन व्यवसायीले नियम ३ को उपनियम (१) को खण्ड (क) देखि (प) र उपनियम (२) मा उल्लेखित आचार उल्लघंन गरेको ठहर भएमा निजलाई पहिलोपटक नसिहत दिइनेछ ।

(२) कुनै कानुन व्यवसायीले नियम ३ को उपनियम (१) को खण्ड (फ) र (ब) मा उल्लेखित आचार उल्लंघन गरेको ठहर भएमा वा एकपटक नसिहतको सजाय पाइसकेपछि आचार उल्लंघन गरेको ठहर भएमा

निजले कुनै खास अवधिको लागि कानुन व्यवसाय गर्न नपाउने गरी निजको प्रमाणपत्र निलम्बित गरिनेछ ।

(३) कुनै कानुन व्यवसायीले नियम ३ को उपनियम (१) को खण्ड (भ) देखि (व) मा उल्लेखित आचार उल्लंघन गरेको ठहर भएमा वा खास अवधिका लागि कानुन व्यवसाय गर्न नपाउने गरी प्रमाणपत्र निलम्बन हुने सजाय पाइसकेपछि पुनः आचार उल्लंघन गरेको ठहर भएमा त्यस्तो कानुन व्यवसायीको प्रमाणपत्र रद्द गरिनेछ ।

**८. सजायको जानकारी :**

कुनै कानुन व्यवसायीलाई गरिएको सजायको जानकारी अदालत, न्यायपरिषद्, नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यालय र नेपाल बार एशोसिएसनलाई दिइनेछ ।

**९. वकालतनामा :**

मुद्दामा बहस पैरवी गर्न कानुन व्यवसायीले अनुसूची-१ को ढाचामा वकालतनामा पेश गर्नुपर्नेछ ।

**१०. खारेजी :**

कानुन व्यवसायी नियमावली, २०२५ खारेज गरिएको छ ।

८ मिति २०५१।४।२८ मा बसेको परिषद्को बैठकले २०५१।४।२६ मा सर्वोच्च अदालतबाट स्वीकृति प्राप्त यो नियमावली २०५१।५।१ देखि लागू हुने गरी प्रारम्भ गरेको छ ।





# न्यायिक अनुशासन र जनआस्था

**न्यायिक अनुशासन :**

१. न्यायिक अनुशासनको परिभाषा कानुनद्वारा गरिएको पाइँदैन । यो न्यायिक शिष्टताको आधारमा विकसित हुँदै आएको देखिन्छ । (१) न्यायाधीशको मानसिक वा नैतिक, आन्तरिक शक्तिको तालिम (Training of mind or moral feculties), (२) आत्मनियन्त्रण (Self control) तथा (३) न्यायोचित तरिकाबाट सुधारिएको व्यवहारलाई न्यायिक अनुशासनको रुपमा लिइन्छ । यस अवधारणालाई विश्वभरि नै न्यायाधीशद्वारा मान्यता दिइएको पाइन्छ । न्यायपालिकालाई सुरक्षित राख्ने वा बचाउने हो भने सबै स्थापित सिद्धान्तहरूलाई आत्मसात गरी विकसित गर्दै लैजानु पर्छ। बाह्य दवाव वा प्रभावबिना न्यायाधीशहरू स्वयंको सद्विवेक (Good Conscience) मा यसलाई विस्तार गर्दै लैजानुपर्छ ।

२. सवैधानिक कानुन एवं कार्यपालिका तथा व्यवस्थापिकाको कामकारबाहीको मार्मिक एवं चेतनायुक्त व्याख्याताको रुपमा आफ्नो प्रतिष्ठा कायम राख्न न्यायपालिकाले न्यायिक अनुशासन एवं न्यायिक बन्देज (judicial restraint) लाई प्रयोग गर्नु पर्दछ । यदि यस्तो गरिएन भने सार्वजनिक रोष एवं प्रतिक्रिया (Public indiganation and reaction) को भागी हुनुपर्ने हुन्छ ।

३. न्यायाधीशको निर्णय (फैसला वा आदेश आदि) मा प्रयोग गरिएको विषयवस्तु, भाषा वा शब्दमा न्यायिक विषवस्तुमा अनुभवको कमी देखिने (Lack of experience in Judicia matter) वा न्यायिक तटस्थता एवं स्थिरताको अभाव देखिने हुनुहुन्न ।

४. न्यायाधीशले निर्णय दिंदा न्यायशास्त्र (Jurisprudence) ले अंगिकार गरेको न्यायिक प्रक्रिया अनुसार सम्पादन गरिएको हुनुपर्छ, न कि पक्रिया नपुऱ्याई । (१) निर्णय वा आदेश दिंदा (Decision making) र (२) व्याख्या गर्दा (Interpretation) यी कुरामा ध्यान दिनुपर्दछ ।

५. निर्णय गर्दा भाषा संयमी एवं मर्यादायुक्त, महान एवं उच्च र विनित हुनुपर्छ । निरस, उपहासपूर्ण, कृत्रिम वा न्यायिक आत्मसंयमहीन (Unrestraint) हुनुहुन्न । भावनामा डुबेको पनि हुनुहुन्न ।

६. न्यायिक अनुशासनमा अदातलको अवहेलना सम्बन्धमा महत्वपूर्ण भूमिका रहन्छ । यसमा न्यायाधीशले विवेकशील भई आफ्नो अधिकार प्रयोग गर्नुपर्छ । अर्थात् अनिवार्य अवस्थामा बाहेक अन्य अवस्थामा अदालत वा न्यायाधीशले धैर्यधारण गर्नुपर्दछ ।

न्यायाधीश एवं कानुन व्यवसायी (Bench & Bar) एकै रथका दुई पांग्रा भएकाले समउद्देश्यको कारण विद्वान न्यायमूर्ति एवं कानुन व्यवसायीबीच कुनै पनि घटनाले कुनै फुट (Schism) सिर्जना गरिनु हुँदैन ।

७. मातहतको अदालतले माथिल्लो अदालतको निर्णयलाई सम्मान गर्दै नजीरलाई मान्यता दिइनुपर्दछ, वेवास्ता गरिनु हुन्न ।

### (ख) जनआस्था

न्यायाधीश जनताको हकअधिकार एवं स्वतन्त्रताको रक्षक हो, निजले पूर्ण एवं स्वच्छ सुनुवाई गरेको छ, सुनुवाई हुन्छ र भएको छ, प्रमाणको मूल्यांकन भएको छ, निष्पक्षताको निर्वाह गरेको छ भन्ने कानुन व्यवसायी, पक्ष एवं जनसाधारणलाई विश्वास दिन सक्नुपर्दछ र न्यायाधीशले निष्ठाका साथ कर्तव्य पूरा गरेको छ भन्ने विश्वास सर्वसाधारणलाई हुनुपर्दछ । समाजमा न्यायाधीशले साधु सन्त जस्तो निर्विवाद रुपमा सम्मान पाउनसक्ने वातावरण सिर्जना गरेको हुनुपर्दछ ।

न्यायधीशको आचरण इजलासमा (In Court-room) मात्र होइन, निजको निजी जीवनमा (In private life) पनि नैतिक एवं सादगीपनको अतिरिक्त





निजी क्रियाकलापमा निष्पक्षता एवं शुद्धताको परिचय दिनसक्नु पर्दछ । यो कुरा न्यायाधीश मात्रै होइन निजको सहायक, अधिकृत कर्मचारी समेतमा लागू हुन्छ । शंकास्पद व्यक्ति वा कर्मचारीसँग न्यायाधीश अलग रहन सक्नुपर्दछ । यसका अतिरिक्त कर्मचारीहरूको क्रियाकलाप, कानुन व्यवसायीको आचरण एवं प्रेसको भूमिकालाई पनि जनआस्थाका कारक तत्वका रुपमा लिनुपर्दछ ।

मुद्दाका पक्षहरू अदालतमा प्रवेश गरेदखि अन्तिम निर्णय नभएसम्म अदालतमा प्रत्येक तहमा कर्मचारी वा न्यायाधीशबाट हुने पदीय कर्तव्यसम्बन्धी काम कारबाहीबाट मुद्दाका पक्ष, कानुन व्यवसायी एवं सर्वसाधारण प्रभावित हुने हुँदा त्यसमा जनआस्था अभिवृद्धि हुने वातावरण सिर्जना हुनुपर्दछ । प्रत्येक काममा अनावश्यक ढिलाई, अनुचित व्यवहार वा अदालतको प्रतिष्ठामा आँच आउनसक्ने काम कारबाही वा व्यवहार हुनुहुन्न । अतः जनआस्था अभिवृद्धि गर्न निम्नलिखित कुराहरूलाई इमानदारीपूर्वक निर्वाह गर्नुपर्दछ :

(१) पूर्ण एवं निष्पक्ष सुनुवाई (Full and fair hearing)

(२) पक्षपातबाट उन्मुक्ति (Freedom from bias)

(३) निष्पक्षता एवं न्यायिक तटस्थता (Impartiality and judicial neutrality)

(४) न्यायपालिकाको स्वतन्त्रता (Independence of the Judiciary)

(५) निर्णयमा न्यायमुक्त मनको विद्यमानता (Judicial mindedness in judgements)

(६) न्यायिक अनुशासन एवं न्यायिक आत्मसंयम (Judicial discipline and restraint)

(७) न्यायाधीशको शिष्टता एवं सदाचार वा इमान्दारी (Civility and rectitude of Judges)

(८) न्यायिक शुद्धताको अवशिष्ट विषयहरू (Residuary items of judicial propriety)

स्रोत : सर्वोच्च अदालत, बुलेटिन, २०५५

# न्यायाधीशको आचारसंहिता, २०५५

१. न्यायाधीशले आफ्नो पदीय हैसियतबाट अथवा निजी तबरबाट समेत अदालतको विश्वसनीयता वा गरिमामा आँच पुग्ने किसिमको कुनै कामकारबाही गर्न वा गर्न दिन वा गर्न उक्साउन हुँदैन ।

२. न्यायाधीशले आफू वा आफ्नो परिवारको कुनै सदस्य सेयर होल्डर रहेको कुनै कम्पनी वा संस्था सम्बन्धीत भएको कुनै विवादको निरुपण गर्न हुँदैन ।

३. न्यायाधीशले सेयर, डिवेन्चर खरिद बिक्री गराउने वा अन्य यस्तै प्रकृतिको सट्टाबाजी व्यवसाय सञ्चालन गर्न हुँदैन ।

४. न्यायाधीशले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफू एक्लै वा कुनै समूह वा व्यक्तिसँग आबद्ध भई वा नभई कुनै व्यापार, व्यवसायमा संलग्न हुनु हुँदैन ।

५. न्यायाधीशले आफ्नो पदीय कर्तव्यमा असर पर्नेगरी कुनै व्यक्ति वा संस्थाबाट कुनै किसिमको उपहार, दान वा चन्दा ग्रहण वा स्वीकार गर्न तथा कुनै किसिमबाट जुनसुकै प्रयोजनका लागि चन्दा, दान वा सहयोग उठाउने काममा लाग्न हुँदैन ।

६. न्यायाधीशले प्राप्त गर्ने भनी कानुनद्वारा स्पष्ट रुपमा उल्लेख भएको तथा सरकारले निर्णय गरी स्पष्ट रुपमा प्रदान गरेको सुविधा बाहेक पद वा सेवाका लागि अपरिहार्य वा आवश्यक पूर्वसर्त वा पूर्वाधार हो भनी वा यस्तो सुविधा लिन मिल्छ भन्ने व्याख्या गरी कुनै किसिमको वित्तीय वा अन्य सुविधा वा सहुलियत लिने वा दिलाउने प्रयत्न गर्न हुँदैन ।

७. न्यायाधीशले आफ्नो परिवारको कुनै पनि सदस्य (आमाबाबु, पतिपत्नी,





छोराछोरी, बुहारीज्वाई, दाजुभाई दिदीबहिनी) लाई आफूले निरुपण गर्ने विवादको निरुपणको क्रममा आफूसमक्ष वा अदालतमा उपस्थित हुन वा विवादमा संलग्न हुन अनुमति दिन हुँदैन ।

८. न्यायाधीशले आफ्नो परिवारको कुनै सदस्य कानुन व्यवसायी भएको मुद्दा निरुपण गर्न हुँदैन ।

९.न्यायाधीशले आफ्नो पदीय हैसियतबाट कानुनबमोजिम प्रयोगका लागि प्राप्त गरेको कुनै किसिमको सुविधाको दुरुपयोग गर्न वा गर्न दिन हुँदैन ।

१०. न्यायाधीशले अदालतमा विचाराधीन रहेको वा अदालतबाट निरुपण भई कुनै विवाद वा प्रसंगलाई लिएर अदालतको मर्यादा, गरिमा र विश्वसनीयतामा आँच पुग्ने किसिमले कुनै सञ्चारमाध्यममार्फत अन्तर्वार्ता दिन वा राय एवं प्रतिक्रिया व्यक्त गर्नु हुँदैन ।

११. न्यायाधीशले कुनै अदालतमा विचाराधीन रहेको विषय, राजनीतिक प्रकृतिको विषय तथा अदालतमा न्यायिक निरोपणका लागि प्रस्तुत हुन सक्ने कानुनी प्रश्न निहित भएको सार्वजनिक सरोकारको विवादास्पद विषयहरूमा आफ्नो राय वा प्रतिक्रिया व्यक्त गर्न हुँदैन ।

१२. न्यायाधीशले आफ्नो परिवारको कुनै सदस्य वा नजिकको नातेदार वा घनिष्ट मित्रसँग सम्बन्धीत बाहेक अदालतमा विचाराधीन रहेको वा निरोपणका लागि अदालतमा प्रस्तुत हुने क्रममा रहेको कुनै मुद्दा वा विवादसँग सरोकार रहेको कुनै व्यक्ति वा पदाधिकारीबाट आतिथ्यता, दान वा उपहार स्वीकार वा ग्रहण गर्न हुँदैन ।

१३. न्यायाधीशले कानुन र न्यायसँग सम्बन्धीत बाहेक पदीय कर्तव्यमा प्रभाव पार्ने कुनै पनि किसिमको संस्थाको कार्यकारी पदमा रहनु वा त्यस्तो पदमा उम्मेदवारी दिनु वा त्यस्तो संस्थामा हुने मतदानमा भाग लिन हुँदैन ।

१४. न्यायाधीशले मुद्दासँग सरोकार रहेका पक्षहरूसँग कुनै किसिमको कारोबार गर्न गराउन हुँदैन ।

१५. न्यायाधीशले मरमोलाहिजा, पक्षपात, भनसुन वा द्वेश वा प्रतिशोधको भावना राखी निर्णय गर्न हुँदैन ।

१६. न्यायाधीशले न्यायपालिकाको स्वतन्त्रता एवं निस्पक्षता अक्षुण राख्न सदैव तत्पर रहनु पर्दछ। न्यायाधीशले न्यायाधीशप्रति सधै असल व्यवहार गर्नुपर्दछ।

१७. न्यायाधीशले आफू र आफ्नो परिवारको सदस्यको नाममा रहेको चलअचल सम्पत्तीको सम्पूर्ण स्थिति र त्यसको स्रोतसमेत न्यायाधीशको पदमा नियुक्ति भएका व्यक्तिले न्यायाधीशको पदमा नियुक्ति भएको मितिले एवं बहाल रहेका न्यायाधीशहरूले आचारसंहिता लागू भएका मितिले ३५ दिनभित्र न्यायपरिषद् सचिवालयमा पेस गर्नुपर्दछ र यसरी पेस गरिएको विवरण प्रत्येक दुई वर्षमा अध्यावधिक गराउनुपर्दछ।

१८. न्यायाधीशले खदालतको उच्चतम मर्यादा र गरिमामा आँच पुग्ने किसिमको कामकारबाही हुन नदिन सदा सचेष्ट रहनुपर्दछ।

१९. न्यायाधीशले मूलत अदालतको गरिमा, मर्यादा, इज्जत एवं प्रतिष्ठा सन्निहित रहेको सम्झी कर्तव्य निर्वाह गर्नुपर्दछ।

स्रोत : सर्वोच्च अदालत, बुलेटिन, २०५५





# कानुनी शब्दावली

**अतितप्रभावी** (Retrospective) : पहिले भए गरेको काममा असर पार्ने खालको ।

**अदालतको अवहेलना** (Contempt of Court) : कुनै अदालत वा न्यायाधीशलाई गरिएको कुनै अपमानजनक कार्य, प्रकाशित गरिएको लेख वा अदालतको अधिकार एवं मर्यादालाई होच्याउने काम । अदालतको आदेश परिपालन नगर्ने ।

**अधिकारपृच्छा** (Quo Warranto) : कुनै न्यायिक, अर्धन्यायिक वा सार्वजनिक पदाधिकारीले अधिकारक्षेत्रको अभावमा कुनै काम कारबाही वा निर्णय गरेमा त्यस्तो काम कारबाही र निर्णय गर्ने अधिकार त्यस्तो पदाधिकारीलाई कसरी प्राप्त भयो र कुन कानुनअन्तर्गत त्यसो गरिएको हो भनी जवाफ माग गरिने रिट ।

**अभिलेख अदालत** (Court of Record) : सबैभन्दा उच्च तहको अदालत जसको निर्णय, कामकारबाही र अभिलेखहरू उच्च अधिकारयुक्त र प्रामाणिक रहन्छन् एवं सबैको लागि बन्धनकारी रहन्छन् ।

**अर्धन्यायिक** (Quasi Judicial) : प्रशासकीय निकायहरूद्वारा गरिने न्यायिक प्रकृतिको कार्य, जसको पुनरावेदन सामान्य अदालतबाट सुनिन्छ । न्यायिक अधिकारसमेत प्राप्त प्रशासनिक निकाय......

**इजलास** (Bench) : अदालतभित्र मुद्दाको सुनुवाइ गर्दा न्यायाधीश रहने कोठा ।

**इतलायनामा** (Summons in Civil Cases) : देवानी मुद्दामा प्रतिवादीलाई

फिरादको नक्कल र प्रतिउत्तरपत्र दायर गर्ने म्यादसहित दिइने जनाऊ ।

**उत्प्रेषण** (Certiorari) : कुनै प्रशासनिक, अर्धन्यायिक वा तल्लो न्यायिक निकायले आफ्नो कार्य सम्पादन गर्ने सिलसिलामा कुनै गैरकानुनी कार्य गरेमा त्यसलाई बदर गर्न दायर गरिने रिट ।

**उल्टी** (Quashed Decision) : मातहतको अदालत वा निकायले गरेको फैसला बदर हुने गरी पुनरावेदन सुन्ने अदालतले गरेको फैसला ।

**एकतर्फी फैसला** (Ex-Parte Decision) : प्रतिवादीले म्याद गुजारेको कारण प्रतिउत्तर नै नपरी फिरादपत्र र संकलित प्रमाणको आधारमा गरिने फैसला ।

**कजलिष्ट** (Cause-list) : मुद्दा पेसी(सूची, इजलासमा सुनुवाइको लागि पेस हुने मुद्दाहरूको विवरण सहितको सूची । पेसी-सूची दैनिक र साप्ताहिक गरी दुई प्रकारका हुन्छ ।

**कर्तव्यवाला** (Culprit) : कारणी, त्यस्तो काम गर्ने व्यक्ति ।

**कर्तव्य ज्यान** (Homicide) : भवितव्य बाहेक मनसाययुक्त रूपमा कसैले गैरकानुनी रूपमा अर्काको ज्यान मार्नु ।

**कल्याण धन** (Hidden Wealth) : जमिनमा दबाइएको वा बेवारिसे धन ।

**कानुन व्यवसायी** (Legal Practitioner) : कुनै अदालत वा न्यायिक निकायमा कुनै पक्षको प्रतिनिधित्व गर्न तत्काल प्रचलित कानुनले अधिकार दिएको व्यक्ति ।

**कानुनी अधिकार** (Legal Rights) : मौलिक अधिकार बाहेक कानुनले सिर्जना गरेको कुनै हक अधिकार ।

**कारण देखाउ आदेश** (Show-cause Order) : रिट क्षेत्राधिकारअन्तर्गत परेका मुद्दामा प्रारम्भिक सुनुवाइ गर्दा विपक्षी खण्डमा उल्लेखित पक्षलाई के कस्तो आधार, कारण र कानुनको अन्तर्गत विवादित कार्य गरिएको हो भनी कारणसहित लिखितजवाफ पेस गर्न जारी गरिने आदेश । यदि कुनै मुद्दामा कारण देखाउ आदेश जारी भएन भने प्रथम द्रष्टामै सो रिट निवेदन खारेज हुन्छ ।

**कार्यविधि कानुन** (Procedcural Law) : कानुनी कारबाहीको प्रक्रिया र चरण निश्चित गर्ने विधि, जसको आधारमा मुद्दा दर्तादेखि फैसला





कार्यान्वयनसम्मका आद्योपान्त प्रक्रियाहरू निर्देशित हुन्छन् ।

**कैफियत तलब** (Call for More Explanation) : कुनै निवेदन प्रतिवेदनका सम्बन्धमा कारण वा व्यहोरा स्पष्ट गरी स्पष्टीकरण माग्ने काम ।

**कैफियत प्रतिवेदन** (Explanation for Reasons) : कुनै निवेदनको सन्दर्भमा भएभरको सम्पूर्ण कानुनी र तथ्यगत व्यहोरासहित तल्लो अदालत वा निकायबाट प्रतिवेदन मगाउने काम ।

**कोर्ट फि** (Court Fee) : न्याय शुल्क, अदालतले फिरादपत्र, पुनरावेदन, पुनरावलोकन वा दोहोऱ्याइपाउँ भनी पर्न आएको निवेदन दर्ता गर्दा त्यस्तो निवेदन लिई आउने पक्षसँग लिने कानुनबमोजिमको दस्तुर वा शुल्क ।

**क्षेत्राधिकार** (Jurisdiction) : अदालत वा कुनै न्यायिक निकायले कानुनले निर्धारण गरेको भौगोलिक क्षेत्र वा कानुनबमोजिम तोकिएका विषयअन्तर्गत पर्ने मुद्दा मामिलाको सुनुवाइ गरी फैसला वा निर्णय गर्न सक्षम बनाउने अधिकार ।

**खारेजी फैसला** (Dismiss Decision) : नालेस वा पुनरावेदन दायर गर्ने हदम्याद वा म्याद नाघेको, हकदैयाविहीन रूपमा दायर भएको, कोर्ट फि दाखिला नगरेको, अधिकारक्षेत्रको अभाव भएको, वादीले कायलनामा गरेको, प्राङ्न्यायको आधारमा, पक्ष बनाउनुपर्ने व्यक्तिलाई पक्ष नबनाएकोमा वा अन्य कानुनी त्रुटिको आधारमा इन्साफको रोहमा प्रवेश नै नगरी त्यस्तो नालेस वा पुनरावेदन खारेज गर्ने गरी भएको फैसला ।

**खुला इजलास** (Open Bench) : मुद्दाका पक्षहरूलगायत सबैको लागि खुला रूपमा अवलोकन गर्न पाउने गरी सम्पन्न गरिने अदालती कारबाहीसहितको इजलास ।

**खोटाचलन** (Counterfeit, Illegal Standard) : व्यवहारमा अस्वीकार्य दागी वा अवैध टक वा रुपैयाँ प्रचलनमा ल्याउने कार्य ।

**गडाउ** (Firmly Accused) : फौजदारी मुद्दामा कारणी ठहरिएको वा दोषी प्रमाणित हुने किसिमको ।

**गालीबेइज्जती** (Defamation) : कसैले अरू कुनै व्यक्तिको इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्ला भन्ने जानीजानी वा विश्वास गर्ने

कारण भई लेखेर वा वचनले वा संकेतले वा बुझिने गरी आकार चिन्हद्वारा सो व्यक्तिलाई कुनै दोष लगाएमा वा त्यस्तो कुरा प्रकाशित गरेमा निजले सो व्यक्तिको बेइज्यती गरेको मानिनेछ ( गाली र बेइज्यती ऐन, २०१६ ।

**गिरफ्तार** (Arrested) : पक्राउ परी हिरासतमा रहेको अवस्था ।

**छिनुवा मिसिल** (Decided Case File) : अन्तिम किनारा भइसकेका मुद्दाको मिसिल जुन अदालतको अभिलेख फाँटमा रहन्छन् ।

**जातक** (Newly Born Child) : नवजात शिशु, मुद्दाको सन्दर्भमा अवैध शारीरिक सम्पर्कबाट जन्मेको बालक ।

**जायजात गर्नु** (To Confiscate) : सर्वस्व गर्नु, सजायबापत सम्पत्ति कव्जा गर्नु ।

**जाहेरी दरखास्त** (First Information Report) : सरकारवादी फौजदारी मुद्दामा कुनै वारदात वा घटनाको बारेमा पहिलो सूचनासहित प्रहरीमा पेस गरिने निवेदन ।

**झगडिया झिकाउनु** (To Summon Opposite Party) : तल्लो अदालत वा अर्धन्यायिक निकायबाट भएको फैसला वा निर्णयमा चित्त नबुझी हार्ने पक्षले दिएको पुनरावेदन वा इन्साफ जाँचको लागि आएको निवेदनउपर प्रारम्भिक सुनुवाइ गरी अगाडिको फैसला वा निर्णय फरक पर्ने देखिएको खण्डमा छलफलको लागि अर्को पक्षलाई झिकाउनु ।

**ततिम्बा** (Restatement) : पहिले बयान गराउँदा केही कुरा छुट्न गई सो नवकाई नहुने भएमा वा बयान या वकपत्र गराउँदा पहिले बाँकी रहेको विषयमा लिइने थप जानकारी ।

**तपसील खण्ड** (List for Execution Section) : फैसला वा निर्णयको कार्यान्वयनको लागि सम्पूर्ण प्रक्रिया र विवरण उल्लेख गरिएको फैसलाको पछिल्लो खण्ड जसले निर्णय खण्डमा उल्लिखित फैसलालाई कार्यान्वयन गर्ने प्रक्रिया र विधि निर्देशित गर्दछ ।

**तहसीलदार** (Execution Officer) : अदालतले दिएको फैसला वा अन्तिम आदेश कार्यान्वयन गर्न जिल्ला अदालतमा रहने जिम्मेवार अधिकृत ।





**तामेलदार** (Summons Delivery Officials) : अदालतमा परेका फिराद, पुनरावेदन निवेदन, रिट वा भएका आदेशसहितको सूचना सम्बन्धीत पक्षसम्म पुऱ्याउने अदालती कर्मचारी ।

**तायदाती** (Description of Property) : अदालतमा पेस भएको आदेशबमोजिमको सम्पत्ति विवरण, मिसिलमा रहेको मुद्दासम्बन्धी कागजहरूको पञ्जिका ।

**तारिख** (Due Date) : मुद्दाका पक्षहरूलाई निर्धारित दिनमा हाजिर हुनको लागि अदालतद्वारा तोकिने मिति ।

**दफा** (Section) : ऐनका सिलसिलेवार रूपमा उल्लेख गरिने नम्बर ।

**दरपीठ** (Endorsement) : अड्डा अदालतमा पेस हुन आएका निवेदन, वा कुनै कागजपत्र रीतपुगे नपुगेको जाँची कानुनले दर्ता गर्न नमिल्ने भए सो कारण जनाई लेखिदिने सम्बन्धीत पदाधिकारीको सही र अड्डाको छाप भएको निर्देश, तोक वा आदेश ।

**दायरी मिसिल** (Running Casefile) : निर्णय वा फैसला हुन बाँकी रहेको चालु अवस्थाको मिसिल ।

**देवानी मुद्दा** (Civil Case) : पद र सम्पत्तिसँग सम्बन्धीत फौजदारी बाहेकका मुद्दा जुन क्षतिपूर्ति, जरिवाना र खोसिएको अधिकार पुनःस्थापना गर्ने विषयसँग सम्बन्धीत हुन्छन् ।

**नजिर** (Precedents) : सर्वोच्च अदालतबाट भएका फैसलामा प्रतिपादित कानुनी सिद्धान्त, जुनपछि पर्ने मुद्दाको सन्दर्भमा कानुन सरह लागू हुन्छ ।

**निषेधाज्ञा** (Injuction) : कुनै गैरकानुनी कार्य वा कसैको कानुन प्रदत्त अधिकारमा आघात पार्ने आशंका भएको सम्भावित कार्य रोक्न माग गरी परेको निवेदनमा अदालतबाट यस्तो कार्य रोक्न वा यथास्थितिमा राख्न विपक्षीको नाममा जारी गरिने आदेश । यस्तो आदेश नेपालमा नागरिक अधिकार ऐन, २०१२ अन्तर्गतका निवेदनमा पुनरावेदन अदालतले जारी गर्छ ।

**नैतिक पतन हुने अपराध** (Offence of Moral Turpitude) : व्यक्तिको सामाजिक मर्यादा र नैतिकतामा खलल पुऱ्याउने गम्भीर प्रकृतिका फौजदारी

अपराध वा त्यस्तो अपराध गरेको प्रमाणित हुनु ।

**न्यायपालिका** (Judiciary) : अदालतसँग सम्बन्धीत, सरकारको न्याय व्यवस्थासँग सम्बन्धीत विभाग वा न्याय प्रशासनसँग सम्बन्धीत निकाय । न्यायपालिकाभित्र अदालत, न्यायिक निकाय र राज्यको समग्र न्याय प्रशासन पर्छ।

**न्यायाधिकरण** (Tribunal) : अदालतभन्दा बाहेक न्यायिक वा अर्धन्यायिक निर्णय गर्ने विशेष प्रकारका मुद्दा हेर्ने कानुनद्वारा गठित निकाय ।

**न्यायाधीश** (Judge, Justice) : अदालतमा पर्न आएका मुद्दा मामिलाको फैसला गर्ने न्यायिक अधिकारी । नेपालमा पुनरावेदन र जिल्ला तहको अदालतमा काम गर्ने न्यायाधीशलाई Judge र सर्वोच्च अदालतको न्यायाधीशलाई Justice भनी सम्बोधन गर्ने गरिन्छ ।

**पुनरावलोकन** (Review) : मुद्दामा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दा किनारा भएपछि मात्र सम्बन्धीत पक्षलाई थाहा भएको देखिएमा वा सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानुनी सिद्धान्तको प्रतिकूल निर्णय भएको देखिएमा सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेश पुनः हेरी किनारा लगाउने प्रक्रिया (न्याय प्रशासन ऐन, २०४८ को दफा ११) ।

**पुर्पक्ष** (Judicial Enquiry) : अदालतमा विचाराधीन मुद्दाको बहस, छलफल तथा न्यायिक कारबाही ।

**पेटबोली** (Body Statement) : कुनै लिखतको मुख्य भागमा नभई विभिन्न प्रकरणहरूमा उल्लेख हुने विषय ।

**पेसी** (Date of Hearing) : सामान्य तारेख बाहेक मुद्दाको प्रमाण बुझ्ने, आदेश गर्ने, निर्णय वा फैसला गर्ने लगायतका कार्यको लागि इजलासमा मुद्दा पेस हुने मिति ।

**पेस्की** (Advance Money) : बैना, अग्रिम रूपमा लिइएको रकम ।

**पोष्टमार्टम** (Post Mortem) : शवजाँच, शव परीक्षण गरी मृत्यु हुनाको कारण पत्ता लगाउने चिकित्सकीय कार्य ।

**प्रकरण** (Chapter) : परिच्छेद, सिलसिला, दफा, अध्याय इत्यादि ।





**प्रतिउत्तर** (Written Reply) : वादी दाबीको खण्डन वा समर्थनसहित देवानी मुद्दामा प्रतिवादीले पेस गरेको जिकिरसहितको कागज ।

**प्रतिवादी** (Defendant) : निवेदन, फिरादपत्र वा अभियोगपत्र दायर गर्दा विपक्षी खण्डमा उल्लेखित पक्ष ।

**प्रतिवेदन** (Report) : तल्लो अदालत वा निकायले गरेको आदेश वा निर्णयउपर परेको निवेदनमा प्रारम्भिक सुनुवाइ गरी त्यस्तो निर्णय वा आदेश हुनुको आधार र कारणसहित माग गरिएको जवाफमा सो सम्पूर्ण कुरा उल्लेख गरी त्यस्तो जवाफ माग गर्ने अदालतमा पेश गरिएको विस्तृत विवरण, छानबिनको निष्कर्ष सहितको विवरण ।

**प्रतिषेध** (Prohibition) : सार्वजनिक अधिकार पाएको कुनै निकाय वा पदाधिकारीले कुनै गैरकानुनी निर्णय गर्न लागेमा त्यस्तो कार्य गर्नबाट रोक्न सर्वोच्च अदालतबाट जारी गरिने आदेश ।

**प्रथम दृष्टि** (Prima Facie) : पहिलो हेराइमा नै, प्रथम सुनुवाइको क्रममा नै देखिने तथ्य ।

**प्रमाण मिसिल** (Record File) : इजलासले प्रमाणको रूपमा बुझ्न झिकाएको वा मुद्दाको निर्णयमा पुग्न प्रमाणमा आउने तथ्यसंग सम्बन्धित मिसिल ।

**प्राकृतिक न्यायको सिद्धान्त** (Principle of Natural Justice) : न्यायिक कार्यविधिको मौलिक नियम जसलाई न्याय निरोपण गर्दा विश्वव्यापीरूपमा स्वीकारिएको पाइन्छ । आफ्नो मुद्दामा आफै न्यायाधीश हुन नहुने (No one shall be a judge in his own case), दुवै पक्षको कुरा सुनी निर्णय गर्नुपर्ने (Decision after hearing both parties) र पूर्पक्ष भेदभाव विना कारण सहित र असल नियतले गरिनुपर्ने (The trial must be held in good faith, without bias and reasonably) गरी तीन मुख्य तत्वहरू यसमा पर्छन् । प्रतिद्वन्दात्मक कानुन प्रणाली (Common Law System) अपनाउने मुलुकहरूमा यसको परिपालन नगरी गरिएको आदेश, निर्णय वा फैसला प्रथम दृष्टिमै वदरभागी मानिन्छ ।

**प्राङन्यायको सिद्धान्त** (Principle of Resjudicate) : विवादग्रस्त विषयमा सक्षम अदालतद्वारा यसभन्दा अघि नै विचार गरी निर्णय गरिसकिएको थियो भन्ने रोमन कानुनद्वारा प्रचलित सिद्धान्त । पुनरावेदन, पुनरावलोकन वा दोहोऱ्याई हेर्ने

जस्ता माथिल्लो तहका कारबाही वाहेक सोही विषय, उही पक्षहरू, उही कार्यकारण भएको र अधिकारप्राप्त अदालतले सुनी अन्तिम रूपमा टुंगो लगाइसकिएको मुद्दा पुनः ग्रहण गरी फैसला गर्नु हुन्न भन्ने यस सिद्धान्तको पछाडि बारम्बार एउटै र उही विषय उठाइ न्यायिक अस्थिरता सिर्जना गर्न सक्ने संभावनालाई बन्देज लगाउनु रहेको छ। यो देवानी मुद्दाको हकमा लागू हुन्छ।

**दोहोरो खतराको सिद्धान्त** (Principle of Double Jeopardy) : देवानी मुद्दामा प्राङ्गन्याय जस्तै फौजदारी मुद्दामा यसको प्रयोग हुन्छ। कुनैपनि व्यक्तिउपर राज्यले एकपटक मुद्दा चलाई सक्षम अदालतबाट अन्तिम टुंगो लागिसकेपछि पुनः त्यही व्यक्तिलाई सोही कसुरमा मुद्दा चलाउन र सजाय गर्न नसकिने अवधारणा व्यक्तिको फौजदारी न्यायसम्बन्धी हकको संरक्षणार्थ अत्यन्त महत्वपूर्ण ठानिन्छ। दोहोरो अधिकारक्षेत्र प्रयोग गरी व्यक्तिलाई दोहोरो खतरामा राखिनु हुँदैन भन्ने यसको मुख्य आशय हो।

**प्रासंगिक कथन** (Obiter Dictum) : मुद्दाको फैसलाको क्रममा न्यायाधीशबाट अभिव्यक्त विचार वा उल्लेखित प्रसंग, जसको मुद्दाको निरोपणसँग प्रत्यक्ष सम्बन्ध हुँदैन र बन्धनकारी शक्ति पनि हुँदैन।

**फरार** (Absconded) : कानुनी कारबाहीबाट बच्नको लागि लुक्नु, छिप्नु वा अदालतमा अधिकारप्राप्त अधिकारीको नजरबाट भाग्नु।

**मुद्दा फछ्र्यौट** (Condition of Decided Cases) : अदालतबाट अन्तिम किनारा भइसकेको मुद्दाको अवस्था।

**फिराद** (Complaint) : देवानी मुद्दाको सिलसिलामा कसैलाई, प्रतिवादी बनाई आफूलाई परेको अन्यायको कानुनी उपचारको मागसहित अधिकारप्राप्त अदालतमा पेस भएको कानुनी दरखास्त।

**पूर्ण बैठक** (Full Court) : इजलासबाट गर्नुपर्ने कार्य बाहेक नीति निर्माण र न्याय प्रशासनसँग सम्बन्धीत विषयमा छलफल गरी निर्णय लिन बोलाइएको प्रधानन्यायाधीश, मुख्य न्यायाधीश, रजिष्ट्रार र उपस्थित भएसम्मका सम्पूर्ण न्यायाधीशसहितको बैठक।

**पूर्ण इजलास** (Full Bench) : तीनजना वा सोभन्दा बढी न्यायाधीशहरू रहेको सर्वोच्च अदालतको इजलास।





**फैसला** (Judgement) : अदालतमा विचाराधीन मुद्दाको अन्तिम किनारा वा निर्णय गरी दायरी लगत कट्टा गर्न दिइने आदेशसहितको अन्तिम ठहर।

**फौजदारी मुद्दा** (Criminal Case) : सम्पत्ति र पदसम्बन्धी विवाद रहेका देवानी मुद्दा बाहेकका व्यक्तिको जीउ ज्यानसँग सम्बन्धीत कैद वा सजाय हुनसक्ने आपराधिक कार्यभित्र पर्ने मुद्दा।

**बकपत्र** (Affidavit) : देवानी मुद्दाका साक्षीले राजीखुसीले इजलाससमक्ष गरिदिएको बयान कागज।

**बन्द इजलास** (Camera Court) : अति संवेदनशील मुद्दाहरूमा अतिआवश्यक व्यक्तिहरू मात्र राखी सुनुवाइ गरिने इजलास।

**बन्दसवाल** (Sealed Questionniare) : अदालतमा उपस्थित हुन नसक्ने साक्षीसँग अर्को अदालतमार्फत खामबन्द गरी लिखित प्रश्नावली पठाइ गरिएको बकपत्र।

**बन्दीप्रत्यक्षीकरण** (Habeas Corpus) : बन्दीलाई इजलाससमक्ष उपस्थित गराउन जारी गरिने आदेश। गैरकानुनी थुनामा रहेको व्यक्तिलाई थुनामुक्त गर्न जारी गरिने आदेश।

**बहसनोट** (Pleading Note) : कानुन व्यवसायी तथा मुद्दाका पक्ष वा निजको कानुनी प्रतिनिधिले पक्षको तर्फबाट इजलाससमक्ष प्रस्तुत गरिने बुँदाहरूसहितको टिप्पणी।

**बाटोको म्याद** (Time for Journey) : मुद्दाका पक्षहरू, साक्षी वा अदालतद्वारा झिकाइएका व्यक्तिहरूलाई आफू रहेको स्थानबाट अदालतसम्म आइपुग्न लाग्ने यात्रा अवधि।

**बार** (Bar) : कानुन व्यवसायी वा वकिलको समुदाय, संगठन।

**बेइलाका** (Out of Jurisdiction) : अदालतको क्षेत्राधिकार बाहिरको स्थान।

**भवितव्य ज्यान** (Accidental Homicide) : हत्या गर्ने मनसायबिना केही कार्य गर्दा अनायास मानिस मर्न गएको अवस्था।

**मानहानी** (Contempt) : अदालत, न्यायाधीश, इजलास वा कुनै व्यक्ति वा निकायको इज्जत प्रतिष्ठामा आघात पुऱ्याउने गैरकानुनी क्रियाकलाप।

**मिलापत्र** (Compromise Verdict) : अदालतमा विचाराधीन मुद्दा अन्तिम किनारा लाग्नु अगावै पक्षहरूको सहमतिमा आपसी समझदारी गरी इजलासबाट दिइने सोही व्यहोराको अन्तिम आदेश । मिलापत्र गरिएको मुद्दाउपर मिलापत्रबमोजिम कार्यान्वयन भएन भन्ने बाहेक पुनरावेदन लाग्दैन ।

**मिसिल** (Case File) : कुनै मुद्दाको कारबाहीको सिलसिलामा तयार पारिएका कागजपत्रहरूको नत्थी वा तायदाती विवरण ।

**मुद्दा** (Case) : दुई वा सोभन्दा बढी पक्षहरूको बीचमा मुख नमिली इन्साफ गरी ठहऱ्याउनुपर्ने अदालतमा परेको विवाद, (निवेदन र रिटहरूलाई मुद्दा भनिदैन ।)

**मुलतबी** (Adjournement) : मुद्दाको कारबाही रोकी इजलासद्वारा निश्चित अवधिको लागि स्थगित गर्ने काम ।

**मृत्युकालीन घोषणा** (Dying Declaration) : मर्ने बेलामा मर्नु पर्नाको कारण स्पष्ट पारेको मृतकको मर्नुभन्दा तत्काल अगाडिको तथ्ययुक्त भनाइ ।

**मौका तहकिकात** (Investigation on the Spot) : वारदात स्थलमा अधिकारप्राप्त अधिकारीद्वारा तत्काल गरिने जाँच पडताल ।

**म्याद** (Fixed Date or Notice) : अदालतद्वारा दिइने निश्चित समयावधि वा त्यस्तो समयावधि सहितको कानुनी सूचना ।

**रहजनी** (Forceful theft) : बाटोघाटो वा जंगलमा ढुकी जबर्जस्ती गरेको चोरी ।

**राज्यविरुद्धको अपराध** (Offence Against State) : देशको शान्ति व्यवस्थामा खलल पुऱ्याउने, विदेशी राष्ट्रसँगको मित्रतामा आघात, राष्ट्र विप्लव, राष्ट्राध्यक्ष वा सरकारविरुद्ध विद्रोहजस्ता गम्भीर प्रकृतिका मुद्दा, जसमा राज्य पक्ष हुन्छ ।

**राय किताब** (Decision Note) : न्यायाधीशले फैसला वा आदेश गर्दा आफ्नो मत जाहेर गरी निर्णय लेख्ने पुस्तिका ।

**रायबाझी फैसला** (Decision with Different Opinion) : दुई वा सोभन्दा बढी न्यायाधीश भएको इजलासमा एकमतको निर्णय हुन नसकी फरक-फरक रायसहित भएको फैसला ।





**रेकर्ड मिसिल** (Record Files) : मुद्दा वा पुनरावेदन दायर भएकै अदालतमा खडा गरिएको मिसिल ।

**रिट** (Writ) : सर्वोच्च अदालतद्वारा असाधारण अधिकार क्षेत्रअन्तर्गत राज्यको न्यायिक शक्ति प्रयोग गरी प्रत्यर्थीलाई निवेदनमा उल्लेख भएको कुनै काम गर्न वा नगर्न वाध्य पार्नको लागि जारी गरिने आदेश । खासगरी व्यक्तिको मौलिक अधिकार र नागरिकका संवैधानिक अधिकारको हनन् भएको र सोको उपचारको अन्य कुनै वैकल्पिक उपाय नभएको वा भए पनि प्रभावकारी नभएको अवस्थामा यस्तो उपचारको माग गरी उच्च न्यायालयमा दायर गरिने निवेदन ।

**मुद्दा दोहोऱ्याई हेर्नु** (Revision) : पुनरावेदन अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर कानुनी त्रुटि भएको, सर्वोच्च अदालतबाट स्थापित कानुनी सिद्धान्त वा नजिरको पालना नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको, सार्वजनिक सम्पत्तिसम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्यांकन नभएको कारणले सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको वा बालक, महिला, वृद्ध, अपांग वा मानसिक रोगबाट पीडित व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर परेको कारणले मुद्दा दोहोऱ्याई हेरिपाउँ भनी दिइने निवेदनपत्रहरूमा सो बमोजिम दोहोऱ्याउने निस्सा प्रदान गरी सर्वोच्च अदालतले त्यस्तो मुद्दा दोहोऱ्याई हेर्ने कार्य । (न्याय प्रशासन ऐन, २०४८ दफा १२)

**रीतपूर्वक** (According to Rule) : नियमानुसार वा कार्यविधिगत रूपमा उचित तवरले ।

**रुलिङ बाझिएको** (Contradiction on Ruling) : एउटै विवादको विषयमा दुई भिन्न इजलासबाट फरक(फरक सिद्धान्त प्रतिपादन हुने गरी फैसला हुनु ।

**शव प्रकृति मुचुल्का** (Deed with the Description of Deadbody): मृतकको शरीरको अवस्थिति उल्लेख गरी वैज्ञानिक परीक्षणबिना वा प्रयोगशाला बाहिर खुल्ला आँखाबाट जे जस्तो अवस्थामा शव रहेको छ सो को वस्तुस्थिति उल्लेख गरी तयार पारिएको विवरण ।

**लिखत** (Deed) : कुनै कानुनी कारबाहीको सिलसिलामा तयार पारिएको

प्रमाणमा लाग्ने रीतपूर्वकको कागज ।

**लिखितजवाफ** (Written Reply) : कुनै रिट निवेदनको सिलसिलामा अदालतले कारण देखाउ आदेश जारी गरी मागिएबमोजिमको प्रत्यर्थीबाट प्रस्तुत गरिएको लिखित जवाफ ।

**वारदात** (Occurence) : फौजदारी कारबाही वा घटना घटेको अवस्था ।

**विवन्धन** (Estoppel) : एक पटक लिखित रूपमा वचनले वा आचरणद्वारा स्वीकार गरिएको अभिव्यक्तिको सम्बन्धमा पछि इन्कार गर्न नपाइने प्रमाण कानुनको सिद्धान्त (प्रमाण ऐन, २०३१ को दफा ३४)

**विलम्बको सिद्धान्त** (Doctrine of Laches) : न्यायको लागि याचना गर्ने उपयुक्त समय व्यतित भइसकेपछि ढिलो गरी न्यायिक उपचारको मार्ग अवलम्बन गर्नु निष्प्रयोजनीय हुन्छ भन्ने कानुनी सिद्धान्त । अधिकारको प्रयोग गराइमाग्न आउने व्यक्तिले जतिसक्यो चाँडो आफ्नो हकको प्रचलनको लागि अदालतको ढोका ढकढक्याउनु पीडित पक्षको कर्तव्य हो सो नगरी ढिलो गरी आउनेलाई अदालतले सहयोग गर्न सक्दैन भन्ने कानुनी सिद्धान्त ।

**विशेष अदालत** (Special Court) : सामान्य अदालत बाहेक विशेष कानुनद्वारा गठन भएका विशेष प्रकृतिको मुद्दा हेर्ने अदालत ।

**वैतनिक वकिल** (Court-Paid Attorney) : असमर्थ पक्षको प्रतिनिधित्व गराउन अदालतद्वारा म्यादी रूपमा नियुक्त कानुन व्यवसायी ।

**शंकाको सुविधा** (Benefit of Doubt) : तथ्ययुक्त प्रमाणको अभावमा कसैउपर पनि मुद्दा चलाई शंकाको भरमा दोषी प्रमाणित गर्न नहुने र यदि ठोस र स्वतन्त्र प्रमाणबाट पुष्टि नहुने भएमा प्रतिवादीले त्यसबाट सुविधा प्राप्त गर्छ भन्ने सिद्धान्त ।

**सुरु मिसिल** (Original Case File) : पुनरावेदन, साधक, पुनरावलोकन वा दोहोऱ्याइ पाउँ मुद्दाको सुरु अदालतले गरेको फैसला सहितको मिसिल ।

**श्रेस्तेदार** (Registrar) : जिल्ला अदालतको न्याय प्रशासन हेर्ने अधिकृत ।

**संक्षिप्त कार्यविधि** (Summary Trial) : मुद्दाको छिटोछरितो किनारा लगाउन अपनाइने छोटकरी कार्यविधि । (संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गत मुद्दामा)





**संयुक्त इजलास** (Division Bench) : दुईजना न्यायाधीशको इजलास ।

**सरकारवादी मुद्दा** (Case where the State is a Plaintiff) : सरकारको तर्फबाट वादी भई दायर गरिने सार्वजनिक हक हित र सरोकार भएका मुद्दा ।

**साधक फैसला** (Referred Decision) : तल्लो अदालतद्वारा तोकिएको सजाय चर्को पर्ने भई घटी सजाय हुने देखेमा सोको कारणसहित न्यायाधीशले माथिल्लो अदालतमा आफ्नो फैसला परीक्षणको लागि पठाउने काम ।

**विशेष इजलास** (Special Bench) : सर्वोच्च अदालतका तीन वा सोभन्दा बढी न्यायाधीश भएको इजलास । आ.व. ८२ नं. बमोजिम मुद्दा गर्नको लागि सो मुद्दामा हक पुग्ने व्यक्ति हुनुपर्छ ।

**हकदैया** (Locus Standi) : कुनै कार्य गर्न हक पुग्नु ।

**हदम्याद** (Limitation) : मुद्दा दायर गर्न कानुनले तोकेको अन्तिम म्याद ।

**हाजिर जमानी** (Security for Attendance) : आवश्यक परेका वखत हाजिर गराउने सर्तमा माथवर मानिस जमानी बसी अभियुक्तलाई छाड्ने कार्य ।

**हेर्दाहेर्दै** (Cntinuance of hearing) : पेसीमा चढेको कुनै मुद्दा सुनुवाइ गर्ने क्रम सोही दिन समाप्त नभई पुनः अर्कोदिन लगातार सुनुवाइ गर्ने अवस्था ।

**अदालतको सहयोगी** (Amicus Curiae) : बारको सदस्य वा स्वतन्त्र कानुन व्यवसायी जसले अदालतलाई आवश्यक परेका वखत कानुनी प्रश्नमा सहयोग गर्छ ।

**प्रतिद्वन्दात्मक कानुन प्रणाली** (Adverserial Legal System) : मुद्दाका पक्ष विपक्षले आ आफ्नो तर्फबाट प्रमाण पेस गर्ने । अदालतले आफैं मुद्दा नचलाई स्वतन्त्र रूपमा फैसला गर्ने कानुनी प्रणाली, जसलाई बेलायतका पूर्व औपनिवेसिक मुलुकको कानुन प्रणालीबाट प्रभावित मानिन्छ । यसमा अदालती निर्णय वा नजिरलाई कानुन सरह मान्यता दिइन्छ ।

**अन्वेषणात्मक कानुन प्रणाली** (Inquisitorial Legal System) : अदालतले आफै अनुसन्धान गरी मुद्दा पनि चलाउन सक्ने र नजिरको मान्यता नभई कानुनको आधारमा फैसला गर्ने महाद्विपीय कानुन प्रणाली ।

**असाधारण अधिकारक्षेत्र** (Extraordinary Jurisdiction) : मुद्दाको रोहमा पुनरावेदनको रोह हुँदै कानुनबमोजिम प्राप्त अधिकारक्षेत्र नभै संविधानद्वारा प्रदत्त रिट क्षेत्राधिकार ।

**न्यायिक पुनरावलोकन** (Judicial Review) : लिखित संविधान भएका मुलुकमा संविधान मूल कानुन हुने र संविधान तथा कानुन एवं न्यायका मान्य सिद्धान्तको दायरा बाहिर गई निर्माण भएका कानुन अदालतले परीक्षण गरी बाझिएको ठहरेमा बाझेको हदसम्म बदर गर्न सक्ने गतिचब खष्च्भक को सिद्धान्त ।

**न्यायिक सक्रियता** (Judicial Activism) : अदालत परम्परागत कार्यशैली वा यथास्थितिवादबाट माथि उठी नागरिकका मौलिक अधिकार संरक्षणमा अझ बढी सक्रिय रूपमा लाग्ने अवस्था ।

**सार्वजनिक सरोकारको विवाद** (Public Interest Litigation) : कुनै व्यक्ति वा समूहको निजी स्वार्थ नभई सबै व्यक्तिको साझा चासो र सरोकार निहित भएको विवाद, जुन प्रायः रिट क्षेत्राधिकार अन्तर्गत दायर गरिन्छ ।

**न्यायिक सर्वोच्चता** (Judicial Supremacy) : लिखित संविधान भएका मुलुकमा संविधान नै सर्वोच्च कानुन हुने भएकोले सोसँग बाझिने कानुन संसद्ले बनाएमा सो पनि बदर गर्न सक्ने र सरकारलाई पनि आफ्नो कानुनी सीमा नाघेमा सो कार्य बदर घोषणा गर्न सक्ने न्यायिक सक्रियता अन्तर्गत रही कार्य गर्न अदालतको कार्यलाई न्यायिक सर्वोच्चता भनिन्छ ।

**आदेश** (Order) : हुकुम, उर्दी, खटन, प्रमाङ्गी, मर्जी, तोक, निकासा, बन्दोबस्त, व्यवस्था आदि जनाउने शब्द । न्यायिक वा अर्ध न्यायिक अधिकारीद्वारा जारी गरिने तोक । इजलास वा अधिकारप्राप्त अधिकारीबाट पनि यस्तो आदेश जारी गरिन्छ, जसले कुनै काम गर्न वा नगर्न कानुनी बाध्यता सिर्जना गर्दछ ।

**दरपीठ आदेश** (Endorsement Order) : अदालतमा दर्ता गर्ने प्रयोजनार्थ पेस गरिएका लिखतहरूमा अख्तियारप्राप्त अधिकारीले जाँचबुझ गरी दर्ता गर्न अस्वीकार गरेको अवस्थामा सोको कारण जनाई सम्बन्धीत कानुनी प्रावधानहरूसमेत उल्लेख गरी लिखतको पीठमा सम्बन्धीत अधिकारीको सहीछापसमेत हाली दिइने लिखित आदेश । सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७ (२) र (३), पुनरावेदन अदालत नियमावली, २०४८ को नियम १८ (२) र (३) तथा जिल्ला अदालत नियमावली, २०४९ को नियम १५ को (२) र (३) मा अदालतबाट गरिने दरपीठको आदेशसम्बन्धी व्यवस्था गरिएको छ ।

**अन्तरिम आदेश** (Interim Order) : अदालतमा दर्ता भई इजलाससमक्ष पेस भएको निवेदन वा विषयउपर विचार हुँदा तत्काल केही व्यवस्था वा आदेश





जारी नगरे अन्तिम सुनुवाइ हुने अवस्थासम्म विषयवस्तु यथास्थितिमा नरहने सम्भावना भई निर्णय, फैसला वा आदेश कार्यान्वयन हुन नसक्ने देखिएमा मुद्दाको अन्तिम किनारा वा टुंगो नलागेसम्म वा कुनै निश्चित अवधिसम्म विवादित विषयवस्तुलाई यथास्थितिमा राख्नु भनी इजलासबाट दिइने आदेश । यस्तो आदेश खासगरी असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर भएका रिट निवेदनको प्रारम्भिक सुनुवाइकै क्रममा दिने गरिन्छ ।

**अन्तर्कालीन आदेश** (Interlocutory Order) : अदालतबाट जारी गरिने मध्यवर्ती वा अन्तवर्ती आदेश जसमा अदालतमा विचाराधीन मुद्दाको विषयवस्तु अनुसार इजलास वा अख्तियारप्राप्त अधिकारीलाई इजलासबाट अर्को आदेश वा व्यवस्था नभएसम्म वा अन्तिम किनारा नलागेसम्मको लागि आवश्यक आदेश जारी गर्ने अख्तियारी दिइएको हुन्छ ।

**अभियुक्त** (Accused) : शंकास्पद अपराधी । सरकारवादी हुने वा फौजदारी अधिकारक्षेत्रअन्तर्गत दायर गरिने अभियोगपत्रमा दोषी देखाइएको पक्ष वा व्यक्ति, अदालतबाट अन्तिम सुनुवाइ गरी दोषी देखिएमा सोको लागि सजाय घोषणा नगरिएसम्म अभियुक्तको हैसियत केवल आरोपित व्यक्ति सरह मात्र  रहन्छ । त्यस्तो अवस्थामा उसलाई निर्देश व्यक्ति सरह व्यवहार गरिनुपर्ने मान्यता छ ।

**अपराधी** (Criminal) : कसुरदार वा दोषी । फौजदारी अपराधमा अभियुक्तको रूपमा आरोपित व्यक्तिलाई अदालतद्वारा छानविन गरी प्रमाण बुझी अन्तिम रूपमा आरोप प्रमाणित गरी कैद वा सजाय वा दुवै घोषणा गरिएको व्यक्ति वा पक्ष ।

**निर्णय** (Decision) :  न्यायिक वा अर्धन्यायिक निकायमा विचाराधीन रहेको विवादमा सुनुवाइ गरी अन्तिम रूपमा विवादको निरोपण गर्ने काम । खासगरी असाधारण अधिकारक्षेत्रअन्तर्गत पर्न आएका रिट निवेदनहरू र अर्धन्यायिक अधिकारप्राप्त निकाय वा अधिकारीबाट दिइने अन्तिम आदेश ।

**झगडिया** (Litigant) : मुद्दाको एक पक्ष, अदालत प्रयोगकर्ता, सेवाग्राही आदि । अदालत वा कुनै न्यायिक निकायमा विचाराधिन मुद्दाको निवेदक, वादी, प्रतिवादी वा सम्बन्धीत पक्ष । वास्तवमा उनीहरू झगडिया होइनन् न्यायमा खोजीकर्ता हुन् । तर अदालती भाषामा 'झगडिया' भनिन्छ ।

# फ्रिडम फोरमका प्रकाशनहरू

## पुस्तकहरू :

(१) संविधानसभाको संरचना र निर्वाचन पद्धति
(२) नेपाल रिपोर्ट – २०६२
(३) समावेशी लोकतन्त्र
(४) लोकतन्त्रमा समावेशीकरण
(५) मधेश आन्दोलनमा मिडिया
(६) अदालती समाचार (स्रोत तथा प्रशिक्षण दिग्दर्शन)
(७) पत्रकारिता नीति तथा कानुन
(८) नेपालको सूचनाको हकसम्बन्धी कानुनमाथिको टिप्पणी
(आर्टिकल-१९ र पत्रकार महासंघसँग संयुक्तरुपमा)
(९) अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड एक संग्रह
(१०) कानुनी समाचार
(११) सर्वोच्च अदालतबाट प्रतिपादित सूचना तथा सञ्चारसम्बन्धी नजीरहरू

## पुस्तिकाहरू :

(१) भुटान अधिराज्यको मस्यौदा संविधान (२००५)
(२) सूचनाका हक हाम्रो अधिकार
(३) पत्रकारका लागि निर्वाचन समाचार संकलन–सम्प्रेषण निर्देशिका

## पत्रिकाहरू :

(१) स्वतन्त्र आवाज (६ अंक)
(२) Free Expression (7 Issue)

## अन्य :

(१) सूचनाको हकसम्बन्धी विभिन्न पोस्टर तथा पम्पलेटहरू